# मनप्रसाद सुब्बाका कवितामा पर्यावरण

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय,

नेपाली केन्द्रीय विभाग  दर्शनाचार्य-विद्यावारिधि

तेस्रो सत्रअन्तर्गत शोधप्रबन्ध (७२०)

पत्रको  प्रयोजनार्थ प्रस्तुत

## शोधप्रबन्ध

शोधार्थी

फूलकुमारी ढकाल

भर्ना समूह : २०७७ / ०७८

क्याम्पस रोल नं. : १२

परीक्षा रोल नं. : २०२६२२०/२०७८

त्रि.वि.दर्ता नं. : ६ -१- ५० -३४५ -२००६

२०८२

# शोधनिर्देशकको सिफारिस

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत नेपाली केन्द्रीय विभाग दर्शनाचार्य-विद्यावारिधि तेस्रो सत्रअन्तर्गतकी विद्यार्थी श्री फूलकुमारी ढकालले *मनप्रसाद सुब्बाका कवितामा पर्यावरण* शीर्षकको शोधप्रबन्ध मेरा निर्देशनमा तयार पार्नुभएको हो । उहाँको शोधकार्यबाट 'म' सन्तुष्ट छु र यसको आवश्यक मूल्याङ्कनका लागि सिफारिस गर्दछु ।

..............................

(सहप्रा. डा. नेत्रमणि सुवेदी)

**शोधनिर्देशक**

मिति २०८२/०६/२८/०३

# त्रिभुवन विश्वविद्यालय

## त्रिभुवन विश्वविद्यालय, नेपाली केन्द्रीय विभाग

### स्वीकृति पत्र

त्रिभुवन विश्वविद्यालयको मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत नेपाली विषयमा दर्शनाचार्य-विद्यावारिधि तहको तेस्रो सत्रअन्तर्गत शोधप्रबन्ध (७२०) पत्रको प्रयोजनका लागि फूलकुमारी ढकालले प्रस्तुत गरेको *मनप्रसाद सुब्बाका कवितामा पर्यावरण* शीर्षकको शोधप्रबन्ध मानविकी तथा सामाजिक शास्त्र दर्शनाचार्य-विद्यावारिधि उपाधिका लागि योग्य भएकाले स्वीकृत गरिएको छ ।

**मूल्याङ्कन समिति** **हस्ताक्षर**

१. प्रा.डा. कृष्णप्रसाद न्यौपाने ........................

विभागीय प्रमुख

२. सहप्रा. डा. नेत्रमणि सुवेदी ..........................

शोधनिर्देशक

३. प्रा.डा. ध्रुवप्रसाद भट्टराई ..............................

आन्तरिक परीक्षक

४. प्रा.डा. नारायणप्रसाद गड्तौला ..............................

बाह्य परीक्षक

मितिः २०८२/१२/२४/०३

# कृतज्ञता ज्ञापन

*मनप्रसाद सुब्बाका कवितामा पर्यावरण* शीर्षकको प्रस्तुत अनुसन्धान कार्य मैले त्रिभुवन विश्वविद्यालयको मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत नेपाली विषयमा दर्शनाचार्य-विद्यावारिधि तहको तेस्रो सत्रअन्तर्गत शोधप्रबन्ध (७२०) पत्रको प्रयोजनका लागि त्रिभुवन विश्वविद्यालय नेपाली केन्द्रीय विभागका सहप्रा.डा. नेत्रमणि सुवेदीको निर्देशनमा तयार पारेकी हुँ । शोधपत्र तयारीका क्रममा आइपरेका अनेकौं समस्याहरूको उचित समाधानका लागि आवश्यक सल्लाह दिई शोधपत्रको निरीक्षण गरी परिष्कार परिमार्जनका निम्ति समुचित मार्ग निर्देशन तथा शोधकार्य गर्न प्राज्ञिक सल्लाह प्रदान गर्ने श्रद्धेय गुरु डा. नेत्रमणि सुवेदीप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।

प्रस्तुत शोधप्रबन्धमा शोधकार्य सम्पन्न गर्न स्वीकृति दिने त्रिभुवन विश्वविद्यालय नेपाली केन्द्रीय विभागका विभागीय प्रमुख प्रा. डा. कृष्णप्रसाद न्यौपानेप्रति हार्दिक आभार प्रकट गर्दछु । भाषा सम्पादनमा सहयोग गर्नुभएकोमा मित्र नवराज तिमल्सिनाप्रति हार्दिक आभार प्रकट गर्दछु । सशोधकार्य सम्पन्न गर्न विशेष उत्प्रेरणा र सुझाव प्रदान गर्नुहुने श्रद्धेय गुरुआमा तथा गुरुहरूप्रति हार्दिक आभार प्रकट गर्दछु। त्यस्तै शोधकार्य गर्न सहयोग गर्नुहुने विभागका गुरुआमा तथा गुरुहरूप्रति पनि हार्दिक आभार प्रकट गर्दछु । यस शोधकार्यका लागि सामग्री उपलब्ध गराइदिने विभिन्न व्यक्ति, प्रकाशन र संस्थानलाई पनि धन्यवाद ज्ञापन गर्दछु ।

विभिन्न बाधा र अड्चनका परिस्थितिहरू आइपर्दा पनि उचित वातावरण सिर्जना गरी मेरो अध्ययनलाई निरन्तरता दिनुहुने स्व.मातापिताप्रति सदैव ऋणी रहने छु । शोधप्रबन्ध टङ्कन गरेर सहयोग गरेकोमा बहिनी रिमाकुमारी ढकाल र दिदी देवका सुवेदी तथा लेखनको उचित वातावरण सिर्जनाका लागि जीवनसाथी जीवन पौडेललाई विशेष धन्यवाद ज्ञापन गर्दछु । सामग्री सङ्कलनदेखि शोधप्रबन्ध लेखनका क्रममा प्रत्यक्ष तथा अप्रत्यक्ष सहयोग पुऱ्याउने सम्पूर्ण शुभेच्छु र मित्रजनप्रति हार्दिक आभार प्रकट गर्दछु ।

**शोधार्थी**

..........................

फूलकुमारी ढकाल

त्रिभुवन विश्वविद्यालय नेपाली केन्द्रीय विभाग

कीर्तिपुर, काठमाडौं

मिति : २०८२/१२/२६/०५

**शोधसार**

प्रस्तुत अध्ययनको विषय *मनप्रसाद सुब्बाको कवितामा पर्यावरण* रहेको छ । सुब्बा आधुनिक नेपाली साहित्यको विशिष्ट प्रतिभा हुन । पर्यावरण भनेको पृथ्वीको बाहिरी आवरण हो । प्रकृति, वातावरण तथा वातावरणभित्रका सम्पूर्ण जैविक विविधता नै पर्यावरण हो । अर्को शब्दमा भन्नुपर्दा पारिस्थितिक पद्धतिअन्तर्गत आउने जैविक प्रक्रियाको समष्टिगत रूप हो । यिनै पर्यावरणीय विषयका सकारात्मक र नकारात्मक दुवै पक्षको समान रूपले आलोचना गर्नु नै पर्यावरणीय समालोचना हो । यसले प्रकृतिलाई केन्द्र बनाएर पर्यावरण र साहित्यबिचको अन्तर्सम्बन्धलाई प्रस्तुत गर्छ । मानव तथा मानवेतर पात्रको खोजी गर्दै कवितामा व्यक्त पर्यावरणीय विषयको अध्ययन, अनुसन्धान तथा मूल्याङ्कन गर्छ । वर्तमान प्रकाशित कृतिको मात्र नभई प्राचीन समयमा प्रकाशित कृति तथा लेखको पनि पर्यावरणीय दृष्टिकोणबाट अध्ययन, अनुसन्धान र मूल्याङ्कन गर्छ । पर्यावरणलाई मूल आधार बनाएर लेखिएका लेख तथा कृतिलाई समालोचनाका रूपमा लिई धर्तीलाई सचेत र गहन दृष्टिले अध्ययन गर्नुपर्छ भन्ने मान्यता राख्छ । *प्रणय काव्य नेत्तिफुङ्को बासना* र *आधुनिक नेपाली कवितामा पर्यावरणीय चेतना* शीर्षकका अध्ययन अनुसन्धान भए तापनि प्रयावरणीय दृष्टिकोणको हालसम्म कुनै पनि अध्ययन नभएकाले सोही रिक्तता परिपूर्ति गर्न मनप्रसाद सुब्बाका कवितामा पर्यावरणको अध्ययन कार्यलाई यस अध्ययनमा मुख्य सोधसमस्याका रूपमा लिई तिनै सोध समस्यामा केन्द्रित रहेर निर्धारित कवितासङ्ग्रहमा के-कस्ता पर्यावरणीय दृष्टिकोणहरू व्यक्त भएका छन् र त्यसले वातावरणमा के-कस्तो प्रभाव पारेको छ भन्ने प्राज्ञिक जिज्ञासाको सामना गर्नका लागि प्रस्तुत शोधकार्य गरिएको छ ।

प्रस्तुत अध्ययनका लागि पुस्तकालय विधिको प्रयोग गरी मनप्रसाद सुब्बाका *किनाराका आवाज, नेत्तिफुङ्को बासना* र *भुइँफुट्टा शब्दहरू* गरी तीनओटा कवितासङ्ग्रहलाई विश्लेष्य विषयका रूपमा छनौँट गरी ती कवितासङ्ग्रहमा प्रयुक्त पर्यावरणीय विषयमा मात्र केन्द्रित रही विवेचना गरिएको छ । निर्धारित उद्देश्यानुकूल सामग्रीहरूको विश्लेषणात्मक ढाँचाको लागि अर्ने नेइसद्वारा प्रतिपादित गहन पार्यावरणीय सिद्धान्तसम्बन्धी मान्यतालाई आधार मानी पहिलो उद्देश्य पूरा गर्न प्राकृतिक पारिस्थितिक प्रणालीको अभिव्यक्ति, जैविक विविधताको चित्रण, पर्यावरण र मानिसको सांस्कृतिक सम्बन्ध र प्रकृति सार्वभौमपनको चित्रण गरी चारओटा पक्षमा केन्द्रित रहेर पर्यावरणीय चेतनाको विश्लेषण तथा मूल्याङ्कन गरिएको छ । निर्धारित दोस्रो उद्देश्य प्राप्तिका लागि पर्यावरणको साहित्यिक प्रतिबिम्बन, वातावरणीय स्वच्छता र ग्रामीणपन, उन्मुक्तताको अभिव्यक्ति र पर्यावरणमैत्री भाषिक प्रयोग गरी चार पक्षमा केन्द्रित रहेर

पर्यावरणमैत्री भाषिक प्रयोगको विश्लेषण र मूल्याङ्कन गरिएको छ । निर्धारित तेस्रो उद्देश्य पूर्तिका लागि प्रकृति  र नारी दोहनको विरोध, मातृशक्तिका रूपमा प्रकति र नारीको चित्रण,  प्रकति र नारी सौन्दर्यको अभिव्यक्ति तथा प्रकृति र नारी स्वतन्त्रताको अभिव्यक्ति गरी चारओटा पक्षमा केन्द्रित रहेर पर्यावरणीय नारीवादको विश्लेषण र मूल्याङ्कन गरिएको छ ।

सुब्बाका तीनओटा कवितासङ्ग्रहमा प्रकृतिकेन्द्री पर्यावरणीय चेतनाको प्रस्तुति, मानिसको विध्वंसात्मक प्रवृत्तिहरूको विद्रोह, नारी र प्रकृतिमाथि गरिएका नकारात्मक क्रियाकलापको विरोध र विकासका नाममा भएका औद्योगीकरण र सहरीकरणले वातावरणीय प्रदूषण बढेको, माटोको उर्वराशक्तिमा ह्रास आएको, मजदुर वर्गको रोजगारी गुमेको, पितृसत्तात्मक समाज व्यवस्थाले दिएको परिभाषा कै कारण नारी पछाडि परेको, प्राकृतिक जडीबुटीले मृत्युको मुखमा पुगेकालाई बचाइएको पाइयो । जातीयताका आधारमा कुनै पनि वर्गलाई अपहेलित गर्ने, सामाजिक कार्यमा सीमाङ्कन गर्ने, विभेद गर्ने, किनारा लगाउने, हक अधिकारबाट वञ्चित नगरी सभ्यसमाजको स्थापना गर्नुपर्ने कुरामा जोड दिइएको छ । यसरी सुब्बाका तीनओटा कवितासङ्ग्रहलाई तुलनात्मक रूपमा अध्ययन गर्दा पर्यावरणीय ह्रास दिनप्रतिदिन बढ्दै गएकाले वातावरण संरक्षणमा लाग्नुपर्ने चिन्ताभाव व्यक्त भएको, आदिवासी समुदायका माध्यमबाट प्राचीन नेपालको इतिहास हामीले बिर्सन नहुने र प्रकृतिबिना कुनै पनि प्राणीको अस्तित्व नरहने हुँदा प्रकृति नै जीवनको आधार हो । त्यसैले हामी सबै मिलेर प्रकृतिको संरक्षण गर्नुपर्छ भन्ने पर्यावरणीय चेतना सुब्बाका कवितासङ्ग्रहले अभिव्यक्त गरेका छन् । विकासका नाममा भइरहेको विनाश र प्रकृतिको मौनतालाई कविले गम्भीरतापूर्वक उठाएका छन् । वर्तमान पर्यावरणीय सङ्कटको समाधानको लागि मानव जातिले प्रकृतिप्रति हेर्ने दृष्टिकोणमा आमूल परिवर्तन गर्नुपर्छ भन्ने निष्कर्ष नै *मनप्रसाद सुब्बाका कवितामा पर्यावरण* शीर्षकको प्रस्तुत अध्ययनबाट प्राप्त भएको छ ।

# विषयसूची


| शीर्षक | पृ नं. |
|---|---|
| **परिच्छेद एक : शोधपरिचय** | |
| १.१ विषयपरिचय | १-३ |
| १.२ शोधसमस्या | ४ |
| १.३ शोधको उद्देश्य | ४ |
| १.४ पूर्वकार्यको समीक्षा | ५-२१ |
| १.५ औचित्य तथा महत्त्व | २१-२२ |
| १.६ शोधसीमाङ्कन | २२-२३ |
| १.७ शोधविधि | |
| १.७.१ सामग्री सङ्कलनविधि | २३ |
| १.७.२ विश्लेषणविधि | २३-२४ |
| १.७.३ सैद्धान्तिक आधार | २४-२८ |
| १.८ शोधपत्रको रूपरेखा | २८ |
| **परिच्छेद दुई : मनप्रसाद सुब्बाका कवितामा पर्यावरणीय चेतना** | |
| २.१ विषयपरिचय | २९ |
| २.२ पर्यावरणीय चेतना विश्लेषणको सैद्धान्तिक आधार | २९-३२ |
| २.३ *भुइँफुट्टा शब्दहरू* कवितासङ्ग्रहमा पर्यावरणीय चेतना | |

२.३.१ प्राकृतिक पारिस्थितिक प्रणालीको अभिव्यक्ति ३३-३९

२.३.२  जैविक विविधताको चित्रण ३९-४३

२.३.३ पर्यावरण र मानिसको सांस्कृतिक सम्बन्ध ४३-४८

२.३.४. प्रकृति सार्वभौमपनको चित्रण ४८-५५

२.४ किनाराका आवाजहरू कवितासङ्ग्रहमा पर्यावरणीय चेतना

२.४.१ प्राकृतिक पारिस्थितिक प्रणालीको अभिव्यक्ति ५५-५८

२.४.२. जैविक विविधताको चित्रण ५८-६०

२.४.३. पर्यावरण र मानिसको सांस्कृतिक सम्बन्ध ६०-६३

२.४.४ प्रकृति सार्वभौमपनको चित्रण ६३-६५

२.५ *नेतिफुङ्को बास्ना* कवितासङ्ग्रहमा पर्यावरणीय चेतना

२.५.१ प्राकृतिक पारिस्थितिक प्रणालीको अभिव्यक्ति ६६-६८

२.५.२. जैविक विविधताको चित्रण ६८-७१

२.५.३. पर्यावरण र मानिसको सांस्कृतिक सम्बन्ध ७१-७४

२.५.४ प्रकृति सार्वभौमपनको चित्रण ७४-७६

२.६. निष्कष ७६-७७

**परिच्छेद तीन : मनप्रसाद सुब्बाका कवितामा पर्यावरणमैत्री भाषिक प्रयोग**

३.१ विषयपरिचय ७८

३.२ पर्यावरणमैत्री भाषिक प्रयोग विश्लेषणको सैद्धान्तिक आधार ७८-८०

३.३ *नेत्तिफुङ्को बास्ना* कवितासङ्ग्रहमा पर्यावरणमैत्री भाषिक प्रयोग

३.३.१ पर्यावरणको साहित्यिक प्रतिबिम्बन ८०-८४

३.३.२ वातावरणीय स्वच्छता र ग्रामीणपन ८४-८७

३.३.३ उन्मुक्तताको अभिव्यक्ति ८७-९२

३.३.४ पर्यावरणमैत्री भाषिक प्रयोग ९२-९८

३.४ *भुइँफुट्टा शब्दहरू* कवितासङ्ग्रहमा पर्यावरणमैत्री भाषिक प्रयोग

३.४.१ पर्यावरणको साहित्यिक प्रतिबिम्बन ९८-१०१

३.४.२ वातावरणीय स्वच्छता र ग्रामीणपन १०२-१०६

३.४.३ उन्मुक्तताको अभिव्यक्ति १०६-१११

३.४.४ पर्यावरणमैत्री भाषिक प्रयोग १११-११४

३.५ *किनाराका आवाजहरू* कवितासङ्ग्रहमा पर्यावरणमैत्री भाषिक प्रयोग

३.५.१ पर्यावरणको साहित्यिक प्रतिबिम्बन ११५-११७

३.५.२ वातावरणीय स्वच्छता र ग्रामीणपन ११७-११९

३.५.३ उन्मुक्तताको अभिव्यक्ति ११९-१२२

३.५.४ पर्यावरणमैत्री भाषिक प्रयोग १२२-१२६

३.६ निष्कर्ष १२६-१२७

**परिच्छेद चार : मनप्रसाद सुब्बाका कवितामा पर्यावरणीय नारीवाद**

४.१ विषयपरिचय १२८

४.२ पर्यावरणीय नारीवाद विश्लेषणको सैद्धान्तिक आधार १२८-१३२

४.३ *भुइँफुट्टा शब्दहरू* कवितासङ्ग्रहमा पर्यावरणीय नारीवाद

४.३.१. प्रकृति र नारी दोहनको विरोध १३३-१३९

४.३.२ मातृशक्तिका रूपमा प्रकृति र नारीको चित्रण १३९-१४३

४.३.३ प्रकृति र नारी सौन्दर्यको अभिव्यक्ति १४३-१४६

४.३.४ प्रकृति र नारी स्वतन्त्रताको अभिव्यक्ति १४६-१५२

४.४ *किनाराका आवाजहरू* कवितासङ्ग्रहमा पर्यावरणीय नारीवाद

४.४.१ प्रकृति र नारी दोहनको विरोध १५२-१५५

४.४.२ मातृशक्तिका रूपमा प्रकृति र नारीको चित्रण १५५-१५८

४.४.३ प्रकृति र नारी सौन्दर्यको अभिव्यक्ति १५८-१५९

४.४.४ प्रकृति र नारी स्वतन्त्रताको अभिव्यक्ति १५९-१६१

४.५ *नेत्तिफूङ्को बास्ना* कवितासङ्ग्रहमा पर्यावरणीय नारीवाद

४.५.१ मातृशक्तिका रूपमा प्रकृति र नारीको चित्रण १६२-१६३

४.५.२ प्रकृति र नारी सौन्दर्यको अभिव्यक्ति १६३-१६८

४.५.३ प्रकृति र नारी स्वतन्त्रताको अभिव्यक्ति १६८-१७१

४.६ निष्कर्ष १७१-१७२

**परिच्छेद पाँच : निष्कर्ष**

५.१ सारांश १७३-१७७

५.२ निष्कर्ष १७७-१८५

सन्दर्भ सामग्रीसूची १८६-१८९

# परिच्छेद एक

# शोधपरिचय

## १.१. विषयपरिचय

प्रस्तुत शोधकार्य कवि मनप्रसाद सुब्बाका *किनाराका आवाजहरू, भुइँफुट्टा शब्दहरू* र *नेत्तिफुङ्को बास्ना* कवितासङ्ग्रहमा पर्यावरणीय चेतना शीर्षकमा केन्द्रित भई पूरा गरिएको छ । यस क्रममा शोधमा अवलम्बन गरिएका शोधप्रक्रियाको परिचय दिइएको छ । यसअन्तर्गत शोध्य विषयक्षेत्रको परिचय दिई समस्या र उद्देश्य निर्धारण गरिएको छ । यसै गरी प्रस्तुत शोधक्षेत्रसँग सम्बन्धित रही गरिएका पूर्वकार्यहरूको विस्तृत समीक्षा गर्दै यस शोधको आवश्यकता र औचित्यको पुष्टि गरिएको छ। यसै क्रममा प्रस्तुत शोधका निम्ति आवश्यक सामग्री सङ्कलन र तिनको विश्लेषणका सैद्धान्तिक मान्यतामा आधारित विधिको जानकारी दिइएको छ । त्यस्तै शोधको क्षेत्र र सैद्धान्तिक आधारको समेत सीमाङ्कन गरी अन्त्यमा शोधप्रबन्धको अध्यायगत रूपरेखाको परिचय प्रस्तुत गरिएको छ ।

सामान्यतया पर्यावरण भन्नाले पृथ्वीको बाहिरी परिवेशलाई बुझाउँछ भने कोशीय अर्थमा कुनै वस्तु, व्यक्ति, विषय, वरिपरिको परिवेश तथा प्राणी, वनस्पति र प्रकृतिबिचको सम्बन्धलाई नै पर्यावरण भनिन्छ । 'आवरण' शब्दमा 'परि' उपसर्ग लागेर निर्माण भएको 'पर्यावरण' शब्द अङ्ग्रेजी 'इकोलोजी'को नेपाली रूपान्तरण हो । यसले पृथ्वीको सम्पूर्ण विषयलाई बुझाउँछ । त्यस्तै कविको भाव नै कविता हो । 'कवि' शब्दमा 'ता' प्रत्यय लागेर निर्माण भएको कविता शब्द अङ्ग्रेजी 'पोएम'को नेपाली रूपान्तरण हो । यो साहित्यको सशक्त र संवेगात्मक विद्या हो जसमा कविले आफ्नो भावना, विचार र अनुभवलाई लयबद्ध, छोटो र कलात्मक रूपमा प्रस्तुत गर्छन् । त्यसैले कविद्वारा रचित वा कविको कर्म नै कविता हो । यो कला र भावको संयोजनबाट निर्मित भएको हुन्छ किन कि 'कला' कविताको बाह्य संरचनासँग सम्बन्धित रहन्छ भने 'भाव' कविताको आन्तरिक पक्षसँग सम्बन्धित हुन्छ । शब्द र अर्थको संयुक्त रूपमा आधारित साहित्यको यस विद्याले रसात्मक वाक्य तथा रमणीय अर्थ प्रदान गर्छ । यसमा बौद्धिक कोमलता हुन्छ । त्यसैले भाषाका माध्यमद्वारा प्रस्तुत गरिने कविको स्वानुभूतिको कोमल, कलात्मक र रसात्मक अभिव्यक्ति नै कविता हो । त्यसैले वातावरणमा देखिएका र वातावरणबाट प्राप्त अनुभव, विचार

तथा भावलाई कविले कलात्मक, कोमल, रसात्मक र आलङ्कारिक रूपमा कवितामा व्यक्त गर्ने भएकाले नै कविता र पर्यावरणको निकट सम्बन्ध रहेको छ ।

पर्यावरण र साहित्यको अध्ययन गर्ने समालोचनालाई नै पर्यावरणीय समालोचना भनिन्छ । अङ्ग्रेजीमा प्रचलित 'इकोक्रिटिसिज्म' लाई नेपालीमा पर्यावरणीय समालोचना, हरित समालोचना, पारिस्थितिक समालोचना, वाताकाव्यशास्त्र, परिवृतीय समालोचना पनि भन्ने गरिन्छ । यसमा इकोलोजी र किटिसिज्म दुई शब्दको संयोजन रहेको छ । पर्यावरणीय समालोचनामा साहित्य र वातावरणबिचको सम्बन्ध अध्ययन हुन्छ । परम्परागत साहित्य अध्ययनको क्षेत्रमा स्थापित नयाँ र मौलिकतामा आधारित यस उत्तरआधुनिक समालोचना पद्धतिले मानवलाई मात्र केन्द्रमा नराखी सिङ्गो प्रकृति, जगत् वा धर्तीलाई नै एउटा कृतिका रूपमा लिन्छ । प्रकृतिलाई साधनका रूपमा नभएर साध्यका रूपमा लिन्छ र त्यसैलाई विशेष आधार मान्दै पशुपक्षी, वनस्पति, खोलानाला, हिमाल, पहाड, जीवजन्तु जस्ता विविध पक्षमा मानिसका क्रियाकलापको प्रभाव र प्रताडनाको अध्ययन समीक्षात्मक रूपमा गर्छ । पर्यावरण र मानवताको केन्द्रीयतामा कृति विश्लेषणको आधार तयार गर्छ । मानवीय भौतिक पक्षको जीवन र प्रकृतिबिच स्थापित मान्यतामा मात्र सीमित नरहेर जगत्को भौतिक र सांस्कृतिक आधारसँग साहित्यिक कृतिलाई तुलना गर्छ । कृतिको परिवेश वा प्रकृति चित्रणलाई अनिवार्य अस्तित्वका रूपमा विश्लेषण गर्छ । विश्वव्यापी रूपमा धनी, पुँजीपति र साम्राज्यवादी वर्गले कसरी प्रकृतिको शोषण गरेका छन् ? श्रमिक, किसान, निम्नवर्ग, गरिब मानिसहरू कसरी मारमा परेका छन् ? भन्ने कुराको विश्लेषण गर्छ । यसका साथै विषयवस्तुको अध्ययन र साहित्यिक कृतिमा व्यक्त पर्यावरणीय पक्षको अध्ययन गर्छ । वर्तमान प्रकाशित कृतिको मात्र अध्ययन नभई प्राचीन समयमा प्रकाशित लेख तथा कृतिमा व्यक्त पर्यावरणीय चेतनाको अध्ययन, साहित्य परम्परामा प्रयुक्त ऐतिहासिक पक्षको अध्ययन, पर्यावरणीय सचेतताका सकारात्मक र नकारात्मक पक्षहरूको अध्ययन र विश्वप्रकृतिको चित्रण तथा विश्लेषण गर्दछ । मूलतः यसले पर्यावरणलाई नै मूल आधार बनाएर लेखिएका कृतिहरू नै पर्यावरणीय समालोचनाका रूपमा लिई धर्तीलाई सचेत र गहन दृष्टिले अध्ययन गर्नुपर्छ भन्ने मान्यता राख्छ ।

प्रकृति के हो ? वातावरणको अर्थ किन वरिपरिको मानवेतर जगत् मात्र भएको छ ? मानव वातावरणको विशिष्ट अङ्ग किन हो ? मानव कहाँ र कसरी बस्छ ? भन्ने जस्ता प्रश्नको उत्तरका क्रममा पर्यावरणीय समालोचनाले प्रकृति विज्ञान, वातावरणीय अध्ययन, सांस्कृतिक

तथा सामाजिक अध्ययनलाई पनि यथास्थानमा उपयोग गर्छ । बिसौँ शताब्दीको अन्तिम दशकबाट स्वच्छन्दतावाद र पुँजीवादी नगरसमाजमा देखिएका विकृतिको विरोधमा पश्चिमबाट सुरु भएको यस समालोचनाले पर्यावरणीय दृष्टिले गरिने साहित्यिक तथा सांस्कृतिक समालोचना समाजका लागि कति उपयोगी छ र कति हानिकारक छ भन्ने कुराको अध्ययनसमेत गर्छ ।

मनप्रसाद सुब्बा (२००७) नेपाली साहित्यको आधुनिक समयका विशिष्ट प्रतिभा हुन् । उनी प्राज्ञिक तर्कलाई विशेष मान्यता दिई भूगोलप्रति पूर्णतः सचेत र जिम्मेवार रहदै आएका छन् । मूलतः नेपाली साहित्यको कविता विधामा उनको सशक्त योगदान रहेको छ । सन् १९७० को दशकबाट कवितायात्रामा प्रवेश गरेका सुब्बाका *बिल्ल्याँटो युगभित्र कार्टून मान्छेहरू* (सन् १९८९), *बुख्याचाहरूको देशमा* (१९८३), *ऊष्मा* (१९८७), *आदिम बस्ती* (१९९५), *ऋतु-क्यानभासमा रेखाहरू* (२००१), *अक्षर-अर्केष्ट्रा* (२००४), *किनाराका आवाजहरू* (२००८), *भुइँफुट्टा शब्दहरू* (२०१३) र *नेत्तिफुङ्को बास्ना* (२०१६) गरी आठओटा कवितासङ्ग्रहहरू प्रकाशित छन् ।

मनप्रसाद सुब्बाले आफ्ना कवितामा प्रकृति र जीवनबिचको सम्बन्धलाई अत्यन्तै सूक्ष्म तरिकाले अनुभूति गरेर लेखेका हुनाले पर्यावरणीय समालोचना सिद्धान्तको आधारमा शोधका लागि औचित्यपूर्ण छन् । जीवन र प्रकृतिबिच स्थापित मान्यताको अध्ययन तथा खोज गर्ने सुब्बा मूलतः कथ्य र शिल्प दुवै हिसाबले एक प्रयोगधर्मी कवि हुन् । सुब्बाका पर्यावरणसम्बन्धी प्रकृतिजन्य चिन्तन केही कवितासङ्ग्रहमा छ । उनका कवितासङ्ग्रहहरू मध्ये *भुइँफुट्टा शब्दहरू, किनाराका आवाजहरू* र *नेत्तिफुङ्गको बास्ना* कवितासङ्ग्रहमा प्रकट भएका पर्यावरणीय चेतनामा आधारित भएर सुब्बाका कवितामा पर्यावरणको खोजी प्रस्तुत शोधकार्यमा गरिएको छ । सुब्बाका कवितामा *प्रणयकाव्य नेत्तिफुङ्को बास्ना* (सन् २०१८) र *आधुनिक नेपाली कवितामा पर्यावरणीय चेतना* (२०७५) शीर्षकमा लेख तथा शोधकार्य भए तापनि हालसम्म उनका कविताको पर्यावरणका दृष्टिले समग्रमा अध्ययन, विश्लेषण र मूल्याङ्कन नभएको हुँदा उपर्युक्त कवितासङ्ग्रहमा अभिव्यक्त पर्यावरणको खोजी गर्नु औचित्यपूर्ण नै देखिन्छ किनभने यसको अध्ययनले नेपाली कविताका क्षेत्रमा पर्यावरणको खोजी गर्न चाहने जोकोहीलाई थप सहयोग र योगदान पुऱ्याउनुका साथै पर्यावरणप्रति सचेतना जगाई संरक्षणका बारेमा पनि प्रेरित गर्न सक्छ ।

## १.२. शोधसमस्या

आधुनिक समयका विशिष्ट प्रतिभा मनप्रसाद सुब्बाका कविता निक्कै उत्कृष्ट रहेका छन् । कवि सुब्बा विशेष गरेर आफ्ना कवितामा प्रकृति, प्रेम, जातीय विभेद, नारी तथा विज्ञान जस्ता विभिन्न विषयलाई केन्द्रमा राख्ने गर्छन् । यस्ता विभिन्न विषयमध्ये पनि पर्यावरणीय चेतना मुख्य हो किनभने जनसङ्ख्या वृद्धि, वैज्ञानिक क्षेत्रको विकास र उपभोक्तामुखी मानवीय संस्कृतिका कारण दिनानुदिन प्रकृतिको विनाशसँगसँगै पर्यावरणको पनि विनाश हुँदै गएको छ । यसलाई बचाँउनका लागि विभिन्न क्षेत्रबाट सबैले महत्त्वपूर्ण भूमिका निभाउनुपर्ने भएकाले विभिन्न किसिमका अभियानहरू विस्तारित भइरहेका छन् । त्यसैले वातावरण संरक्षणका विभिन्न तौरतरिकाहरूमध्ये साहित्य तथा साहित्यको कविता विधा पनि एक हो । यो सामाजिक चेतना, चिन्तन तथा पर्यावरणीय मुद्दासित सरोकार राख्ने साहित्यिक विधा भएकाले पर्यावरणका विभिन्न पक्षको प्रकटीकरण हुन्छ । यसै सन्दर्भमा पर्यावरणीय चिन्ता र चासोका विषयमा मनप्रसाद सुब्बाका कविताले कस्तो विचार राखेका छन् ? तिनलाई प्रभावकारी रूपले कसरी प्रतिबिम्बित बनाएका छन् ? भन्ने प्राज्ञिक जिज्ञासा नै प्रस्तुत शोधको मूल समस्या हो । यही समस्या समाधानका निम्ति निर्धारण गरिएका सम्बद्ध शोधप्रश्नहरू यस प्रकार रहेका छन् :

(क) मनप्रसाद सुब्बाका कवितामा केकस्तो पर्यावरणीय चेतना प्रस्तुत भएको छ ?

(ख) मनप्रसाद सुब्बाका कविताको भाषिक प्रयोग पर्यावरणमैत्री कसरी भएको छ ?

(ग) मनप्रसाद सुब्बाका कवितामा पर्यावरणीय नारीवादको प्रयोग कुन प्रयोजनका निम्ति भएको हो ?

## ३. शोधको उद्देश्य

प्रस्तुत शोधको उद्देश्य मनप्रसाद सुब्बाका कवितामा प्रयुक्त पर्यावरणीय पक्षको अध्ययन र विश्लेष्ण गर्नु रहेको छ । यी उद्देश्यहरू बुँदागत रूपमा निम्नानुसार रहेका छन् :

(क) मनप्रसाद सुब्बाको कवितामा रहेको पर्यावरणीय चेतनाको समीक्षा गर्नु,

(ख) मनप्रसाद सुब्बाका कवितामा पर्यावरणमैत्री भाषिक प्रयोगको विश्लेषण गर्नु,

(ग) मनप्रसाद सुब्बाका कवितामा प्रयुक्त पर्यावरणीय नारीवादको औचित्य मूल्याङ्कन गर्नु ।

## १.४. पूर्वकार्यको समीक्षा

प्रस्तुत शोध्यविषय क्षेत्रमा यस शोधकार्य पूर्व भएका चर्चा तथा टिप्पणीहरूलाई कालक्रमिक रूपमा तल प्रस्तुत गरिएको छ :

कृष्ण गौतम (२०६४) ले *उत्तरआधुनिक जिज्ञासा* पुस्तकमा पर्यावरण साहित्यसम्बन्धी तीन आफ्नो विश्लेषणात्मक लेख प्रस्तुत गरेका छन् । 'पर्यावरण वैज्ञानिक समीक्षाको सन्दर्भमा ध.च. गोतामेको उपन्यासकारिता' शीर्षकको लेखमा पर्यावरण र स्वच्छन्दतावादको सामान्य चर्चा गर्दै प्रकृतिलाई विजय, स्वायत्तता र सामञ्जस्यता गरी मुख्यतः तीन आधारमा हेरेका छन् । पर्यावरणवादको 'इकोलोजिजम' को अवधारणाले मानवकेन्द्री विचारलाई विस्थापित गरी पर्यावरणवादको केन्द्रमा मान्छे र वातावरण दुवैलाई उभ्याएको छ । मनुष्यकेन्द्री विचारले प्रकृतिलाई उपयोगितावादको आँखाले हेरेको छ । सामन्तवाद र पुँजीवाद दुवैले प्रकृतिमाथि प्रभुत्व जमाउदा प्रकृतिमा ठुलो असर परेको छ, जसको मुख्य कारण नै जनसङ्ख्या वृद्धि हो भन्ने निष्कर्ष यस लेखबाट निकालिएको छ । त्यसै गरी 'वातावरणकाव्यशास्त्र र यसको सार्थकता' शीर्षकको लेखमा इकोलोजी (वातावरणशास्त्र) को परिचय, मान्यता र यसको सम्बन्धलाई सङ्क्षिप्त रूपमा प्रस्तुत गरिएको छ । वातावरण प्रतिकूलका कार्यले सामाजिक अवस्था, कला, साहित्य, दर्शन आदिमा पनि असर पार्छ भन्दै वातावरण काव्यशास्त्रले पृथ्वीलाई जड र चेतनाको रूपमा लिएको छ । त्यसै गरी यसले मानिस र प्रकृतिबिचको सम्बन्धलाई जोड दिदै हिंसा, प्रदूषण एवं आतङ्कको विपक्षमा रहन्छ । आधुनिकता, सभ्यता, उद्योग र सहरीकरणको विरोध गर्दै आधुनिक स्तरीय सिर्जनाको अपेक्षा गर्छ । त्यसैले वाताकाव्यशास्त्र कला दर्शनमा कमजोर भएकाले विचार पुऱ्याएर अगाडि बढ्न आवश्यक छ भन्ने निष्कर्ष यस लेखबाट निकालिएको छ। यसै गरी 'वातावरणवादी समीक्षाको आलोकमा ओखलढुङ्गा' लेखमा इकोक्रिटिसिजमको परिचय दिदै औद्योगीकरणले निम्ताएका जटिल समस्या र यसले वातावरणमा पारेको प्रभावलाई विश्लेषण गर्दै वातावरणवादको सिद्धान्तका आधारमा 'ओखलढुङगा' कविताको विश्लेषण गरेका छन् । कवितामा आएका प्रकृति, स्थान र कालसित गाँसिएर खेतीको विस्तार, ढुङ्गा निकाल्ने, कोइला खन्ने, खानी खोतल्ने, बाटाघाटा खोल्ने, बाँध बनाउने जस्ता कार्य, उद्योगजन्य धुवाँ, धुलो र प्रदूषणले आणविक भट्टीबाट चुहिएको बिषाक्त प्रभावले प्रकृति विश्वव्यवस्था वर्तमान समयमा खजमजिएको छ र वातावरणमा भयावह अवस्थाको सिर्जना भएको प्रकृतिजन्य चिन्तन व्यक्त गरेका छन् । वातावरण दर्शनमा

साहित्य, कला एवं संस्कृति र समाज तथा धर्म, दर्शन आदिको अध्ययन आवश्यक भएको उल्लेख गरेका छन् । पुँजीपति वर्गले गरेका मनोमानी ढङ्गका प्रकृति विनाशका कार्यलाई हामी सबै एकजुट भएर जोगाउनुपर्छ भन्ने निष्कर्ष यस लेखबाट निकालिएको छ । यसरी यस लेखमा पर्यावरणवादको परिचय, मान्यता, मानिस र वातावरणबिचको सम्बन्ध, मानिसले वातावरण, कला, साहित्य, दर्शनलगायतका क्षेत्रमा पारेको असरलगायतका क्षेत्रको विस्तृत व्याख्या गरिएको हुनाले प्रस्तुत शोधको सौद्धान्तिक स्पष्टता र पुष्टिका लागि यो लेखले थप सहयोग गर्छ भने हालसम्म सुब्बाका निर्धारित यस कवितासङ्ग्रहमा कुनै पनि किसिमको पर्यावरणको खोजी नगरिएको परिप्रेक्ष्यमा सुब्बाका कवितामा पर्यावरणको खोजी गर्नु औचित्यपूर्ण नै देखिन्छ । त्यस्तै पर्यावरणसँग सम्बन्धित रहेर साहित्यका जुनसुकै विधामा पर्यावरणको खोजी गर्न चाहने र सुब्बाका कवितामा पर्यावरणका बारेमा जान्न चाहने जो कोहीलाई थप सहयोग पुऱ्याउने हुनाले नै यस शोधको उपादेयता रहन्छ ।

लक्ष्मणप्रसाद गौतम (२०६६) ले *नेपाली साहित्यमा उत्तरआधुनिक समालोचना* भन्ने समालोचनात्मक पुस्तकमा पर्यावरणीय / परिवृत्तीय समालोचनाको सैद्धान्तिक मान्यता र आधारहरू उल्लेख गरेका छन् । पर्यावरणीय समालोचना भनेको पृथ्वीग्रह बचाऊ भन्ने चेतना हो । यो वातावरणवाद प्रकृति वातावरण र जीवधारीहरूबिचको सिद्धान्त तथा अध्ययनको समष्टि हो । यसले देहधारीका जीवनको प्रकृतिकेन्द्रित चिन्तनलाई समेट्छ । वातावरणकेन्द्रित सिर्जना र साहित्यको मूल्याङ्कन गर्छ । कृति विश्लेषणमा मानवेतर जगत्प्रति चासो राख्छ । विज्ञानको प्रभाव र पर्यावरणका आधारमा मात्र कृतिको विवेचना गर्छ । प्रकृति, मानव र वातावरणबिचको सम्बन्धको विश्लेष्ण गर्छ भन्दै उनले वातावरणीय/परिवृत्तीय सामालोचना र यसको व्यावहारिक पक्षको सामान्य चर्चा गर्दै वातावरणीय सामालोचनाको छोटो परिचय दिइएको हुनाले प्रस्तुत शोधको सैद्धान्तिक स्पष्टता पुष्टिका लागि यो लेखले थप सहयोग गर्छ भने हालसम्म सुब्बाका निर्धारित कवितासङ्ग्रहमा कुनै पनि किसिमको पर्यावरणको खोजी नगरिएको परिप्रेक्ष्यमा सुब्बाका कवितामा पर्यावरणको खोजी गर्नु औचित्यपूर्ण नै देखिन्छ । त्यस्तै पर्यावरणसँग सम्बन्धित रहेर साहित्यका जुनसुकै विधामा पर्यावरणको खोजी गर्न चाहने र सुब्बाका कवितामा पर्यावरणका बारेमा जान्न चाहने जो कोहीलाई थप सहयोग पुऱ्याउने हुनाले नै यस शोधको उपादेयता रहन्छ ।

नेत्र एटम (२०६८) ले 'पर्यावरणीय समालोचना' शीर्षकको *रत्न बृहत् नेपाली समालोचना* को प्रकाशित लेखमा पर्यावरणीय समालोचनाको सैद्धान्तिक आधारको विस्तृत

रूपमा चर्चा गरेका छन् । यस लेखमा पर्यावरणीय समालोचनाको परिचय तथा ऐतिहासिक सन्दर्भका रूपमा वातावरणीय र पर्यावरणीय शब्द प्रयोगको तुलनात्मक अध्ययन गरी वातावरणीय शब्दले दिने संस्कृति विरोधी परिभाषा र पर्यावरणीय शब्दले प्रकृति र संस्कृतिलाई चेरिल ग्लोटफेल्टीको अवधारणामा आधारित भएर पर्यावरणीय समालोचनाको औचित्य स्पष्ट पारेका छन् । पर्यावरण र साहित्यको अन्तर्सम्बन्धका रूपमा जीवविज्ञान, भूगर्भविज्ञान र जलवायुविज्ञानको चर्चा गरेका छन् । जीवहरूले वातावरणमा पार्ने प्रभाव तथा वातावरण अनुकूलको पारिस्थितिक प्रणाली, पर्यावरणीय स्थान र खाद्यचक्रका केही दृष्टान्तहरू प्रस्तुत गरेका छन् । त्यसै गरी संस्कृति र पर्यावरण, पर्यावरणीय समालोचनाको विशेषता, कृति विश्लेषणका आधारहरूको उल्लेख गरेका छन् । पर्यावरणीय समालोचनालाई गहन पर्यावरण, वातावरणीय परिकल्पना र पुनर्कल्पना, विश्वव्यापी वातावरणीय संस्कृति र चेतना, पर्यावरणमैत्री सांस्कृतिक वासस्थान, विषालु सङ्कथन, साहित्यिक सन्त्रास वा भाषिक प्रदूषण जस्ता शब्दावलीको प्रयोग गरी गहन पर्यावरणको परिचय प्रस्तुत गरेका छन् । एटमको यस लेखमा नेपाली पर्यावरणीय समालोचनाको समकालीन अध्ययनमा पहिलोपटक विस्तृत लेख तयार पारिएको हुनाले प्रस्तुत शोधको सैद्धान्तिक स्पष्टताका लागि यो लेखले सहयोगी भूमिका खेल्ने छ भने हालसम्म सुब्बाका निर्धारित यस कवितासङ्ग्रहमा कुनै पनि किसिमको पर्यावरणको खोजी नगरिएको परिप्रेक्ष्यमा सुब्बाका कवितामा पर्यावरणको खोजी गर्नु औचित्यपूर्ण नै देखिन्छ । त्यस्तै पर्यावरणसँग सम्बन्धित रहेर साहित्यका जुनसुकै विधामा अध्ययन गर्न चाहने र सुब्बाका कवितामा पर्यावरणका बारेमा जान्न चाहने जो कोहीलाई थप सहयोग पुऱ्याउने हुनाले नै यस शोधको उपादेयता रहन्छ ।

गीता त्रिपाठी (२०६८) ले 'करोडौँ सूर्यहरूको अन्धकारमा पर्यावरणीय चेतना' शीर्षकको *भृकुटी*को प्रकाशित लेखमा पर्यावरणीय समालोचनाको पृष्ठभूमि, विकास र सैद्धान्तिक अवधारणा प्रस्तुत गर्दै पर्यावरण र पर्यावरणीय समालोचनाको परिचय दिएकी छन् । यस लेखमा साहित्यको मूल्याङ्कन, कृतिविश्लेषणका आधार, वातावरण विज्ञानको प्रभाव तथा प्रकृति, मानव र वातावरणबिचको सम्बन्धको विश्लेषण गरिएको छ । वातावरणले व्यक्तिमा पारेको प्रभाव र व्यक्तिले वातावरणमा पारेको प्रभाव तथा मानवीय सम्बन्धका आधारमा कृतिमा पर्यावरणको खोजी यही पर्यावरणीय समालोचना सिद्धान्तका आधारमा गरिने कुराको उल्लेख गरिएको छ । प्रकृतिमाथिको उपभोगतावादी संस्कृति र विजेता मनस्थितिले सम्पूर्ण प्राणी तथा वनस्पतिमा असर पुगी लोप हुने अवस्था आएको छ । यसरी सम्पूर्ण प्राणी

तथा वनस्पति विनाशले वातावरण उराठ, सौन्दर्यविहीन तथा शून्य भएको चिन्ता भाव व्यक्त गरिएको छ । त्यसै गरी मानिस प्रकृति सहृदयताको आवश्यकताप्रति अनुदार हुँदै गएर आफ्ना आवश्यकता र महत्त्वाकाङ्क्षाको दास भई वैज्ञानिक बुद्धिको प्रयोग गर्दा स्वर्ग जस्तो धर्ती बिस्तारै चिसो मरुभूमिमा रूपान्तरित हुँदै गएको र यसले पर्यावरण विद्रूप बन्दै गएको अवस्थाको चित्रण गरिएको छ । सहरीकरण र स्वतन्त्रताका नाममा निम्तिएका यस्ता कार्यले दिनानुदिन वातावरण प्रदूषित बन्दै गएको छ भने अर्कोतिर औद्योगिक विकास र भौतिक सुखको खोजीमा गाउँको प्रकृति स्रोत र साधन सहर भित्र्याउँदा ग्रामीण वातावरणमा नकारात्मक प्रभाव परेको छ । अव्यवस्थित सहरीकरणले पर्यावरणीय समस्या जटिल बन्दै गएको छ । भएका सांस्कृतिक सम्पदाप्रतिको मोह घटेको छ । साइबर संस्कृतिको भर्चुअल वास्तविकतामा नयाँ पुस्ता रमाइरहेका छन्, जसको मुख्य कारण भनेकै पर्यावरणीय चेतनाको कमी हो भन्ने चिन्ताभाव व्यक्त गरिएको छ । त्यसैले अबको पुस्ता पर्यावरण बचाउका लागि सचेत भएर लाग्नुपर्ने निष्कर्ष निकालिएको छ । यस लेखमा मुख्य रूपमा पर्यावरणीय चेतनाको पृष्ठभूमि, विकास र सैद्धान्तिक अवधारणालाई विस्तृत रूपमा चर्चा गरिएको हुनाले यस शोधको सैद्धान्तिक खण्डमा सहयोग गर्ने छ भने हालसम्म सुब्बाका निर्धारित यस कवितासङ्ग्रहमा कुनै पनि किसिमले पर्यावरणको खोजी नगरिएको परिप्रेक्ष्यमा सुब्बाका कवितामा पर्यावरणको खोजी गर्नु औचित्यपूर्ण नै देखिन्छ । त्यस्तै पर्यावरणसँग सम्बन्धित रहेर साहित्यका जुनसुकै विधामा अध्ययन गर्न चाहने र सुब्बाका कवितामा पर्यावरणका बारेमा जान्न चाहने जो कोहीलाई थप सहयोग पुऱ्याउने हुनाले नै यस शोधको उपादेयता रहन्छ ।

रमेश भट्टराई (२०७०) ले *समय सौन्दर्य पर्यावरण र कविता* शीर्षक ग्रन्थमा पर्यावरणीय समालोचनाको सैद्धान्तिक र प्रायोगिक दुवै स्वरूपको चर्चा गरेका छन् । प्रस्तुत ग्रन्थमा अलग अलग शीर्षकमा विभिन्न समालोचनात्मक लेखहरू राखिएका छन् । 'पर्यावरणीय सन्दर्भ र देवकोटाका कविता' भन्ने लेखमा वन, पहाड, ऋतु, वर्षा, चरा आदिले पृथ्वीलाई हराभरा बनाएको छ । मनुष्यको आधार र श्रमको स्रोत नै प्रकृति हो । ग्राम्य जीवन र प्रकृति सौन्दर्यका विविध पक्ष तथा प्रकृतिले मानिसमा पार्ने प्रभाव र पर्यावरणीय विविधताको प्रस्तुतिका माध्यमबाट प्रगतिवादी पर्यावरणीय चेतना लेखकले प्रस्तुत गरेका छन् । पृथ्वीका पर्यावरणीय सन्दर्भ, जीवजन्तु, खोलानाला, हिउँ, हिमाललगायतले प्रकृतिको रक्षा गर्छ तर जैविक संसाधनको अत्यधिक विनाशले जङ्गली जनावरहरू लोप भई पर्यावरणीय सन्तुलनलाई खलबल्याएका छन् । जल प्रदूषण, वायु प्रदूषण, सहरी फोहोरमैला, विषालु ग्यासको उत्पादन,

उद्योगधन्दाबाट निष्कासन हुने फोहोर तथा त्यसको व्यवस्थापन, माटोको उर्वरा ह्रास एवम् विनाश, जमिनको मरुभूमीकरण, वनजङ्गलको विनाश, तापक्रम वृद्धि, ओजनतहको विनाशलगायतका समस्याहरू देखापर्नुको मुख्य कारण भनेको नै पर्यावरणको विनाश हो भनी प्रकृतिसम्बद्ध विषयलाई लेखकले पर्यावरणीय चेतनाका माध्यमबाट सशक्त रूपमा उठाएका छन् । त्यस्तै यसै पुस्तकमा समावेश 'पर्यावरणीय समालोचना, स्वच्छन्दतावाद र देवकोटा' शीर्षक अनुसन्धानात्मक लेखमा पर्यावरणीय समालोचनाको परिचय दिँदै पर्यावरण, स्वच्छन्दतावाद र देवकोटाबिचको लेखनगत त्रिआयामिक पर्यावरणीय मान्यताका आधारमा विश्लेषण गरेका छन् । औद्योगिक उत्पादन, आधुनिक प्रविधिको विकास तथा विश्व बजार र हातहतियारको होडबाजीकै कारण वातावरणीय समस्यामा ठुलो चुनौती थपिएको छ भन्दै पर्यावरणीय चिन्तन प्रस्तुत गरेका छन् । त्यस्तै ग्रामीण लोकजीवन र प्रकृतिसँगको सम्बन्धलाई मुख्य रूपमा प्रस्तुत गर्दै बालक, ग्रामीणजीवन, भिखारी, घाँस काट्ने महिला, युवाको समस्याका माध्यमबाट पर्यावरणीय चेतनालाई प्रस्तुत गरेका छन् भन्ने निष्कर्ष यस लेखमा निकालिएको छ । त्यसै गरी यसै पुस्कतकमा समावेश 'देवकोटाको 'कृषिबाला' नाटकको पर्यावरणीय अध्ययन' शीर्षकको समीक्षात्मक प्रस्तुत लेखमा पर्यावरणीय समालोचनाका सैद्धान्तिक पर्याधारको उपयोग गरी 'कृषिबाला' नाटकको पर्यावरणीय अध्ययन गरिएको छ । नाटकमा निहीत ग्राम्यता, मानिस र पर्यावरणबिचको अन्तरसम्बन्धलाई पर्यावरणीय मान्यताको रूपमा उद्घाटन गरिएको छ । कृषकलाई उन्नत अन्नबाली उत्पादन गर्नका लागि उचित पर्यावरण (मौसम र क्षेत्रअनुसारको हावा, पानी, माटो, जीव जनावरलगायतका प्रकृति वस्तु) को आवश्यकता पर्छ भन्दै सामाजिक यर्थाथ र समाजवादोन्मुख यर्थाथको सन्दर्भबाट पर्यावरणीय चिन्तन व्यक्त गरिएको छ । नदी, वन, पहाड, सबै हाम्रो जीवननिर्वाहका आधार हुन् । त्यसैले हामी सबै मिलेर वातावरणको संरक्षण गर्नुपर्छ भन्ने भाव प्रकट गरेकै कारण पर्यावरणीय समालोचनाको सिद्धान्त र प्रयोग दुवै दृष्टिकोणले प्रस्तुत कृति उल्लेखनीय रहेको छ भन्ने निष्कर्ष यस लेखबाट निकालिएको छ । भट्टराईले यस लेखमा पर्यावरणीय समालोचनाको सैद्धान्तिक र प्रायोगिक स्वरूपको विस्तृत चर्चा गरिएको हुनाले नै यस शोधको सैद्धान्तिक खण्डलाई थप विस्तार गर्न र स्पष्ट पार्नका लागि यस लेखले सहयोग गर्ने छ भने यस सिद्धान्तमा आधारित भएर सुब्बाको कुनै पनि कवितामा शोधकार्य नभएको परिप्रेक्ष्यमा पर्यावरणमा आधारित भएर शोधकार्य गर्नु औचित्यपूर्ण नै देखिन्छ । त्यसै गरी पर्यावरणसँग सम्बन्धित रहेर साहित्यका जुनसुकै विधामा अध्ययन गर्न चाहने र सुब्बाका कवितामा

पर्यावरणका बारेमा जान्न चाहने जो कोहीलाई यस शोधले थप सहयोग पुऱ्याउने हुनाले यसको उपादेयता रहन्छ ।

रजनी ढकाल (२०७०) ले ' 'ती पशुपक्षीहरू जससँग...' निबन्धमा पर्यावरणीय चेतना' शीर्षकको *प्रायोगिक समालोचना: अनेक रूप* पुस्तकमा प्रकाशित लेखमा पर्यावरणीय चेतनाको परिचय, पृष्ठभूमि र विकासको जानकारी गराउदै निबन्धलाई पर्यावरणीय चेतनाको सिद्धान्तका आधारमा विश्लेषण गरिएको छ । प्रकृतिमा रहेका हरेक वनस्पति र अन्य प्राणीसँग मानिसको नजिकको सम्बन्ध रहेको हुन्छ । मानवीय जीवन भौतिक शरीर र विचारको रूपमा मात्र नभई पृथ्वीमा रहेका सम्पूर्ण जीवजन्तु, प्रकृति वस्तु र वातावरण एकत्वको समष्टि हो । त्यसैले हामी हरेक समयमा हाम्रा हरेक व्यवहार र क्रियाकलापहरू सबै प्रकृतिकै सान्निध्यमा बिताइरहेका हुन्छौँ । प्रकृति वस्तुबाट टाढा रहेर जीवन जिउन सक्दैनौ । त्यसैले प्रकृति नै जीवनको एक आधार हो भन्ने निष्कर्ष यस लेखबाट निकालिएको छ । निचोडमा भन्नुपर्दा ढकालको यस लेखमा पर्यावरणीय समालोचनाको परिचय, पृष्ठभूमि र विकासको चर्चा गरिएको हुनाले यस शोधको सैद्धान्तिक खण्डलाई थप विस्तार गर्नमा सहयोग पुऱ्याउने छ भने यस सिद्धान्तमा आधारित भएर सुब्बाको निर्धारित कवितासङ्ग्रहमा कुनै पनि किसिमको लेख, रचना तथा शोधकार्य नभएको परिप्रेक्ष्यमा पर्यावरणमा आधारित भएर शोधकार्य गर्नु औचित्यपूर्ण नै देखिन्छ । त्यसैले पर्यावरणसँग सम्बन्धित रहेर साहित्यका जुनसुकै विधामा अध्ययन गर्न चाहने र सुब्बाका कवितामा पर्यावरणका बारेमा जान्न चाहने जो कोहीलाई यस शोधले थप सहयोग गर्ने छ ।

गीता त्रिपाठी (२०७०) ले 'सांस्कृतिक अध्ययन र पर्यावरणको अन्तरसम्बन्ध' शीर्षकको *भृकुटी*मा प्रकाशित लेखमा सांस्कृति र पर्यावरणको परिचय दिदै यिनीहरूबिचको अन्तरसम्बन्धलाई पर्यावरणीय सिद्धान्तका आधारमा विश्लेषण गरेकी छन् । त्यसै गरी संस्कृति र पर्यावरणबिचको अन्तरसम्बन्ध, परम्परित संस्कृति र पर्यावरण, निर्मित संस्कृति र पर्यावरण, साहित्यमा संस्कृति र पर्यावरणबिचको अन्तरसम्बन्धलाई पर्यावरणीय समालोचना सिद्धान्तका आधारमा विश्लेषण गरिएको छ । संस्कृति र प्रकृति सदैव एकआपसमा जोडिने विषय भएकाले मानिसको हरेक व्यवहारहरू प्रकृतिकै आधारमा निर्माण हुन्छ । प्रकृति भरिभराउ भएर नै मानिसका हरेक सांस्कृतिक यात्रा रचनात्मक र ऊर्जाशील हुन्छन् । प्रकृति, पर्यावरण र संस्कृतिको अवलोकनबिना कुनै पनि अध्ययनको पूर्णता हुँदैन् । त्यसै गरी पृथ्वी सौन्दर्य, स्वच्छ, हराभरा

बनाउनका लागि मानवमा करुणा र मानवतावादी भाव हुनु आवश्यक छ भन्ने निष्कर्ष यस लेखबाट निकालिएको छ । समग्रमा भन्नुपर्दा त्रिपाठीको यस लेखमा पर्यावरण र संस्कृतिबिचको अन्तरसम्बन्धलाई परम्परित संस्कृति र मानव निर्मित संस्कृति तथा साहित्यिक संस्कृतिका बिचमा तुलनात्मक रूपमा अध्ययन तथा विस्तार गरिएको हुनाले यस शोधको सैद्धान्तिक खण्ड अन्तर्गतको उपशीर्षकको पर्यावरण र संस्कृतिबिचको अन्तरसम्बन्धको सैद्धान्तिक व्याख्याका लागि सहयोग पुऱ्याउने छ भने पर्यावरण र संस्कृतिबिचको अन्तरसम्बन्ध अन्तर्गत रहेर सुब्बाको निर्धारित कवितासङ्ग्रहमा कुनै पनि किसिमको लेख, रचना तथा  शोधकार्य नभएको परिप्रेक्ष्यमा पर्यावरणमा आधारित भएर निर्धारित कवितासङ्ग्रहमा शोधकार्य गर्नु औचित्यपूर्ण नै देखिन्छ । त्यसैले पर्यावरणसँग सम्बन्धित रहेर साहित्यका जुनसुकै विधामा अध्ययन गर्न चाहने र सुब्बाका कवितामा पर्यावरणका बारेमा जान्न चाहने जो कोहीलाई यस शोधले थप सहयोग गर्ने छ ।

गोविन्दराज भट्टराई (२०७१) ले *उत्तरआधुनिक विमर्श* पुस्तकमा ‘इकोसाहित्य/परिवृत्तीय सिर्जना र मूल्याङ्कन’ शीर्षकअन्तर्गत तीन आफ्नो छुट्टाछुट्टै लेख प्रकाशित गरेका छन् । ‘सिर्जनाको नयाँ केन्द्र मानवेतर जगत्’ शीर्षकअन्तर्गत इकोक्रिटिसिजमको परिभाषा र साहित्य अध्ययनको पद्धति, वातावरणीय समालोचनाको परिचय, इकोराइटिङ चेतनाको विस्तार, प्रकृति विनाशका कारणहरू र परिणामको चर्चा गर्दै सांस्कृतिक-सामाजिक वातावरण र प्रकृतिसँग इकोक्रिटिकको सम्बन्धलाई देखाउदै पर्यावरणीय समालोचनालाई विस्तारमा लाग्नुपर्ने निष्कर्ष निकालेका छन् । यसै गरी ‘इकोक्रिटिसिजम : सिर्जना तथा समालोचनाको नवीनतम क्षेत्र’ शीर्षकको समालोचनात्मक लेखमा पर्यावरणीय समालोचनालाई परिवृत्तीय समालोचनाका रूपमा चिनाइएको छ । पर्यावरणीय समालोचनाको सैद्धान्तिक पक्षलाई सिर्जना र समालोचनाको नयाँ दिशाः वातावरण र परिवृत्त, लेखनमा नयाँ विश्वचेतना, वातावरणप्रतिको सचेतता र सिर्जनामा त्यसको स्थान, इकोक्रिटिसिजम र कृति विश्लेषणका आधार जस्ता शीर्षकहरूमा पर्यावरणीय समालोचनालाई चिनारीका रूपमा प्रस्तुत गरिएको छ । पर्यावरणीय विनाश तथा प्रदूषणको प्रमुख कारण राजनीतिलाई मानिएको छ । राजनीतिको आडमा विभिन्न किसिमले प्रकृतिको अत्यधिक प्रयोग गर्दा त्यसले मानव र प्राणी जगत्मा पारेको ठुलो नोक्सानीको विश्लेषण गर्दै प्रकृतिको संरक्षण र पुनः स्थापनामा जोड दिइएको छ । हावा, पानी र मौसम परिवर्तनका कारण उत्पादनमा आएको ह्रास र पशुचौपायाहरूको मृत्युको वर्णन सो लेखमा गरिएको छ । प्रकृतिमा भएका कुनै पनि भण्डार अनन्त नभएकाले त्यसलाई जीवन र जगत् अनुकूल हुनेगरी उपभोग गर्नु आवश्यक भएको

बताएका छन् । इकोलोजीमा केन्द्रित यस लेखमा समालोचनामा इकोलोजी (परिस्थितिविज्ञान/पारिस्थितिकी) को परिचय र महत्त्व, मानवकेन्द्री तथा पर्यावरणकेन्द्री तर्कहरू, पारिस्थितिकी - नारीवाद, प्रकृतिको महत्त्व, ग्राम्यता र अप्रदूषित परिवेश, रोमान्टिकता आदिको परिचय प्रस्तुत गरिएको छ । नेपाली साहित्यमा पर्यावरणीय समालोचनाको पृष्ठभूमिका बारेमा प्रारम्भिक जानकारी दिई पर्यावरण विनाशका कारण र प्रभाव, यसको महत्त्व, विकास प्रक्रिया तथा मानिस र पर्यावरणबिचको अन्तरसम्बन्धलाई प्रस्तुत गरी लेखिएको यो लेख नेपाली साहित्यको पर्यावरणीय समालोचनाको क्षेत्रमा सबैभन्दा पहिलो र महत्त्वपूर्ण लेखका रूपमा रहेको छ । त्यसैले शोधको सैद्धान्तिक विवेचनाका क्रममा यो लेख उपयोगी छ । त्यसै गरी 'नेपाली साहित्यमा परिवृत्तीय सिर्जनाको नमुना' शीर्षकको लेखमा पर्यावरणीय समालोचना सिद्धान्तको प्रयोग र विश्लेषण ढाँचालाई प्रस्तुत गरिएको छ । विश्लेषणका क्रममा पर्यावरणीय साहित्यिक कृति निबन्ध र उपन्यासलाई आवश्यकतानुसार विभिन्न उदाहरणका माध्यमबाट प्रस्तुत गरिएको छ । यसरी यस लेखमा पर्यावरणको परिभाषा, चेतनाको विस्तार, विनाशका कारण र विनाशले निम्ताएको परिणाम, परिवर्तनका कारण, महत्त्व, विकास प्रक्रिया र अन्तरसम्बन्धको विस्तृत रूपमा चर्चा गरिएको हुनाले प्रस्तुत शोधको सौद्धान्तिक स्पष्टताका लागि यस लेखले थप सहयोग गर्ने छ भने यस सिद्धान्तमा आधारित रहेर सुब्बाका कुनै पनि कवितासङ्ग्रहमा शोधकार्य नभएको परिप्रेक्ष्यमा यो शोधकार्य औचित्यपूर्ण नै छ । त्यस्तै यस सिद्धान्तमा आधारित रहेर साहित्यको जुनसुकै क्षेत्रमा अध्ययन गर्न चाहने र सुब्बाका कविताका अध्ययन गर्न चाहने जो कोहीलाई यस शोधले थप सहयोग गर्ने छ ।

गोकुल पोखेल (२०७२) ले *नदी किनाराका माझी काव्य सङ्ग्रहमा पर्यावरण* शीर्षकको दर्शनाचार्य शोध प्रबन्धमा स्वच्छ आधुनिक सभ्यताका नाममा बढ्दै गएको सहरीकरण, औद्योगीकरण आदिले दिनानुदिन बढ्दै गएको वातावरणीय समस्याका कारण कृत्रिम पर्यावरणतर्फको आकर्षण र त्यसबाट पुनः प्रकृति स्वच्छ ग्रामीण पर्यावरणतर्फ नै फर्काउनुको तात्पर्य प्रस्तुत गरिएको छ । हिमालको स्वच्छ शीतल हावापानी त्यहाँका वनौषधीहरू, नदी किनारका विकसित पहाडी स्वच्छ ग्रामीण पर्यावरण तथा त्यहाँ पाइने विभिन्न प्रकृति वस्तुहरूका अनेकौं पर्यावरणीय सन्दर्भको विश्लेषण गर्दै नदी किनारको स्वच्छ, शीतल, ग्रामीणपनको चित्रण गरिएको छ । सदियौंदेखि नदी किनारमा बसोबास गरेका माझी जातिको दैनिकी, संस्कृति, तिनको पर्यावरणीय सम्बन्धको विश्लेषण, नारी र प्रकृतिबिचको सम्बन्धका मिथकीय सन्दर्भहरू तथा

नारीले पर्यावरणको उपयोग र संरक्षणमा देखाएको तत्परता जस्ता कुरालाई पर्यावरणीय चेतनाका आधारबाट गहन रूपमा विश्लेषण गरिएको छ। पर्यावरणकेन्द्री दृष्टिकोण, प्रकृतिको सार्वभौमपन, पर्यावरणमैत्री भाषिक प्रयोग र पर्यावरणीय विषयको साहित्यिक प्रतिविम्बन जस्ता आधारहरूलाई पर्यावरणीय महत्त्वका साथ उल्लेख गर्नुपर्छ भन्ने निष्कर्ष यस शोधमा निकालिएको छ । नदी किनाराका माझी काव्यमा पर्यावरणको खोजी गर्दै सहरीकरण र औद्योगीकरणले पर्यावरणमा कसरी र कतिसम्म असर पारेको छ भन्ने कुराको विस्तृत विश्लेषण गरिएको हुनाले यस शोधको पर्यावरणको सैद्धान्तिक खण्ड तथा शोधमा समावेश विभिन्न उपशीर्षकमा यस शोधकार्यले थप सहयोग गर्ने छ भने कवि सुब्बाको निर्धारित कवितासङ्ग्रहमा हालसम्म पर्यावरणीय दृष्टिकोणबाट कुनै पनि किसिमको लेख, रचना तथा  शोधकार्य नभएको परिप्रेक्ष्यमा पर्यावरणमा आधारित भएर निर्धारित कवितासङ्ग्रहमा शोधकार्य गर्नु औचित्यपूर्ण नै देखिन्छ । त्यसैले पर्यावरणसँग सम्बन्धित रहेर साहित्यका जुनसुकै विधामा अध्ययन गर्न चाहने र सुब्बाका कवितामा पर्यावरणका बारेमा जान्न चाहने जो कोहीलाई यस शोधकार्यले थप सहयोग गर्ने छ ।

गीता त्रिपाठी (२०७२) ले 'समकालीन नेपाली कवितामा पर्यावरण' शीर्षकको *प्रज्ञा समकालीन नेपाली कविता विमर्श* पुस्तकको लेखमा पर्यावरणीय सौद्धान्तिक अवधारणाका साथ समकालीन नेपाली कवितामा पर्यावरणीय अध्ययनको कोणबाट विवेचना गरिएको छ। यसक्रममा पर्यावरणीय प्रदूषण, पर्यावरणीय नारीवादी चिन्तन र नारीशोषणप्रतिको विद्रोह, ग्राम्यतामा सहरी विकासको कृत्रिमताले निम्ताएको सङ्कट एवम् पर्यावरण र मानिसको सम्बन्ध जस्ता विषय र यससँग सम्बद्ध अन्य विविध पर्यावरणीय चेतनाको विश्लेषण गरिएको छ । पर्यावरणलाई असन्तुलित बनाउने काम सहरिया अर्थात् तथाकथित सुरक्षाकर्मीहरूबाट भएको छ । आजको आणविक युगले मुख्य गरेर स्थानीय पर्यावरण र माटोमा नकारात्मक असर पारेको छ । यसले वर्तमान अवस्थामा पर्यावरण र मानिसमा ठुलो क्षति बेहोर्नुका साथै त्रासमयी वातावरणमा जीवनयापन गर्नुपरेको छ यसको मुख्य कारण भन्नु अव्यवस्थित सहरीविकास नै हो भन्ने निष्कर्ष यस लेखमा प्रकट गरिएको छ। यसरी त्रिपाठीको यस लेखमा पर्यावरणीय सैद्धान्तिक अवधारणका साथै समकालीन नेपाली कविताका पर्यावरणको अध्ययनको विवेचनाका क्रममा वातावरणीय प्रदूषण, पर्यावरणीय नारीवादी चिन्तन, नारीशोषणको विद्रोह तथा ग्राम्यता जस्ता विषयमा विस्तृत चर्चा गरिएको हुनाले यस लेखले शोधको सैद्धान्तिक खण्डका लागि थप सहयोग गर्ने छ भने पर्यावरण र नारीबिचको अन्तरसम्बन्धलाई आधार बनाएर सुब्बाको कविताको कुनै पनि किसिमले अध्ययन, अनुसन्धान, लेख तथा शोधकार्य नभएको परिप्रेक्ष्यमा कवितामा व्यक्त

पर्यावरण, प्रकृति र नारीबिचको अन्तरसम्बन्धको खोजी र सुब्बाका बारेमा थप विस्तृत जानकारी प्राप्त गर्नका लागि यस शोधको औचित्य रहने छ ।

अर्जुन प्रधान (२०७४) ले *'प्रणयकाव्य 'नेत्तिफुङको बास्ना '* मनप्रसाद सुब्बाको काव्यिक उपासना' शीर्षकको *अवलोक* साहित्यिक पत्रिकाको लेखमा प्रकृति, पुरुष, नारी र संस्कृतिबिचको सामिप्यतालाई विभिन्न मिथकीय सन्दर्भबाट व्यक्त गरिएको छ । साँचो प्रेमलाई अमर प्रकृतिसँग तुलना गरिएको छ । प्रकृतिमा निहीत मानिसको प्रेमलाई आद्य प्रकृतिको रूपमा चर्चा गरिएको छ । प्रेम भन्ने शब्द पृथ्वी जस्तै विशाल र विकराल छ । प्रेमको कारक तत्त्व भनेको नै प्रकृति हो भन्दै प्रकृतिको गुनगान गाइएको छ । प्रकृतिका सम्पूर्णवस्तु नै प्रेममय छन् । प्रकृतिले नै सधैभरि पुरुष अभिष्टको स्त्रीभाव प्रदर्शन गरिरहन्छ, त्यसैले प्रेमको प्रारम्भ बिन्दु नै ग्रामञ्चल र अद्य प्रकृति हो । प्रकृति प्रेमको पर्याय हो । प्रेमको आकर्षणले नै प्रकृतिका सारा वस्तुहरू खोलानाला, बगर, समुन्द्र, धरती- आकाश विश्वब्रह्मण्ड अडेका छन् भन्दै प्रकृति र पुरुषको एकाकारलाई प्रकृतिका विभिन्न विम्बहरूबाट गराएका छन् । धरतीमा बर्षा गराउने कालो बादल, बादल मात्र नभएर कृष्णको प्रतीक हो भन्दै धरती र प्रकृतिलाई इभा र आदमकोइडन गर्डनको नवीन संस्करणका रूपमा प्रमाणित गरी प्रकृति नै सर्वेसर्वा वस्तु हो भन्ने निष्कर्ष यस लेखबाट निकालिएको छ । यसरी *नेत्तिफुङ्को बास्ना* कवितासङ्ग्रहमा प्रकृति, पुरुष, नारी र संस्कृतिबिचको अन्तरसम्बन्धलाई यस लेखमा विश्लेषण गरिएको हुनाले यस शोधमा *नेत्तिफुङ्को बास्ना* कवितासङ्ग्रहको व्याख्यामा थप सहयोग गर्ने छ भने यस कवितासङ्ग्रहलाई पर्यावरणीय समालोचनाको सैद्धान्तिक दृष्टिकोणबाट कुनै पनि किसिमले अध्ययन, अनुसन्धान, लेख तथा शोधकार्य नभएको परिप्रेक्ष्यमा पर्यावरणीय समालोचनाको सिद्धान्तमा आधारित रहेर यस सङ्ग्रहको बारेमा विस्तृत व्याख्या गर्नु औचित्यपूर्ण नै देखिन्छ । त्यसैले पर्यावरणसँग सम्बन्धित रहेर साहित्यका जुनसुकै विधामा अध्ययन गर्न चाहने र सुब्बाका कविताङ्ग्रहमा पर्यावरणका बारेमा जान्न चाहने जो कोहीलाई यस शोधकार्यले थप सहयोग गर्ने छ ।

महेश पौड्याल(२०७४) ले 'बदलिँदो समयका साक्षी मनप्रसाद सुब्बा' शीर्षकको *मनप्रसाद सुब्बाका प्रतिनिधि कविताहरू* कवितासङ्ग्रहको सम्पादकीयमा बढ्दो विश्वव्यापीकरण, पर्यावरणमाथि विकासको कहर वातावरणको क्रमिक क्षयीकरण, जङ्गलबासीहरूको विकासका प्रश्न जस्ता तमाम समसामयिक मुद्दाहरूमा सुब्बाको कवित्व अत्यन्तै सचेत रहेको छ । प्रकृति कुनै न कुनै रूपमा मानवीय विषयको जडमा उभिन्छ र साधनको रूपमा काम गरिरहन्छ ।

त्यसैले सुब्बाको कविता लेखनका धेरै विषयहरूमध्ये एक विषय प्रकृतिचित्रण पनि हो । घट्दो मानवीयता, मातृत्वप्रेम र माटोको मायालाई प्रकृतिको सार तत्त्वको रूपमा चित्रण गरिएको छ । मानिसमा आएको सांस्कृतिक पर्यावरणीय चेतनालाई सम्भ्रान्त र शक्तिशाली वर्गले धरतीलाई क्रिडास्थल बनाएका छन् । आकाङ्क्षाहरूलाई कुल्चेर उडिरहेका छन् भने त्यही धरती आम सर्वसाधारण जनताका लागि जीवनको स्रोत हो । त्यसैले अब सबै मिलेर वातावरणको संरक्षणमा लाग्नुपर्ने समय आएको छ भन्ने चिन्ता व्यक्त गरिएको छ । प्रकृतिसँगको सम्बन्धबाट नै हाम्रा सभ्यताका भावीआयामहरूको निर्माण गर्नुपर्छ । मानव जीवनको सम्पूर्ण आयतन नै पृथ्वी भएकाले पृथ्वीका हरेक वस्तुसँग जीवनको अस्तित्व गाँसिएको छ । त्यसैले प्रकृति नै मानव जीवनको मुख्य अङ्ग हो भन्ने निष्कर्ष यस सम्पादकीयबाट निकालिएको छ । सुब्बाका प्रतिनिधि कवितासङ्ग्रमा विश्वव्यापीकरण र पर्यावरणको विकासका क्षेत्रमा भएका पर्यावरणीय विकास र जङ्गलवासीको सम्पूर्ण प्राणीमा परेको असर तथा घट्दो मानवीयता, मातृत्वप्रेम र माटोको मायालाई प्रकृतिपरक दृष्टिकोणबाट विश्लेषण गरिएको हुनाले सुब्बाका कविताको विश्लेषणमा थप सहयोग पुऱ्याउने छ भने पर्यावरणीय समालोचनाको सिद्धान्तमा आधारित भएर कवि सुब्बाको निर्धारित कवितासङ्ग्रहमा हालसम्म पर्यावरणीय दृष्टिकोणबाट कुनै पनि किसिमको लेख, रचना तथा शोधकार्य नभएको परिप्रेक्ष्यमा पर्यावरणमा आधारित भएर निर्धारित कवितासङ्ग्रहमा शोधकार्य गर्नु औचित्यपूर्ण नै देखिन्छ । त्यसैले पर्यावरणसँग सम्बन्धित रहेर साहित्यका जुनसुकै विधामा अध्ययन गर्न चाहने र सुब्बाका कवितामा पर्यावरणका बारेमा जान्न चाहने जो कोहीलाई थप सहयोग हुने छ ।

रजनी काफ्ले ढकाल (२०७४) ले ‘सुधा त्रिपाठीका निबन्धमा पर्यावरणीय चेतना’ शीर्षकको *सोलुखुम्बु मल्टिपल क्याम्पस रिसर्च जर्नल* को लेखमा पर्यावरणीय समालोचनाको सङ्क्षिप्त परिचय गराउँदै विषादीको प्रयोगले मानवस्वास्थ्य र जमिनमा पारेको प्रभाव र त्यसले निम्त्याएको पर्यावरणीय समस्यालाई व्यक्त गरिएको छ । प्रकृति र मानवबिचको सम्बन्धलाई स्वच्छन्दतावादी पर्यावरणीय चेतनाका माध्यमबाट जीवनमा पार्ने प्रभावलाई कलात्मक रूपमा व्यक्त गर्दै जीवनको सार्थकता नै प्रकृतिमा अडेको छ भन्ने कुराको चित्रण गरिएको छ । ग्राम्यता र ग्रामीण सचेतनाअन्तर्गत ग्राम्यजीवनको सरल, श्रम र आर्दशलाई वर्णन गरिएको छ । पितृसत्ताले नारी र प्रकृतिमाथि गर्दै आएको दमन, ग्रामीण र सहरिया नारीको जीवनशैली, नारीको प्रकृति सांस्कृतिक सम्बन्ध जस्ता कुरालाई नारीवादी पर्यावरणीय चेतनाका माध्यमबाट प्रस्तुत गरिएको छ । पृथ्वी, प्रकृति, मानिस र संस्कृतिको निकटता, आत्मीय सम्बन्ध तथा गहिरो प्रेमलाई

गहन पर्यावरणीय चेतनाका माध्यमबाट विश्लेषण गरिएको छ । मानव र प्रकृतिको समग्र जीवनचक्र र जीवनशैलीको वर्णनका क्रममा गौरीशङ्कर हिमाल, तामाकोसी नदी, कोइलीको कुहु, डाँफेको स्वतन्त्र उडान, न्याउलीको विरहगीतको सम्झनालाई प्रस्तुत गरिएको छ । नारी सचेतना, प्रकृति र मानवताको सम्बन्ध, गहन पर्यावरणीय चेतना र ग्रामीण पक्षहरूको चित्रणका कारण निबन्धकार त्रिपाठी पर्यावरणीय चेतना भएकी निबन्धकारका रूपमा देखापरेकी छन् भन्ने निष्कर्ष निकालिएको छ। ढकालको यस लेखमा पर्यावरणीय समालोचनाको परिचय दिदै विषादीले मानवस्वास्थ्य र वातावरणमा पारेको प्रभाव तथा निम्त्याएको परिणामको विस्तृत चर्चा गरिएको हुनाले यस शोधले पर्यावरणको सैद्धान्तिक खण्डमा थप सहयोग गर्ने छ भने कवि सुब्बाको निर्धारित कवितासङ्ग्रहमा पर्यावरणको सिद्धान्तअन्तर्गत रहेर हालसम्म कुनै पनि किसिमको लेख, रचना तथा शोधकार्य नभएको परिप्रेक्ष्यमा सुब्बाको कवितामा पर्यावरणको खोजी गर्नु औचित्यपूर्ण नै देखिन्छ । त्यसैले पर्यावरणसँग सम्बन्धित रहेर साहित्यका जुनसुकै विधामा अध्ययन, अनुसन्धान गर्न चाहने, सुब्बाका कवितामा पर्यावरणका बारेमा जान्न चाहने र सुब्बाका बारेमा जान्न चाहने जो कोहीलाई थप सहयोग हुने छ ।

रजनी काफ्ले ढकाल (२०७५) ले 'त्रिपाठीका निबन्धमा पर्यावरणीय चेतना' शीर्षकको *मधुपर्क* मासिक पत्रिकाको लेखमा पर्यावरणीय समालोचनाको परिचय दिदै त्यसै सिद्धान्तका आधारमा निबन्धको विश्लेषण गरेकी छन् । प्रकृति वस्तुहरूको परिवेश चित्रण गर्दै मानिस र प्रकृतिबिचको सामिप्यतालाई देखाइएको छ। त्यसै गरी पितृसत्ताले नारी र प्रकृति दुवैलाई शोषण गर्दै आएको छ । महिलाको प्रसवपीडा, रजस्वला, गर्भ तथा प्रसुतिका सिर्जन प्रक्रियालाई उपक्रमका रूपमा चिनाउदै प्रकृति र संस्कृति तथा प्रकृति र महिलाको सम्बन्धलाई नारीवादी पर्यावरणीय चेतनाका माध्यमबाट प्रस्ट पारिएको छ। प्रकृति र पर्यावरणीय विषयबाट जीवन र पितृसत्ताको सन्दर्भलाई प्रस्तुत गरिएको छ। मानिस र पृथ्वीबिचको गहिरो सम्बन्ध तथा प्रकृति र मानिसको जीवनचक्र र जीवनशैलीको क्रममा गहन पर्यावरणीय पक्षहरू प्रस्तुत गरिएको छ । मानव स्वार्थका लागि प्रकृतिको दोहन गर्दा विभिन्न प्रकृति प्रकोपको सामना गर्नुपरेको छ । प्रकृति प्रदूषित भइरहेको छ । चराचुरुङ्गीको रमणीय वातावरण पनि लोप हुँदै गएको छ भन्ने चिन्ता भाव व्यक्त गरिएको छ । खुल्ला प्रकृतिमा कोइलीको कुहु, डाँफेको स्वतन्त्र उडान र न्याउलीको विरहगीतले वातावरणलाई आन्नदमय बनाउँछ। गौरीशङ्कर हिमालको मनोरमदृश्य, खोलानाला, वन, पहाडले वातावरणमा मिठो रमणीयता प्रदान गर्छ भन्दै पर्यावरणको गुनगान गाइएको छ। त्यसै गरी स्वच्छन्दतावादी पर्यावरणीय चेतना र नारीवादी पर्यावरणीय चेतनालाई

प्रस्तुत गर्दै प्रकृति कसरी मानिसका लागि सुन्दर बन्न सक्छ ? र पारिस्थितिक प्रणालीमा मानव र प्रकृतिबिच कस्तो सम्बन्ध रहन्छ ? भन्ने कुरालाई पृथ्वीको परिवेश र स्थानको सौन्दर्यपरक तथा आत्मपरक अभिव्यक्तिका माध्यमबाट नेपाली प्रकृति र पर्यावरणको चित्रण गरिएको छ । नारी सचेतना, प्रकृति र मानवताको सम्बन्ध, गहन पर्यावरणीय चेतना र ग्राम्यता जस्ता पक्षको चित्रणबाट पर्यावरणीय चेतना प्रकट गरिएको छ भन्ने निष्कर्ष यस लेखबाट निकालिएको छ । ढकालको यस लेखमा पर्यावरणीय समालोचनाको परिचय दिदै विषादीले मानवस्वास्थ्य र वातावरणमा पारेको प्रभाव तथा निम्त्याएको परिणाम बारेमा चर्चा गरिएको हुनाले यस लेखले पर्यावरणको सैद्धान्तिक खण्डमा थप सहयोग गर्ने छ भने कवि सुब्बाको निर्धारित कवितासङ्ग्रहमा पर्यावरणीय सैद्धान्तिक पर्याधारअन्तर्गत रहेर हालसम्म कुनै पनि किसिमको लेख, रचना तथा शोधकार्य नभएको परिप्रेक्ष्यमा सुब्बाको कवितामा पर्यावरणको खोजी गर्नु औचित्यपूर्ण नै देखिन्छ । त्यसैले पर्यावरणसँग सम्बन्धित रहेर साहित्यका जुनसुकै विधामा अध्ययन, अनुसन्धान तथा लेख रचना प्रकाशन गर्न चाहने, सुब्बा र सुब्बाका कविताका बारेमा पर्यावरणसम्बन्धी जान्न चाहने जो कोहीलाई थप सहयोग पुग्ने हुदाँ यस शोधकार्यको उपादेयता रहने छ ।

गीता थपलिया (२०७५) ले *आधुनिक नेपाली कवितामा पर्यावरणीय चेतना* शीर्षकको विद्यावारिधि शोधप्रबन्धमा पर्यावरणीय समालोचनाको सैद्धान्तिक परिचय गराउँदै आधुनिक नेपाली कवितामा पर्यावरणीय चेतनाको आरम्भ, विकासक्रम र समस्या समाधानको चर्चा गरेकी छन् । पर्यावरणय समालोचना सिद्धान्तका आधारमा परिष्कारवादी, स्वच्छन्दतावादी, प्रयोगवादी र समसामयिक धारामा लेखिएका प्रकृतिपरक कविताहरूको छनोट गरिएको छ । प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा पञ्चायतकालीन राजनीतिक सन्दर्भले सर्वसाधरण नागरिक र वातावरणमा पारेको प्रभावलाई पर्यावरणीय सन्दर्भका माध्यमबाट प्रस्ट पारिएको छ । कवितामा प्रकृति र मानवीय क्रियाकलापबिचको सम्बन्ध तथा प्रकृति र नारीको सम्बन्धलाई नारीवादी पर्यावरणीय मान्यताका आधारमा विश्लेषण गरिएको छ। वि.सं. २०४६ पछिको खुला बजारनीति र सहरकेन्द्री सुविधा, उत्पादन र उपभोगमुखी विकास निर्माणको योजनाले स्थानीय पर्यावरण, जीवजन्तु, वनस्पति र मानिसमा परेको पर्यावरणीय सङ्कटको चित्रण गरिएको छ । प्रकृतिको केन्द्रीय महत्त्व, जैविक विविधता, प्रकृतिको सार्वभौमपन, पर्यावरण र मानिसको सांस्कृतिक सम्बन्ध, प्रदूषणको विरोध, विज्ञानको दुरुपयोगप्रति चिन्ता, सहरीकरणको विरोध, ग्राम्यआकर्षण, विस्थापन र पर्यावरणीय समस्या, प्रकृति र मानिसबिचको द्वन्द्वलाई पर्यावरणमैत्री भाषिक प्रयोगका माध्यमबाट प्रस्ट पारिएको छ । आदिवासी र जनजातिका समस्यालाई पर्यावरणीय समस्यासँग

जोडिएको छ । प्रकृति विनाश र नारीमाथिको विभेदकारी व्यवहारको मुख्य कारण पितृसत्तात्मक सोचलाई प्रस्तुत गरिएको छ । सहरी जीवनको विरोध गर्दै ग्रामीण जीवनको प्रकृति निकटता र प्राङ्गारिक जीवनवृत्तितिर फर्कन सबैलाई प्रेरित गरिएको छ । प्रकृति र मानवीय सम्बन्धमा प्रकृतिकेन्द्री र जीवकेन्द्री मान्यताको चर्चा गरिएको छ । प्रकृति र नारीबिचको विशिष्ट सम्बन्धलाई कवितामा प्रयुक्त भावका आधारमा समस्याकेन्द्री दृष्टिकोणबाट अध्ययन गर्दै प्रस्तुत शोधकार्य नेपाली कविताको पर्यावरणीय क्षेत्रको अध्ययनमा नवीन तथा मौलिक रहेको छ भन्ने निष्कर्ष यस शोधबाट निकालिएको छ । त्यसैले पर्यावरणीय समालोचनाको सैद्धान्तिक परिचयसहित आधुनिक नेपाली कवितामा पर्यावरणको खोजी गरी लेखिएको हुनाले यो शोधले पर्यावरणको सैद्धान्तिक व्याख्या तथा कविता विश्लेषणको क्षेत्रमा निक्कै सहयोग पुऱ्याउने छ भने सुब्बाको निर्धारित कवितासङ्ग्रहमा यस सिद्धान्तमा आधारित रहेर हालसम्म कुनै पनि शोधकार्य नभएको परिप्रेक्ष्यमा सुब्बाको कवितामा पर्यावरणको खोजी गर्नु औचित्यपूर्ण नै देखिन्छ । त्यसैले पर्यावरणीय सिद्धान्तको थप अध्ययन, अनुसन्धान गर्न र सुब्बाका कवितामा पर्यावरणको खोजी गर्न चाहने जो कोहीलाई थप सहयोग पुग्ने हुदाँ यस शोधकार्यको उपादेयता रहने छ ।

गीता त्रिपाठी (२०७५/७६) ले 'समकालीन नेपाली कवितामा विषाक्त सङ्कथन' शीर्षकको *प्रज्ञा* लेखमा बढ्दो आणविक शस्त्रास्त्रको होडबाजी, आक्रमण-प्रत्याक्रमण, उत्पादनमुखी बजार, उद्योग, कलकारखाना र यातायातका साधनबाट निस्कने धुवाँ र विषादीको प्रयोगले जैविक विविधतामा ठुलो क्षति पुगेको छ । यसले पृथ्वीमा त्रासको वातावरण सिर्जना गरेको छ । वायुको उच्च तापमानका कारण पृथ्वीसँगै यहाँका सारा जीवहरू सङ्कटमा परेका छन् भन्दै पर्यावरणीय समालोचना सिद्धान्तका आधारमा कविताको विश्लेषण गरिएको छ । कार्बनयुक्त वायु परिवेश र विषादीयुक्त खाद्यान्नले जीव, वनस्पति, जल, जमिनसमेत प्रदूषित भई पृथ्वी अत्यन्तै त्रासदीमा पुगेको भाव प्रकट गरिएको छ । वर्तमान समाजको आवश्यकताभन्दा अतिशयताको संस्कृतिमा फसेर रासायनिक मल र बिषादीको प्रयोग गर्दा माटोको उर्वरतामा ह्रास आउनुका साथै अन्य पर्यावरणीय पक्षमा विकार फैलिरहेको छ । वैज्ञानिक उन्नतिको होडबाजीले प्रकृतिको सन्तुलन बिग्रेको छ भने मानिसको मानसिक र भावनात्मक पक्षमा नकारात्मक प्रभाव परेको छ । उद्योगबाट निस्किएका विषाक्त पदार्थ तथा रासायनिक पदार्थले सम्पूर्ण पृथ्वी विषाक्त बनेको छ । त्यसको असर चराचर जगत्, जीवन र जगत्मा परेको छ । अव्यवस्थित सहरीकरण नै प्रकृति विनाशको मूल कारक हो । जङ्गली जीवजन्तु र वनस्पतिको लोप भएको छ । स्वच्छ हरियाली वातावरण लोप हुँदै गएको छ । त्यसै गरी जनसङ्ख्या वृद्धिले

वातावरण प्रदूषित भई स्वच्छ परिवेश हावा र ध्वनिमा समेत नराम्रो असर परेकाले गाउँले वनपाखातिर धाउनुपरेको छ । यी सब कुराको मुख्य कारण भन्नु नै विकासका नाममा गरिएका अव्यवस्थित विकास निर्माणका कार्य र मानिसको सुविधामुखी सहरिया जीवनको खोजी नै हो भन्ने निष्कर्ष यस लेखबाट निकालिएको छ । यसरी बढ्दो आणविकशस्त्रको होडवाजीले विभिन्न यातायातका साधनबाट निस्केको धुवाँ र विषादीको प्रयोगले जैविक विविधतामा पारेको असरलाई विस्तृत रूपमा व्याख्या गरी लेखिएको यस लेखले जैविक विविधताको सिद्धान्त खण्डमा थप सहयोग गर्ने छ भने सुब्बाको निर्धारित कवितासङ्ग्रहमा जैविक विविधताका दृष्टिकोणबाट हालसम्म कुनै पनि प्रकारको शोधकार्य, खोज, अनुसन्धान र लेखसमेत प्रकाशित नभएको परिप्रेक्ष्यमा जैविक विविधतालाई समेटेर तयार पारिएको यस शोधकार्यको औचित्य रहन्छ । त्यसैले पर्यावरणीय सिद्धान्तअन्तर्गत रहेर सुब्बाका कवितामा जैविक विविधताको अध्ययन, अनुसन्धान तथा खोजी गर्न चाहने जो कोहीलाई थप सहयोग पुग्ने हुदाँ यस शोधकार्यको उपादेयता रहने छ ।

फूलकुमारी ढकाल (२०७९) ले '*अमर सिर्जना* निबन्धसङ्ग्रहमा पर्यावरण' शीर्षकको *पाठ्यक्रम विकास पत्रिका* को लेखमा पर्यावरणीय समालोचनाको परिचय, सैद्धान्तिक पर्याधार, विकास प्रक्रिया, विभिन्न सांस्कृतिक सम्बन्ध, समालोचनाका विभिन्न स्वरूप तथा समालोचनाको महत्त्वलाई प्रस्ट पार्दै दलित वर्गको जनजातीय संस्कृति, नारीजातिको संस्कृति र खानपानगत संस्कृतिसँग आएको पर्यावरण पूर्णरूपमा प्रकृतिद्वारा निर्देशित छ भन्दै स्वच्छ हराभरा र मनमोहकीय ग्रामीण परिवेशको चित्रण गरिएको छ । द्वन्द्वकालीन समयमा त्यस क्षेत्रमा बसोबास गर्ने मानिसको मनमा पैदा गरेको त्रासमय वातावरणको यथार्थ वस्तुस्थितिलाई विभिन्न घटनक्रमका माध्यमबाट प्रस्ट पारिएको छ । त्यसै गरी प्रकृति स्वरूप, लोकविश्वासगत रूढीग्रस्त संस्कृति, पर्यावरणीय नारीवादी चेतना, नारी र पर्यावरणबिचको सम्बन्धलाई पर्यावरणीय समालोचना सिद्धान्तका आधारमा विश्लेषण गरिएको छ । नारीको पारिवारिक वातावरण तथा साहित्य लेखनप्रतिको लगनशिलताका माध्यमबाट क्रान्तिकारी पर्यावरणीय नारीवादी चेतनालाई सशक्त रूपमा प्रस्तुत गरिएको छ । नारी, पर्यावरण र संस्कृतिको त्रिकोणात्मक सम्बन्धलाई नारीवादी चेतना र पर्यावरणीय चेतनाका माध्यमबाट प्रस्ट पारिएको छ । यसै गरी निबन्धमा पर्यावरणीय दृश्य, पर्यावरणीय स्वरूप, ग्रामीणपन, संस्कृतिलगायतका कुरालाई कलात्मक भाषिक अभिव्यक्तिका माध्यमबाट व्यक्त गरिएकै कारण पर्यावरणीय समालोचना सिद्धान्तका दृष्टिले *अमर सिर्जना* निबन्धसङ्ग्रह एक पर्यावरणीय निबन्धसङ्ग्रह हो भन्ने निष्कर्ष यस लेखबाट निकालिएको

छ । यसरी पर्यावरणीय समालोचनाको परिचय, सैद्धान्तिक पर्याधार, विकास प्रक्रिया, विभिन्न पर्यावरणी सांस्कृतिक सम्बन्ध तथा महत्त्व, समालोचनाका विभिन्न स्वरूपको विस्तृत व्याख्या गरी लेखिएको यस लेखले पर्यावरणीय चेतनाको सिद्धान्तको व्याख्या र पुष्टिका लागि थप सहयोग गर्ने छ भने यस सिद्धान्तमा आधारित रहेर कवि सुब्बाको निर्धारित कवितासङ्ग्रहमा हालसम्म कुनै पनि किसिमले व्याख्या विश्लेषण तथा  शोधकार्य, नभएको परिप्रेक्ष्यमा यस किसिमको शोधकार्य हुनु औचित्यपूर्ण नै छ । त्यसैले सुब्बाको कवितामा पर्यावरणको खोजी गर्न चाहने र साहित्यको जुनसुकै क्षेत्रमा पर्यावरणको खोजी गर्न चाहने जो कोहीलाई यस शोधकार्यले थप सहयोग गर्ने छ ।

चन्द्रप्रसाद ढकाल (२०७९) ले 'सिमसारका राजदूत काव्यमा पर्यावरणीय चेतना' शीर्षकको *पाठ्यक्रम विकास पत्रिका* को लेखमा पर्यावरणीय चेतनाको सैद्धान्तिक आधार प्रस्तुत गर्दै सिमसारका राजदूत काव्यको वर्णनका क्रममा नेपालको प्रकृति सुन्दरताको वर्णन, ग्रामीण जीवनशैलीको वर्णन र नेपालको भौगोलिक परिवेशको वर्णन गरिएको छ । त्यसै गरी प्रकृतिप्रति मानिसको पर्यावरणीय चेतनालाई प्रस्तुत गर्दै मानिसकै कारण प्राणीको अस्तित्व सङ्कटमा पर्दै गएको चिन्ता भाव व्यक्त गरिएको छ । प्राणीको अस्तित्व सङ्कटमा पर्दा त्यसको संरक्षणका लागि प्रकृतिको सुन्दरता, पर्यावरण विरोधप्रति प्रतीकारको चेतना, जीवजन्तु संरक्षणको चेतना जस्ता विभिन्न पर्यावरणीय चेतनाका विषयहरू उठान गरेर पर्यावरणीय विकासप्रति गहिरो चिन्ता भाव व्यक्त गरिएको छ भन्ने निष्कर्ष यस लेखबाट निकालिएको छ भने यस सिद्धान्तमा आधारित रहेर कवि सुब्बाको निर्धारित कवितासङ्ग्रहमा हालसम्म कुनै पनि किसिमले व्याख्या विश्लेषण तथा  शोधकार्य, नभएको परिप्रेक्ष्यमा यस किसिमको शोधकार्य हुनु औचित्यपूर्ण नै छ । त्यसैले सुब्बाको कवितामा पर्यावरणको खोजी गर्न चाहने र साहित्यको जुनसुकै क्षेत्रमा पर्यावरणको खोजी गर्न चाहने जो कोहीलाई यस शोधकार्यले थप सहयोग गर्ने छ ।

उपर्युक्त पूर्वकार्यको अध्ययनको समीक्षाबाट के स्पष्ट हुन्छ भने नेपाली साहित्यमा मनप्रसाद सुब्बाका कविताको अध्ययन अत्यन्त कम मात्रामा भएको देखिन्छ । पर्यावरणीय विनाशको विश्वव्यापीकरणले निम्त्याएको विकराल समस्या, घट्दो मानवीयता र मातृत्वप्रेमलाई महत्त्वको साथ उठान गरिएको छ । प्रेमको कारक तत्त्व नै प्रकृति भएकाले प्रकृतिका सम्पूर्ण वस्तु प्रेममय छन् । प्रकृतिमा नै सारा विश्वब्रह्माण्ड अडिएको छ । त्यसैले प्रकृति सर्वेसर्वा छ । पृथ्वीका हरेक वस्तुसँग मूर्त तथा अमूर्त रूपमा हाम्रो अस्तित्व गाँसिएको छ । त्यसैले प्रकृति नै

मानव जीवनको मुख्य अङ्ग हो । पर्यावरणीय चक्रलाई असन्तुलित बनाउँदा माटोको गुणस्तर नष्ट भई प्रकृतिमा आएको व्यापक वातावरणीय असन्तुलनले प्रकृति र नारी दुवैको उत्पादक क्षमतामा ह्रास ल्याउँछ भन्दै पर्यावरणीय अस्तित्व रक्षाको निम्ति प्रकृतिको बचाउ गर्नुपर्छ भन्ने चिन्ताभाव व्यक्त गरिएको छ । पर्यावरणीय प्रदूषण, पर्यावरणीय नारीवादी चिन्तन र नारी शोषणप्रतिको विद्रोह, ग्राम्यतामा सहरी विकासको कृत्रिमताले निम्ताएको सङ्कट एवम् पर्यावरण र मानिसको सम्बन्ध जस्ता विषय र यससँग सम्बद्ध अन्य विविध पर्यावरणीय चेतनाको विश्लेषण यस अघिका लेखहरूमा गरिएको छ । यसरी यस पूर्वको अध्ययनमा पर्यावरणीय विषय र मनप्रसाद सुब्बाका कवितामा विभिन्न किसिमले पर्यावरण र प्रकृतिसम्बन्धी चेतनालाई छिटपुट रूपमा समालोचकीय लेख, रचना, व्याख्या विश्लेषण तथा शोधकार्य प्रकाशित भए तापनि हालसम्म सुब्बाको निर्धारित कवितासङ्ग्रहमा पर्यावरणीय समालोचना सिद्धान्तका आधारमा विस्तृत रूपमा कतै पनि कुनै पनि किसिमले व्याख्या विश्लेषण तथा  शोधकार्य नभएको हुदाँ यसको अभावपूर्तिको प्रयास स्वरूप प्रस्तुत शोधकार्यमा मनप्रसाद सुब्बाका कवितालाई पर्यावरणीय समालोचना सिद्धान्तका आधारमा विश्लेषण गरिएको छ । त्यसैले सुब्बाको कवितामा पर्यावरणको खोजी गर्न चाहने, सुब्बाको बारेमा जानकारी लिन चाहने र साहित्यको जुनसुकै क्षेत्रमा पर्यावरणको खोजी गर्न चाहने जो कोहीलाई यस शोधकार्यले थप सहयोग पुग्ने हुदाँ यस किसिमको शोधकार्य हुनु औचित्यपूर्ण नै छ ।

## **१.५.औचित्य तथा महत्त्व**

प्रस्तुत शोधकार्य *मनप्रसाद सुब्बका कवितामा पर्यावरण* शीर्षकमा केन्द्रित भई गरिएको छ । कृतिमा प्रयुक्त प्रकृति र जीवनबिचको सम्बन्धलाई अत्यन्तै सूक्ष्म तरिकाले अनुभूति गरेर यस शोधमा विश्लेषण गरिएको छ । पर्यावरणीय सिद्धान्त कुनै पनि कृतिलाई मानवेतर दृष्टिले अँगाली कृतिमा समाहित पर्यावरणीय पक्षको उद्घाटन गर्ने नवीन र मौलिकतामा आधारित उत्तरआधुनिक समीक्षाशास्त्र हो । यसले मानवकेन्द्री अध्ययन अनुसन्धानभन्दा भिन्न रहेर प्रकृति, संस्कृति, जीवजन्तु, वनस्पतिसँग सम्बन्धित पर्यावरणीय विषयको खोजी गर्छ । पर्यावरणीय समालोचनाको सैद्धान्तिक र समालोचकीय दृष्टिले बहस भए तापनि प्रयोगात्मक रूपमा कृति विश्लेषण नभएको परिप्रेक्ष्यमा यसको अध्ययनले पर्यावरणीय समालोचनाका क्षेत्रमा थप योगदान पुऱ्याउने छ । पर्यावरणीय समालोचना सिद्धान्तलाई पर्यावरणीय साहित्यसँग जोडेर हेर्ने हुनाले यो आफैमा औचित्यपूर्ण छ । त्यसैले *भुइँफुट्टा  शब्दहरू, किनाराका आवाजहरू* र *नेत्तिफुङ्गको*

*बास्ना* कवितासङ्ग्रहमा आएका पर्यावरणीय पक्षलाई अगाडि बढाउनका लागि विभिन्न कोणबाट विश्लेषण गर्न सकिन्छ । तत्त्वगत आधार, सैद्धान्तिक आधार र वैचारिक आधार तर यस शोधकार्यमा पर्यावरणीय चेतनाको सैद्धान्तिक पक्षलाई मात्र आधार बनाएर विश्लेषण गरिएको छ । हालसम्म 'समकालीन नेपाली कवितामा विषाक्त सङ्कथन', 'प्रणयकाव्य 'नेत्तिफुङको बास्ना' 'मनप्रसाद सुब्बाको काव्यिक उपासना', 'बदलिँदो समयका साक्षी मनप्रसाद सुब्बा', 'कवि मनप्रसाद सुब्बाका ऋतु विषयक कविताहरूको वैशिष्ट्य' लगायतका शीर्षकमा विभिन्न किसिमले लेख तथा समालोचना प्रकाशित भए तापनि आजसम्म 'मनप्रसाद सुब्बाका कवितामा पर्यावरण' शीर्षकमा केन्द्रित भई कुनै पनि प्रकारको शोधकार्य नभएको परिप्रेक्ष्यमा शोधार्थीका निम्ति विश्वविद्यालयको प्राज्ञिक तह पूरा गर्नका लागि यसको औचित्य रहने छ भने यसको अध्ययनले नेपाली कविता अध्ययनको क्षेत्रमा पर्यावरणीय चेतना पक्षको शोधकार्य गर्न चाहने जो कोहीलाई पनि थप सहयोग र योगदान पुऱ्याउनुका साथै उपयुक्त पर्यावरणीय चेतनाको बारेमा जानकारी दिन्छ ।

## १.६.सीमाङ्कन

प्रस्तुत शोधकार्य पर्यावरणीय समालोचनासँग सम्बन्धित भएर मनप्रसाद सुब्बाद्वारा रचित *भुइँफुट्टा शब्दहरू, किनाराका आवाजहरू* र *नेत्तिफुङ्गको बास्ना* कवितासङ्ग्रहको अध्ययनमा केन्द्रित रहेर गरिएको छ । सुब्बाद्वारा रचित कविता कवितासङ्ग्रहरू मध्येबाट सोद्देश्य नमुना छनोट विधिको उपयोग गरी कवितामा प्रयुक्त पर्यावरणीय चेतना यसको अध्ययन क्षेत्र हो । कवितालाई साहित्यशास्त्रमा प्रचलित विधानुशासनका आधारमा कविता सिद्धान्त, वैचारिक पर्यावरणीय महत्त्व, पर्यावरणमैत्री भाषिक प्रयोग जस्ता पर्यावरणीय विषयतत्त्वका आधारमा विश्लेषण गर्न सकिने भए तापनि प्रस्तुत शोधमा साहित्यशास्त्रमा स्थापित नयाँ समालोचना सिद्धान्त पर्यावरणीय समालोचनालाई आधार मानी कवितामा प्रयुक्त पर्यावरणीय चेतना, पर्यावरणमैत्री भाषिक प्रयोग र पर्यावरणीय नारीवादको विश्लेषण गरिएको छ । यस सिद्धान्तका आधारमा विश्लेषण गर्दा जुन जुन कवितामा जुन जुन पर्यावरणीय दृष्टिकोण छन् तिनै पर्यावरणीय आधारको मात्र उपयोग गरी निर्धारित कवितासङ्ग्रहमा समाहित एक सय चौध कविताहरू मध्येबाट 'धरती-२', 'कलकत्ता : एक कोलाज', ' ती जङ्गलहरू', 'बर-पिपलको बिहेमा', 'पृथ्वी-दिवस', 'मान्छे माटो गन्हाउँछ', 'कञ्चनजङ्घा र हामी', '९ एप्रल २००८', 'म-को कुरा', 'यो गहनाउने कोटको भारी', 'आदिम माटोको कुरा', 'देश अनि म', 'कन्ट्रयास्ट : एक गीत',

'जोखिमको छातीमा', 'पहेलिका', 'यौटा यस्तो प्रेम', 'सडक किनारनेर-ती क्षणहरू', 'त्यो मुस्कान', 'आदिम सौन्दर्यको ल्यान्डस्केप', 'एक-सुस्केरा प्रेम', 'निर्वासना', 'भाकल पुगे जस्तो', 'बाटामा हिड्दै एकदिन', 'त्यो स्वर', 'पानीको मुक्ति', 'मोक्ष', 'सिद्धार्थ उर्फ सिद्धे', 'पृथ्वी अनि म', 'धरती-१', 'मेरी किराँती आमा', 'म कहिले बुद्ध हुनु', 'खेतमाथिको आक्रमण : केही भिडियो क्लिपिङ्', 'मेरो घडेरी', 'हो म अरबहादुर गुरुङ', 'धरतीको नापजोख', 'मूल धार अनि म', 'मुक्त-उन्मुक्त मेरी आमा', 'अ-स्वतन्त्र', 'मेरो हिजो, आज र भोलि', 'यी शब्दहरू', 'सबाल्टनको शिर', 'मेरो इतिहासको कुरा', 'निः शस्त्र', 'नेत्तिफुङ्को बास्ना' र 'एक जोडी आँखाका गौथली' गरी जम्मा छयालिस कविताहरूको मात्र विश्लेषण गर्नु नै प्रस्तुत शोधको सीमाङ्कन हो ।

## १.७. शोधविधि

प्रस्तुत शोध गुणात्मक प्रकृतिको छ । यसमा प्रयुक्त सामग्रीको तथ्याङ्क प्रस्तुतिमा पाठ विश्लेषणलाई प्रमुख आधार बनाइएको छ । शोधविधिअन्तर्गत सामग्री सङ्कलनविधि तथा सैद्धान्तिक आधार र विश्लेषण विधिलाई यहाँ अलग अलग रूपमा विमर्श गरिएको छ :

### १.७.१ सामग्री सङ्कलनविधि

प्रस्तुत शोधकार्य पुस्तकालयीय अध्ययनमा आधारित प्राथमिक र द्वितीयक स्रोतअन्तर्गत रहेर गरिएको छ । प्राथमिक सामग्री कवि सुब्बाको *भुइँफुट्टा शब्दहरू, किनाराका आवाजहरू* र *नेत्तिफुङ्गको बास्ना* कवितासङ्ग्रहभित्रका कविताहरूमा अभिव्यक्त विचार, बिम्ब र भाषिक पक्षहरू छन् भने तत्सम्बन्धी समीक्षा, समालोचना, सम्बन्धित विषयका अनुसन्धानात्मक ग्रन्थ, लेख, इन्टरनेटमा पाइने सम्प्रेषणलगायतका आवश्यक सामग्रीहरू द्वितीयक रूपमा रहेका छन् । यी दुवै सामग्रीहरू पुस्तकालयमा उपलब्ध हुने भएकाले पुस्तकालयबाट नै यसका आवश्यक सामग्रीहरू प्राप्त गरिएको छ ।

### १.७.२ विश्लेषणविधि

प्रस्तुत शोधमा विश्लेषण विधिअन्तर्गत नेपाली कवितामा प्रयुक्त पर्यावरणीय चिन्तनका स्वरूपका आधारमा विश्लेषण ढाँचा तयार पार्दै प्रकृतिकेन्द्री पर्यावरणीय चेतनाका कविताको विश्लेषणका लागि पर्यावरणविज्ञ अर्ने नेइसद्वारा प्रतिपादित गहन पर्यावरणीय सिद्धान्तको आधार लिइएको छ भने संरक्षणमुखी पर्यावरणीय चेतनाका कविताको विश्लेषणका लागि सेरिल

ग्लोटफेल्टी, ह्यारोल्ड फ्रोम, केरिज रिचार्ड, जोन हेगन, सेरी बी. ओर्टनर जस्ता समालोचकहरूले अघि सारेका पर्यावरणीय विभिन्न चिन्तनलाई आधार सामग्रीका रूपमा लिइएको छ । पर्याधार निर्माणका लागि प्रकृतिको केन्द्रीयता, जैविक विविधता, पारिस्थितिक प्रणाली, प्रकृतिको सार्वभौमपन जस्ता गहन पर्यावरणीय मान्यताको उपयोग गरिएको छ । सहरीकरणको विरोध र ग्राम्य आकर्षणको अभिव्यक्तिको पर्याधार निर्माणमा स्वच्छन्दतावादी पर्यावरणीय मान्यताको उपयोग गरिएको छ । त्यसरी नै पर्यावरणीय सङ्कटबाट प्रभावमा परेका निम्न आर्थिक स्थिति भएका आममानिसका वर्गीय अध्ययनलाई पर्यावरण र संस्कृतिबिचको सम्बन्धको रूपमा राखिएको छ । लैङ्गिक र जातीय सन्दर्भको विश्लेषणका निम्ति मार्क्सवादी पर्यावरणीय मान्यताको उपयोग गरिएको छ । पर्यावरणीय प्रदूषण, वैज्ञानिक दुरुपयोगको विरोध, प्रकृति र मानिसबिचको द्वन्द्वमा उत्तरऔपनिवेशिक पर्यावरणीय चिन्तन र मार्क्सवादी पर्यावरणीय चिन्तनसमेतको उपयोग गरिएको छ । यसरी नै प्रकृति र नारीबिचको सम्बन्धको अभिव्यक्तिको अध्ययन र विश्लेषणका निम्ति सिमोन द बुभा, गायत्री स्पिभाक, सेरी बी. ओर्टनर, वन्दना शिवालगायतका नारीवादी विश्लेषकद्वारा प्रतिपादित नारीवादी पर्यावरणीय चिन्तनको मान्यतालाई उपयोग गर्दै निर्धारित कवितामा व्यक्त विषयवस्तु र कलात्मक उपमान (बिम्ब, अलङ्कार, मानवीकरण आदि)को पर्यावरणीय महत्त्व, भाषिक प्रयोग र पर्यावरणीय चेतनालाई यहाँ समस्याका रूपमा लिई तिनको अध्ययन तथा विश्लेषण यस शोधमा गरिएको छ । त्यसै गरी निर्धारित कवितासङ्ग्रहहरूलाई प्रकृति पारिस्थितिक प्रणालीको अभिव्यक्ति, जैविक विविधताको चित्रण, पर्यावरण र मानिसको सांस्कृतिक सम्बन्ध, प्रकृति सार्वभौमपनको चित्रण, पर्यावरणको साहित्यिक प्रतिबिम्बन, वातावरणीय स्वच्छता र ग्रामीणपन, उन्मुक्तताको अभिव्यक्ति, पर्यावरणमैत्री भाषिक प्रयोग, प्रकृति र नारी दोहनको विरोध, मातृशक्तिका रूपमा प्रकृति र नारीको चित्रण, प्रकृति र नारी सौन्दर्यको अभिव्यक्ति तथा प्रकृति र नारी स्वतन्त्रताको अभिव्यक्ति गरी जम्मा बाह्र (१२) उपशीर्षकअन्तर्गत रहेर विश्लेषण गरिएको छ ।

### १.७.३ सैद्धान्तिक आधार

यस अध्ययनको शोधढाँचा सैद्धान्तिक आधारबाट निर्माण गरिएको छ । यसअन्तर्गत पर्यावरणीय समालोचना सिद्धान्तको मान्यतालाई आधार मानेर प्रस्तुत शोध सम्पन्न गरिएको छ । सामान्यतया 'पर्यावरण' भन्नाले हामी वरिपरिको वातावरण भन्ने बुझिन्छ । त्यसैले प्रकृति, वातावरण तथा वातावरणभित्रका सम्पूर्ण जैविक विविधता नै पर्यावरण हो । पर्यावरणीय

समालोचनाका प्रारम्भकर्ता सेरिल ग्लोटफेल्टी (१९९६) काअनुसार पर्यावरण भन्नाले पारिस्थितिक पद्धतिअन्तर्गत आउने जैविक प्रक्रियाहरूको समष्टिगत रूप नै पर्यावरण हो (पृ. xix) भने पर्यावरण र साहित्यबिचको अध्ययन गरिने अन्तरनुशासनको विषय पर्यावरणीय समालोचना हो । यसले प्रकृतिकेन्द्री अध्ययनलाई महत्त्व दिन्छ । बिसौँ शताब्दीको मध्यतिर वातावरणमा देखिएका समस्या तथा सङ्कटहरूको समाधानका निम्ति नवीन समालोचना चिन्तनका रूपमा वातावरण विज्ञहरूको चिन्तनबाट प्राप्त भएको अवधारणा नै पर्यावरणीय समालोचना हो (केरिज, २००६ पृ.५३१) । यसले पृथ्वीमा रहेका सम्पूर्ण वस्तुहरूलाई पर्यावरणीय दृष्टिबाट त्यसका सकारात्मक र नकारात्मक दुवै पक्षको आलोचना गर्छ । यसलाई अझ विस्तृत अर्थमा भन्नुपर्दा प्रकृति र साहित्यको सम्बन्ध तथा पर्यावरणीय अध्ययन, प्रकृतिको इतिहास वातावरण अध्ययन तथा यसले मानव जीवन तथा पृथ्वीमा पारेको प्रभाव जस्ता अध्ययनमा आधारित समालोचना नै पर्यावरणीय समालोचना हो (भट्टराई, २०७०, पृ. ८१) । यसरी नयाँ समालोचना सिद्धान्तका रूपमा देखा परेको पर्यावरणीय समालोचना शब्दको प्रथम प्रयोग विलियम रूकट (१९७८) ले आफ्नो लिटरेचर एण्ड इकोलोजी : यान एक्सपेरिमेन्ट इन इकोक्रिटिसिजम (१९७८) को लेखमा प्रयोग गर्दै यसलाई समालोचनाको नयाँ विमर्शका रूपमा प्रस्तुत गर्ने धारणा राखेका थिए (रूकर्ट, १९७८, पृ.७१, ८६) भने १९८९ मा सेरिल ग्लोटफेल्टीले समालोचनाको एउटा पक्ष पर्यावरणीय समालोचना हुन सक्ने मत प्रस्तुत गरेसँगै १९९० को दशकमा यस समालोचनाको सुरुवात भएको हो । बिसौँ शताब्दीको मध्यतिर सन् १९९६ मा ग्लोटफेल्टी र ह्यारोल्ड फ्रोमको सम्पादनमा *दि इकोक्रिटिसिज्म रिडर : ल्यान्डमार्कस् इन लिटररी इकोलोजी* नामक पुस्तक प्रकाशन भएपछि भने यस समालोचनाले सैद्धान्तिक र प्रायोगिक आधार प्राप्त (अब्राहम, २००५, पृ.७२) गऱ्यो । यसरी स्थापित भएको समालोचना सिद्धान्तले मानव र मानवेतर जीवनशैली र मानव संस्कृतिसँग जोडिएका पर्यावरणीय पक्षको अध्ययन गर्ने हुदाँ यसलाई सांस्कृतिक अध्ययनसँग पनि जोडिएको छ (गेरार्ड, २००४ पृ.९) । यसले कृतिमा प्रकट भएका भावको पर्यावरणीय दृष्टिकोणबाट विश्लेषण गर्छ (ग्लोटफेस्टी, १९९६ पृ. xxv) । धरतीलाई नै एउटा कृतिका रूपमा लिई त्यसैलाई गहन दृष्टिले अध्ययन गर्छ । अङ्ग्रेजीमा प्रचलित ‘इकोक्रिटिसिजम्’ लाई नेपालीमा पर्यावरणीय समालोचना, हरित समालोचना, पारिस्थितिक समालोचना, वाताकाव्यशास्त्र, परिवृत्तीय समालोचना (एटम, २०६८, पृ. ३११) पनि भन्ने गरेको पाइन्छ । पूर्वमा वेद, रामायण, महाभारत, उपनिषद् तथा पुराणका विविध सन्दर्भमा मानव जीवनसँग वनस्पति, खोलानाला, समुन्द्र, गाई, बाँदर, हात्ती, कुकुर, बाघ, परेवा, मयूर, काग, कोइली आदि पशुपक्षीहरूको सहयात्रा र सहयोग

भएको देखिन्छ भने पश्चिममा इलियड र ओडेसीको गाथामा ग्रामीण परिवेशका झलकहरू उल्लेख भएको पाइन्छ । पछि पुँजीवादी नगर समाज र त्यसले ल्याएका विभिन्न प्रकारका प्रदूषण विरुद्ध पश्चिममा आएको स्वच्छन्दतावादबाटै पर्यावरणीय अध्ययनको (त्रिपाठी, २०६८, पृ. ७१-७२) प्रारम्भ भयो । यसरी पुँजीवादको अत्यधिक विकास तथा प्रविधिका क्षेत्रमा आएको परिवर्तनका कारण बढेको विश्वव्यापी पर्यावरणीय समस्या र त्यसले सिर्जना गरेको वातावरणीय प्रदूषण, तापमान वृद्धि, बाढी, पहिरो, सुनामी, मौसम परिवर्तन जस्ता समस्या वर्तमानका जटिल पर्यावरणीय समस्याहरू हुन् । जनसङ्ख्या वृद्धि र त्यसका कारण भएको वनजङ्गल विनाश, प्रकृति र पारिस्थितिक चक्रको परिवर्तन तथा त्यसले पृथ्वी र विश्वब्रह्माण्डमा पारेको प्रभावले पर्यावरणीय आन्दोलनहरू प्रारम्भ हुन थाले । यस्ता आन्दोलनकै प्रतिक्रियास्वरूप हरित क्रान्ति, हरियाली बचाउ अभियान (थपलिया, २०७५, पृ. १-२) सुरु भई राजनीतिक, आर्थिक, सामाजिक र सांस्कृतिक विमर्श तथा साहित्य चिन्तनको एउटा अङ्गका रूपमा पर्यावरण सिद्धान्त स्थापित भएको छ ।

साहित्य क्षेत्रमा स्थापित यस नवीन सिद्धान्तका आधारमा कृति पर्यावरणीय दृष्टिले समाजका लागि कति उपयोगी छ वा कति हानिकारक छ भन्ने कुराको अध्ययन गरिन्छ । यसमा विचारधारा, दर्शन र दृष्टिकोण हुन्छ (भट्टराई, २०७०, पृ. ८०) । परम्परागत साहित्य अध्ययनको क्षेत्रमा स्थापित नयाँ र मौलिकतामा आधारित यस उत्तरआधुनिक समालोचना पद्धतिले मानवलाई मात्र केन्द्रमा नराखी सिङ्गो प्रकृतिजगत् वा धर्तीलाई नै एउटा कृतिका रूपमा लिन्छ । प्रकृतिलाई साधनका रूपमा नभएर साध्यका रूपमा ग्रहण गरी त्यसैलाई विशेष आधार मान्दै पशुपक्षी, वनस्पति, खोलानाला, जीवजन्तु, हावा, जल, जमिन, वायुमण्डल, वर्षा जस्ता विविध प्रकृतिप्रदत्त वस्तुसँग मानिसका क्रियाकलापको अध्ययन समीक्षात्मक रूपमा गर्छ । स्थापित परम्परा कसरी, किन र कुन कारणले विस्थापित हुँदै छ ? त्यसको चिन्ता प्रकट गर्दै संरक्षणका वैकल्पिक उपायहरू बताउँदै प्रेम र सहसंवेदनाको संरक्षण र पुनः स्थापनामा (भट्टराई, २०७१, पृ. २०१) पर्यावरणीय समालोचनाले जोड दिन्छ । पर्यावरण र मानवताको केन्द्रीयतामा कृति विश्लेषणको आधार तयार गर्छ । मानवीय भौतिक पक्षको जीवन र प्रकृतिबिच स्थापित मान्यतामा मात्र सीमित नरहेर हामी उभिएको भौतिक र सांस्कृतिक आधारसँग साहित्यिक कृतिलाई यस सिद्धान्तले तुलना गर्छ । त्यस्तै कृतिको परिवेश वा प्रकृति चित्रणलाई अनिवार्य अस्तित्वका रूपमा विश्लेषण गर्छ । विश्वव्यापी रूपमा पुँजीपति र साम्राज्यवादी वर्गले कसरी प्रकृतिको शोषण गरेका छन् ? भन्ने कुराको विश्लेषण गर्दै मूलतः यसले धर्तीलाई सचेत र गहन दृष्टिले अध्ययन

गर्नुपर्छ भन्ने मान्यता राख्छ । कुनै पनि साहित्यिक कृतिमा अङ्कन भएको प्रकृति वातावरण, त्यहाँको संस्कृति, वनस्पति जगत्, चराचुरुङ्गी, प्रकृति सौन्दर्य आदिलाई केन्द्रबिन्दु बनाएर त्यसमा भएको मानवीय अत्याचारको विरोध (पोखरेल, २०७२, पृ. १९-२०) यस समालोचना सिद्धान्तले गर्छ । यसै गरी यस समालोचनाले वर्तमान प्रकाशित कृतिको मात्र अध्ययन नभई प्राचीन समयमा प्रकाशित लेख तथा कृतिमा व्यक्त पर्यावरणीय चेतनाको अध्ययन, साहित्य परम्परामा प्रयुक्त ऐतिहासिक पक्षको अध्ययन, पर्यावरणीय सचेतताका सकारात्मक र नकारात्मक पक्षहरूको अध्ययन र विश्वप्रकृतिको चित्रण तथा विश्लेषण गर्दछ । प्रकृति के हो ?वातावरणको अर्थ किन वरिपरिको मानवेतर जगत् मात्र भएको छ ? मानव वातावरणको विशिष्ट अङ्ग किन हो ? मानव कहाँ र कसरी बस्छ ? भन्ने जस्ता प्रश्नको उत्तरका क्रममा पर्यावरणीय समालोचनाले प्रकृति विज्ञान, वातावरणीय अध्ययन, सांस्कृतिक तथा सामाजिक अध्ययनलाई पनि यथास्थानमा उपयोग गर्छ । बिसौँ शताब्दीको अन्तिम दशकबाट स्वच्छन्दतावाद र पुँजीवादी नगर समाजमा देखिएका विकृतिको विरोधमा पश्चिमबाट सुरु भएको यस समालोचनाले मूलतः प्रकृतिसँगको मानवीय सम्बन्धलाई साहित्यिक कृतिमा कसरी व्यक्त गरिएको छ भन्ने कुराको अध्ययन पर्यावरणीय सचेतताका आधारमा गर्छ ।

समग्रमा भन्नुपर्दा पश्चिममा होमरका महाकाव्य इलियड र ओडिसीमा प्रकृति पर्यावरणसँग मानवीय सम्बन्धको वर्णन गरिएको छ । पूर्वका उपजीव्य महाकाव्य रामायण र महाभारतमा पर्यावरणसँगको मानवीय सम्बन्धको सुन्दर प्रस्तुति पाइन्छ । पुँजीवादी विकासपछिको प्पर्यावरणसम्बन्धी अवधारणाको प्रारम्भ भयो भने स्वच्छन्दतावादी कालमा यसले पर्याप्त उर्वरता प्राप्त गऱ्यो । स्वच्छन्दतावादी कालदेखि पर्यावरणीय चिन्तनको विकास भएपछि रोमान्टिक इकोलोजीको अध्ययन बढी मात्रामा हुन थाले तापनि त्यसको सैद्धान्तिक स्वरूप बिसौँ शताब्दीको अन्त्यमा आएर मात्र निर्माण भएको हो । विलियम रूकर्टले *लिटरेचर एन्ड इकोलोजी यान एक्सप्रेरिमेन्ट इन इकोक्रिटिसिजम्* नामक आफ्नो पुस्तकमा पर्यावरणीय समालोचनाको प्रयोग गरेपछि मात्र स्थापित यस पर्यावरणीय समालोचना सांस्कृतिक समालोचनाको एउटा महत्त्वपूर्ण विषय बन्यो । यसले मानवकेन्द्री विषय मात्र नभएर मानववेतर पात्रको पनि अध्ययन गर्छ । त्यसैले प्रकृतिप्रदत्त सबै वस्तु यसका विषय हुन् । यस समालोचनाले वर्तमान साहित्यिक कृतिको मात्र नभएर प्राचीन समयमा लेखिएका साहित्यिक कृतिलाई पनि पर्यावरणीय समालोचना सिद्धान्तका आधारमा कृतिमा व्यक्त पर्यावरणीय पक्षको सकारात्मक र नकारात्मक दुवै दृष्टिले विश्लेषण गर्छ । फ्रान्सेली दार्शनिक रुसोको 'प्रकृतितिर फर्क' भन्ने मान्यतामा आधारित यस

समालोचनाले प्रकृति साहित्यिक कृतिमा कसरी, कुन सन्दर्भ र केका लागि प्रस्तुत भएको छ ? भूत, वर्तमान र भविष्यमा समाजका लागि केही असर गऱ्यो वा गरेन तथा गर्छ वा गर्दैन भन्दै त्रिपक्षीय कोणबाट कृतिको विश्लेषण तथा प्रकृति र मानव जीवनका लागि सुन्दर पर्यावरणको रक्षाका लागि साहित्यिक कृतिको विवेचना र मूल्याङ्कन गर्छ ।

### १.८. शोधपत्रको रूपरेखा

प्रस्तुत शोधकार्य पाँच परिच्छेमा विभाजन गरी निम्नानुसारको शीर्षकीकरण गर्दै गरिएको छ । साथै शोधकार्य गर्दै जाँदा आवश्यकतानुसार विभिन्न शीर्षक तथा उपशीर्षकहरूमा विभाजन गरेर विश्लेषण गरिएको छ :

१. परिच्छेद एक : शोधपरिचय

२. परिच्छेद दुई : मनप्रसाद सुब्बाका कवितामा पर्यावरणीय चेतना

३. परिच्छेद तीन : मनप्रसाद सुब्बाका कवितामा पर्यावरणमैत्री भाषिक प्रयोग

४. परिच्छेद चार : मनप्रसाद सुब्बाका कवितामा प्रयुक्त पर्यावरणीय नारीवाद

५. परिच्छेद पाँच : निष्कर्ष ।

# परिच्छेद दुई

# मनप्रसाद सुब्बाका कवितामा पर्यावरणीय चेतना

## २.१ विषयपरिचय

प्रस्तुत परिच्छेदमा पर्यावरणीय चेतनाको सैद्धान्तिक पर्याधारलाई उल्लेख गरी सुब्बाका निर्धारित कवितासङ्ग्रहमा प्रयुक्त पर्यावरणीय चेतनाको विश्लेषण गरिएको छ । कविता विश्लेषणको सैद्धान्तिक आधारअन्तर्गत पर्यावरणीय चेतनाको परिचय र महत्त्वका आधार, प्रकृति पारिस्थितिक प्रणालीको अभिव्यक्ति, जैविक विविधताको चित्रण, संस्कृति र वातावरणीय स्वच्छता, पर्यावरण र मानिसको सांस्कृतिक सम्बन्ध तथा प्रकृति सार्वभौमपनको चित्रण जस्ता आधारहरू उल्लेख गरी सोहीबमोजिम निर्धारित कवितासङ्ग्रहभित्रका कविताको विश्लेषण गरिएको छ जसअन्तर्गत सुब्बाका कवितामा फरक भौगोलिक परिवेश र समयानुसार त्यहाँको परिस्थिति, भाषा, जनजीवन र सौन्दर्य पनि फरक किसिमको हुन्छ । त्यसैले भौगोलिक परिवेश, स्थान र समयानुसार मानिसले आफ्नो जीवनलाई अगाडि बढाउदै जाने क्रममा विभिन्न किसिमका कार्यहरूसँग सहकार्य र जोखिमपूर्ण कार्यको समाधान गर्दै त्यहाँको परिवेश र समयमा आफूलाई स्थापित गर्नपुग्छ भन्ने किसिमका पर्यावरणीय चेतनालाई यहाँ विश्लेषण गरिएको छ ।

## २.२ पर्यावरणीय चेतना विश्लेषणको सैद्धान्तिक आधार

सामान्यतया पर्यावरण भन्नाले परिवेश भन्ने बुझिन्छ भने कोशीय अर्थमा पर्यावरण भन्नाले कुनै पनि वस्तु, व्यक्ति, प्राणी, वनस्पति तथा वरिपरिको परिवेश भन्ने बुझिन्छ। त्यसैले प्रकृतिबिचको सम्बन्ध तथा प्रकृति र वायुमण्डलको संयुक्तरूप नै पर्यावरण हो । यसले मानवीय अस्तित्वसँग सम्बन्धित सम्पूर्ण पक्ष, हावा, पानी, माटो, पशुपक्षी तथा वनस्पतिजगत् र वातावरणको खोजी गर्छ । पर्यावरणका यिनै विशिष्ट पक्षहरूसँग सम्बन्धित पर्यावरणीय पक्षको अध्ययन तथा खोजी नै पर्यावरणीय अध्ययन हो । पर्यावरण प्रकृति संरचना हो । त्यस्तै चेतना भन्नाले कुनै पनि विषयका बारेमा हुने पूर्वज्ञान हो । 'सत्' र 'असत्' छुट्याउन सक्ने क्षमता हो भने पर्यावरणीय चेतना भन्नाले वातावरणसँग सम्बन्धित सम्पूर्ण कुराहरूको ज्ञान हुनु हो । यिनै

पर्यावरणीय विषयका सकारात्मक र नकारात्मक दुवै पक्षको अध्ययन गर्ने समालोचना नै पर्यावरणीय समालोचना हो । विश्वको आर्थिक स्वरूप र बजारीकरण यसले अर्थतन्त्रमा पारेको प्रभाव र त्यसका कारण जन्मिएको प्रदूषण  तथा त्यस प्रदूषणले वर्गीय, जातीय, लिङ्गीय, क्षेत्रीय प्रभावको अध्ययन गर्दै कृतिमा व्यक्त विभेदको विश्लेषणमा पर्यावरणीय समालोचनाले विशेष रुचि राख्छ (भट्टराई, २०७०, पृ. ८२) । यसै गरी यसले धरतीलाई नै एउटा कृतिका रूपमा लिई सचेत र गहन दृष्टिले अध्ययन गर्नुपर्छ (एटम, २०६०, पृ. ३११) भन्ने मान्यता राख्छ । त्यस्तै यो समालोचना आफू उभिएको भौतिक र सांस्कृतिक आधारसँग साहित्यिक कृतिको तुलना गर्दै प्रकृतिको मानवेतर जगत्सँग मानिसको सम्बन्धका बारेमा अध्ययन गर्ने जीव, वनस्पति, हावा, पानी, माटोप्रतिको मानिसका क्रियाकलापको प्रभाव तथा मानवीय सम्बन्धको अध्ययन गर्ने साहित्यिक अन्तरविषयक अध्ययन (ढकाल, २०७९, पृ. १७२) पनि हो । पृथ्वीमा मानिसको आधिपत्य बढ्दै गएपछि प्रकृतिको प्रकृति विकास र स्वतन्त्रताको हनन् भएको छ । प्रकृतिका नियम तथा क्रियाकलापहरूको बेवास्ता गर्दै मानव विवेकको दुरुपयोग गर्दा प्रकृति र मानवेतर प्राणीमा असर परेको छ । प्रकृति र मानवेतर प्राणीमा परेको असरसँगै यिनीहरूको अस्तित्वसमेत सङ्कटमा परेको छ भन्ने कुराको चेतना मानवमा जागृत हुनु नै पर्यावरणीय चेतनाको महत्त्वपूर्ण पक्ष हो ।

कुनै पनि साहित्यिक कृतिमा प्रकृतिकेन्द्री अध्ययनको महत्त्वलाई उजागर गर्ने नवीन समालोचना सिद्धान्तका रूपमा पर्यावरणीय समालोचनाको आरम्भ भएको हो । यो समालोचना पद्धति बिसौं शताब्दीको मध्यतिर वातावरणमा देखापरेको सङ्कटहरूको समाधानका निम्ति वातावरण विज्ञहरूको चिन्तनबाट प्राप्त भएको अवधारणा (केरिज, २००६, पृ. ५३१) हो भने बिसौँ शताब्दीपछि पर्यावरणीय समालोचनाको प्रयोग तथा विश्लेषण हुँदै गएपछि पर्यावरणीय समालोचनाका विभिन्न शाखाका रूपमा पर्यावरणीय नारीवाद, मार्क्सवादी पर्यावरण, गहन पर्यावरण, पर्यावरणमैत्री भाषिक प्रयोगहरू मध्यकै एक शाखाका रूपमा यस पर्यावरणीय चेतनाको पनि सुरुवात भएको हो जब मानिसमा पर्यावरणीय चेतना जागृत भयो त्यसपछि प्रकृति वातावरणको विनाश तथा मानवले प्रकृतिमाथि गरेको अधिकारलाई रोक्नका लागि विभिन्न किसिमका कार्यक्रम, आन्दोलन, चेतनामूलक कार्यक्रम गर्दै पर्यावरणको संरक्षणको खोजीमा अहिले पनि मानिसहरू लागिपरेका छन् । प्रकृति स्वरूपलाई बदलेर कृत्रिमताको बढ्दो चापलाई नियन्त्रण गर्दै प्रकृतिलाई पहिलेकै अवस्थामा पुऱ्याउनका लागि विभिन्न किसिमका सङ्घसंस्था, व्यक्ति तथा राष्ट्रहरूले पनि आ-आफ्नो ठाउँबाट उत्तिकै भूमिका निर्वाह गरेका छन् ।

प्रकृति रूपमा पाइने जुन आनन्द हो त्यो आनन्द तथा स्वच्छता कृत्रिमताले दिदैन त्यसैले प्रकृति स्वच्छतालाई हामी सबैले हरसमय हरक्षण संरक्षण गर्नु आवश्यक छ । त्यसकारण प्रकृति र त्यसमा मानिसका क्रियाकलापले पारेका नकारात्मक असर र असरका कारण मानिसको जीवनशैलीमा परेका नकारात्मक प्रभावहरू साहित्यमा कसरी प्रस्तुत भएका छन् ? भन्ने कुराको खोजी तथा कृतिमा प्रकटित भावको पर्यावरणीय विश्लेषण पर्यावरणीय चेतनाले गर्छ । त्यसै गरी यसले मानव र मानवेतर जीवनशैली र मानव संस्कृतिसँग जोडिएका पर्यावरणीय पक्षको अध्ययन गर्ने भएकाले नै यसलाई सांस्कृतिक अध्ययनसँग जोडिएको छ (गेरार्ड, २००४, पृ.९) जुन पर्यावरणीय चेतनाको महत्त्वपूर्ण पक्ष हो । त्यसै गरी कृत्रिमताको पछिलाग्दा भएको मानसिक आघातको उपचार प्रकृतिरूपी घरमा पुनः प्रवेश गरेपछि निको हुने भावले पर्यावरणीय चेतनाको सङ्केत गरेको छ (थपलिया, २०७५, पृ. ३८,४०) । प्रकृति स्रोत र साधनको दुरुपयोग बढ्दै गएर पर्यावरणको विनाश हुँदै गएको छ । पर्यावरणीय विनाशले अनेकौँ सङ्कटहरू सिर्जना भएका छन् । वैज्ञानिक आविष्कार, विकास, प्रयोग तथा त्यसको परीक्षणले धर्तीको हावा, पानी, ध्वनि र माटोमा प्रदूषण  बढ्दै गएको छ । यसको मुख्य कारण नै मानिस हो । समयको विकाससँगै मानिस पनि कृत्रिमतामा रमाउन थालेर प्रकृतिको विनाश हुँदै गएको हो तर अब हामी सबै मिलेर कृत्रिमताको क्षणिक सुखशैललाई छोडी प्रकृतिको केन्द्रीयतामा लाग्नुपर्ने समय भएको छ । हरेक मानिसको आ-आफ्नो ठाउँबाट प्रकृति बचाँउका निम्ति विभिन्न प्रयासहरू भइरहेका छन् ।

विज्ञानको क्षेत्रबाट पनि वातावरण बचाँउ र व्यवस्थापनका लागि विभिन्न तथ्यपूर्ण अध्ययनहरू भएका छन् । विज्ञानको यही तथ्यपूर्ण अध्ययन वर्तमान साहित्यमा पनि प्रयोग हुन थालेसँगै साहित्यको कविता विधामा पनि पर्यावरणीय पक्षका विभिन्न विषयहरू समावेश भएका छन् । समावेश भएका यिनै वातावरणीय पक्षको अध्ययन तथा विश्लेषण पर्यावरणीय समालोचना सिद्धान्तले गर्छ । त्यसैले यही सिद्धान्तअन्तर्गत रहेर पर्यावरणीय चेतनाले हामी वरिपरिको प्रकृति, प्रकृति वस्तु तथा पदार्थसँग सम्बन्धित मानवीय जीवनलाई प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा पार्ने प्रभावहरूको खोजी, महत्त्व तथा संरक्षणका विषयहरू साहित्यमा कसरी आएका छन् ? कसरी ती विषयहरूको उठान गरिएको छ ? भन्ने कुराको खोजी गर्छ ( ग्लोटफेल्टी, १९९६, xxxi ) । एकातिर पर्यावरणीय चेतनाले प्राचीन साहित्य र वर्तमान साहित्यको तुलनात्मक अध्ययन गर्दै यी दुईबिचको सकारात्मक र नकारात्मक पक्षको विश्लेषण तथा खोजी गर्छ भने अर्कोतिर यसले अर्थतन्त्रमा पारेको प्रभाव र प्रभावका कारण जन्मिएको प्रदूषण र त्यही प्रदूषणले निम्तयाएको

वर्गीय, जातीय, लैङ्गिक तथा क्षेत्रीय प्रभावको अध्ययन, अनुसन्धान, विश्लेषण तथा मूल्याङ्कन गर्छ ।

पर्यावरणीय चेतनालाई सामान्य प्रकृतिचित्रणका रूपमा नभएर अनिवार्य अस्तित्वका रूपमा लिइन्छ किनकि पर्यावरणीय समालोचनाले साहित्य र प्रकृति वातावरणबिचको सम्बन्ध, सङ्कट तथा समाधानका उपायलाई प्राथमिकताका साथ अध्ययन, विश्लेषण र मूल्याङ्कन गर्छ जुन नवीन मान्यता हो । अबको साहित्यमा जसरी पर्यावरणसँग मानवेतर साहित्य हुनु जरुरी छ त्यसरी नै साहित्य सिर्जनाहरूमा पर्यावरणीय चेतनालाई पनि प्राथमिकताका साथ जोडेर हेर्नुपर्ने समय आएको छ । ढकाल(२०७९)काअनुसार पर्यावरणीय चेतनामा पर्यावरणको आवश्यकता र औचित्य कालक्रमअनुसार फरक किसिमको हुन्छ । यसमा समय तथा स्थानसापेक्ष पर्यावरणीय चेतना कृतिमा व्यक्त भएको छ कि छैन भन्ने कुराको अध्ययन गरिन्छ । पर्यावरणीय चेतनाअन्तर्गत विविध पक्षहरू आउने भए तापनि ती सबै विषयहरू एउटै कृति वा एउटै प्रसङ्गमा भने आउन सक्दैनन् । यसका साथै प्रकृति र साहित्यको सम्बन्ध तथा पर्यावरणीय अध्ययन, प्रकृतिको इतिहास, वातावरण अध्ययन तथा मानव जीवन र पृथ्वीमा पारेको प्रभाव ( भट्टराई, २०७०, पृ. ८१) को अध्ययन पनि गर्छ । यसले पशुप्राणी जोगाउने, वृक्षारोपण गर्ने, फोहोर नियन्त्रण गर्ने, सुरुङ् खन्ने, ग्यास छोड्ने (भट्टराई, २०७१, पृ. २०९) जस्ता कार्यमा मानिसको सहभागिता कतिसम्म छ ? भन्ने कुराको निगरानी पर्यावरणीय समालोचना सिद्धान्तअन्तर्गत रहेर गर्छ । त्यसैले यी विभिन्न समस्याको समाधानको बाटो र त्यसमा आइपर्ने कठिनाइको मार्गदर्शन पर्यावरणीय चेतनाको माध्यमबाट गरिने भएकाले अहिलेको समयमा पर्यावरणीय चेतनाको महत्त्व अत्यधिक मात्रामा रहेको छ । त्यसैले कवि सुब्बाको निर्धारित ( *भुइँफुट्टा शब्दहरू, किनाराका आवाजहरू* र *नेत्तिफुङ्को बास्ना)* कवितासङ्ग्रहमा रहेको पर्यावरणीय चेतनालाई प्रकृति पारिस्थितिक प्रणालीको अभिव्यक्ति, जैविक विविधताको चित्रण, पर्यावरण र मानिसको सांस्कृतिक सम्बन्ध तथा प्रकृति सार्वभौमपनको चित्रण गरी चार उपशीर्षकमा विभाजन गरी यस परिच्छेदमा विश्लेषण गरिएको छ ।

## २.३ *भुइँफुट्टा शब्दहरू* कवितासङ्ग्रहमा पर्यावरणीय चेतना

*भुइँफुट्टा शब्दहरू* कवितासङ्ग्रहअन्तर्गत सतचालिसओटा लामा तथा छोटा कविताहरू रहेका छन् । यी सतचालिस लामा /छोटा कवितामध्ये 'धरती-२', 'कलकत्ताः एक कोलाज', 'ती

जङ्गलकाहरू', 'वर-पिपलको बिहेमा', 'पृथ्वी दिवसमा', 'मान्छे माटो गन्हाउँछ' र ' कञ्चनजङ्घा र हामी' गरी सातओटा कवितामा प्रयुक्त पर्यावरणीय चेतनालाई यहाँ विश्लेषण गरिएको छ ।

### २.३.१ प्रकृति पारिस्थितिक प्रणालीको अभिव्यक्ति

प्रकृतिको अव्यक्त ऊर्जाद्वारा निर्मित प्रणाली नै प्रकृतिको पारिस्थितिक प्रणाली हो । पृथ्वीमा रहेका सबै जीव र पदार्थहरूको तात्विक सहकार्यमा नै पारिस्थितिकी निरन्तरता चलिरहन्छ । यसले नै प्रकृतिलाई अविनाशी बनाएको छ । जैविक तत्त्वहरू वातावरणका उपज हुन् जसले वातावरणलाई प्रभाव पार्ने र वातावरणबाट प्रभावित हुने गर्छन् (थपलिया, २०७५, पृ.७६) प्रकृतिमा नै निर्भर रहेर सबै सृष्टिचक्र चलिरहेको छ र यसैमा नै सम्पूर्ण वस्तु तथा पर्दाथ वा विभिन्न प्रणाली र मानिसको जीवन र मृत्युको निश्चितता रहेको छ । यी सबै प्रकृतिमा नै आश्रित छन् । त्यसैले प्रकृति पारिस्थितिक प्राणालीले प्रदान गरेको वातावरणमा नै मानिसको जीवन निर्भर रहने हुदाँ मानवीय जीवनमा यसले महत्त्वपूर्ण भूमिका निर्वाह गरेको हुन्छ । नेपालको पारिस्थितिक प्रणालीको सन्दर्भ अभिव्यक्त गर्ने क्रममा कविले मूलतः नेपाली भू- भागमाथि रहेको नदी, पहाड, मैदान, तथा अन्य प्रकृति पारिस्थितिक चक्रका आधारमा संस्कृति र जीवनको गुणात्मक सम्भावना देख्छन् । त्यसैले कवितामा पारिस्थितिक प्रणालीलाई प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा व्यक्त गर्दै कवि मनप्रसाद सुब्बाले पनि आफ्नो *भुइँफुट्टा शब्दहरू* कवितासङ्ग्रहअन्तर्गत 'धरती -२' शीर्षकको कवितामा प्रकृति पारिस्थितिक पक्षलाई प्रस्तुत गरेका छन् । त्यसैले यस कवितालाई यहाँ विश्लेषणका रूपमा समावेश गरिएको छ ।

कवि सुब्बाको 'धरती -२' शीर्षकको कवितामा आएका पहाड, पर्वत र बोटबिरुवाका पालुवा वा आँकुराले वातावरणीय सुन्दरता र स्वच्छताको चित्रण गरेको छ । यहाँ प्रयुक्त पहाड, पर्वत, दुःख-सुख, सामान्य कुराकानी, बोटबिरुवाका आँकुरा तथा पालुवाहरूले स्थानीय ग्रामीण परिवेश र पहाडी जनजीवनलाई प्रस्तुत गरेको छ । अग्ला पहाड-पर्वतले नेपालको भौगोलिक अवस्थालाई प्रस्तुत गरेको छ भने एकअर्कासँग गरिएका सुख-दुःखका कुराकानीले पहाडी क्षेत्रको दुःख र कष्टपूर्ण जीवनको सङ्केत गर्छ । त्यसै गरी ससाना पातहरू र आँकुराले पहाडको प्रकृति सौन्दर्य र स्वच्छतालाई प्रस्तुत गरेको छ । यसले मानिस प्रकृतिसँग कति नजिक र आश्रित हुन्छन् भन्ने कुराको महत्त्वलाई उद्घाटन गर्छ । पहाडको भौगोलिक बनावटका आधारमा त्यहाँको परिस्थिति फरक किसिमको हुन्छ । त्यहाँको पर्यावरणीय परिवेश, जनजीवन, प्रकृति सौन्दर्य,

स्थानीय भाषा, बोलीचालीलगायत सम्पूर्ण कुराहरूमा फरक अनुभूति प्राप्त गर्न सकिन्छ । त्यसैले मानिस र प्रकृतिबिचको निकट सम्बन्धलाई दिइएको उदाहरणले स्पष्ट गर्छ :

अग्ला उठेका पहाड-पर्वतमा मात्र होइन

ससाना दुःख-सुख बाँडिने

हाम्रा सामान्य बातचितका ससाना पातहरूमा पनि

धरती उचालिएको हुन्छ, माथि- माथि ।

सानो अनुभूतिको आँकुरामा पनि

धरती

हलुकै थामिएर बसिरहन सक्छ । (पृ. ३)

माथिको उदाहरणमा मानिस र प्रकृतिबिचको परिपूर्ण सम्बन्धलाई देखाएको छ । धरती र मानिसलाई समान रूपमा चित्रण गर्दै यही धरतीमा अव्यवस्थित तथा उत्पादित विभिन्न हिमशृङ्खला, पहाड, पर्वत, विभिन्न किसिमका बोटबिरुवा र फलफूलका आँकुराले पृथ्वीलाई सुन्दर, शान्त र हराभरा तुल्याएको छ । त्यसको अनुभूति मानिसले प्रत्यक्ष रूपमा गरेका छन् । प्रकृति र मानिसको पारिस्थितिक प्रणालीलाई अन्तरसम्बन्धित गरेर यस कवितांशमा एकातिर प्रकृतिको स्वतन्त्रता, शिष्टता र प्रकृति अवस्थाले निम्त्याउने विभिन्न किसिमका दुःख, कष्ट, सौन्दर्य र आनन्दलाई समावेश गरेको छ भने अर्कोतिर त्यही प्रकृति तथा भौगोलिक बनावटकै कारण मानिसले दुःख पाइरहेको तथा यसले आफ्नो छुट्टै पहिचानसमेत बनाउन सफल भएको कुरालाई प्रस्तुत गरिएको छ ।

कविले पहाडलाई ‘केन्द्र’ र साना पातलाई ‘परिधि’ मान्ने सोपानक्रमलाई अस्वीकार गर्दै पृथ्वीको उचाई वा गरिमा पहाडले मात्र नभई ससाना पातहरूले पनि धानेका छन भन्ने कुरालाई प्रस्तुत गरेका छन् । कवितांशमा आएको ‘बातचित’ मानवीय भाषाको प्रतीक हो भने ‘पात’ प्रकृतिको अङ्ग हो । पारिस्थितिक दृष्टिकोणबाट हेर्दा मानिस प्रकृतिको एक अभिन्नअङ्ग हो

जसरी एउटा रुख बाँच्नका लागि हजारौँ ससाना पातहरूले प्रकाशका माध्यमबाट ऊर्जा सञ्चय गर्छ र सिङ्गो रुखको अस्तित्व जोगाउँछ । त्यसरी नै सृष्टिरूपी 'धरती' लाई माथि उठाउन, ससाना सुख-दुःख र सामान्य संवादरूपी 'पात' को ऊर्जा आवश्यक पर्छ भन्ने कुरालाई चित्रण गरिएको छ । यहाँ 'धरती उचालिनु' भनेको पृथ्वीको भौगोलिक उचाइ मात्र नभएर यो पारिस्थितिक गरिमाको उचाइ हो । कविले यहाँ 'पृथ्वी' लाई जड वस्तुका रूपमा नभए एक जीवित प्राणीका रूपमा प्रस्तुत गरेका छन् । 'सानापात' भनेर मानवीय संवेदनालाई सम्बोधन गर्दै पातले पृथ्वीलाई जीवित राख्न निरन्तर श्वासप्रश्वास गरिरहेको कुरालाई सङ्केत गरिएको छ । विराटतामा मात्र सत्य खोज्ने प्रवृतिलाई चुनौती दिई पारिस्थितिक लोकतन्त्रको वकालतलाई पहाड, पात, ससाना बातचित जस्ता बिम्बका माध्यमबाट कविले प्रस्तुत गरेका छन् । त्यस्तै प्रकृतिको चक्रीय प्रणाली र अन्तरनिर्भरतालाई आत्मसात् गरी मानवीय लघुताभित्र सृष्टिको विराटता सुरक्षित छ भनी प्रकृति पारिस्थितिक प्रणालीलाई कविले अभिव्यक्त गरेका छन् । यसरी कविले यहाँ प्रकृतिको सूक्ष्मताभित्रको शक्तिलाई प्रस्तुत गरी 'आँकुरा' केवल वनस्पति नभई पारिस्थितिक चक्रको आधारभूत एकाइ भएको तर्क गरेका छन् । पृथ्वीको अस्तित्व विशाल पहाडको संरचनामा मात्र सीमित नभएर ससाना आँकुराको पुनरुत्पादन क्षमतामा अडिएको छ भन्ने तर्क कविले गरेका छन् ।

कवि सुब्बाले प्रकृति र प्राणीबिच मानिसको स्थिति र भूमिकालाई गहन रूपमा नियाल्ने काम गर्छन् । उनको 'कलकत्ता : एक कोलाज' शीर्षकको कवितामा व्यक्त जीवनप्रक्रियाले पारिस्थितिक पक्षलाई प्रस्तुत गरेको छ । यात्रुले यातायात व्यवसायीको जीवनशैलीमा पार्ने प्रभावलाई कविले आफ्नो कवितामा सूक्ष्म रूपमा प्रकट गरेकाले यो कविता यहाँ विश्लेषणीय रहेको छ :

मेट्रो रेलको ओहोर-दोहोरले
यो महानगरको गानो कति दुख्दो हो नि !
महानगरको भुँडीभित्र चुर्नाहरूको सिलिङमलिङ !
बसहरू सँधैका डायबिटिक
जति खाए पनि भोकै ।
जिउभरि विज्ञापनको भारी बोकेर यौटा बुढो ट्राम

विवशताको ट्र्याकमा घस्रिररहन्छ बँधुवा मजदुर झैँ ।

कमिलाहरू जस्तै जोखिम उठाइरहेका
मसिना मानिसहरूको अटुट ओहोरदोहोर ।
सयौँ जेब्राक्रसहरू पार गरेर पनि
अझै सडकपार हुन नसकेका पयरहरू । (पृ.५०)

प्रस्तुत कवितांशमा यात्रुकै कारण गतिशील भएको यातायात व्यवसायको चित्रण गरिएको छ । कवितांशमा प्रयुक्त मेट्रो रेल, महानगर, बस, विज्ञापन, बँधुवा मजदुर, कमिला, जेब्राक्रस, पयर जस्ता शब्दहरूले यातायात व्यवसायीको विवशतालाई प्रस्तुत गरेका छन् । मेट्रो रेलको ओहरदोहरले महानगरमा ध्वनि र वातावरण प्रदूषण भएको छ । महानगरभित्र मेट्रो रेल मात्र नभएर धेरै बसहरू र अन्य यातायातका साधन ट्याक्सी, कार, रिक्सा, अटोरिक्सा जस्ता यातायातका साधनहरू यत्रतत्र सर्वत्र आआफ्नै गतिमा हिडिरहेका छन् । यात्रुहरू बोकिरहेका छन् तर पनि मधुमेहका रोगी जस्ता जति यात्रु पाए पनि नपाए जस्ता छन् । पुराना भइसकेका छन् तर पनि चलिरहेका छन् । जोखिमपूर्ण यात्रा गरिरहेका छन् । एकातिर यात्रु बोकी हिडिरहेका छन् भने अर्कोतिर बसका सबै भित्ताहरूमा विज्ञापनका पोस्टरहरू राख्दै आफ्नो दैनिक कार्यमा लाग्न विवश बँधुवा मजदुर झैँ भएका छन् ।

कविले यहाँ सहरी पारिस्थिति र मानवकृत वातावरणको चित्रण गर्दै सहरलाई रोगी शरीरका रूपमा प्रस्तुत गररेका छन् । कवितांशमा आएको 'महानगरको भुँडी', 'चुर्नाहरू' र 'डायबिटिक बस' ले सहरको पारिस्थितिक प्रणाली अस्वस्थ्य, विषाक्त र परजीवी भएको सङ्केत गर्छ । 'जति खाए पनि भोकै' ले आधुनिक उपभोक्तावादी समाज कहिल्यै नअघाएको (भोको बजार)लाई सङ्केत गर्छ । 'सडकपार हुन नसकेका पयरहरू' ले मानिस प्रकृतिबाट टाँढिदै गएर यान्त्रिक चक्रव्यूहमा फसेको अस्तित्ववादी र पारिस्थितिक सङ्कटलाई सङ्केत गर्छ । यहाँ बसहरू डायबिटिक हुनु भनेको यातायातको सुविधा नभएर यो एक किसिमको रोगका लक्षण हो भन्दै कविले यहाँ मानिसलाई कमिलासँग तुलना गर्दै कङ्क्रिट यस सहरमा मानिसले आफ्नो वैयक्तिक पहिचान गुमाएर प्रकृति बासस्थानबाट विस्थापित हुँदै कृत्रिम खोरमा फसेको प्रजातिका रूपमा चित्रण गरेका छन् । यसरी कहिले यहाँ महानगर मेट्रोरेल, बस, डायबिटिक

जस्ता पद तथा पदावलीका माध्यमबाट सहरी पारिस्थिति अशान्त र रोगबाट ग्रसित भएको तथ्यलाई उजागर गरेका छन्, जसले महानगरको पारिस्थितिक प्रणालीको पतन र मानवीय संवेदनाको यान्त्रिकीकरण भएको देखाउँछ ।

धरतीबिना मानिसको जीवन र जीवन्तताको यात्रा दुवै असम्भव छ । मानव जीवनको हरेक क्षण भूत, भविष्य र वर्तमानमा पनि अनेक सपनाहरू छचल्किरहेका हुन्छन्, उम्लिरहेका हुन्छन्  र अहिले पनि अनेकौँ सपनाहरू मनमा उम्लिरहेका छन् । वर्तमानको सपना नै जीवन जिउने एउटा आधार हो । त्यसैले बाँच्नका लागि गरिने सङ्घर्ष सधैं वर्तमानमा हुन्छ भन्दै कविले यहाँ एउटा बुढो रिक्सावाले आफ्ना सपनाहरू साकार पार्नका लागि फुटपाथमा एउटा तरकारी व्यवसाय सुरु गरी ग्राहक डाँकेर बसेको र व्यवसाय सुरु गरेसँगै अनेकौँ सपनाहरू देखेको कुरालाई यहाँ सम्बोधन गरेका छन् तर त्यो सपना पानीको फोकासरह भएकाले केही हराउदै जान्छन् भने केही नयाँ थपिदै जान्छन् । यसरी केही हराउदै जाने र केही थपिदै जानु भनेको नै पारिस्थितिक प्रणालीको अभिव्यक्ति हो, जसको पुष्टि दिइएको कवितांशबाट गर्न सकिन्छ :

क्षणहरू निरन्तर छचल्किरहेको
उर्लिरहेको उम्लिरहेको भुल्भुलिरहेको
भूत- भविष्य पनि यो अविरल वर्तमानमा वर्तमान नै भई तरङ्गिरहेको
वर्तमान भन्नु जीवनको जीवन्तता न हो
र यो जीवन्तता त्यो बुढो रिक्सावालाको खुट्टामा छ
फुटपाथमा दोकान फैलाएर ग्राहक डाकिरहेको आवाजमा छ
बिसाउन नपाएका आँखाहरूमा छ
लाखौँ लाखौँ पानीफोकाहरू यो मेट्रोपोलिटन सागरको सतहमा
फुट्छन् बनिन्छन् फुट्छन् बनिन्छन् बढ्दै थपिँदै अझ बढ्दै-
जीवन जीवन जीवन
वर्तमान वर्तमान वर्तमान
जीवनै जीवनले जेलिएको जीवनमय महानगर ।

वर्तमानै वर्तमानले बेरिएको वर्तमानमय कलकत्ता ! (पृ.५१)

प्रस्तुत कविताांशमा जीवनको भविष्य नै वर्तमानमा अडिएको हुनाले वर्तमान समयलाई नै तरङ्गित बनाइदिन्छ र हामी आत्तिरहेका हुन्छौँ, सोचिरहेका हुन्छौँ भन्दै कविले यहाँ एउटा बुढो रिक्साचालक जसले आफ्नो र आफ्नो परिवारको लागि केही सोचेर र केही झिनो आशा बोकेर सड्क छेउमा दोकान खोलेर ग्राहकको प्रतीक्षा गर्छ र जीवनका अनगिन्ती रङ्गीचङ्गी सपनाहरू देख्छ । सागरमा जसरी अनगिन्ती पानीका फोकाहरू बन्दै फुट्दै, बन्दै फुट्दै तथा थपिदै जान्छन् सपना पनि त्यस्तै हो । हामी वर्तमान हुँदै भविष्यका लागि अनेकौँ सपनाहरू देख्दै जान्छौँ तर त्यो समय क्रमसँगै कतिपय सपना पूरा हुँदै जान्छन् त कतिपय पानीको फोकाहरू सरह फुट्दै र थपिदै जान्छन् भन्दै मानवीय जीवनलाई यहाँ सागरमा निस्कने पानीका फोकाहरूसँग तुलना गरिएको छ । कवितामा प्रयुक्त बुढो रिक्सावालाले एकातिर निम्नवर्गीय व्यक्तिको दैनिकी र उनीहरूको सङ्घर्षलाई चित्रण गरेको छ भने अर्कोतिर आफ्नो र आफ्नो परिवारको भविष्यप्रतिको जिम्मेवारीलाई प्रस्तुत गरेको छ । परिवारको भविष्यकै लागि वृद्ध अवस्थामा पनि ऊ रिक्सा चलाउनु र फूटपाटमा सानोतिनो व्यापार व्यवसाय गर्नु भनेको परिवारका सदस्यले देखेको सपना पूरा गर्ने र परिवारलाई थोरै भए पनि खुसी दिने प्रयास गर्नु हो ।

कविताांशमा आएको 'महानगर' ढुङ्गा वा इँटाको निर्जीव संरचना नभएर यो एक जीवन्त एकाइ हो जसमा प्रवाह, उत्पादन, उपभोक्ता र विच्छेदकको चक्र हुन्छ भन्दै सागरका रूपमा मानवीय गतिविधिलाई प्रकृति जलचक्रसँग तुलना गरिएको छ । 'प्रकृति' यहाँ हरियाली नभएर जीवनको निरन्तरता हो भन्ने कुरालाई सम्बोधन गरिएको छ । कविताांशमा आएको 'मेट्रोपोलिटन सागर' र 'पानीफोका' का माध्यमबाट कविले यहाँ सहरलाई विशाल प्रकृति जलराशिमा रूपान्तरण गरेका छन् । 'क्षणहरू निरन्तर छचल्किरहेको उर्लिरहेको उम्लिरहेको' भन्नु नै गतिशील पारिस्थितिक प्रणालीको सङ्केत हो । पोखरीमा जमेको पानी स्थिर नभएर बगिरहेको नदी वा छचल्किरहेको समुन्द्र हो जहाँ अक्सिजन र ऊर्जाको निरन्तर सञ्चार भइरहेको हुन्छ । 'भूत-भविष्य पनि यो अविरल वर्तमानमा वर्तमान नै भई तरङ्गिरहेको' भन्नु बाँच्नका लागि गरिने सङ्घर्ष सँधै वर्तमानमा हुन्छ भन्दै कवि यहाँ मानवीय चेतनाका माध्यमबाट प्रकृति अवस्था र पारिस्थितिक समयको बोध गराएका छन् । कविताांशमा आएको 'रिक्सावालाको खुट्टा' श्रम र सङ्घर्षको शक्ति हो । 'फुटपाथमा दोकानको आवाज' एउटा मजदुरले आफ्नो अस्तित्व दाबी गर्नका लागि गरिएको सञ्चार हो । 'बिसाउन नपाएका आँखाहरू' पारिस्थितिक प्रणालीको कठोरता

र योग्यता बचाउको नियम हो भन्दै कविले यहाँ 'कलकत्ता' लाई भौतिक संरचनाबाट विनिर्माण गरी जैविक महासागरको रूपमा पुनः निर्माण गरेका छन् । मानिस सामाजिक पात्र मात्र नभएर बृहत् पारिस्थितिक प्रणालीको सानो एकाइ (पानीका फोका) हो जुन एक विराट अस्तित्व (सागर वा महानगर) मा बन्छ र विलीन हुन्छ भन्दै कविले यहाँ जन्म, मृत्यु, पुनः जन्म र सङ्घर्षलाई प्रकृतिको नियमका रूपमा विश्लेषण गरेका छन् । त्यसै गरी कविले यहाँ जलीय पारिस्थितिकी प्रणाली, वर्तमानको पारिस्थितिकी प्रणाली, जैविक घटक र ऊर्जाको पारिस्थितिकी प्रणाली र मानव निर्मित प्रकृतिको विरोधी भावको पारिस्थितिकी प्रणालीलाई सशक्त रूपमा उठान गरेकै कारण प्रकृति पारिस्थितिक प्रणालीको अभिव्यिक्तिका दृष्टिकोणबाट यो कवितांश उत्कृष्ट रहेको देखिन्छ ।

### २.३.२ जैविक विविधताको चित्रण

जीवहरूमा पाइने अनेक सामूहिक अस्तित्व वा जीवहरूमा पाइने विविधता नै जैविक विविधता हो । पृथ्वीमा रहेका अनेक हावा, पानी, जलाशय, वनजङ्गल, खेतबारी तथा माटोमा पाइने समग्र जीवित प्राणी, वनस्पति, सूक्ष्म जीवाणु एवम् तिनका जात तथा वशं, भिन्नता एकअर्काबिचको सम्बन्ध (भक्तबहादुर थापा, २०६३, पृ. २) लाई नै जैविक विविधताको रूपमा लिइन्छ । यो मानव जीवन र पर्यावरणबिचको समन्वयको एउटा महत्त्वपूर्ण आधार हो । यसले देशको आर्थिक, सामाजिक तथा सांस्कृतिक क्षेत्रको विकासमा महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ । जैविक विविधताको उपयोगबाट नै मानिसले विभिन्न किसिमका खाद्यपदार्थ औषधी, लत्ताकपडा, रोजगारीलगायत जीवनका लागि आवश्यक हरेक वस्तुको परिपूर्ति प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा गरेका हुन्छन् । जैविक विविधताकै कारण मानिसको जीवन ऊर्जाशील तथा सिर्जनात्मक बनेको हुन्छ । त्यसैले मानव जीवनका निम्ति यो एक अभिन्न अङ्ग हो र यसको संरक्षणमा नै मानव अस्तित्व कायम हुन्छ (थपलिया, २०७५, पृ. १५७) । अन्य राष्ट्रहरूका तुलनामा नेपाल सानो देश भए तापनि भू-धरातलीय बनावट जलवायुको विविधता, भौगोलिक स्वरूपमा नेपाल सम्पन्न छ । प्रकृतिमा पाइने विभिन्न किसिमका माटो, हावापानी, बोटबिरुवा, जडीबुटी तथा बुट्यानहरूले नेपालको पर्यावरणीय सौन्दर्यलाई बढाएको छ र यही सौन्दर्यले पर्यटनको आगमनमा वृद्धि गरी देशको अर्थतन्त्रमा समेत वृद्धि गरेको छ । विभिन्न किसिमका जडीबुटीले मानिस तथा प्राणी जगतको जीवन बचाएको छ । त्यसैले मानवीय जीवनमा प्रकृतिको कति महत्त्व हुन्छ ? भन्ने

कुरालाई सुब्बाको 'धरती-२' शीर्षकको कविताांशमा व्यक्त गरिएको छ जसको पुष्टि यस उदाहरणले गर्छ :

रोगीको एक एक खोराक दबाईले बताउँछ
कि धरती कतिसम्म मायालु हुन्छ ।

धेरै दिनको डुबाउपछि
बल्ल धरती टेक्न पाएका
ती पाइलाहरूलाई थाह छ
कि धरतीको स्पर्श कति मिठो हुन्छ ।

धरती लेख्नलाई कुनै भाषा नै चाहिँदैन ।
बस् , नलेखिएको सादा आकासमा
कलमको टुप्पोले छोइदिनु मात्र पर्छ
त्यहीँबाट धरती बढ्दै-बढ्दै मनभरि भिज्छ
अनि हाम्रो चेतनाभरि फैलन्छ । (पृ. ४)

प्रस्तुत कविताांशमा रोगीको एक खोराक दबाई, धरती, पाइला, भाषा, सादा आकाश, कलमको टुप्पो, मन र चेतना जस्ता प्रकृति वस्तु तथा मानवीय चेतना फैलाउने पद तथा पदावलीको संयोजनमार्फत प्रकृति र प्रकृतिभित्रका जैविक विविधताको सुन्दर चित्रण गरिएको छ । मानवीय अस्तित्वबिना पनि हुर्कन, बढ्न, र बाँच्न सक्ने यी प्रकृति वस्तुहरू तथा वनस्पति मानवीय जीवनका लागि भने नभइनहुने आवश्यक तत्त्व हुन तर यिनै प्रकृति वस्तु तथा वनस्पतिलाई मानिसले नै नष्ट गरेको छ । मानिसकै क्रियाकलापका कारण यिनीहरू लोपोन्मुख

बन्दै गइरहेका छन् । प्रकृतिमा पाइने विभिन्न किसिमका जडीबुटीको प्रयोग गरेर नै रोगी मानिसले आफ्नो रोग निको पारेका छन् । यही प्रकृतिबाट उत्पादित जडीबुटी नै रोगीको एक खोराक दबाई बनेको छ । मृत्युको मुखमा पुगेका तिनै बिरामीलाई त्यही प्रकृति जडीबुटीले आज नयाँजीवन दिएको छ र फेरि पनि यस धरतीमा हिडडुल गर्न सिकाएको छ । धरतीमै स्पर्श गर्न सिकाएको छ । त्यसैले धरतीले सादाआकाशमा पनि कलमका शब्दले विविध चेतनाको दियो फैलाएको छ । बेसहारालाई सहारा दिएको छ । रोगीलाई निरोगी बनाई नयाँजीवन दिएको छ । शून्यतालाई सुन्दरतामा परिणत गरेको छ तर पनि कत्ति झर्को मानेको छैन । यही मायालु, दयाको खानी पृथ्वीमै हामी बाँचेका छौँ, नाचेका छौँ, रमाएका छौँ आफ्नो जीवन जिउने विविध आधारहरू खोजीरहेका छौँ । प्रकृतिबिना एकपल पनि हामी बाँच्न सक्दैनौँ तर पनि त्यही प्रकृतिको विनाश हामीले नै गरेका छौँ । यति हुँदाहुँदै पनि प्रकृति हामीसँग रिसाएकी छैनन् हामीलाई मायाले राखेकी छन् । हामीलाई बाँच्ने आधार दिएकी छन् । त्यसैले धरती कति ममताकी खानी छन् ? कत्ति सहनशील छन् ? भन्ने कुरालाई कवि सुब्बाले माथिको कवितांशमा व्यक्त गरेका छन् । त्यसैले यस कवितांशमा पर्यावरणीय जैविक विविधताको चित्रण भएको हामीले पाउन सक्छौँ ।

जङ्गलमा बस्ने सबै पशुपक्षी तथा जनावरहरू सबै जङ्गलका हुन् । ती सबै जीवजनावर तथा जङ्गली पशुपक्षीहरूको आआफ्नै किसिमको भाषा छन् । आआफ्नै स्वरहरू छन् । सहरको सुविधासँग कुनै मतलब नगरी उनीहरू आफ्नै संसारमा रमाइरहेका छन् । बाँचिरहेका छन् । आफ्नो जीवन बिताइरहेका छन् । उनीहरूले हाम्रो केही बिगारेका छैनन् तर मानिसहरू भने ती जङ्गली जीवहरूको बास भत्काउन उनीहरूलाई दुःख दिन जान्छन् भन्ने भावलाई कविले ‘ती जङ्गलकाहरू’ शीर्षकको कवितांशमा प्रस्तुत गरेका छन्, जसको पुष्टि तलको कवितांशबाट गर्न सकिन्छ :

तपाईले आजसम्म पत्रकारहरूसँग

जति आफ्नो शब्दहरू बोलिसक्नुभएको छ नि

त्यति नै आफ्नो भाषा छन् जङ्गलका

देशभरि सेलफोनका जति किसिमका रिङ्टोनहरू छन्

उति नै किसिमका स्वरहरू छन् जङ्गलका ।

हो, जङ्गलकै हुन् तिनीहरू ।

सहरे सुविधासँग के सरोकार तिनीहरूलाई ?

यति हो कि तिनीहरूको जङ्गल तिनीहरूसितै रहोस् ।

तिनीहरू सहर भत्काउन कहिल्यै आउँदैनन् ।

तर तपाईं चै किन पठाउनुहुन्छ तपाईंका कर्पोरेट प्रतिनिधिहरू

तिनीहरूको बास भत्काउन ?

तिनीहरूलाई उखेल्न ?

यो धरती कसको ?

ती प्रचीन आदिवासीको

कि तपाईंका मसिनको ? (पृ.९४)

उल्लिखित कवितांशमा जङ्गलमा विभिन्न किसिमका जीवजनावर तथा पशुपक्षीहरू रहेका हुन्छन् । तिनीहरू सबैको आआफ्नै फरक पहिचान, फरक भाषा, फरक बासस्थान, फरक खानपान, फरक स्वभाव, फरक समूहलगायतका अन्यकार्यमा पनि फरकपन हुन्छ । उनीहरू सबैले आआफ्नो तरिकाले जीवन अगाडि बढाएका हुन्छन् । जङ्गलमा बस्ने जीवहरूमा पनि विभिन्न किसिमको जैविक विविधता पाइन्छ जसरी तपाईंले आजसम्म पत्रकारसँग बोल्नुभएका अनगिन्ती शब्दहरू छन् । त्यसरी नै जङ्गलका पनि अनगिन्ती भाषाहरू छन् । जस्तो कोइलीको भाषा, जरायोको भाषा, बाघको भाषा, कागको भाषा, बाँदरको भाषा, चितुवाको भाषा, गोहीको भाषा आदि । जङ्गलमा बस्ने जीवहरूको भाषा र स्वर सेलफोनका रिङ्टोनहरू जस्तै फरक फरक किसिमका छन् । तिनीहरू जङ्गलकै हुन जङ्गलमै बस्छन् । सहरको सुविधासँग केही सरोकार छैन तिनीहरूलाई । त्यसैले तिनीहरूको जङ्गल तिनीहरूसँगै रहोस् । हामीले उनीहरूको जङ्गललाई केही नगरीदिने हो र जङ्गल उनीहरूकै लागि संरक्षण गरेर राखिदिने हो भने ती

जीवजन्तुहरू जङ्गल बाहिर मानव बस्तीमा आएर, मानवबस्ती भत्काउने र मानवबस्तीमा कुनै पनि किसिमको डरको तरङ्ग फैलाउने काम गर्दैनन् । त्यसैले मन्त्रीज्यू तपाइँले पनि वनजङ्गल मास्ने, वनजङ्गलका बोटविरुवा काट्ने, कुनै पनि जङ्गली जनावरको बासस्थान भत्काउने जस्ता कार्यका लागि आफ्नो प्रतिनिधि नपठाउनुहोस् । यो धरती सबैको साझा सम्पति हो सबै जीव तथा पशुप्राणीले पनि समान रूपमा यसको उपभोग गर्न पाउनुपर्छ भन्ने कुराको भाव यहाँ प्रस्तुत भएको छ ।

कवितांशमा प्रयुक्त 'पत्रकार' शब्दले मन्त्री (वनमन्त्री) ले पत्रकारसँग आफूले कुराकानी गरेको कुरालाई सङ्केत गरेको छ । 'सेलफोनका रिङ्टोन' ले जङ्गलमा बस्ने विभिन्न किसिमका जीवजस्तु तथा पशुपक्षीहरूका आआफ्नै भाषा र स्वरहरूको फरकपनलाई सङ्केत गरेको छ । 'कर्पोरेट प्रतिनिधि' ले वनमन्त्रीको आज्ञापालक प्रतिनिधिलाई सङ्केत गरेको छ । 'आदिवासी' शब्दले पहिलेदेखि नै जङ्गलमा बस्दै आएका जङ्गलका जीवनजन्तु तथा पशुपक्षीलाई सङ्केत गरेको छ भने 'मसिन' शब्दले जङ्गलको अत्यधिक दोहन गर्नका लागि प्रयोग गरिने आधुनिक हातहतियार तथा जङ्गली जनावर सिकार गर्दा प्रयोग गरिने विभिन्न किसिमको औजारहरूलाई सङ्केत गरेको छ । यसरी कवितांशमा प्रयोग भएको पत्रकार, वनमन्त्री, भाषा, जङ्गल, सेलफोनका रिङ्टोन, कर्पोरेट प्रतिनिधि, बास, धरती, आदिवासी र मसिन शब्दको प्रयोग गर्दै कविले एकातिर जङ्गलका विभिन्न किसिमका जीवजन्तु तथा पशुपक्षीको बासस्थान हो भन्ने कुरालाई प्रस्तुत गरेका छन् भने अर्कोतिर जङ्गलमा बस्ने जीवहरूको हो उनीहरूलाई त्यही जङ्गलमा रमाउन दिनुपर्छ । त्यसैले हामीले जङ्गलको विनाश गरी उनीहरूलाई खलबलाउने कार्य गर्नु हुँदैन । उनीहरूको संरक्षणका लागि हामीले जङ्गलको संरक्षण गर्नु आवश्यक छ । त्यसले हामीलाई नै फाइदा पुऱ्याउछ भन्ने कुरालाई यहाँ विभिन्न बिम्ब प्रयोगका माध्यमबाट प्रस्ट पारेकै कारण उल्लिखित कवितांश जैविक विविधताका दृष्टिले उपयुक्त रहेको छ ।

### २.३.३ पर्यावरण र मानिसको सांस्कृतिक सम्बन्ध

पर्यावरण भन्नु नै पृथ्वीको बाहिरी सतह हो । यसभित्र मानिस तथा विभिन्न जीवजन्तु, वनस्पति, माटो, हावा, पानी, चराचुरुङ्गी पर्दछ । पर्यावरणभित्र नै सजीव तथा निर्जीव वस्तु, प्राणी तथा वनस्पतिले आफ्नो जीवन अगाडि बढाएका हुन्छन् । संस्कृति भन्नु नै हाम्रो परिचय, पहिचान, अनुभूति, बोल्ने, विचार गर्ने तथा बाँच्ने तरिका हो । हाम्रो संस्कृति बाँचेमा मात्र हाम्रा सांस्कृतिक मूल्यमान्यताहरू बाँच्छन् । दसैं, तिहार, तिज, बुद्ध पूर्णिमा, छठ, उँधौली, उँभौली,

ल्होसार, गौरा पर्व, माघी, विवाह, पास्नी, न्वारन यी सबै हाम्रा संस्कृति हुन । यिनीहरूको हामीले संरक्षण गर्नुपर्छ । यी सम्पूर्णको क्रियाकलाप यही पर्यावरणमा हुन्छ । त्यसैले जमिन र जङ्गलबाट प्राप्त वस्तुहरूको उपयोग सम्पूर्ण प्राणीको लागि आवश्यक छ । मानिस पूर्णरूपमा प्रकृतिमा निर्भर रहन्छ । उसका सम्पूर्ण व्यवहार पनि प्रकृतिमै निर्भर रहन्छन् । मानिस जति प्रकृतिबाट टाढा हुँदै जान्छ त्यति नै उसको जीवनशैली र संस्कृति पनि फेरिदै जान्छ (पोखरेल, गोकुल, २०७२-पृ. १३) । त्यसैले संस्कृति मानव व्यवहारको सम्पूर्ण रूप र यसबाट उत्पन्न हुने विचार, विमर्श र कार्यको समष्टि हो । यसभित्र मानवीय सामर्थ्यमा निहित विभिन्न सिकाइ र ज्ञानको हस्तान्तरण, पिँढीगत विकासका लागि निर्मित सम्पूर्ण मानवीय सभ्यताका प्रसाधनहरू, भाषा, विचारधारा, कला, चलनचल्तीमा रहेका जनविश्वासहरू, जातीय, धार्मिक वा सामाजिक समूहमा भिन्न भौतिक, विशेषतालाई वैधानीकीकरण गर्ने परम्परा, परम्परागत, जटिल व्यवहार ( थपलिया, २०७५, पृ. १७३ ) जस्ता समग्र कुराहरू पर्दछन् । त्यसैले पर्यावरणीय समालोचनाले पनि कुनै पनि साहित्यिक कृतिमा प्रकृतिको अङ्कन महत्त्वका साथ भएको छ वा छैन ? केन्द्रमा प्रकृतिलाई राखिएको छ वा छैन ? नष्ट बन्दै गइरहेको पर्यावरण जोगाउप्रतिको चासो कृतिमा व्यक्त भएको छ वा छैन ? भन्ने जस्ता प्रश्नहरूको उठान गर्दै कृतिमा अङ्कन भएको प्रकृति वातावरण, संस्कृति वनस्पति जगत्, चराचुरुङ्गी, प्रकृति सौन्दर्य आदिलाई केन्द्रबिन्दु बनाएर त्यसमा भएको मानवीय अत्याचारको विरोध ( पोखरेल, २०७५/०७६) गर्दै प्रकृति र मानिसबिचको गहिरो सांस्कृतिक सम्बन्धलाई स्पष्ट पार्छ । त्यसैले मानिस र प्रकृतिकाबिचमा अन्योन्याश्रित सम्बन्ध रहेको हुन्छ ।

पर्यावरणको विभिन्न अध्ययनमध्ये संस्कृति र प्रकृतिबिचको सम्बन्धको अध्ययन पनि एक हो । पर्यावरणभित्र मानिस र मानिसका विभिन्न क्रियाकलाप पनि पर्दछन् । मानिसले पर्यावरणको जति नै विनाश गरे तापनि जीवनका हरेक पक्ष प्रकृतिसँगै सम्बन्धित हुन्छन् । प्रकृतिलाई नै मानिसले आफ्नो जननीका रूपमा लिएका हुन्छन् । जन्मदेखि मृत्यु पर्यन्तसम्म पनि मानिसको अस्तित्व प्रकृतिसँगै जोडिएको वा गाँसिएको हुन्छ । त्यसै गरी मानिसको खानपान, जीवनकला, जाति, समूह, लैङ्गिक व्यवहार आदि प्रकृतिद्वारा निर्देशित छन् । जमिन, जल, जङ्गल, वायु, र संस्कृति निर्माणमा प्रत्यक्ष रूपमा पर्यावरणीय पक्ष जोडिएका छन् । त्यसकारण मानिसको संस्कृति निर्माणमा पर्यावरण जिम्मेवार रहेको छ (गेरार्ड, २००४, पृ. ९) । नेपालमा बहुजातीय संस्कृति र विविध सांस्कृतिक सम्पदाहरू छन् । यिनै बहुभाषी, बहुजाति, बहुधार्मिक, बहुसांस्कृतिक, विविध भौगोलिक अवस्था, जलवायु तथा प्रकृति सौन्दर्य फरक संस्कृतिकै कारण

विश्वको तुलनामा सानो राष्ट्र भए तापनि सांस्कृतिक, भौगोलिक, धार्मिक, भाषिक दृष्टिले भने नेपाल विशाल छ । यही विशालतामा मानिसको जीवनशैली बितेको छ । यसको मुख्य कारण भन्नु नै प्रकृति हो । प्रकृतिबिना कुनै पनि जीवजन्तु, पशुप्राणी, वनस्पति, चराचुरुङ्गी तथा मानिसले अथवा भनौ कुनै पनि सजीव तथा निर्जीव वस्तु तथा प्राणीको कुनै अस्तित्व नै हुँदैन । यही प्रकृतिमै हामी प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा गाँसिरहेका हुन्छौँ र प्रकृतिको प्रयोग गरेर नै आफ्नो दैनिकी चलाएका छौँ । प्रकृतिबिना हामी अपूर्ण हुन्छौँ । हाम्रो अस्तित्व नै समाप्त हुन्छ । त्यसैले मानवीय जीवनमा प्रकृतिको अहम् भूमिका रहेको छ । किनभने हामी यही प्रकृति वातावरणमा जन्मियौँ, हुर्कियौँ र यही हामी विलीन हुन्छौँ । चक्रीय प्रणालीअनुसार पनि हामी यही पृथ्वीमा जन्मन्छौँ, हुर्कन्छौँ, पृथ्वीमै मिसिन्छौँ वा विलीन हुन्छौँ । मानिसको जन्मदेखि मृत्युसम्मका सम्पूर्ण संस्कार पनि प्रकृतिसँग नजिक छन् ।

बस्ने घर, झ्याल, ढोका भाँडाकुडा, खानपान, लत्ताकपडा, सबै प्रकृतिमै निर्भर छन् । पर्यावरणको अनुकूलता अनुरूप मनाइने विभिन्न चाडपर्वहरू हाम्रो संस्कृति हो भने त्यो संस्कृति मनाउदा अपनाउने विभिन्न तौरतरिकाहरू हाम्रा सांस्कृतिक मान्यता हुन् । यस संस्कृतिभित्र विभिन्न धर्म, दैनिक व्यवहार, खानपान, रहनसहन आदि पर्दछन् र तिनीहरूको सम्बन्ध प्रत्यक्ष रूपमा पर्यावरणसँग रहेको हुन्छ (भट्टराई, २०७१, पृ. ४२) । मानिस सामाजिक प्राणी हो र उसमा प्रकृति परिवेशजन्य चेतना जागृत गराउने मुख्य आधार भनेको उसको संस्कार हो । किनकि चिन्तनबाट सांस्कृतिक र सामाजिक स्वरूप तयार पार्ने पहिलो प्राथमिक वस्तु नै वनस्पति हो । त्यसैले विभिन्न सांस्कृतिक गतिविधिलाई नियाल्ने हो भने सबै संस्कृतिको मुख्य आधार नै वनस्पति भएको पाइन्छ (थपलिया, २०७५, पृ. १७४-१७५) । त्यसै गरी कवि सुब्बाको ‘वर-पिपलको बिहेमा’ शीर्षकको कवितामा पनि पर्यावरणीय सांस्कृतिक सम्बन्ध प्रकट भएको पाइन्छ, जसको पुष्टि दिइएको उदाहरणबाट गर्न सकिन्छ :

> बधाइ दिँदै वर-पिपललाई
>
> यति चाहिँ भन्नुछ खुसुक्क-
>
> अब मानिसहरूले तिमीहरूको पूजा गर्न थाल्ने छन्
>
> पूजाले तिमीहरू मक्ख परिरहनेछौ

र अरू सहोदर रुखहरूमाथि के बितिरहेको छ

तिमीहरूले वास्ता गर्ने छैनौ ।                                    (पृ. ९७)

उल्लिखित कविताको अशंमा मानिसको संस्कृति भन्नु नै परिवेश सापेक्ष निर्माण भएको हुन्छ । संस्कृति निर्माणका लागि स्थानीय परिवेशमा वनस्पति, जल, जमिन, विभिन्न किसिमका बोटबिरुवाहरूले मुख्य भूमिका खेलेको हुन्छ । मानवीय विभिन्न जातजाति र भूगोलअनुसार धार्मिक मान्यता र आस्था फरक फरक हुन्छन् तर अहिलेको समयमा मिश्रित समुदायको बसोबासकै कारण उनीहरूको धार्मिक मान्यता र पूजाआजा गर्ने प्रचलनहरूमा पनि विविध स्वरूप पाउन सकिन्छ । बधाईदिनु, पूजा गर्नु, मख्ख पर्नु, अरूको वास्ता नगर्नु जस्ता पदावलीका माध्यमबाट हिन्दु संस्कृतिमा वर-पिपलको महत्त्व र यसको धार्मिक तथा सांस्कृतिक मान्यतालाई यहाँ प्रस्तुत गरिएको छ । पिपलमा जल चढाउनु, पूजा गर्नु, वर-पिपलको पात पूजाआजामा प्रयोग गर्नु तथा वर-पिपलकोसँगै विवाह गरिदिनु तर सँगै रहेका अरू बोटबिरुवालाई वर-पिपलमा जस्तो धार्मिक आस्था नराख्नु र त्यसको कुनै वास्ता नगर्नुले वर-पिपलप्रतिको मानिसको धार्मिक मान्यता र यससँग जोडिएका पर्यावरणीय सांस्कृतिक सम्बन्धलाई प्रकट गरेको छ । वर-पिपलको विवाह गरीदिनु र तिनीहरूको पूजासमेत गर्नुले मानिसको जीवनमा वर-पिपलको महत्त्व कति छ ? मानवीय जीवनसँग यसको कस्तो सम्बन्ध गाँसिएको छ ? वर-पिपलले स्वस्थ्य जीवन जिउनका लागि कतिको सहयोग पुऱ्याएको हुन्छ ? भन्ने कुरालाई दृष्टिगत गर्नु नै यस कविताको काव्यिक अभिव्यक्ति हो ।

कवितामा प्रकृतिसँग जोडिएको मानिसको आत्मीय सम्बन्धलाई कवि सुब्बाले यहाँ व्यक्त गरेका छन् । उक्त कवितांशमा रुखलाई मानवीकरण गर्दै मानवीय चेतना र धार्मिक तथा सांस्कृतिक मूल्यमान्यतालाई प्रस्तुत गरिएको छ । मानिसले वर-पिपलको विवाह गरिदिनु र बधाईदिनु, त्यसको पूजा गर्नु तर तीसँगै रहेको अरू बोटबिरुवाको कुनै वास्ता नगर्नुले प्रकृति केन्द्रित धार्मिक तथा सांस्कृतिक सम्बन्धको मार्मिक अभिव्यक्ति यस कवितांशमा प्रकट भएको छ । वर-पिपलको पूजा र यी दुवैलाई एकै ठाउँमा रोपेर चौपारी बनाई विवाह गरिदिनाले मात्र वर-पिपलप्रतिको धार्मिक संस्कृति पूरा हुने भएकाले मानवीय जीवनमा यसको धेरै महत्त्व रहेको छ । यो हाम्रो प्रकृति सम्पदा हो । वर-पिपलको धार्मिक मान्यता र यिनीहरूको संरक्षण गर्दै यसप्रति उत्तरदायी हुनु प्रत्येक मानिसको कर्तव्य हो । मानवको भिन्न आर्थिक गतिविधिको प्रमुख स्रोत नै प्रकृति हो । प्रकृतिमै हामी विविध वस्तु उत्पादन गरी त्यसको बिक्रीवितरण गरेर आर्थिक

रकम सङ्कलन गरी त्यही रकमबाट आफ्नो दैनिकी चलाउने गर्छौँ । यही पृथ्वीमा विभिन्न किसिमका फलफूल, कन्दमूल, जडीबुटी, रुखविरुवा, घाँस, दाउरा, माटो, पानी, अन्न उत्पादन, तेल उत्पादन, खनिज पदार्थको उत्खन्न कोइला खानी, तेलखानी, सुनखानीलगायतका विविध कार्य तथा व्यापार गरेर यही प्रकृतिबाट मनग्य आर्थिक रकम जुटाउन सक्छौँ । खाद्यान्नदेखि लत्ताकपडासम्म घरबासदेखि उद्योगधन्दा सञ्चालनसम्मको प्रमुख स्रोत प्रकृति नै हो । त्यसैले प्रकृति र मानिसबिच अर्थगत सम्बन्ध अन्योन्याश्रित रूपमा रहेको छ भन्ने भावलाई कवि मनप्रसाद सुब्बाले 'पृथ्वी-दिवस' शीर्षकको कवितामा प्रस्तुत गरेका छन् :

घाम जन्मिनलाग्दाको टाइगर हिल
अनि त्यो ट्याक्सी ड्राइभर
जो एक झप्को निद्रापछि अँध्यारोमै उठेर
सनराइज हेर्ने सिजनर्स् लिएर जाने गर्छ
ऊभन्दा पहिल्यै उकालै-उकालो हिँडेर
पुगिसकेका छन् त्यहाँ तातो चिया बेच्ने दिदी-बैनीहरू
अलि मुन्तिर
सिन्चेलको जङ्गल अझै छ
त्यसैले त्यहाँबाट देवी- देवता उठिबास लागिहालेका छैनन्
हामीलाई हमेसा मायाले हेर्दै
कहिल्यै नथाकी उभिइरहने कञ्चनजङ्घाले
हाम्रै लागि पर्यटकहरू निम्त्याएर केही खर्च गर्न लाउँछ ।

(पृ. १-२)

उल्लिखित कवितांशमा पर्यटनमा आधारित दार्जिलिङको जनजीवनको यर्थाथतालाई प्रकट गरिएको छ । व्यवसायको लागि मानिसहरू बिहान सबेरै उठेर आआफ्नो पेसामा लागिपरेको कुरालाई चित्रात्मक रूपमा प्रस्तुत गरिएको छ। टाइगर हिलबाट पहिलो झुल्के घाम हेर्ने पर्यटक लिएर अध्याँरैमा जानु ट्याक्सी ड्राइभरको मौसमी व्यवसाय हो भने ट्याक्सी ड्राइभरभन्दा पनि पहिल्यै (सबेरै) पुगिसकेर चिया व्यवसाय गर्नु वा चिया बेच्नु त्यहाँका दिदीबहिनीहरूले जीविकोपार्जनका निम्ति गरेको सङ्घर्ष हो। सिन्चेलको जङ्गल र कञ्चनजङ्गा हिमाल त्यहाँको प्रकृति सौन्दर्य हो। त्यस क्षेत्रमा पर्यटनका लागि आकर्षणको केन्द्र पहिलो झुल्के घाम, सिन्चेलको जङ्गल र त्यसभित्र बास गरेका देवीदेवता हुन भन्ने कवितांशको आशय रहेको छ । नाश हुँदै गएको हरियाली बचाउन स्थानीय मन्दिरको महत्त्वपूर्ण भूमिका रहेको छ। पहाडी भिरालो जमिन जहाँ जङ्गल हुन्छ, त्यहाँ देवीदेवताका मन्दिरहरू रहेका हुन्छन् । यस दृष्टान्तबाट मानिसले वनजङ्गल र भगवानलाई एउटै श्रद्धाभाव र आत्मिक सम्बन्धको प्रतिविम्बन मानेको भाव कवितांशले प्रस्तुत गरेको छ (थपलिया, २०७५, पृ. १८२)। टाइगर हिलबाट देखिने पहिलो झुल्के घामको दृश्य, त्यहीबाट देखिने कञ्चनजङ्घा हिमाल र त्यहाँको प्रकृति सौन्दर्यले पर्यटकहरूलाई अझ बढी आकर्षण गरेको छ । पर्यटकहरूको यही आकर्षणकै कारण त्यहाँका मानिसहरूले यातायात व्यवसाय, चिया व्यवसाय तथा ट्याक्सी व्यवसाय गरेर आफ्नो जीविकोपार्जनमा केही हदसम्म भए पनि आर्थिक रकम जुटाउन सफल भएको यर्थाथताको प्रकटीकरण माथिको कवितांशले गरेको छ ।

यसै गरी घाम जन्मिन लाग्दाको टाइगर, हिल, ट्याक्सी ड्राइभर, ड्राइभरको एक झप्को निन्द्रा अँध्यारोमै उठनु, सनराइज हेर्ने सिजनस् लिएर जानु, चिया बेच्ने दिदी-बहिनीहरू, सिन्चेलको जङ्गल, देवी-देवता, कञ्चनजङ्घा हिमाल, पर्यटक, केही खर्च गर्न लाउन जस्ता पद तथा पदावलीले त्यहाँका मानिसहरूको दैनिकी तथा आयआर्जनको कष्टपूर्ण अवस्था र सङ्घर्षलाई प्रकृति परिवेशजन्य चित्रात्मक अवस्थाका माध्यमबाट प्रस्तुत गरिएको छ । यस दृश्यात्मक बिम्बका माध्यमबाट त्यहाँको गतिशील र श्रमजीवी जीवनमा आर्थिक सन्तुलनका निम्ति प्रकृति सहकार्यको महत्त्व (थपलिया, २०७५, पृ. १८३) लाई कवि सुब्बाले प्रस्तुत गरेका छन् ।

### २.३.४. प्रकृति सार्वभौमपनको चित्रण

प्रकृति सबै वनस्पति र जीवात्माहरूको साझा थलो हो। प्रकृतिमा सबैको अस्तित्व समान र भेदभावरहित हुन्छ । प्रकृति वस्तु उत्पादन र वस्तुको उपभोग पनि सबैले समान रूपमा

गर्नुपर्छ भन्ने मान्यता नै प्रकृति सार्वभौमपनको चित्रण हो । प्रकृति सबैको साझा भएकोले यसको उपभोग सबैले गर्न पाउनुपर्छ जसरी प्रकृतिले सबैलाई भेदभावरहित प्रकृतिक वस्तु प्रदान गरिरहेको हुन्छ त्यसै गरी सबै जीवहरूले पनि समान रूपमा ती वस्तुको उपभोग गर्नुपर्छ भन्ने मान्यता राख्छ । त्यसैले प्रकृति सबै वनस्पति, जीव, जीवात्माहरूको साझा घर तथा थलो हो ( फिलिप्स, सन् १९९६, पृ. २०५) । पूर्वीय अध्यात्म दर्शन सापेक्ष जीवनशैली र जीवनदृष्टिको सांस्कृतिक प्रभावले प्रकृतिप्रतिको साझा भावनालाई जगाएको छ । त्यसैले गहन पर्यावरणीय चिन्तनभित्रको पहिलो र महत्त्वपूर्ण मान्यता नै प्रकृतिको सार्वभौमपन हो ।

प्रकृति वस्तु घाम, पानी, माटो, हावा र आकाश यी पञ्चतत्त्व सबैका निम्ति नभैनहुने आवश्यक तत्त्व हुन् । त्यसैले निसन्देह यसको उपभोग गर्ने अधिकार सबै जीवलाई समान रहन्छ भन्ने मान्यता पूर्व पश्चिम दुवैतिरको जीवनदर्शन  हो (थपलिया, २०७५, पृ. १६२-१६३) । प्रकृति सबैको साझा बासस्थान हो । यहाँ जल, स्थल, वायु, आकाश र तेज यी पञ्चतत्त्वका बिच जलचल, स्थलचर, नभचर र सबै चराचर आफ्नो जीवन बिताउँछन् । पृथ्वीलाई छोडेर अन्य ग्रहमा जीवात्माको अस्तित्व भेटिएको छैन । त्यसैले हामी सबै यही प्रकृतिमा बाँच्नुपर्छ र यही मर्नुपर्छ ।

मानिसले प्रकृतिको बढी मात्रामा उपभोग गरेकै कारण पृथ्वीको पारिस्थितिक प्रणाली बिथोलिएर वनस्पति तथा जीवात्माको अस्तित्व सङ्कटमा परेको छ । जलवायु परिवर्तन वा वायुमण्डल प्रदूषणकै कारण पृथ्वीसतह अप्रत्यासित ढङ्गले तात्ने गरेको छ । बढ्दो सहरीकरण तथा औद्योगीकरणले वातावरण प्रदूषित र नष्ट हुँदै गइरहेको छ भने मानिसका नकारात्मक क्रियाकलापहरू दिनानुदिन बढ्दै गइरहेका छन् । सहरीकरणका नाममा वनजङ्गल र प्रकृति स्रोतहरू मास्दै मानवबस्ती बस्दै गइरहेको छ। त्यसको असर समग्र प्राणी र वनस्पतिमा परिरहेको छ । यसरी मानिसले आफ्नो सुखको लागि विकास निर्माणका नाममा वनजङ्गल मास्दै त कतै सहरीकरणका नाममा ढलहरू नदीनालामा मिसाउँदै गइरहेका छन् । हिजोको सुन्दर स्थान आज फोहोर फाल्ने डम्पिङ्मा परिणत भइरहेको छ। भवन निर्माणका नाममा गिट्टी, बालुवा र ढुङ्गाको अत्यधिक प्रयोगले प्रकृति असरहरू भू–क्षय, बाढी पहिरो जस्ता विपदहरूको जोखिम मोलेर बस्न बाध्य हुनुपरेको छ। प्रकृति सत्यतालाई बिर्सेर प्रकृति आधिकारिकताको नाममा प्रकृतिको उपभोग गर्दा प्रकृतिलाई नष्ट र प्रदूषणयुक्त बनाउँदै गइरहेका छन्, जसको मुख्य कारण मानिस नै हो । त्यसैले मानवीय क्रियाकलापको विरोध तथा पर्यावरणीय सङ्कट रोक्नका लागि सबैलाई सजग

पार्ने काम पर्यावरणीय साहित्यले गर्दछ । मानिस र कीट समान अस्तित्वका साथ प्रकृतिमा जन्म लिन्छन् तर मानिस सर्वेसर्वा भएर अरूको अस्तित्व स्वीकार नगर्दा पर्यावरणीय सङ्कट देखापरेको छ । त्यसैले नैतिक रूपमा जिम्मेवारी तथा स्वार्थ भावको प्रकृति उपभोग गर्ने अतिवादी मान्यता परिवर्तनका लागि मानिस जिम्मेवारी र उत्तरदायी हुनुपर्छ ।

वनस्पति र प्राणीको साझा थलो प्रकृति हो भन्ने धारणा कवि सुब्बाले 'ती जङ्गलकाहरू', 'आदिम माटोको कुरा' र 'देश अनि म' शीर्षकको कवितामा महत्त्वका साथ उठान गरेका हुनाले नै प्रकृतिको सार्वभौमपनलाई कृति विश्लेषणको मुख्य आधार मानिएको छ । प्रकृति सार्वभौम छ, यही प्रकृतिमा नै विभिन्न किसिमका बोटविरुवा, झारपात तथा वनस्पति रहेका हुन्छन् र तिनीहरूको पनि आफ्नो छुट्टै पहिचान तथा महत्त्व रहेको हुन्छ । जङ्गल प्रकृतिको देन हो । त्यहाँ विभिन्न किसिमका बोटविरुवा, फलफूल, झारपात, जीवजन्तु, चराचुरुङ्गी तथा वस्तुभाउ रहेका हुन्छन् । ती सबै जङ्गलमै जन्मेका जङ्गलबाटै प्राप्त विभिन्न किसिमका खाना खाएर नै आफ्नो जीवन बचाएका छन् । जङ्गलमै हुर्के बढेका छन् भन्दै कविले 'ती जङ्गलकाहरू', शीर्षकको कवितामा प्रकृतिको महत्त्व देखाउने क्रममा पर्यावरणीय सार्वभौमपनलाई देखाएका छन् । त्यसैले प्रकृतिको सार्वभौमपनको चित्रणका दृष्टिले उपयुक्त कवितांशलाई यहाँ विश्लेषण गरिएको छ :

जङ्गलको कोखबाट जन्मेका तिनीहरू
जङ्गली होइनन् , तर जङ्गलका हुन्
अनि जङ्गल तिनीहरूको हो
जस्तो कि तपाइँलाई जन्माएर हुर्काउने आमा
तपाइँकै हुन् ।

रुखहरूको बोली तिनीहरू नै बुझ्छन्
तिनीहरू नै सुन्छन् झारपातको साउती
जङ्गलमा तिनीहरू कसरी हिँड्छन् , देख्नुभाको छ ?

तिनीहरू हिँड्दा रुखहरू नै हिँडेका देखिन्छन् खुट्टाले भुइँ टेकेर ।

तिनीहरू गाउँछन् आफ्नै आदिवासी गीत

अनि गाउँछन् रुखहरू पनि थरिथरि चराका भाकामा ।

(पृ. ९३ )

माथिको कवितांशमा जङ्गलमा हुने हरेक वनस्पति तथा पशुप्राणीको जन्म यही जङ्गलमै भएको हो र तिनीहरूको बासस्थान पनि त्यही जङ्गल हो । उनीहरू त्यही जङ्गलमा आफ्नो दिनचर्या व्यतित गर्दै अन्त्य भएका हुन्छन् अथवा यसलाई अर्को शब्दमा भन्नुपर्दा यिनीहरू जङ्गलमै जन्मन्छ जङ्गलमै बढ्छन् र मर्छन (जङ्गलमा हुर्कदै, बढ्दै, रमाउदै अगाडि बढ्छन् र यही जङ्गलमै आफ्नो अस्तित्व समाप्त पार्छन्) भन्ने कुरालाई कविले यहाँ प्रस्तुत गरेका छन् । जङ्गलमा रहेका हरेक किसिमका पशुपक्षी, जीवजनावर र वनस्पतिको जन्म जङ्गलबाटै हुन्छ र बासस्थान पनि जङ्गल नै हो तर यिनीहरू जङ्गली भने होइनन् मात्र जङ्गल यिनीहरूको हो । यिनीहरूलाई जन्मदिने आमा भनेको नै प्रकृति हुन् । प्रकृतिमा हरेक किसिमका बोटबिरुवा, चराचुरुङ्गी, जीवजन्तु, वनस्पति, तथा हरेक किसिमका जल तथा स्थलचर प्राणीको जन्म हुन्छ । जन्म सँगसँगै हरेकको जीवनयापन पनि प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा यही प्रकृतिसँग जोडिएर अगाडि बढेको हुन्छ । प्रकृति आफू मरेर भए पनि सम्पूर्ण प्राणीको जीवन बचाएकी छन् । हरेकलाई गाँस, बास र कपासको समेत व्यवस्था गरेकी छन् । त्यसैले पृथ्वी हामी सबैकी आमा हुन् ।

कवि भन्छन् जङ्गलमा बस्ने सबै जीवजन्तु र पशुपक्षीले नै बुझ्छन् जङ्गलका बोटबिरुवा र झारपातको कुरा किनकि हरेक किसिमका बोटबिरुवाका जराहरू फैलिएर टाढा टाढासम्म पुगेको हुन्छ । एकको जरा अर्को बोटबिरुवाको जरासँग गाँसिन र ठोकिन पुगेको हुन्छ । यस क्रमबाट नै बोटबिरुवा हिडिरहेका हुन्छन् एकले अर्कोसँग कुराकानी गरिरहेका हुन्छन् । आफू लाई आवश्यक पर्ने खाद्यवस्तु आफैले प्रयोग गर्छन् र आफूले प्रयोग नगर्ने खाद्यवस्तु अर्को बोटबिरुवालाई खान दिन्छन् । खानेकुरा देखाइदिने काम गर्छन् । बतास लाग्दा एकअर्कासँग ठोकिएर वा भनौं टाँसिएर आफूहरूबिच कुराकानी गरिरहेका हुन्छन् भन्ने कुरालाई कविले यहाँ पातपतिङ्गर र बोटबिरुवाका पातहरूबिच एकअर्कामा घर्षण भई निस्कने आवाजका माध्यमबाट लाक्षणिक रूपमा व्यक्त गरेका छन् । त्यसै गरी यहाँ 'खुट्टा' शब्दको प्रयोगका माध्यमबाट

बोटबिरुवाको जरालाई सङ्केत गरेका छन् । 'आदिवासी गीत' भनेर वनजङ्गलमा रहेका पातपतिङ्गर र बोटबिरुवा एकअर्कामा ठोकिएर उत्पन्न हुने विभिन्न किसिमका आवाजलाई र जङ्गली चराहरू कोइली, मयूर, डाँफे, मैनालगायतका अन्य चराचुरुङ्गीहरूको स्वरलाई सङ्केत गरेका छन् । जङ्गली चराचुरुङ्गीहरूको आवाजमा कति मिठास सुनिन्छ । जस्तो कोइलीको त्यो कुहुँ कुहुँ आवाजले वसन्त ऋतुलाई कति आनन्दित बनाउँछ । त्यस्तै मयूर, मैना, सुँगा यी सबैको आआफ्नो विशेषता, महत्त्व र आफ्नोपन छ । यिनीहरू सबैले बोल्दा र यिनीहरूको थरीथरीको आवाज सुन्दा गीत गाइरहेको महसुस हुन्छ भन्दै कवि सुब्बाले वनस्पतिप्रतिको नैतिक प्रतिष्ठालाई यहाँ झारपातको साउती, रुखका खुट्टा, आदिवासी गीत र चराका थरीथरीका भाकाका माध्यमबाट मार्मिक रूपमा प्रस्तुत गरेका छन् ।

धरती सृष्टिप्रक्रियाको एउटा सिङ्गो गर्भाशय हो । जीवनका सबै सम्भावनाहरूको भौतिक तथा मानसिक सम्बन्ध पनि यही पृथ्वीमा हुन्छ । हरेक वस्तु, प्राणी तथा जीवजन्तुहरूको साझा थलो नै धरती हो । त्यसैले हरेक प्राणीहरूले जस्तै कछुवाले पनि यही माटोमा आफ्नो घर बनाउँछ । उसको बासस्थान पनि यही माटो नै हो । माटोबाहेक यसलाई अरू केही चाहिँदैन । माटोमै जन्मेर माटोमै चल्ला कोरल्छ र आफ्नो सन्तानहरू हुर्काउँछ । अश्वमेध यज्ञ गरी छोडिएको घोडा जस्तै कछुवा पनि स्वतन्त्र छ । ऊ जहाँसम्म जान्छ त्यही नै उसको बासस्थान हो । त्यो नै उसको विजय प्राप्त गरेको ठाउँ हो भन्ने भाव 'मान्छे माटो गन्हाउँछ' शीर्षकको कवितामा व्यक्त गरिएको छ । त्यसैले प्रकृतिको सार्वभौमपनका दृष्टिले उपयुक्त ठानिएको कवितालाई विश्लेषणका निम्ति यहाँ प्रस्तुत गरिएको छ :

बालुवाको गर्भबाट जन्मेको कछुवा
बालुवाको ओथारामा अन्डा पार्छु म
ती अन्डाबाट धरतीको माया पलाउँछ ।

अश्वमेध यज्ञ गरी छाडिएको घोडा म
मेरा टापहरूको गतिलाई
धुलो उठेर माटोले पछ्याउँछ ।

चिलब्लेन चिलाइरहेको मेरो पैतालाभरि

आफ्नै मानचित्र खोज्दै धरतीले

क्षितिजदेखि क्षितिजसम्म यात्रा ओछ्याउँछ।                (पृ. १०)

प्रस्तुत कवितांशमा सृष्टिप्रक्रियामा प्रकृति र प्रणालीहरूका बिचमा देखिने सम्बन्धलाई व्यक्त गरिएको छ। यहाँ प्रस्तुत कवितांशमा अन्य प्राणीहरू जस्तै कछुवाले पनि प्रकृतिमै आश्रित रहेर आफ्नो जीवन अगाडि बढाएको हुन्छ। कछुवाको घर वा बासस्थान भन्नु नै यही माटो हो । माटोबाहेक यसलाई अरू केही चाहिदैन । माटोमै जन्मन्छ, हुर्कन्छ, ओथारो बस्छ र चल्ला कोरल्छ / आफ्नो सन्तान जन्माउछ जहाँ गए पनि माटोमै बस्छ। यसलाई कुनै रोकावट छैन जहाँ पुग्छ त्यो नै यसको बासस्थान हो, घर हो जसरी चक्रवर्ती राजा बन्नका लागि र युद्ध जित्नका लागि लक्ष्ययुक्त घोडालाई स्वतन्त्र छोडी यज्ञ गरिन्छ। त्यो स्वतन्त्र छोडिएको घोडाको टाप वा पैतालाको गतिले उडेको माटोले पछ्याइएका स्थानहरू सबै विजय प्राप्त गरेका स्थान थिए त्यसरी नै अश्वमेघ यज्ञका निम्ति छोडिएको स्वतन्त्र घोडा जस्तै 'म' पनि स्वतन्त्र छु। जहाँ जहाँ म पुग्छु त्यो नै मेरो राज्य हो। जहाँ जहाँ मेरो पैतालाका गति वा छाप छन् ती सबै मैले आफूले विजय प्राप्त गरेका स्थानहरू हुन्। शरीर तथा पैतालाभरि पुरै डाबर वा एलर्जीको फोका आए पनि, झुसिल किराको झुसले बिझाएर निस्किएको डाबर भए पनि धरतीको जुनसुकै स्थान मेरो भूमि हो जसरी पहाडले आकास छोएको हुन्छ, त्यसरी नै मेरो यात्रा पनि अगाडि बढेको हुन्छ। मानिसलाई एक देशदेखि अर्को देश जानका लागि पासपोट चाहिन्छ तर कछुवालाई केही चाहिदैन पासपोटबिना नै उसले हरेक देशमा जान सक्छ भन्ने भाव यस कवितांशमा प्रकट भएको छ । कवितामा प्रयोग भएको 'अश्वमेध यज्ञ गरी छोडिएको घोडा' ले यहाँ कछुवाको स्वतन्त्रतालाई सङ्केत गरेको छ । 'टापको गति' ले कछुवाको गतिलाई सङ्केत गरेको छ । 'मानचित्र' ले कछुवाको आफ्नो भूमिलाई सङ्केत गरेको छ भने 'क्षितिज' ले यहाँ कछुवाको यात्राको गन्तव्यलाई सङ्केत गरेको छ। यसरी कवितामा प्रयोग गरिएका बालुवा, कछुवा, ओथारा, अन्डा, धरती, माया, अश्वमेध यज्ञ, टाप, धुलो, पैताला, मानचित्र क्षितिज जस्ता विभिन्न बिम्ब प्रयोगले कवितालाई अझ ओझसपूर्ण र मिठास प्रदान गरेका छन् । त्यसैले प्रकृतिक सार्वभौमपनका दृष्टिले यो कविता उत्कृष्ट छ भन्ने भाव यहाँ प्रकट भएको छ।

मानिस र प्रकृतिबिचको सहकार्य नै पर्यावरणीय समालोचनाको मुख्य आधार हो । कवि सुब्बाले 'कञ्चनजङ्घा र हामी' शीर्षकको कवितामा पनि मानिस र प्रकृतिको सहकार्यलाई कलात्मक ढङ्गले प्रस्तुत गरेका छन् । यस कवितामा कविले मानिस र प्रकृति सम्पदाहरू बिचको सम्बन्धलाई महत्त्वका साथ उठान गरेका छन् । त्यसै गरी प्रकृतिले पर्यावरणलाई कति सुन्दर बनाएको हुन्छ भन्ने कुरालाई सार्वभौमपनका दृष्टिले यस कवितामा वर्णन गरेको हुनाले नै यहाँ विश्लेषण गरिएको छ :

कञ्चनजङ्घाको अघिल्तिर उभिएर
हामीले कञ्चनजङ्घा हेर्‍यौं
हाम्रो अघिल्तिर उभिएर
कञ्चनजङ्घाले हामीलाई हेर्‍यो
हामीले फेरेको सास अनि
कञ्चनजङ्घाको वाफ मिलेर
मास्तिर यौटा सफा आकाश टाँगिन्थ्यो
हाम्रा डाँडाहरू र थुम्काहरू
आकाश भेट्न माथि उठ्थे
रुखहरूले ती डाँडाका पाखुराहरूमा उचालेर
अझ अग्लो अग्ल्याइदिन्थे (पृ.३६)

उल्लिखित कवितांशमा प्रकृति र मानिसबिचको सहकार्यलाई प्रस्तुत गरिएको छ । कञ्चनजङ्घा हिमालको सुन्दरताले प्रकृतिलाई सुन्दर बनाएको छ । त्यसै गरी हिमालमाथि देखिने त्यो सफा निलो आकाशले तलपट्टि हेर्दा हरियाली वनजङ्गलकै बिचमा देखिने अग्ला अग्ला पहाडहरू, टाकुराहरू र ती थुम्काहरूले आकाशै छुन लागे जस्तो देखिने दृश्यले हामीलाई लोभ्याएको छ । टाढाबाट हेर्दा त झनै पहाड तथा टाकुरामा रहेको रुखका हाँगाले ती डाँडालाई अझ अग्लो आकाशै छोला जस्तो आकाशदेखि केही दूरी मात्र फरक भएको देखिन्छ भन्ने भाव प्रस्तुत गरिएको छ । यसरी कञ्चनजङ्घा हिमाल र त्यस वरपरको स्वच्छ वातावरणबाट हामीले

स्वच्छ हावा उपभोग गर्न पाएका छौँ । हामीले फेरेको सास र कञ्चनजङ्घा हिमाल पग्लेर पानी हुन्छ र पानी बाफमा परिणत हुन्छ । हामीले फेरेको सास अनि पानीको बाफ दुवै माथि आकाशमा जान्छ र सफा बादलमा परिणत हुन्छ ।

कवितामा प्रयुक्त 'कञ्चनजङ्घा' ले नेपालको प्रकृति सुन्दरताको वर्णन गरेको छ भने 'डाँडा र थुम्का' ले नेपालको भौगोलिक बनावटको चित्रण गरेको छ । यसरी एकातिर नेपालको प्रकृति सुन्दरताको वर्णन गरिएको छ भने अर्कोतिर नेपालको भौगोलिक र प्रकृति सम्पदाको महत्त्व तथा त्यसको महिमालाई उजागर गरिएको छ । त्यसै गरी कवितांशमा प्रयोग भएका सास, कञ्चनजङ्गघा, वाफ, सफा आकाश, डाँडा, थुम्का, पाखुरा, हाँगा जस्ता शब्दहरूले प्रकृतिसँगको सहकार्य तथा प्रकृति सुन्दरतालाई वर्णन गरेको छ । यी विभिन्न बिम्ब प्रयोगका माध्यमबाट प्रकृति सार्वभौमपनका दृष्टिले यो कवितांश महत्त्वपूर्ण छ भन्ने भाव प्रकट भएको छ ।

## २.४ *किनाराका आवाजहरू* कवितासङ्ग्रहमा पर्यावरणीय चेतना

*किनाराका आवाजहरू* कवितासङ्ग्रहअन्तर्गत चौतिसओटा लामा तथा छोटा कविताहरू रहेका छन् । यी चौतिसओटा लामा /छोटा कवितामध्ये '९ एप्रल २००८', 'म-को कुरा', 'देश अनि म', 'यो गहनाउने कोटको भारी' र 'आदिम माटोको कुरा' गरी पाँचओटा कवितामा प्रयुक्त पर्यावरणीय चेतनालाई यहाँ विश्लेषण गरिएको छ ।

### २.४.१ प्रकृति पारिस्थितिक प्रणालीको अभिव्यक्ति

*किनाराका आवाजहरू* कवितासङ्ग्रहअन्तर्गतका कवितामध्ये '९ एप्रल २००८' र 'म-को कुरा' गरी दुईओटा कवितामा अभिव्यक्त प्रकृति पारिस्थितिक प्रणालीको अभिव्यक्तिलाई यहाँ विश्लेषणका रूपमा लिइएको छ । '९ एप्रल २००८' शीर्षकको कवितामा जीवनको क्षणभङ्गुरता र समयको निरन्तर प्रवाहलाई उल्लेख गर्दै सम्भावना, विस्तार र नयाँ क्षितिजको खोजीलाई यहाँ प्रतीकात्मक रूपमा प्रस्तुत गर्दै भनिएको छ :

आँखामा यौटा समय चेपेर<br>
पूर्वतिर गइरहेको क्षितिजलाई<br>
तिनीहरूले

च्यातचुत पारेर डस्टबिनमा हाल्नखोजे ।

ढुङ्गे दाह्राले दार्नसम्म दारेर रगतपच्छे पारे ।

त्यो क्षितिजको निधारबाट बगेको रगत

तर पुरानो रोमान्टिक हिन्दी फिल्ममा जस्तो

बग्दै भुइँमा शब्द लेखिएन ।

त्यो त साँच्चैको रगत थियो

त्यसैले, भुइँको रानीमासुभित्र पस्ने गरी

सोसियो । अनि अलकत्रे सडकको तावाकोमाथि

पोखिएको रगतले चैं आफ्नो

जन्मदागको गाढा टाटा नमेटिने छोडिराखेर

बाफ बनी उठ्यो आकाशतर्फ । (पृ.७४)

उल्लिखित कवितांशमा जीवन, मृत्यु, परिवर्तन, ऊर्जाको प्रभाव, मानवीय हस्तक्षेप र प्रकृति सन्तुलन जस्ता पारिस्थितिक प्रणालीको अवधारणलाई प्रस्तुत गरिएको छ । मानव जीवनको क्षणभङ्गुरता र प्रकृतिको विशालता तथा निरन्तरताबिचको सम्बन्धलाई पनि यहाँ चित्रण गरिएको छ । समय एउटा महत्त्वपूर्ण कारक हो किनकि समयसँगसँगै हरेक जीव तथा प्राणीको जीवनचक्र, ऋतु परिवर्तन र पारिस्थितिक उत्तराधिकार निर्माण भएको हुन्छ । जीवनका सम्भावना, विस्तार र नयाँ क्षितिजको खोजीलाई प्रतीकात्मक रूपमा प्रस्तुत गर्दै प्रकृति प्रणालीमा जीवहरूले आफ्नो बासस्थानको विस्तार, नयाँ स्रोतहरूको खोजी र आफ्नो अस्तित्व रक्षा परिस्थितिअनुसार गर्छन भन्ने कुरालाई प्रस्तुत गरिएको छ । कवितांशमा आएको 'रगत' ले जीवहरूको अस्तित्व र ऊर्जाको स्रोतलाई जनाएको छ । यसलाई सूर्यको प्रकाश, पानी र पानीको ऊर्जासँग तुलना गर्न सकिन्छ । त्यसै गरी कवितामा आएको 'च्यातचुत पारेर डस्बिनमा हाल्न खोज्नु' ले प्रकृतिप्रति मानिसको उपेक्षा र विनाशकारी प्रवृत्तिलाई स्पष्ट पार्छ । 'ढुङ्गे दाह्राले दार्नुसम्म दारेर रगतपच्छे पारे' अंशले मानव हस्तक्षेपको क्रूरता र यसको परिणामले प्रकृतिमा पार्ने गहिरो चोटलाई चित्रण गर्छ । 'क्षितिजको निधारबाट रगत बग्नु' ले प्रकृतिको पीडित रूपलाई प्रस्तुत गर्छ । 'भुइँको रानीमासुभित्र पस्ने गरी सोसियो' ले पृथ्वीले रगतलाई अवशोषित

गरेको देखाउँछ जसले माटोको पारिस्थितिक प्रणालीसँगको सम्बन्धलाई सम्बोधन गर्छ । अलकत्रे सडकको तावामाथि पोखिएको रगत, जन्मदागको गाढा टाटो र आकाशतर्फ उडेको बाफले एकातिर मानवनिर्मित पूर्वाधारको पारिस्थितिक प्रभावलाई उजागर गरेको छ भने अर्कोतिर यसले कल्पनाको वाष्पीकरण र वाष्पोसर्जनको प्रक्रियालाई देखाउँछ ।

कवितांशमा आएका आँखा, क्षितिज, डस्बिन, ढुङ्गेदाह्रा, निधार, रगत, हिन्दी फिल्म, भुइँ, रानीमासु, अलकत्रे सडक, तावा, जन्मदागको गाढा टाटो, बाफ जस्ता बिम्बका माध्यमबाट यहाँ मानव हस्तक्षेपको दीर्घकालीन र अपरिवर्तनीय प्रभाव, जातीय र मानवनिर्मित पूर्वाधारको पारिस्थतिक प्रणालीलाई चित्रण गरेको छ । कवितांशमा आएका प्रकृति तथा मानव निर्मित विभिन्न प्रतीककै माध्यमबाट यहाँ फरक किसिमको प्रकृति परिस्थितिको चित्रण गरिएको हुनाले पारिस्थितिक प्रणालीको अभिव्यक्तिका दृष्टिबाट यो कवितांश उत्कृष्ट देखिन्छ ।

कवि सुब्बाको 'म-को कुरा' शीर्षकको कवितामा मानव गतिविधिले प्रकृति पारिस्थितिक प्रणालीमा पार्ने प्रभावलाई मार्मिक रूपमा चित्रण गर्दै जीवन, क्षति र वातावरणीय परिवर्तनका विभिन्न पारिस्थितिक तत्त्वलाई रूपकको रूपमा प्रस्तुत गरिएको छ। यसले नै प्रकृति पारिस्थितिक प्रणालीको चित्रण गर्ने भएकाले विश्लेषणका निम्ति यहाँ लिइएको छ :

मनले भिजेको माटोको गर्भबाट टुसाएर बढ्छ म-को रक्तबीज म-हरू

म-को कुरा मास्न खोजेर मासिँदैन कहिल्यै

ऊ-हरूले मिचेको म

आज मूल कुरा भइउठेको छ

म-ले अब यत्ति बुझेको छ

कि पहिले म नबाँची

अरूलाई बँचाउन सकिँदैन (पृ.६४)

प्रस्तुत कवितांशमा जीवनको उद्भव र निरन्तरतालाई प्रस्तुत गरिएको छ । प्रकृति आफैमा शक्तिशाली र अविनाशी हुन्छ भन्ने कुरालाई मुख्य रूपमा जोड दिई पारिस्थितिक प्रणालीमा स्व-अस्तित्व र आत्मनिर्भरताको गहिरो सम्बन्धलाई उजागर गरिएको छ । 'मनले भिजेको माटो' उर्वरता र जीवनको आधार हो भने 'रक्तबीज' वंशाणुगत निरन्तरता अटुट

जीवनचक्रको सङ्केत हो किनकि जसरी एउटै बोटको बिउबाट अनगिन्ती विरूवाहरू उम्रन्छन् अनि फैलन्छन् त्यसै गरी प्रकृति प्रणालीमा जीवनको विस्तार र विविधता अटुट हुन्छ । यसले जैविक विविधता र पारिस्थितिक विकास प्रक्रियालाई सङ्केत गर्छ । 'मास्न खोजेर मासिदैन कहिल्यै' ले प्रकृतिको शक्तिलाई सङ्केत गर्छ । किनकि मानिसले वन फँडानी, प्रदूषण वा अन्य विनाशकारी कार्य गरेर क्षणिक समयका लागि क्षति पुऱ्याए तापनि प्रकृतिले पुनः सिर्जना गरी आफ्नो सन्तुलन कायम गर्नु भनेको पारिस्थिति प्रणालीलाई प्रस्तुत गर्नु हो ।

कवितांशमा उल्लिखित 'मिचेको म' का माध्यमबाट यहाँ मानवद्वारा प्रभावित भएको प्रकृतिलाई सङ्केत गरिएको छ । मूल कुरा भई उठ्नु भनेको प्रकृतिको आफ्नोपन तथा सामर्थ्य हो । कवितांशमा आएको 'म-ले अब यत्ति बुझ्केको छ कि पहिले म नबाँची अरूलाई बचाउँन सकिदैन' अंशले यहाँ स्व-अस्तित्व र अन्तरनिर्भरतालाई सङ्केत गर्दै स्वस्थ्य पारिस्थितिक प्रणालीको महत्त्वलाई दर्साएको छ । यदि प्रकृति स्वस्थ र सन्तुलित छैन भने प्रकृतिमा आश्रित कुनै पनि जीव तथा प्रणालीको अस्तित्व सुरक्षित रहदैन । त्यसैले हरेक परिस्थितिमा प्रकृति सबै भन्दा स्वस्थ्य रहनुपर्छ भन्ने भावलाई कविले यहाँ विभिन्न प्रतीकका माध्यमबाट प्रस्तुत गरेका छन् । कवितांशमा आएको मन, भिजेको माटो, गर्भ र रक्तबीजहरूले नै हरेक जीव तथा प्रणालीलाई बचाँएका छन् । त्यसैले यिनीहरूको रक्षा गर्नु हामी सबै मानवको कर्तव्य हो भन्दै पारिस्थितिक चेतना र दिगो विकासको अपरिहार्यतालाई जोड दिइएको छ । यसरी विभिन्न प्रतीकका माध्यमबाट यहाँ प्रकृतिको शक्ति, जीवनको निरन्तरता, मानवीय जीवनको हस्तक्षेपको सामना र पारिस्थितिक सन्तुलनको अपरिहार्यतालाई सशक्त रूपमा प्रस्तुत गर्दै प्रकृतिको अस्तित्व नै हाम्रो आधार हो भनी पास्थितिक चेतना र दिगो विकासको अपरिहार्यतालाई यहाँ प्रस्तुत गरिएको छ । त्यसैले यो कवितांश प्रकृति पारिस्थितिक प्रणालीको अभिव्यक्तिका दृष्टिकोणबाट उपयुक्त देखिन्छ ।

### २.४.२. जैविक विविधताको चित्रण

*किनाराका आवाजहरू* कवितासङ्ग्रहअन्तर्गतका कविताहरूमध्ये 'देश अनि म' शीर्षकको कवितामा समावेश जैविक विविधतालाई यहाँ विश्लेषणका रूपमा समावेश गरिएको छ । सुब्बाको 'देश अनि म' शीर्षकको कवितांशमा कविले 'देश' भनेर नेपाललाई सम्बोधन गरेका हुन भने 'म' भनेर नेपालमा बसोबास गर्ने दलित वर्गलाई सम्बोधन गरी यिनीहरूमाथि गरिएको अपहेलनाको प्रसङ्गलाई यहाँ व्यक्त गरिएको छ । दलितबाट सम्पूर्ण कार्य गराउने तर उनीहरूले नै निर्माण

गरेका वस्तु प्रयोगमा प्रतिबन्ध गरी सीमाङ्कन गरिएको छ । अन्य जातका तुलनामा किनारा लगाइएको छ । अरूलाई जति स्थान र महत्त्व दिइएको छ त्यति उनीहरूलाई दिइएको छैन भन्ने प्रसङ्गलाई कविले यसरी व्यक्त गरेका छन् :

> देशको छातीबाट स्नेहधारा बगेको मूल प्रवाहमा पौडिनबाट
> वञ्चित म हमेशा अछुत झैँ किनारामा हुत्त्याइएको छु । प्रदर्शनीको
> मैदानभित्र पस्न नदिइएर धकेलिँदै सधैँ सीमान्तको डिलबाट
> तारेभिरमा खसाउन खोजिएको छ मलाई । किताबको पृष्ठमा
> म त्यो छेउ-किनार हूँ जो क्यै नलेखी सादा छोडिएको हुन्छ ।
>
> देशको किताबमा मेरा शब्दहरूलाई यौटा पृष्ठ मात्र होइन,
> सिङ्गो अध्याय नै चाहिएको छ । ती शब्दहरू कुनै रोमान्टिक
> कविको फ्यान्टेसी होइनन्, तर यहीँकै माटोमा उम्रिएका मकै
> र दालका गेडाहरू हुन् । धान र गहुँ हुन् । त्यो छुटेको अध्याय
> गाभिनैपर्छ । परिशिष्ट होइन, तर मूल पाठ नै भएर । त्यसपछि
> नै, ओ बन्धु ! मेरो स्वर तिमी ठिकसित चिन्ने छौ ।        (पृ. ७२ )

प्रस्तुत कवितांशमा देशको छाती, स्नेह, मूल प्रवाह, वञ्चित, अछुत किनारामा छुट्याइएको मैदानमा बस्न नदिएको, सीमान्तको डिल, तारेभिर नलेखी छोडिएको किताबको किनाराका माध्यमबाट यहाँ दलित वर्गप्रति गरिएको व्यवहारलाई सङ्केत गरिएको छ । जातकै आधारमा मानिसलाई तल्लो र उपल्लो भनी विभेद गर्नु, विभिन्न कार्यमा सीमाङ्कन गर्नु, उनीहरूलाई विभिन्न किसिमका महत्त्वपूर्ण कार्यबाट किनारा लगाउनु भनेको नै मानिसमाथि गरिएको जातीय विभेद हो । देशमा अन्य नागरिकलाई जति हक, अधिकार र स्थान दिइएको छ उत्तिनै हक, अधिकार र स्थान दलित वर्गलाई पनि चाहिन्छ । दलित वर्ग सबै यही देशका नागरिक हुन् । सबैलाई समान हक, अधिकार र स्थान दिनुपर्छ भन्ने भाव यस कवितांशमा व्यक्त भएको छ ।

प्रस्तुत कवितांशमा कविले 'सिङ्गो अध्याय' भनेर यहाँ सम्पूर्ण नागरिकले पाउनुपर्ने समान हक, अधिकार र स्थानलाई व्यक्त गरेका छन् । जुनसुकै जातजाति भए तापनि सबै यही देशका नागरिक हुन् सबैको आ-आफ्नै परिचय, पहिचान, स्थान, महत्त्व र आफ्नोपन छ जसरी एउटै माटोमा उम्रिएको मकै, गेडागुडी, धान तथा गहुँको आफ्नैपन, महिमा, स्वभाव, विशेषता र महत्त्व हुन्छ । यी सम्पूर्ण खाद्यवस्तु यही माटोमै जन्मन्छन्, हुर्कन्छन् र बढ्छन् । त्यसै गरी सम्पूर्ण जातजाति पनि यही धरतीमा जन्मिएका देशका नागरिक हुन् । यही जन्मन्छन्, हुर्किन्छन्, बस्छन् र आफ्नो जीवनलाई अगाडि बढाउछन् । त्यसैले हामी जुनसुकै जातजातिका भए तापनि हामी सम्पूर्ण नेपाली हौँ । सबैको आ-आफ्नै परम्परा, संस्कार, रीतिरिवाज, भाषा, भेषभुषा, फरक पहिचान र महत्त्व छ । त्यसैले कुनै पनि नागरिकलाई जातकै आधारमा तल्लो र उपल्लो जात भनी कुनै पनि विभेद गर्न हुँदैन र पाइदैन । सबैलाई समान हक, अधिकार र मुख्य स्थान दिनैपर्छ । त्यसपछि मात्र समानता हुन्छ भन्ने किसिमको भावनालाई कवि सुब्बाले 'छुटेको अध्याय गाभिनै पर्छ, मूल पाठ भएर त्यसपछि चिन्ने छौं' भन्ने अंशका माध्यमबाट व्यक्त गरेका छन् ।

कवितांशमा प्रयोग गरिएको देशको छाती, मूलप्रवाह, किनारा, प्रदर्शनीको मैदान, सीमान्तको डिल, तारेभिर, किताबको पृष्ठको एक किनारा, सिङ्गो अध्याय, माटो, मकै, दालका गेडाहरू, धान, गहुँ, छुटेको अध्याय, परिशिष्ट, मूलपाठ जस्ता बिम्ब प्रयोगका माध्यमवबाट जनजाति वर्गमा पनि आफ्नो हकअधिकारको चेतना जागृत भएको र उनीहरूले आफ्नो हकअधिकारलाई मुख्य स्थान कायम गर्न खोजिरहेको भाव प्रस्तुत भएको छ । यसरी कविले यहाँ जसरी एउटै जमिनमा विभिन्न खाद्यवस्तुको उत्पादन हुन्छ र उनीहरूको जैविक विविधता हुन्छ । त्यसै गरी विभिन्न जातिको विविध महत्त्व तथा स्थान हुन्छ भन्ने कुरालाई विभिन्न खाद्य वस्तुको जैविक विविधताका माध्यमबाट स्पष्ट पारेका छन् ।

### २.४.३. पर्यावरण र मानिसको सांस्कृतिक सम्बन्ध

*किनाराका आवाजहरू* कवितासङ्ग्रहअन्तर्गतका कविताहरूमध्ये 'यो गह्नाउने कोटको भारी' शीर्षकको कवितामा प्रयुक्त पर्यावरणीय चेतनालाई पर्यावरण र मानिसको सांस्कृतिक सम्बन्धको आधारमा यहाँ विश्लेषण गरिएको छ । मानिस आफ्नो जीवनयापन गर्नका लागि पूर्ण रूपमा प्रकृतिमै निर्भर रहन्छ । प्रकृतिबाट उत्पादित हरेक वनस्पति तथा खाद्यवस्तुको उपयोग गरेर नै आफ्नो जीवन अगाडि बढाएको हुन्छ । जीवनमा आइपर्ने हरेक समस्याको समाधान

गर्नका लागि पनि यही प्रकृतिबाट उत्पादित वस्तुको प्रयोग गर्छ भन्ने कुरालाई कवि सुब्बाले आफ्नो कवितामा यसरी दर्शाउछन् :

बरु रुखको बोकाले या त मलताको पत्ता गाँसेर जिउ ढाक्छु

अनि ऐलेसम्म गुम्सिबसेको मेरो जिउको गन्धलाई मुक्त गर्छु । (पृ.६७)

माथिको कवितांशमा कविले प्रकृति र मानिसबिचमा अर्थगत सम्बन्ध रहेको छ भन्ने कुरालाई ग्रामीण क्षेत्रमा बसोबास गर्ने मानिसको जीवनशैलीको माध्यमबाट स्पष्ट पारेका छन् । ग्रामीण क्षेत्रको वातावरण तथा जीवनयापनका विभिन्न चुनौतीलाई कविले मलताको बोक्रा र पातका माध्यमबाट चित्रात्मक रूपमा प्रस्तुत गरेका छन् । कवितांशमा आएका गन्ध, बोक्रा, रुख, मलताका पत्ता जस्ता प्रकृति तत्त्वले मानवीय भावनालाई चलायमान बनाएको छ । यिनै प्रकृति तत्त्वले नै मानिसलाई सहज र आत्मीय बनाउन महत्त्वपूर्ण भूमिका निवार्ह गरेका छन् । यहाँ रुखको बोक्रा वा मलताको पत्ता गाँसेर जिउ ढाक्नुले ग्रामीण जीवनको प्रकृतिसँगको आत्मीय सांस्कृतिक सम्बन्ध, जीवनयापनका निम्ति गरेको सङ्घर्ष तथा कष्ठपूर्ण अवस्था, उनीहरूको दैनिकी, बाल्यकाल तथा गाँउको स्मृति, आधुनिकता र प्रकृतिबाटै टाँढिदै जाने प्रवृति, कविको भित्र मनमा लुकेको अनुभूति र भावनालाई पुनःजागृत गरेको छ । यो केवल मानिसको प्राचीन पहिरन मात्र नभएर कविको सङ्घर्ष, मिहिनेत र स्मृतिको प्रतीक बनेको छ । बदलिदो समयको मागसँगसँगै आधुनिकता र सहरको व्यस्तताले कवि तथा आममानिसहरू प्रकृतिबाट टाँढिदै गएको, प्रकृति र मानवजीवनको सांस्कृतिक सम्बन्ध स्थायी, आत्मिक र जीवन्त रहेको, ग्रामीण संस्कृति र प्रकृतिसँगको सम्बन्धलाई उजागर गरी ग्रामीण परम्परा, जीवनशैली र पर्यावरणीय संवेदनशीलतालाई प्रमुख रूपमा व्यक्त गर्छ । ग्रामीण क्षेत्रमा रुखविरुवाका अङ्गहरूको प्रयोग गर्दै आफ्नो जीवनयापन गर्नु नै मानिसको कमजोर आर्थिक अवस्था, परम्परागत रूपमा चलिएको संस्कृति वा प्रकृतिसँगको आत्मियताको विशिष्ट पक्ष हो । प्रकृति मानवीय जीवनको प्रमुख र महत्त्वपूर्ण स्रोत हो । पर्यावरणबिना मानिसको अस्तित्व अपूर्ण हुन्छ । किनकि प्रकृतिले हामीलाई साहारा दिएकी छन् । बाँच्ने आधार दिएकी छन् । त्यसैले उक्त कवितांश पर्यावरण र मानिसको सांस्कृतिक सम्बन्धका दृष्टिकोणबाट महत्त्वपूर्ण रहेको छ ।

त्यस्तै कवि '९ एप्रल २००८' शीर्षकको कवितामा पर्यावरण र मानिसबिचको सांस्कृतिक सम्बन्धलाई स्पष्ट पार्ने क्रममा ब्रिटिस उपनिवेशकालीन शासनव्यवस्था र त्यसको सांस्कृतिक

परिचयलाई स्पष्ट पार्दै भन्छन् :

युनियन-ज्याक ओर्लेर उहिल्यै गइसके तापनि

त्यसको फ्ल्याग-पोल खडा छ

मेरो आँगनमै अझै । त्यो पोलबाट

निस्किआएका हुकुमतका डन्ठाहरूले

निधारको क्षितिज क्षत-विक्षत पारिदिए

घाम, जून झुल्कन नपाओस् भनेर (पृ.७५)

प्रस्तुत कवितांशमा मानिस र वातावरणबिचको सम्बन्ध केवल जीवन धान्नका लागि मात्र नभएर वातावरण र मानिसबिचको सांस्कृतिक अस्तित्व, ऐतिहासिक स्मृति र आत्मपहिचानसँग गाँसिएको हुन्छ भन्ने कुरालाई प्रस्तुत गरिएको छ । कवितांशमा आएका आँगन, पोल, क्षितिज, घाम र जून यी सबै पर्यावरणीय वस्तुहरू हुन् । यिनीहरू भौतिक वस्तु मात्र नभएर मानिसको इतिहास, संस्कृति, पीडा र भावनासँग जोडिएका हुन्छन् । कवितांशमा प्रयोग भएको 'युनिक ज्याक' ले यहाँ ब्रिटिस उपनिवेशकालीन शासन व्यवस्थालाई सङ्केत गरेको छ । 'फ्ल्याग-पोल' ले शासन व्यवस्थाको चिन्हलाई, 'हुकुमतका डण्ठा' ले दमन र शक्तिलाई, 'निधार' ले आत्मचेतनाको प्रतीकलाई, 'क्षितिज' ले भविष्य र सम्भावनालाई, 'घाम' ले प्रकृति उज्यालोलाई र 'जून' ले सांस्कृतिक चेतनाको अन्धकारको किरणलाई सङ्केत गर्दै ब्रिटिश उपनिवेशकालीन शासनव्यवस्थाको अन्त्य भए तापनि त्यसको प्रभाव भने अझै मानिसको घर, परिवार, जीवन, संस्कृति र आत्म पहिचानमा बाँकी रहेको छ । यसले मानिसको चेतना शक्तिमा चोट पुऱ्याएको छ । त्यस शासन व्यवस्थाको दमन र शक्तिकै कारण आज पनि मानवको चेतना, स्वाभिमान र स्वतन्त्रतामाथि आघात पुगेको छ । यसरी मानवीय चेतना, संस्कृति र जीवनमा आक्रमण हुनु भनेको सांस्कृतिक अस्तित्वमाथिको हस्तक्षेप हो ।

कवितांशमा आएका 'घाम र जून झुल्कन नपाओस्' पदावलीले यहाँ मानिस र वातावरणबिचको सांस्कृतिक सम्बन्धलाई नियन्त्रण गर्ने प्रयास गरेको देखिन्छ । पर्यावरण केवल प्रकृति मात्र होइन इतिहास, संस्कृति र चेतनाको समष्टि हो । मानिसले भोगेका पीडा, व्यथा, शासनव्यवस्था, सङ्घर्ष र स्मृतिहरू सबै वरपरको स्थान, भौतिक वस्तु र वातावरणसँग जोडिएको हुन्छ । कवितामा आएको 'फ्ल्याकपोल' केवल लौरो होइन एक जीवित सांस्कृतिक घाउको प्रतीक

हो । यसरी कवितामा आएका युनियम-ज्याक, फ्ल्याग-पोल, आँगन, हुकुमतका डण्ठा, निधार, क्षितिज, घाम, जून, जस्ता बिम्बका माध्यमबाट कविले यहाँ ब्रिटिश उपविवेशकालीन शासन व्यवस्थाले मानिसको जीवनमा पारेको प्रभाव, संस्कृतिप्रतिको हस्तक्षेप, त्यतिबेलाको शासन व्यवस्थाको वातावरण र त्यसले जीवन र संस्कृतिमा पारेको प्रभाव तथा परिवेशलाई यस कवितांशले गहिरो रूपमा चित्रण गरेको छ । त्यसैले पर्यावरण र मानिसबिचको सांस्कृतिक सम्बन्धका दृष्टिकोणले यो कवितांश उत्कृष्ट देखिन्छ ।

## २.४.४ प्रकृति सार्वभौमपनको चित्रण

*किनाराका आवाजहरू* कवितासङ्ग्रहअन्तर्गतका कवितामध्ये 'आदिम माटोको कुरा' र 'देश अनि म' गरी दुईओटा कवितामा प्रयुक्त पर्यावरणीय चेतनालाई प्रकृति सार्वभौमपनको आधारमा यहाँ विश्लेषण गरिएको छ ।

कवि मनप्रसाद सुब्बा प्रकृतिका साना साना कणभित्र प्रवेश गरेर प्रकृतिप्रतिको मौलिक कवितादृष्टि बनाउन एकदमै सिपालु छन् । उनका कवितामा प्राकृति वस्तुको महत्त्वलाई बढी मात्रामा प्रस्तुत गरेको पाइन्छ । कुनै पनि वस्तु तथा प्राणीको विकासका निम्ति माटो निर्विकल्प प्रकृति सम्पदा हो । वस्तु उत्पादन, सृष्टि र विलयको मुख्य आधार नै माटो हो । त्यसैले माटोमै सम्पूर्ण वस्तुको अस्तित्व अगाडि बढेको हुन्छ । माटोबिना कुनै पनि वस्तु तथा प्राणी बाँच्न, हुर्कन, बढ्न, सक्दैन्न भन्ने भाव 'आदिम माटोको कुरा' शीर्षकको कवितामा प्रस्तुत भएकोले उक्त कवितांशलाई विश्लेषणका निम्ति यहाँ प्रस्तुत गरिएको छ :

तर एक आदिम मान्छेले बाँचेको माटो

जो हजारौँ वर्ष पुरानो पसिना गह्नाउँछ

अनि हजारौँ वर्षअघिको रगत ताजा गह्नाउँछ

हो, म त्यै माटोको कुरा गर्दै छु (पृ. ५७)

प्रस्तुत कवितांशमा सृष्टि प्रक्रियाका लागि मानिस र माटोका बिचमा देखिने हजारौँ वर्षदेखिको पुरानो सम्बन्धलाई व्यक्त गरिएको छ । मानिसले माटोमै बगाएको पसिना, माटोमै खियाएको दशनङ्ग्रा र हजारौँ वर्ष अगाडिदेखि माटोसँग खेलिरहेको पौठेजोरी, त्यही माटोमा रगतको भेल बगाउदै त्यही माटोसँग आफ्नो जीवन साट्दै अगाडि बढेको भाव कवितामा प्रस्तुत

भएको छ। परापूर्व कालदेखि नै मानिसले आफ्नो जीवनको सम्पूर्ण अध्याय त्यही माटोमा लगाएका थिए, आज पनि लगाएका छन् र भोलिका दिनमा पनि यही माटोसँग मितेरी गाँसेर हाम्रा पुस्ता अगाािड बढ्नेछन् । माटोबिना अलिगएर एकछिन पनि बस्न सक्दैन्न । हरेक सजीव तथा निर्जीव वस्तुको उत्पति, विकास र  अन्त्य यही माटोमा हुन्छ र विलीन पनि यही माटोमै हुन्छ । यही माटोको सहाराले उत्पादित विभिन्न प्रकृति तथा कृतिम वस्तुको उपभोग गरेर नै मानिस अगाडि बढेका छन् । त्यसैले पर्यावरणीय प्रकृति वस्तुअन्तर्गत पर्ने माटोको सम्बन्ध मानवीय जीवनका लागि मात्र नभई सम्पूर्ण चराचर जगत्का लागि आवश्यक वस्तु हो भन्ने भाव यस कविताांशमा प्रस्तुत भएको छ ।

नेपाल प्रकृति दृष्टिले भरिपूर्ण देश हो । यही भौगोलिक प्रकृति अवस्थाकै आधारमा नेपाललाई हिमाल, पहाड, तराई गरी तीन भागमा विभाजन गरिएको छ । यही प्रकृतिभित्र विभिन्न किसिमका झरना, खोला, नदीहरू रहेका छन् । यी सबैको समष्टि नै प्रकृति हो ।  प्रकृति सार्वभौमपनको चित्रणले नेपाललाई अझ बढी सुन्दर बनाएको छ । नेपालको बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक तथा प्रकृति सार्वभौमपन तथा सौन्दयका दृष्टिले भरिपूर्ण भएकै कारण यहाँ पर्यटकहरूको आगमन दिनानुदिन बढेको छ । प्रकृतिको सौन्दयले नै नेपाललाई जीवन्त राखेको छ भन्ने भाव प्रस्तुत गरिएको छ। यसरी ‘देश अनि म’ शीर्षकको कवितामा कवि सुब्बाले प्रकृति सार्वभौमिकताको प्रस्तुति गरेको हुनाले नै यस सन्दर्भमा उपयुक्त रहेको कविताांशलाई यहाँ विश्लेषणका निम्ति लिइएको छ :

> म कहिलेदेखि तिमीलाई भनिरहेछु कि म हिमाल हूँ , पहाड हूँ ,
> तराई हूँ । भनिरहेछु कि म झरना हूँ , खोला हूँ , नदी हूँ ।
> तिमीले देखिरहेका ती जम्मै म नै त हूँ । जीवन्त ती सब
> देख्ने, मलाई चै नदेख्ने तिम्रा आँखाका रेटिनाहरू भाइरसग्रस्त
> छन् या त तिम्रो आँखाको प्रोग्रामिङ नै त्यस्तै हो भने त्यो सात
> पुस्ताअघिको आउटडेटेड सफ्टवेयर हो ।                (पृ. ७१ )

प्रस्तुत कवितांशमा एकातिर हिमाल, पहाड, तराई, झरना, खोला नदीका माध्यमबाट प्रकृतिको सार्वभौमपनाको चित्रण गरिएको छ भने अर्कोतिर यही प्रकृति विविधताका कारण नेपालको सौन्दर्यत बढेको कुरालाई उल्लेख गरिएको छ । भौगोलिक बनावटकै आधारमा नेपाललाई हिमाल, पहाड र तराई गरी तीन भागमा विभाजन गरिएको छ । त्यसै गरी विभिन्न भौगोलिक अवस्थामा कतै झरना, खोला तथा नदी रहेका छन् यी सबै प्रकृति देन हुन् । प्रकृतिले दिएका हरेका वस्तुलाई देख्ने, तिनीहरूको उपयोगिता चिन्ने र प्रयोग गर्ने तर त्यही वस्तु उत्पादन गर्ने प्रकृतिको महिमा तथा प्रकृतिका कुनै पनि कार्यक्रमलाई मानिस आफैले नदेख्ने ? अरू कसैले भनिदिए मात्र प्रकृतिका यावत कार्यलाई देख्ने ? मानिस साँच्चिकै भाइरसग्रस्त भइसकेका छन् । कसैले केही कुरा नभनिकन पहिले आफूले केही नदेख्ने तर जब कोही एक जनाले यस्तो हो भनेपछि त्यसको वास्तविकता अध्ययन नगरिकनै जसले जे भन्यो त्यही हो भन्ने जुन मानवीय स्वभाव छ त्यो साँच्चै नै भाइरसग्रस्त छ । यो मानवीय स्वभाव आज मात्र होइन पुस्तौँपुस्ता अघिदेखिको प्रवृति हो भनी कविले मानिसको स्वभावलाई आँखाका रेटिना.,आँखाको प्रोग्रामिङ र आउटडेटेड सफ्टवयरको प्रतीकका माध्यमबाट प्रस्ट पारेका छन् ।

यसरी हिमाल, पहाड, तराई, झरना, खोला तथा नदीको प्रयोग गरी नेपालको प्रकृति सौन्दयको वर्णन गरिएको छ । नेपालको भू-भाग कतै पहाड, तराई, झरना, खोला र नदी छन् । यी सबै प्रकृति संरचना हुन् । प्रकृतिको सिर्जना हुन् । प्रकृतिले सिर्जना गरेका वस्तुलाई पोषण गर्ने जिम्मा पनि प्रकृतिले नै लिएको हुन्छ र आफूबाट कहिल्यै अलग पनि राख्दैन । सुन्दरता मात्र नभएर अन्तिम क्षणसम्म पनि सिर्जनालाई आफैसँग राखेको हुन्छ तर स्वार्थी मानिसले जीवित (जिउँदो) वस्तुलाई मात्र देख्छ तर त्यही जीवित वस्तुसँग रहेको अर्को निर्जीव वस्तुलाई देख्दैन भन्दै कविले प्रकृति र मानिसबिचको सम्बन्ध र प्रकृति विविधतालाई विम्बात्मक शैलीमा प्रस्तुत गरेका छन् ।

## २.५ *नेत्तिफुङ्को बास्ना* कवितासङ्ग्रहमा पर्यावरणीय चेतना

*नेत्तिफुङ्को बास्ना* कवितासङ्ग्रहअन्तर्गत तेत्तिसओटा लामा /छोटा कविताहरू रहेका छन् । यी तेत्तिसओटा लामा /छोटा कवितामध्ये 'कन्ट्र्याास्ट : एक गीत' र 'जोखिमकै छातीमा', 'पहेलिका', 'यौटा यस्तो प्रेम', 'सडक किनारनेर ती क्षणहरू', 'त्यो मुस्कान ' र 'आदिम सौन्दर्यको ल्यान्डस्केप' गरी सातओटा कवितामा प्रयुक्त पर्यावरणीय चेतनालाई यहाँ विश्लेषण गरिएको छ ।

### २.५.१ प्रकृति पारिस्थितिक प्रणालीको अभिव्यक्ति

*नेत्तिफुङ्को बास्ना* कवितासङ्ग्रहअन्तर्गतका कवितामध्ये 'कन्ट्र्याचास्ट : एक गीत' र 'जोखिमकै छातीमा' शीर्षकको कवितामा प्रयुक्त प्रकृति पारिस्थितिक प्रणालीको अभिव्यक्तिलाई यस शीर्षकअन्तर्गत रहेर यहाँ विश्लेषण गरिएको छ । कवि सुब्बाको 'कन्ट्र्याचास्ट : एक गीत' शीर्षकको कवितामा कविले 'कन्ट्र्याचास्ट : एक गीत' भनेर मानिसले प्रकृति विपरीत गरेका कार्यलाई सम्बोधन गर्दै प्रकृति आफ्नोपनमा रहन चाहेको भावलाई प्रस्तुत गरेका कारण उक्त कवितालाई यहाँ विश्लेषणका रूपमा लिइएको छ :

म पिरको स्वाद मिठो चाटिरहन्छु
जिउभरि आगोले पनि शीतल भिजिरहन्छु
मलाई पिरभित्रको खुसी छामिरहन देऊ
मलाई आगोभित्रको पानी उघाइरहन देऊ
दूरत्वले हुर्काएको सामीप्य समाइरहन देऊ
आखिर यात्रा न हो
मलाई यत्तिकै हिँड्न देऊ (पृ. १२)

प्रस्तुत कवितांशमा मानिसका कारण प्रकृतिमा असर परेकाले फरक समय र परिस्थिति अनुसार प्रकृतिमा आउने परिवर्तनलाई स्वतन्त्र छोडिदिनुपर्ने भाव कविले यहाँ व्यक्त गरेका छन् । पिरको मिठो स्वाद, आगोको शीतलता, पिरभित्रको खुसी, आगोभित्रको पानी र यात्राले प्रकृतिको पारिस्थितिक प्रणालीलाई व्यक्त गर्छ । प्रकृतिमा मानिसले जति नै आगो बाले तापनि प्रकृति धरतीमाता भएर आगोको रापमा समेत शीतलता प्राप्त गरिरहन्छिन् । आफ्नोपन गुमाउँदाको पिरमा समेत मिठो स्वादमा आफ्नो पिरभित्रबाट अन्य वस्तु, प्राणी तथा वनस्पतिलाई खुसी दिइरहेकी हुन्छिन् । परपरसम्म पनि आफ्नो साथ र प्रयोगका माध्यमबाट उनीहरूलाई जीवन्त बनाइरहन्छिन् र जस्तोसुकै कठिन परिस्थितिमा समेत समय र परिस्थितिअनुसार आफूलाई अनुकूल बनाउदै स्वतन्त्र रूपमा अगाडि बढेकी हुन्छिन् भन्ने भावलाई कविले यहाँ पारिस्थितिक प्रणालीका माध्यमबाट व्यक्त गरेका छन् ।

धरती वा प्रकृतिमाथि आगो बलिरहदासमेत 'म' आफैभित्र शीतलता खोजिरहेको हुन्छु त्यसैमा मलाई खुसी हुन देऊ । टाढाको नजिकपनलाई पनि समाइरहन देऊ किनकि यात्रा हो । त्यसैले मलाई आफू खुसी आफ्नोपनमा टाढा टाढासम्म जान देऊ । ममाथि जति नै अन्याय अत्याचार गरे तापनि परिस्थितिअनुसार आफ्नो रूप फरक हुने हुदाँ 'म' आफ्नै लय, ढाँचा वा स्वरूपमा अगाडि बढ्छु त्यतिबेला मलाई स्वतन्त्र छोडिदेऊ भन्दै प्रकृतिले आफ्नो स्वतन्त्रताका लागि आग्रह गरेकी छन् । यसरी प्रस्तुत कविताांशमा प्रकृति र मानिसबिचको पारिस्थितिकी र त्यसले निर्माण गरेको सांस्कृतिक सम्बन्धलाई स्पष्ट पार्नका लागि यहाँ आगो, पिर, शीतलता र यात्रा जस्ता बिम्बको प्रयोग गरिएको छ। प्रकृतिबिना मानिसको जीवन तथा जीवनयात्रा असम्भव छ । त्यसैले हरेक जीवको जीवन रक्षाका लागि प्रकृतिको आवश्यकता पर्दछ तर मानिसले प्रकृतिलाई आफू अनुकूल अत्यधिक मात्रामा प्रयोग गर्दा प्रकृतिमा सङ्कटावस्था देखा परेको छ भन्ने कुराको सङ्केत यस कविताांशमा गरिएको छ ।

त्यस्तै कवि सुब्बाले 'जोखिमकै छातीमा' शीर्षकको कवितामा प्रकृतिको जोखिमसँग पनि मानिस आफ्नो आँट लिएर हरेक चुनौतीसँग पौँठेजोरी खेल्न अगाडि बढ्छ । प्रेमको अगाडि कमजोर व्यक्ति पनि प्रकृति र समयसँगको हरेक परिस्थितिको सामना गर्दै ऊ अगाडि बढेर अन्त्यमा बढो हिम्मतका साथ आफ्नो सफलताको खुसी फरफराउछ वा व्यक्त गर्छ भन्ने अभिव्यक्ति तलको यस कविताांशमा प्रकट भएको पाइन्छ :

जोखिमसित जुध्न सक्ने
एक छाती आँटको पहरामा नै
फुटिनिस्किन्छ सृष्टिको सेक्मुरी फूल
चुनौतीहरूसित पौँठेजोरी खेल्न सक्ने
एक पाखुरी हिम्मतको डाँडामा नै
लुङ्दर फरफराउँछ प्रेम

कायरहरू खेल्न सक्तैनन् संवेदनाको यो सृष्टिखेल

जीवनका अटुट नयाँ नयाँ प्याटर्नहरू

संवेदनाको कलाइडस्कोपमा बाँचिरहन्छु (पृ.२८)

प्रस्तुत कवितांशमा सामाजिक जीवनको एउटा महत्त्वपूर्ण प्रकृति सत्यको चित्रण भएको छ जब मानिस प्रेमको सङ्कटावस्थामा पर्छ तब ऊ प्रकृतिको हरेक कठिन परिस्थितिसँग पनि आँट र साहसका साथ अगाडि बढ्न थाल्छ जसरी पहरामा पत्थर फुटाएर जीवनबोधी फूल फुलेको हुन्छ । त्यसै गरी एउटा आँटिलो र साहसी व्यक्ति परिस्थितिअनुसार हरेक कठिनभन्दा कठिन चुनौतीहरूसँग पौँठेजोरी खेल्न सक्ने हिम्मत र आँट आफूमा राखेर अगाडि बढ्छ र सफल भएरै छोड्छ । हरेक कठिन परिस्थितिलाई चुनौतीका साथ पार गरेर नयाँ अध्यायमा प्रवेश गर्छ तर कायर तथा डरपोक व्यक्ति भने ज्यानको बाँजी थापेर जीवनको सम्वेदना रूपी सृष्टिखेलमा सहभागी हुन सक्दैन र जीवनमा आइपर्ने हरेक दुःखका वरिपरि बाँचिरहन्छ भन्ने भावलाई कविले यहाँ जोखिम, आँटको पहरा, सृष्टिको सेक्युमरी फूल, चुनौतीहरूसँगको पौँठेजोरी खेल, हिम्मतको पाखुरी, लुङ्दर प्रेम, कायर, जीवनका अटुट नयाँ पाटनर र समवेदनाको क्लाइस्कोप जस्ता बिम्बका माध्यमबाट साङ्केतिक रूपमा व्यक्त गरेका छन् । कवितांशमा आएका यी शब्दहरू पारिस्थितिक पद्धतिका विशिष्ट तत्त्वहरू हुन् ।

जोखिमको पहरा र आँटको छाती जीवनमा आइपर्ने सृष्टिको खेल हो जसले त्यो पहरालाई फोड्न सक्छ । त्यसले सेक्युमरी फूल जस्तै आफ्नो जीवनलाई सुगन्धित र रसमय बनाउँछ भन्दै कविले एकातिर जीवनको विविधता नै प्रकृतिको निकट रहेको हुन्छ, त्यसका लागि प्रकृतिसँग सहकार्य आवश्यक हुन्छ भन्ने कुराको सम्बोधन गरेका छन् भने अर्कोतिर पारिस्थितिक प्रणालीलाई सन्तुलन राख्नका लागि समय र परिस्थितिअनुसार मानिसले प्रकृतिसँग सहकार्य गर्दै अगाडि बढ्नुपर्छ यदि प्रकृतिसँग सहकार्य गर्न नसकेको अवस्थामा जीवन दुःखै दुःखको जालो हो भन्ने कुराको सम्बोधन गरेका छन् । तसर्थ प्रकृति र मानिस दुवैमा परिस्थितिअनुसार आफ्नोपनमा परिवर्तन हुन्छ र ल्याउनु पनि पर्छ भन्ने भाव नै उक्त कवितांशको केन्द्रीय भाव हो ।

### २.५.२. जैविक विविधताको चित्रण

*नेत्तिफुङ्को बास्ना* कवितासङ्ग्रहअन्तर्गतका कविताहरूमध्ये 'प्रहेलिका' र 'यौटा यस्तो प्रेम' शीर्षकको कवितामा प्रयुक्त जैविक विविधताको चित्रणलाई यस शीर्षकअन्तर्गत रहेर यहाँ विश्लेषण गरिएको छ । कवि सुब्बाको 'प्रहेलिका' शीर्षकको कवितामा कविले 'प्रहेलिका' भनेर

शब्दको कूटखेललाई सम्बोधन गर्दै कहिलेकाहीँ घाँटीमा सास गाँठो परेर अड्किरहन्छ । कहिले हाँसोको खित्का छाडिरहन्छ भन्दै समय र परिस्थितिअनुसार मानिसमा पनि फरकपन आउँछ भन्ने किसिमको भाव कविको यस कवितामा प्रकट भएका कारण विश्लेषणका निम्ति यहाँ लिइएको छ :

मलाई यो के भएको
कि कहिले गाँठो परेको सास म
घाँटीभरि अड्किरहन्छु
फेरि कहिले भने कुतकुतीहरूमा
खित्का भएर फुस्किरहन्छु
कतै चाँहि कुरीकुरीहरूमा खुम्चिरहन्छु भने
कतै उन्मत्त बतासको पखेटामा चढी
एक नौलो धुन गुनगुनाउँदै डुलिरहन्छु... (पृ.६)

प्रस्तुत कवितांशमा गाँठो, सास, कुतकुती, खित्का, कुरीकुरी, बतास, पखेटा, धुन, गुनगुनाउनु, डुल्नु, खुम्चनु जस्ता मानवीय तथा प्रकृति आभास दिने पदपदावलीहरूको संयोजनमार्फत प्रकृति र मानिसभित्रको जैविक विविधतालाई चित्रण गरिएको छ । प्रकृतिबिना मानिसको अस्तित्व नहुने तर प्रकृति मानिसबिना पनि अस्तित्वमा रहन सक्छ । मानवीय विभिन्न क्रियाकलापकै कारण प्रकृतिका दृश्यहरू पनि लोपोन्मुख बन्दै गइरहेका छन् भन्ने शाब्दिक विविधताका माध्यमबाट मानवीय आचरण तथा स्वभावप्रति कविचेतना प्रस्फुटन भएको पाइन्छ । गाह्रो तथा अप्ठ्यारो परिस्थितिहरूमा भन्न खोजेका कुराहरू भन्न नसकेर घाँटीमा गाँठो परेर बस्नु, खुसीमा रोक्न खोज्दाखोज्दै पनि त्यही घाँटीबाट हाँसोको खित्का बाहिर निस्कनु, लाज लाग्दा भित्रभित्र खुम्चिएर बस्नु र धेरै खुसी हुदाँ खुसीको पनि सीमा नाघेर नयाँ सपनाका लहरहरू खुल्ला आकाशको बतासमा उडिरहेको सङ्केत गरिएको छ । गाँठो परेर सास घाँटीमा अड्कनु, कुतकुतीमा खित्का फुस्कनु, उन्मत्त हुँदा बतासको पखेटामा गुनगुनाउँदै डुलिरहनु यी सबै मानवीय गतिशीलतालाई बुझाउने तत्त्व हुन् भन्ने कुराको सङ्केत गरिएको छ । त्यसै गरी कवितांशमा प्रत्यक्ष रूपमा वनस्पति वा जीवजन्तुको वर्णन नगरिए तापनि मानिसको अन्तरमन,

अनुभूति र प्रकृतिसँगको अन्तरसम्बन्धका माध्यमबाट यहाँ जैविक विविधताको परिकल्पना र प्रभावलाई उजागर गरिएको छ । त्यस्तै प्रकृतिको गतिशीलता र मानिसको भावनात्मक उतार चढावलाई सूक्ष्म रूपमा चित्रण गरेको छ । कवितांशमा आएका 'उन्मत्त बतासको पखेटा' नै जैविकताको एक महत्त्वपूर्ण प्रकृति तत्त्व हो । किनकि 'उन्मत्त' शब्दले यहाँ बदलिदो जलवायु र अस्थिर वातावरण वा प्रकृतिको अवस्थालाई सङ्केत गर्छ । कहिले कुतकुतीमा खित्का छुट्नु, कुरीकुरीमा खुम्चिनु र उन्मत्त बतासमा गुनगुनाउदै डुलिरहन्छ यी सबै प्रकृतिमा पाइने विविधता हुन् । यी क्रिया प्रायः सबै प्राणीहरूका स्वभाविक चाल हुन् । त्यसैले कवि यहाँ मानवको व्यवहारलाई प्राणीको व्यवहारसँग तुलना गर्दै जैविक विविधताको प्रस्तुति दिने प्रयास गरेका छन । कवितांशमा आएको 'एक नौलो धुन गुनगुनाउदै' अंश नै जैविक विविधताको एक महत्त्वपूर्ण पक्ष हो जसले वातावरणको स्वास्थ्य, विभिन्न प्रजातिहरूको उपस्थिति प्रकृति शक्ति, प्रकृतिको गति, ध्वनि र अनुकूलतालाई सम्बोधन गरेको छ । बतास, धुन चाल जस्ता प्रकृति घटकहरू नै यहाँ जैविक विविधताका प्रतीकका रूपमा प्रयोग भएका छन् ।

प्रकृति आफैँमा नियमबद्ध छ तर मानिस यस नियमबाट विमुख बन्दै गएको छ । मानिसले आफ्नो गतिशील जीवनलाई अगाडि बढाउँदै जाने क्रममा सुख दुःखका हरेक परिस्थितिमा प्रकृतिसँग नजिक भएको हुन्छ । यसरी प्रकृतिसँग मानिसको भावनात्मक सम्बन्ध प्रगाढ रूपमा रहनु भनेको नै जैविक विविधताको चित्रण हो । त्यसैले जैविक विविधताको दृष्टिकोणबाट हेर्दा यो कवितांश विश्लेषण योग्य देखिन्छ । यसै गरी कविले 'यौटा यस्तो प्रेम' शीर्षकको कवितामा मानिस र प्रकृतिको सह-अस्तित्व भाव प्रकट गर्दै भन्छन् :

मेरो शरीरका लाखौँ छिद्रहरूबाट छिरेर
मेरो अन्तश्चेतनाभरि फैलिन्छ यो
मनमनै मुस्काइरहने यो मौनताले
मेरो आँखाको रित्तोपनलाई
सपनाहरूसित् सलबलाइदिन्छ

अब गौँथली बनेका मेरा आँखाहरू

त्यो मौनताको आकाशमा उड्छन्                (पृ.६६)

प्रस्तुत कवितांशले मानिसको भौतिक शरीर र उसको अचेतन मनको भावलाई प्रकट गरेको छ। शरीरका लाखौं छिद्रहरू शरीरभित्रका कमजोरीहरू हुन्। त्यही कमजोरीभित्रबाट नयाँ नयाँ चेतनाको ढोका उघारिन्छ। मौनताभित्रबाट नै मुस्कुराउँछ र आँखाले केही देख्न नसकेको रित्तोपनभित्र पनि सपनाका लहरहरू सलबलाइरहेका हुन्छन्  र माथि खुल्ला आकाशमा उड्न थाल्छन् जसरी गौँथली चिरबिर चिरबिर गर्दै खुल्ला आकाशमा रमाउँछ। त्यसै गरी मेरा सपना पनि त्यो खुल्ला आकाशमा रमाउँदै स्वतन्त्र उडिरहन्छन् भन्दै कविले यहाँ भित्री मन र खुल्ला आकाशबिचको सह-अस्तित्वको भाव प्रकट गरेका छन्। गौँथली स्वतन्त्र पक्षी हो। ऊ खुल्ला आकाशमा स्वतन्त्र रूपमा आफ्नो धुन छर्दै रमाइरहन सक्छ। त्यसै गरी मानिसका सपनाहरू पनि आँखाले नदेखेको शून्यताभित्र स्वतन्त्र रूपमा सलबलाइरहन्छन् भन्ने भावलाई कविले यहाँ आँखाको रित्तोपना, सपना, गौँथली र मौनताको आकाश जस्ता पदावलीका माध्यमबाट साङ्केतिक रूपमा व्यक्त गरेका छन्। यसरी मानिस र पक्षीको अचेतन मन र प्रकृतिबिचको जैविक विविधता कविको यस कवितांशमा व्यक्त भएको छ।

### २.५.३. पर्यावरण र मानिसबिचको सांस्कृतिक सम्बन्ध

*नेत्तिफुङ्को बास्ना* कवितासङ्ग्रहअन्तर्गतका कविताहरूमध्ये 'कन्ट्र्यास्ट एक गीत' र 'सडक किनारनेर ती क्षणहरू' शीर्षकको कवितामा अभिव्यक्त पर्यावरण र मानिसबिचको सांस्कृतिक सम्बन्धलाई यहाँ विश्लेषण गरिएको छ। 'कन्ट्र्यास्ट एक गीत' शीर्षकको कवितामा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा मानिस र प्रकृतिबिच सम्बन्ध स्थापित भएको हुन्छ जुन प्रकृति र मानिसबिचको दोहोरो सांस्कृतिक सम्बन्ध हो भन्ने कुरालाई कवि स्पष्ट पार्दै भन्छन् :

सबै कौमार्य लुटाएर
बाँझो र फुस्रो मेरो धरती यो
जसको तर एक सानो टुक्रा कतै टाढामा आजभोलि
जिजीविषाहरू मेरा जीवन्त पार्दै
हरियो निला गुलाबी रङ्गले भिजेर
झुन्डिरहन्छ जीवन्त सौन्दर्य यी आँखा अघि आजभोलि        (पृ.८)

प्रकृतिको आफ्नोपनलाई मानिसले मासिरहेका छन् । प्रकृतिको हरियाली, निलो स्वच्छ सफा वातावरणमा गुलाबी सुगन्ध छरिरहेको त्यो सौन्दर्य अझै पनि हाम्रा आँखा वरिपरि घुमिरहेका छन् । त्यही प्रकृतिको सुन्दरता र आफ्नोपनमा आज हामी बाँचिरहेका छौँ । आफ्नो जीवनलाई जीवन्त बनाएका छौँ । जति नै कृत्रिम जीवन बाँचे पनि प्रकृतिमुखी मानवसभ्यतामा मानवीय संवेदना सदैव प्रकृति हुन्छ । त्यसैले मानिसको हृदयमा उदारता र हार्दिकता जस्ता गुणहरू सुषुप्त अवस्थामा कतै न कतै मनको एक कुनैमा रहिरहेको हुन्छ तर पनि सबै कौमार्य लुटेर मानिसले प्रकृतिको विनाश गरेको छ भन्ने भाव माथि अभिव्यक्त भएको छ । 'यहाँ बाँझो र फुस्रो मेरो धरती' पदावलीले प्रकृतिको आफ्नोपनलाई सम्बोधन गरेको छ । 'सानो टुक्रा' पदावलीले मानिसको जीवनको झिनो आशालाई सङ्केत गरेको छ । 'जिजीविषाहरू जीवन्त पार्नु' पदावलीले बाँच्ने इच्छाहरू जीवित पारिएको भाव प्रकट भएको छ । 'हरियो निला र गुलाबी रङ्ग' ले जीवनका अनेक इच्छा तथा चाहनाहरूलाई आफ्नो आँखाअगाडि सजाएको भाव व्यक्त गरिएको छ । यसरी कौमार्य लुटाउनु, बाँझो र फुस्रो धरती, सानो टुक्रा जिजीविषा जीवित पार्नु, हरियो, निलो र गुलाबी रङ आँखाअगाडि जीवित रूपमा झुन्डिरहेका सौन्दर्य जस्ता बिम्ब प्रयोगका माध्यमबाट कविले यस कवितांशमा पर्यावरण र मानिसबिचको सांस्कृतिक सम्बन्धलाई चित्रात्मक रूपले प्रकट गरेका छन् । मानिसको जीवनको आधार नै प्रकृति हो । प्रकृतिबाट अलग रहेर जन्मदेखि मृत्युपर्यन्तका कुनै पनि कार्य गर्न सम्भव छैन । प्रकृतिमा निर्भर रहेर मानिसले आफ्नो जीवनलाई जीवन्त बनाउनु भनेको नै मानिसको परम्परागत रूपमा चलिआएको प्रकृतिसँगको ( प्रकृतिसँग गाँसिएको) सांस्कृतिक सम्बन्ध हो । त्यसैले कुनै पनि मानिस प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा प्रकृतिसँग निकट रहेको हुन्छ । यो नै मानिस र प्रकृतिबिचको सांस्कृतिक सम्बन्ध हो भन्ने भाव माथि उल्लिखित कवितांशमा प्रकट गरिएको छ ।

समयको दौडानसँगै अगाडि बढ्दै जाँदा दन्त्यकथा जस्तै लाग्ने जीवनका विभिन्न आरोह-अवरोहहरू हाम्रा जीवन्त भोगाइहरू हुन् । ढुङ्गाका चेपमा उम्रिएर पनि आफ्नो अस्तित्व स्थापनाका लागि घाँसले गरेको सङ्घर्षलाई मानवजीवनको पारिस्थितिक सङ्घर्षसँग तुलना गरिएको भाव 'सडक किनाराका ती क्षणहरू' शीर्षकको कविताले समेटेको हुनाले विश्लेषणका निम्ति यहाँ प्रस्तुत गरिएको छ :

सडकको समय हिँड्दाहिँड्दै

एक छेउ डिलनेर बसेर

हामीले जेजति कुराहरू गऱ्यौँ
ती कुराहरू
दन्त्यकथाका मधु-मालतीले बात मारेका होइनन्
ती त हामीले बाँचेका क्षणहरू हुन्
हामी जो ढुङ्गाको चेपमा उम्रेको घाँस जस्तै
यस बेला एकदमै यहीँनेर छौँ
कसैले ती कुरामा अर्कै अर्कै कुराहरू देखेर
भ्रममात्र हो भनिदिँदैमा
हामीले बाँचिसकेको त्यो क्षण कहाँ भेटिन्छ र !
त्यो क्षणभित्र देखेको सत्य कहाँ साटिन्छ र !! (पृ.१८)

प्रस्तुत कवितांशमा मानवजीवनका विविध आरोह-अवरोहहरूलाई प्रस्तुत गरिएको छ । मानिस समयसँगसँगै बदलिनुपर्छ । बदलिँदो अवस्थासँगै आइपर्ने विविध सङ्घर्षका मोडहरूमा पनि बाँच्नुपर्ने अवस्थामा आज मानिस छ । किनभने मानिस र मानिसका कार्यहरू कुनै दन्त्यकथाका पात्रको संवाद मात्र नभई जीवन्त भोगाइ हुन् । आफ्ना लागि आधुनिक, विकसित र कथित सभ्य समाज निर्माण गर्ने नाममा हामी प्रकृतिको खुलस्त दोहन गर्न उद्यत छौँ जसका कारण वातावरण सङ्कटावस्थामा छ । प्रकृतिदोहन मान्छेका कारण नभई समयको गतिसँगसँगै स्वाभाविक रूपमा भएको र प्रकृति पुनः उही अवस्थामा नफर्किने कतिपय मानिसका विचारहरूप्रति कवि सहमत छैनन् । कविले यहाँ 'समयको सडक' भनेर समयको विकासलाई र 'ढुङ्गाको चेपमा उम्रेको घाँस जस्तै' भनेर मानिसको जीवनको एकदमै कठिन अवस्थालाई सङ्केत गरेका छन् भने 'ती बाँचेका क्षणहरू' भनेर विगत जीवनमा पार गरेका र आइपरेका विभिन्न उतारचढावलाई सङ्केत गरेका छन् । यसरी कविले यस कवितांशमा समयको सडक, एक छेउ, दन्त्यकथा, घाँस, बाँचेका क्षणहरू र सत्य जस्ता बिम्ब प्रयोगका माध्यमबाट कवितामा मिठास प्रदान गर्दै प्रकृति र मानिसबिचको घनिष्ट सम्बन्धलाई व्यक्त गरेका छन् ।

मानवीय जीवनका लागि प्रकृति अमूल्य छ । त्यसैले प्रकृतिको हामीले संरक्षण गर्नुपर्छ । प्रकृति कहिल्यै हार्दैन । समयसँगसँगै आफूलाई रूपान्तरण गर्दै लान्छ । यही रूपान्तरित प्रकृति

नै मानिसको जीवन हो भन्ने भाव कवितांशमा प्रकट गरी मानिस र प्रकृतिबिचको सांस्कृतिक सम्बन्धलाई स्पष्ट पारिएको छ । कवितांशमा आएका समय, ढुङ्गा, घाँसलगायतका प्राकृतिक बिम्बहरूले मानिस र प्रकृतिसँगको सह-अस्तित्वलाई स्पष्ट पार्छ । प्रकृति आफ्नो रूप तथा स्वरूपमा अगाडि बढ्न नपाउँदा मानवजीवनमा सङ्कट आइपर्छ । प्रकृति प्रतिकूलता भनेको जीवनको सङ्कटावस्था नै हो । त्यसकारण प्रकृति र मानिसबिचमा प्रत्यक्ष सम्बन्ध रहेकाले प्रकृतिको संरक्षण गर्नु हामी सबै चेतनशील मानिसको मुख्य दायित्व हो भन्ने भाव यस कवितांशमा प्रकट भएको पाइन्छ ।

### २.५.४ प्रकृतिको सार्वभौमपनको चित्रण

*नेतिफुङ्को बास्ना* कवितासङ्ग्रहअन्तर्गतका कविताहरूमध्ये 'त्यो मुस्कान' र 'आदिम सौन्दर्यको ल्यान्डस्कोप' शीर्षकको कवितामा अभिव्यक्त प्रकृतिको सार्वभौमपनको चित्रणलाई यहाँ विश्लेषणका रूपमा लिइएको छ । 'त्यो मुस्कान' शीर्षकको कविता प्रकृतिको सार्वभौमपनको चित्रणका दृष्टिले उपयुक्त रहेकाले यहाँ विश्लेषण गरिएको छ :

त्यो मुस्कान
जसलाई फक्रिँदो फूल अर्थात्
झुल्किँदो घाम या जून भनेर
उहिल्यैदेखि सुनिआएको बिम्बमा हेर्न चाहिनँ ।

'आह!' मात्र भनेँ
अनि त्यो विस्मयलाई
व्याख्यामा बिस्कुनै फिँजाउन चाहिनँ ।

तर अब यत्ति चैँ भन्नैपर्छ मैले
कि त्यो मुस्कानको क्षितिजमा

यो लाखौँ वर्ष पुरानो धरती एकदम नयाँ लाग्यो

यो हजारौँ वर्ष पुरानो काँचुली फ्याँकेर

नौलो रहर भुलभुल उम्रेर आयो (पृ.४८)

प्रस्तुत कवितांशमा प्रकृतिको विभिन्न स्वरूपलाई उल्लेख गरिएको छ। प्रकृति सिर्जना हो। यो सार्वभौम सम्पन्न छ र सम्पूर्ण प्राणी, वनस्पति र जीवात्माहरूले यसको सर्वप्रधानताभित्र आफ्नो अस्तित्व कायम गरेका छन्। सार्वभौम प्रकृतिले ती प्राणी, वनस्पति र जीवात्माहरूलाई स्वरूपमा सिर्जना गर्छ र आफैमा विलीन पनि गर्छ। प्रस्तुत कवितांशमा आएको फक्रिदो फूल, झुल्किँदो घाम, जून र धरती सबै प्रकृतिका देन हुन् जसको सुन्दरता, स्वच्छता र विविधताको चित्रण यहाँ गरिएको छ। त्यस्तै प्रकृति सृष्टिको नियम एकबाट अनेक हुने सर्वव्यापक पूर्वीय दर्शनलाई समेत प्रकट गर्दै प्रकृतिको सुन्दरता, स्वच्छता र पर्यावरणको आञ्चलिकताको झलक समेत यस कवितांशमा आएको छ। एकै ऋतुमा प्रकृतिमा देखिने अनेक रङ नै यसको सार्वभौमताको प्रमाण हो जसबाट यहाँ पर्यावरणीय पक्षको कलात्मक चित्रण भएको छ।

त्यस्तै 'आदिम सौन्दर्यको ल्यान्डस्कोप' शीर्षकको कवितामा प्रकृति स्वयं सर्वशक्तिमान्, स्वतन्त्र र सम्पूर्ण सृष्टिको आधार स्तम्भ हो भन्ने भावलाई अत्यन्त गहिराइ र भावनात्मक रूपमा आत्मसात् भएको अनुभूति गर्दै कवि भन्छन् :

उर्वर धरतीले सास फेरेको

यस क्षण

मलिलो माटोको मिठ्ठो गन्धले

माटोको मासुमा कविता लेख्दै छ

आह !

म त तिमीसितै एकाकार भइसकेछु नि !

भोलि एकाबिहानै हेर्नू

कि यो प्रेमको निशानी

पूर्वमा देखा पर्ने छ यौटा गुलाफी नवजात बिहानी ! (पृ.६०-६२)

यस कवितांशमा धरतीलाई मानवीकरण गरिएको छ । कवितामा प्रयोग गरिएको 'उर्वर' शब्दले यहाँ सार्वभौम प्रकृतिको मूल गुण, सिर्जनाशीलता र उत्पादनशीलतालाई जनाउछ । त्यसै गरी 'माटोको गन्ध' ले सृष्टिको सौन्दर्यलाई, 'प्रेमको निशानी' ले प्रकृतिसँगको आत्मिक एकतालाई, 'गुलाफी नवजात बिहानी' ले प्रकृतिले सृजनात्मक नवीनता, पुर्नजन्म र सौन्दर्यलाई चित्रण गर्दै प्रकृति आफैँले प्रेमको प्रतिफल प्रस्तुत गर्दै शक्तिशाली तत्त्वको रूपमा देखा परेको छ ।

यस कवितांशले एकातिर जीवित र स्वतन्त्र प्रकृतिको अस्तित्वलाई स्वीकार गरेको छ भने अर्कोतिर प्रेम र जीवनको स्रोतका बिचमा सामञ्जस्यताको चित्रण गरेको छ । कविले यहाँ प्रकृति कुनै बाहिरी वस्तु नभएर स्वतन्त्र चेतनायुक्त अस्तित्ववान् वस्तु हो भन्ने भावलाई माटोको गन्ध, बिहानी, प्रेमको निशानी, गुलाफी नवजात धरतीको सास जस्ता बिम्बका मध्यमबाट स्पष्ट पारेका छन् । कवितांशमा प्रयोग भएको माटो, बिहानी र गन्धले सृष्टिको मूल प्रेरणा तथा आत्मिक सन्तुलनमा प्रकृति सर्वशक्तिमय र सर्वव्यापी छ भन्ने कुराको सङ्केत गरेको छ । यसरी प्रकृतिको सार्वभौमिक दृष्टिकोणबाट कविले यहाँ मानवले प्रकृतिसँग आत्मसात् गरेर मात्र सच्चा प्रेम र सौन्दर्यको अनुभूति गर्न सक्छ भन्ने भाव प्रस्तुत गरेका कारण प्रकृतिको सार्वभौमपनको चित्रणका दृष्टिकोणबाट यो कवितांश उत्कृष्ट रहेको देखिन्छ ।

## २.६. निष्कर्ष

समग्रमा भन्नुपर्दा यस परिच्छेदमा पर्यावरणीय चेतनाको परिचय गराउदै *भुँइफुट्टा शब्दहरू, नेत्तिफूङ्को बास्ना* र *किनाराका आवाजहरू* कवितासङ्ग्रहअन्तर्गत समाविष्ट मानवजीवन, प्रकृति, पर्यावरण र संस्कृतिबिचको अन्तरसम्बन्धको खोजी गरिएको छ । कृति विश्लेषणको आधारअन्तर्गत प्राकृतिक पारिस्थितिक प्रणालीको अभिव्यक्त, जैविक विविधताको चित्रण, पर्यावरण र मानिसको सांस्कृतिक सम्बन्ध र प्रकृति सार्वभौमपनको चित्रणको विश्लेषण गरिएको छ। यस क्रममा विभिन्न भौगोलिक अवस्थाको प्रकृति सुन्दरता, महत्त्व र स्थानीयपनलाई चित्रण गरिएको छ। विश्वको तुलनामा नेपाल भौगोलिक हिसाबले सानो भए तापनि यहाँ प्रकृति तथा सांस्कृतिक स्रोत र साधनकै कारण सार्वभौम सम्पन्न छ । यिनै प्रकृति स्रोत र साधनको ठिक तरिकाले प्रयोग गरेमा राष्ट्र विकासमा महत्त्वपूर्ण भूमिका निवार्ह गर्न सकिन्छ भन्ने कुरालाई विभिन्न किसिमका खानी उत्खननकार्य, प्रकृति सुन्दरता, भौगोलिक बनावट र त्यहाँको हावापानीका माध्यमबाट प्राथामिकताका साथ उठान गरिएको छ। नेपालको भौगोलिक विविधता,

बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक, विभिन्न किसिमका प्रकृति स्रोत र साधन तथा तिनको महत्त्वकै कारण विश्वसामु प्रसिद्ध छ । धरती सृष्टि प्रक्रियाको एउटा गर्भाशय हो । यसैमा जीवनका सबै सम्भावनाहरू कायम रहने भएकाले नै मानिस र प्रकृतिबिचको सहकार्य पर्यावरणीय समालोचनाको मुख्य आधार हो भन्दै प्रकृतिको सुन्दरतालाई वर्णन गरी नेपालको भौगोलिक विविधता र प्रकृति सम्पदाको महत्त्वलाई उजागर गरिएको छ । पृथ्वीको उचाइ वा गरिमा पहाडले मात्र नभएर ससाना पातहरूले पनि धानेका हुन्छन भन्दै पातलाई प्रकृतिको अङ्गका रूपमा प्रस्तुत गरी प्रकृतिको सूक्ष्मताभित्रको शक्तिलाई प्रस्तुत गरिएको छ । सहरी पारिस्थिति र मानवकृत वातावरणका माध्यमबाट सहरलाई रोगी शरीरका रूपमा प्रस्तुत गरिएको छ । त्यस्तै जति खाए पनि कहिल्यै नअघाउने भोको आधुनिक उपभोक्तावादी समाजको प्रस्तुति गरिएको छ । मानिस प्रकृतिबाट टाँढिदै गई यान्त्रिक चक्रव्यूहमा फसेको अस्तित्ववादी र पारिस्थितिक सङ्कटलाई सम्बोधन गरिएको छ । सहरमा मानिसले आफ्नो वैयक्तिक पहिचान गुमाएर प्रकृति बासस्थानबाट विस्थापित हुँदै कृत्रिमतामा फसेकाले धरतीबिना मानिसको जीवन र जीवन्तताको यात्रा दुवै असम्भव भएको कुराको बोध गरिएको छ । भविष्य नै वर्तमानमा अडिने हुदाँ वर्तमानको सपना नै जीवन जिउने एउटा आधार हो । त्यसैले बाँच्नका लागि गरिने सङ्घर्ष सधै वर्तमानमा हुन्छ तर ती सपनाहरू पानीको फोका सरह भएकाले केही हराउदै र केही नयाँ थपिदै जान्छन् भन्दै मानवीय जीवनलाई यहाँ सागरमा निस्कने पानीका फोकाहरूसँग तुलना गरिएको छ । त्यसै गरी मानवीय चेतनाका माध्यमबाट प्रकृति अवस्था र पारिस्थितिक समयको बोध गराउदै जलीय पारिस्थितिकी प्रणाली, वर्तमानको पारिस्थितिकी प्रणाली, जैविक घटक र ऊर्जाको पारिस्थितिकी प्रणाली र मानव निर्मित प्रकृतिको विरोधी भावको पारिस्थितिकी प्रणालीलाई यस परिच्छेदमा सशक्त रूपमा उठान गरिएको छ । त्यसैले कृति विश्लेषणका विभिन्न सिद्धान्तमध्ये पर्यावरणीय समालोचना सिद्धान्तका आधारमा प्रकृति, पर्यावरण र संस्कृतिबिचमा यी कवितासङ्ग्रहरू सफल, प्रभावकारी र उत्कृष्ट रहेका छन् भन्ने निष्कषसमेत निकालिएको छ ।

# परिच्छेद तीन

# मनप्रसाद सुब्बाका कवितामा पर्यावरणमैत्री भाषिक प्रयोग

## ३.१ विषयपरिचय

प्रस्तुत परिच्छेदमा पर्यावरणमैत्री भाषिक शिल्पको सैद्धान्तिक आधार प्रस्तुत गरी सुब्बाका निर्धारित कवितासङ्ग्रहमा प्रयुक्त पर्यावरण र भाषाको सम्बन्धलाई विशिष्ट रूपमा हेरी त्यसको विस्तृत व्याख्या गरिएको छ । यसका लागि हाम्रो समाजको वातावरणमा त्यस अनुकूलको भाषा प्रयोग भएको छ वा छैन ? त्यस भाषाले हाम्रो कला, परम्परा, धर्म, संस्कृति तथा समाजलाई असर पार्छ वा पार्दैन भन्ने कुराहरूलाई विशेष रूपमा हेरिएको छ । यसका साथै पर्यावरण र भाषा एकअर्कोमा कतिको सम्बन्धित छन । यसले स्थानीय कला, धर्म, संस्कार, संस्कृति तथा परम्परासँग के कस्तो मैत्री सम्बन्ध राख्छ भन्ने कुराको पनि खोजी गरिएको छ । प्रकृति र पर्यावरणमैत्री भाषिक प्रयोगको संरक्षण तथा प्रवर्द्धनका लागि पर्यावरणको साहित्यिक प्रतिविम्बन, वातावरणीय स्वच्छता र ग्रामीणपन, उन्मुक्तताको अभिव्यक्ति र पर्यावरणमैत्री भाषिक प्रयोगलाई जोडेर हेरिएको छ ।

## ३.२ पर्यावरणमैत्री भाषिक प्रयोग विश्लेषणको सैद्धान्तिक आधार

पर्यावरणीय समालोचनाको कृति विश्लेषणका विभिन्न आधारमध्ये पर्यावरणमैत्री भाषिक प्रयोग पनि एक हो । स्थानीय प्रकृति र त्यहाँको परिवेशगत महत्त्वलाई देखाउदै त्यस अनुकूलको भाषाको प्रयोग गरिन्छ भने त्यसलाई पर्यावरणमैत्री भाषिक प्रयोग भनिन्छ । यसमा आयातित शब्द शिल्प ढाँचाभन्दा लोकजीवन र ग्रामीण स्थानीय संस्कृति र परिवेश झल्कने भाषिक प्रयोग गरिन्छ । त्यसैले विषयगत स्थानीय भाषिक उपयोग नै पर्यावरणमैत्री भाषिक प्रयोग हो । यसमा स्थानीय स्तरका भाषा, स्थानीय स्तरमै प्रकृतिलाई बुझाउने विभिन्न संज्ञाहरू प्रकृति र संस्कृतिबिचको सम्बन्धलाई महत्त्वका साथ उठान गर्ने भएकाले सोही अनुरूपको भाषिक प्रयोगको अपेक्षा साहित्यिक कृतिमा गरिन्छ ( होर्थ सन् १९९६, पृ. ७७) । त्यसै गरी पर्यावरणमैत्री भाषिक शिल्पले आयातित शब्द र वाक्यविन्यासको भने आलोचना (एटम, २०६८, पृ. ३२८) गर्छ । यस समालोचनाले कुनै पनि कृतिमा प्रकृतिलाई सम्मानजनक भाषाको प्रयोगका माध्यमबाट

विश्लेषण गरेको छ वा छैन भन्ने कुराको खोजी गर्छ । यसै गरी स्थानीय कला, संस्कृति तथा स्थानीय स्तरमा प्रचलित पर्यावरणमैत्री विभिन्न पद तथा पदावलीको उपयोग गर्दै भाषिक संस्कृति र पर्यावरणको मैत्री सम्बन्धमा जोड दिन्छ र कुनै पनि शब्द पद तथा पदावली र वाक्यविन्यास योजनामा कुनै न कुनै रूपमा पर्यावरणमैत्री भाव झल्किनुपर्ने मान्यता राख्छ । त्यसै गरी मानिसको संस्कार, जीवनपद्धति र लोक प्रचलनसँग जोडिएका सांस्कृतिक परिचायकलाई प्रस्तुत गर्ने क्रममा उपयुक्त किसिमको भाषिक पद तथा पदावलीको प्रयोग गर्नुपर्ने मान्यतालाई अगाडि सार्छ । किनकि पर्यावरणीय समालोचनाको मूल अभिप्राय भन्नु नै साहित्यिक लेखनलाई पर्यावरणमैत्री बनाउनु हो । यसका साथै मिडियाको क्षेत्रबाट पनि पर्यावरणमैत्री भाषामा वातावरण बचाउका निम्ति सन्देश प्रसारित गर्दै स्थानीय र आञ्चलिक रूपमा सबैलाई सशक्त बनाउनुपर्छ भन्ने मान्यता राख्छ (होर्थ, १९९६, पृ. ७७-८९) । पर्यावरणीय समालोचनाले भौतिक वातावरण र वातावरण निर्माणमा पारिस्थितिक पद्धति तथा जैविक वातावरणसँग सम्बन्धित भाषिक प्रयोगलाई जोड दिन्छ । मानवीय सांस्कृतिक मूल्यमान्यता, संस्कार, जीवनपद्धति, लोकप्रचलन आदिको प्रस्तुतिका क्रममा उपयुक्त भाषिक प्रयोग वा भाषिक पद तथा पदावलीको प्रयोग गर्नुपर्छ । पर्यावरणीय समालोचनको मुख्य उद्देश्य भन्नु नै कुनै पनि साहित्यिक लेखनलाई पर्यारणमैत्री रूपमा प्रस्तुत गरी साहित्यलाई पर्यावरणमैत्री बनाउनु हो । त्यसका लागि सञ्चारका विभिन्न माध्यमहरूबाट प्रसारित वातावरणीय विषयहरूमा पनि पर्यावरणमैत्री भाषिक प्रयोग गर्दै पर्यावरण बचाउको सन्देश प्रसारित गर्नुपर्छ ।

कृति विश्लेषण तथा लेखनमा स्रष्टाले भाषाको भौतिक तथा जैविक प्रकृतिलाई कतिको सम्मान गरेको छ वा अपमान ? भन्ने कुराको समेत चर्चा पर्यावरणमैत्री भाषिक प्रयोगको सिद्धान्तले गर्छ । भाषा भन्नु नै स्थानीयताको अभिव्यञ्जना हो । पात्रको प्रकृतिसँग कस्तो सम्बन्ध छ ? त्यसैको आधारमा स्थानीय मानव जातिको प्रकृतिसागको शत्रुवत् वा मित्रवत् सम्बन्धको विवेचना गरिन्छ । पर्यावरण स्थानीय विषय भएकाले नै पात्र स्थानीय प्रकृतिसँग अभिन्न रूपमा जोडिन आउँछ । त्यसलाई ससम्मान प्रस्तुत गर्न मर्यादित र शिष्टभाषिक माध्यमको उपयोग गर्नुपर्ने कुरालाई पर्यावरणीय समालोचनाले अगाडि बढाएको छ । आयातीत शब्द, शब्दावली र वाक्यका आधारमा पर्यावरणलाई सम्बोधन गर्दा पर्यावरणमैत्री सम्बन्ध स्थापित हुन सक्दैन र त्यस्तो साहित्य पर्यावरणमैत्री र पाठकमैत्रीसमेत हुँदैन (ग्लोटफेल्टी, १९९६, xvii ) । त्यसै गरी पर्यावरणीय समालोचनाअन्तर्गतको पर्यावरणमैत्री भाषिक प्रयोगको सिद्धान्तले कुनै पनि कृतिमा पर्यावरणमैत्री भाषिक प्रयोग भएको छ वा छैन ? स्थानीय संस्कृतिको सम्मान गरेको छ या छैन

? पर्यावरण विनाश र क्षयीकरण क्रियाकलापको विरोध गर्दै त्यसको रोकथाम गरेको छ या छैन ? भन्ने कुराको अध्ययन गर्छ । त्यसैले यस शोधमा पनि कवि सुब्बाको निर्धारित कवितासङ्ग्रहमा पर्यावरणको साहित्यिक प्रतिविम्बन, वातावरणीय स्वच्छता र ग्रामीणपन, उन्मुक्तताको अभिव्यक्ति र पर्यावरणमैत्री भाषिक प्रयोग गरी चारओटा उपशीर्षकअन्तर्गत रहेर कवितामा व्यक्त पर्यावरणमैत्री भाषिक प्रयोगलाई यस परिच्छेदमा विश्लेषण गरिएको छ ।

## ३.३ *नेत्तिफुङ्को बास्ना* कवितासङ्ग्रहमा पर्यावरणमैत्री भाषिक प्रयोग

*नेत्तिफुङ्को बास्ना* कवितासङ्ग्रहअन्तर्गत तेत्तिसओटा लामा /छोटा कविताहरू रहेका छन् । यी तेत्तिसओटा लामा /छोटा कवितामध्ये 'एक सुस्केरा प्रेम', 'निर्वासन', 'भाकल पुगेजस्तो', 'बाटोमा हिँड्दै एक दिन', 'पानीको मुक्ति', 'मोक्ष', 'कन्ट्रयास्टः एक गीत' र 'त्यो स्वर' गरी आठओटा कवितामा प्रयुक्त पर्यावरणमैत्री भाषिक प्रयोगलाई यहाँ विश्लेषण गरिएको छ ।

### ३.३.१ पर्यावरणको साहित्यिक प्रतिविम्बन

प्रकृतिप्रदत्त वातावरणको संयुक्त रूपलाई वा पर्यावरणलाई केन्द्र बनाएर व्यक्त गरिएको कलात्मक सौन्दर्य नै पर्यावरणीय साहित्य हो । यसले पर्यावरणलाई महत्त्व दिई त्यसलाई नै साहित्यको मूल विषयवस्तु बनाएर लेखिएका कृतिमा निहीत सौन्दर्य पक्षको उद्घाटन गर्छ । कुनै पनि साहित्यिक कृतिमा भौतिक वातावरणलाई कस्ता सन्दर्भ दिएर, कति तथ्यपरक बनाएर प्रस्तुत गरिएको छ र त्यसले साहित्यिक सन्दर्भमा कस्तो भूमिका खेलेको हुन्छ भन्ने कुराको विश्लेषण गरिन्छ । यसका साथै घट्ना, परिवेश तथा पात्रको अनुभूतिमा विश्वप्रकृति कसरी प्रकट भएको छ (एटम, २०६८, पृ. ३२५) भन्ने कुराको अध्ययन गर्छ । यसका साथसाथै साहित्यको वस्तुपक्ष र भाषिक शिल्पपक्षमा रहेका पर्यावरणको खोजी (पोखरेल, २०७२, पृ. १०३-१०४) पनि यही पर्यावरणीय साहित्यले गर्छ । यसका साथै पर्यावरणलाई महत्त्व दिइएर लेखिएका साहित्यिक कृतिहरूको कलात्मक समीक्षा कृति विश्लेषणको एक आधार हो । त्यसैले पर्यावरणीय साहित्य पर्यावरणको अव्यवस्थित थुप्रो मात्र नभएर यसमा उपन्यास, कविता, कथा, नाटक आदिसँग सम्बन्धित भएर पर्यावरणीय विषयको उद्घाटन गरिएको आवश्यक संरचक घटक हो भन्ने मान्यता राख्दै भौतिक वातावरण र समाजमा आएका नयाँ परिवर्तन तथा पविर्तनको साहित्यिक प्रस्तुतिको अध्ययन ( होर्थ, १९९६, पृ. ८१ ) पर्यावरणीय साहित्यिक प्रतिविम्बनमार्फत गरिन्छ ।

प्राचीन समयका साहित्य मानवकेन्द्री तथा कुनै न कुनै रूपमा पर्यावरणबाट प्रभावित भए तापनि वातावरणीय साहित्यका दृष्टिले पृथक थिए । साहित्यले प्रकृतिलाई केवल कलात्मक मिठास, सागसज्जा, अलङ्कार मानकीकरण आदिको प्रयोग गर्छन् तर अहिलेको साहित्य पर्यावरणबाट पूर्ण रूपमा प्रभावित हुँदै गइरहेका छन् र लेखिएका साहित्यिक रचना पनि वातावरणीय दृष्टिले उत्तम रहेका छन् । यिनले नाँसिदै गरेको पर्यावरण र त्यसले निम्त्याउन सक्ने खतराका बारेमा समेत चासो प्रकट गर्छ । त्यसैले अबको साहित्य पर्यावरणसँग सम्बन्धित रहेर अगाडि बढेको हुन्छ । मानवीय दृष्टिलाई केन्द्रमा राखेर साहित्य सिर्जना गर्ने साहित्यकारहरू पनि आज वातावरणलाई केन्द्रमा राखेर साहित्य लेखिरहेका छन् । त्यसैले हिजोको मानवताकेन्द्री साहित्य आज पर्यावरणकेन्द्री साहित्य हुन पुगेको छ । यसैअन्तर्गत रहेर कवि सुब्बाले पनि आफ्नो 'एक सुस्केरा प्रेम', 'निर्वासन' र 'भाकल पुगे जस्तो' कवितामा पनि प्रकृतिको आन्तरिक र बाह्य दुवै पक्षको प्रयोग गर्दै प्रकृति सौन्दर्यसँग दुई व्यक्तिबिचको प्रेम सम्बन्धलाई तुलना गर्दै कविताको विषय बनाएको देखिन्छ । उनका कवितामा प्रकृति र प्रेम स्पर्शमा प्रवाहित भएका छन् । सुब्बाको 'भाकल पुगे जस्तो' 'एक सुस्केरा प्रेम' र 'निवासन' कवितामा प्रकृतिको सौन्दर्य र प्रेम जीवनको प्रतीक हो भन्ने कुराहरूलाई कवितामा चित्रण गरिएको छ, जसको पुष्टिका लागि दिइएको कवितांशलाई हेर्न सकिन्छ :

प्रिय तिमीलाई
मेरो हात समात्ने चाह भए
कुनै यौटा रुखको सामुन्ने जानू
अनि त्यही रुखको हाँगा समातेर
मेरो हातको स्पर्श थाह गर्नू

तिम्रो केशराशिलाई
मेरो हत्केलाले खेलाएको हेर्ने मन भए
बतास चलिरहने ठाउँमा आएर बस्नू

त्यही बतासको गतिलाई नै मेरो हत्केलाको रिद्म ठान्नू

(पृ. ८८ )

यहाँ रुख, रुखको हाँगा, हात, हत्केला, बतासको मिलनबाट भौतिक वातावरणको कलात्मक प्रतिनिधित्व भएको छ । त्यसै गरी सुब्बाले एक मायालु जोडीको प्रेमिल भावना र चरम अस्तित्ववादी हुनुमा पनि प्रकृतिले महत्त्वपूर्ण भूमिका खेलेको छ । कवितामा पर्यावरण र प्रेमसँग प्रतिबिम्ब भएर आएका मनमोहकीय दृश्यबिम्बको प्रयोग भएको पाइन्छ । प्रेमिल जोडीको प्रेमिल भावना, अस्तित्ववादी चिन्तन कवितांशमा प्रस्तुत गरिएको छ । प्रेमिल स्पर्श, प्रेम, चिन्तन तथा प्रेमको गहिराइलाई प्रियको हात, रुख, रुखको हाँगाको स्पर्श, केश, हत्केला, मन, बतास, बतासको गति जस्ता बिम्बका माध्यमबाट प्रेमिल वातावरणको चित्रण गरिएको छ ।

कुनै पनि भौतिक तथा अन्य वस्तु संरक्षणका लागि पहिले प्राणी (कुकुर)को प्रयोग गरिन्थ्यो भने वर्तमान समयमा आएर त्यसको स्वरूपमा विकास भई आधुनिक मेसिन ( सि.सि. क्यामेरा) को प्रयोग गर्न थालिएको छ । त्यही आधुनिक मेसिन प्रयोगका माध्यमबाट जुनसुकै ठाउँमा बसेर कुनै पनि वस्तुको संरक्षण तथा निगरानी गर्दै अन्य कामकाजहरू हामीले सहजै रूपमा गर्न सक्छौँ । यसले धेरै नै सहजता सिर्जना गरेको छ । एकातिर यसले कामदारको सङ्ख्यामा कटौती गरेको छ भने अर्कोतिर जुनसुकै स्थानबाट अर्को स्थानको संरक्षण तथा रेखदेख गरी सोही स्थानबाट आवश्यक कामका लागि निर्देशन दिई आफूले अर्को काम पनि गर्न सकिन्छ । त्यसका लागि मानिसमा चेतना हुनु आवश्यक छ भन्ने कुरालाई कवि स्पष्ट पार्दै भन्छन् :

ज्यादै टड्कारो पनि छ यो पर्खाल ।

तिमी जति टड्कारो छौँ मेरो चेतनाको चौबाटोमा

म जति स्पष्ट देखिन्छु तिम्रो यादको चउरमा

यसभन्दा बढ्ता स्पष्ट र टड्कारो छ यो ।

उहिले उहिले यो पर्खालमाथि

चिल, लाटोकोसेरा र कुकुरहरूले

भक्तिपूर्वक पहरा दिन्थे

अचेल भने

मिसाइलका दाँतहरू अनि पेरिस्कोपका आँखाहरू

ओहोरदोहोर गरिरहन्छन् रातदिन । (पृ. ९२ )

उल्लिखित कविताांशमा प्रकृति र मानवीय चेतनाको अन्तरसम्बन्धलाई प्रस्तुत गरिएको छ । प्रकृतिलाई मानव चेतना, स्मृति र अस्तित्वसँग जोडिएको छ । प्रकृति चेतनाको चौतारीलाई प्रत्यक्ष रूपमा उपस्थिति गराउदै प्रकृति केवल सौन्दर्यको प्रतीक मात्र नभएर जीवनलाई अगाडि बढाउने शक्तिका रूपमा प्रस्तुत गरिएको छ । कविताांशमा प्रयोग गरिएको चिल, लाटोकोसेरो र कुकुर सबै पर्यावरणीय सन्तुलनका मानवेतर प्रतिनिधि पात्र हुन् । यिनले नै यहाँ जैविक विविधतालाई सम्बोधन गरेका छन् । त्यस्तै कविताांशमा आएको 'ज्यादै टड्कारो छ यो पर्खाल' अशंका माध्यमबाट प्रकृतिको प्रत्यक्ष र स्पष्ट उपस्थितिलाई चेतनाको चौबाटोसँग तुलना गरिएको छ । यसले पर्यावरण र मानिसबिचको गहिरो सम्बन्धलाई प्रतिविम्बित गर्छ । त्यस्तै 'स्पष्ट देख्छु तिम्रो यादको चउर' अंशले एकातिर प्रकृतिको भूमिका, स्मृति र आत्मीयतालाई उद्घाटित गर्दै प्रकृति केवल कवि चेतनाको भावनात्मक र स्मृतिपरक जीवनानुभूतिको स्रोत हो भन्ने कुरालाई प्रस्तुत गर्छ भने अर्कोतिर यसले प्रकृतिलाई मानव जीवनको अभिन्न अङ्गका रूपमा चित्रण गर्छ । त्यसै गरी 'भक्तिपूर्वक पहरा दिन्थे' अंशले एकातिर प्रकृति केवल उपभोग्य वस्तु मात्र नभई आदर र संरक्षणयोग्य अस्तित्व हो भन्दै पर्यावरणीय चेतनाको परिचय गराइएको छ भने अर्कोतिर यसले पहिले कुनै पनि वस्तुको संरक्षणका निम्ति चिल, लाटोकोसेरो र कुकुर जस्ता प्राणीको प्रयोग गरिन्थ्यो भने अहिले सि.सि. क्यामेरा जस्ता आधुनिक मेसिनका माध्यमबाट संरक्षण गर्न थालिएको छ भन्ने कुरालाई प्राणी र आधुनिक सुविधा सम्पन्न मेसिन प्रयोगका माध्यमबाट व्यक्त गरिएको छ ।

कवितामा आएका चिल, लाटोकोसेरो र कुकुर प्राचीन समयदेखि चलिआएका संरक्षणका प्राणीहरू हुन भने मिसाइलका दाँतहरू र पेरिस्कोपका आँखा वर्तमान समयको संरक्षण तथा निगरानीको मेसिनरी वस्तु हो भन्दै कविले यहाँ साङ्केतिक रूपमा प्रकृतिको शान्त वातावरण

र पर्यावरणीय सङ्कटप्रतिको चेतनालाई प्रस्तुत गरेका छन् । प्रकृति जीवन-दर्शन र चेतनाको चौबाटो हो, यसको बाहिरी सौन्दर्य मात्र नभएर आन्तरिक चेतनाको आधार हो भन्ने कुरालाई यस कवितांशंमा पर्यावरणीय साहित्यिक प्रतिविम्बनका माध्यमबाट मूल रूपमा व्यक्त गरिएको छ ।

### ३.३.२ वातावरणीय स्वच्छता र ग्रामीणपन

वातावरणीय स्वच्छता र ग्रामीणपन पर्यावरणीय समालोचनामा कृति विशलेषणको विभिन्न आधारमध्ये एक हो । दिनानुदिन नष्ट हुँदै गइरहेको पर्यावरणीय स्वच्छता र ग्रामीणपनको मुख्य आधार नै जनसङ्ख्या वृद्वि हो । जनसङ्ख्या बढेसँगै औद्योगीकरण, सहरीकरण, वनजङ्गलको तीव्र विनाश जस्ता कार्यले नै प्रकृति र ग्रामीणपन समाप्त हुँदै गइरहेको छ । यसले मानव लगायत सम्पूर्ण जीवजन्तु, वनस्पति तथा सम्पूर्ण प्राणी जगत्मा नै असर परेको छ ।

मानवीय विभिन्न क्रियाकलापकै कारण प्रकृति दिनानुदिन प्रदूषित र नष्ट हुँदै गएर वातावरणीय समस्याहरू निम्तिएको छ । यसले सम्पूर्ण सजीव तथा निर्जीव वस्तु तथा प्राणीको अस्तित्व नै सङ्कटमा पारेको छ । बढ्दो जनसङ्ख्यासँगसँगै विकास र मनोरञ्जनका दृष्टिले भइरहेका विभिन्न कार्यहरूले नै दिनानुदिन वनजङ्गलको विनाश भएको छ । यसरी वनजङ्गलको विनाश गर्दै विभिन्न कृत्रिम वस्तु उत्पादन गर्दा त्यसले क्षणिक मनोरञ्जन दिए तापनि दीर्घकालीन रूपमा भनै सङ्कट निम्ताएको छ । सम्पूर्ण पारिस्थितिक पद्धतिमा नै परिवर्तन ल्याएको छ । त्यसै गरी विभिन्न किसिमका रोगहरू फैलिएको छ । पानी पर्ने समयमा पानी नपरेर आर्थिक तथा खाद्यान्न सङ्कट बढेको छ । मानवीय अस्तित्व पनि सङ्कटमा परेको छ । त्यसैले मानिसको जनसङ्ख्या बढेसँगै सम्पूर्ण पृथ्वीजगत्मा आएको समस्या समाधान गर्न कै लागि पनि अब मानव जातिले वातावरण संरक्षणका लागि विभिन्न किसिमका चेतनामूलक कार्यक्रम गर्दै प्रत्येक क्षेत्रबाट वातावरण बचाउनुको अभियानमा अगाडि बढ्नुपर्ने अवस्था आएको छ ।

औद्योगीकरण र सहरीकरणकै कारण वनङ्गलको तीव्र विनाश भई प्रकृतिको स्वच्छता र निर्मलपन समाप्त हुँदै गइरहेको छ । विनष्ट र प्रदूषित बन्दै गइरहेको पर्यावरणलाई पुनः पहिलेकै अवस्थामा ल्याउनका लागि लेखक तथा साहित्यकारलाई निर्मल र स्वच्छ प्रकृतिका बारेमा लेख्न लगाउनु पर्यावरणीय समालोचनाको मुख्य विषय हो (ग्लोटफेल्टी, १९९६, xix) । पर्यावरणीय स्वच्छता प्रकृतिको महत्त्व, प्रकृतिको ग्रामीणपनसँगै जोडिएको पर्यावरणमैत्री स्वस्थ्य संस्कृति

जस्ता विषय अबको साहित्यक कृतिमा अङ्कन हुनुपर्छ । यस्ता साहित्यक कृतिले विनष्ट बन्दै गइरहेको वातावरणलाई पुनः पहिलेकै अवस्थामा फर्काउन सहयोग पुऱ्याउँछ (लिडिक, २००६, पृ. ४०) । एकातिर वातावरणीय प्रदूषण र अस्वच्छताकै कारण वनजङ्गल मासिदै पृथ्वीको ओजन तह घटी सङ्कट उत्पन्न भएको छ भने अर्कोतिर रुखविरुवा मास्दै विभिन्न किसिमका भौतिक संरचना निर्माण गर्दा पानीको मुहान सुकेर जमिनमा पानीको सतह घट्दै गएर धारा, कुवा, इनारहरू सुक्ने गरेका छन् ।

मानिसलगायत सम्पूर्ण प्राणीले उपभोग गर्ने वस्तुमा सहरीकरणका नाममा भएका औद्यौगीकरण, वनविनाश, जलप्रदूषण, भू-प्रदूषण जस्ता कार्यले पारिस्थितिक पद्धतिमा नै असर पारेको छ ( होर्थ, १९९६, पृ. ७२) । प्रकृति स्रोत र साधनहरूको जति प्रयोग गरिन्छ त्यति नै मात्रामा त्यसको संरक्षण र संवर्द्धन गर्न पनि आवश्यक छ तर मानिसले आफ्नो स्वार्थ अनुकूल त्यसको प्रयोग मात्र गर्नु तर संरक्षण र संवर्द्धन नगर्नु नै वातावरण विनाशको मुख्य कारण हो । यसरी पर्यावरणीय समालोचनाले ग्राम्यपरिवेशतर्फ चासो राख्ने भएकाले यसको मुख्य रुचिक्षेत्र पनि वातावरणीय स्वच्छता नै हो जसको प्राप्ति ग्राम्यपरिवेश पर्वत, वनक्षेत्र, मैदान, चरनक्षेत्र, जलाशय (भट्टराई, २०७१, पृ. २१०) आदिबाट हुन्छ । यसले प्रकृतिको विनाशसँगसँगै प्राणी र वनस्पतिका मौलिक पक्षहरू नष्ट भएका छन् वा छैनन् भनी त्यसको खोजी गरी त्यसको विश्लेषण समेत गर्छ । प्रकृतिको दोहन गरी प्रकृतिबाटै सक्दो फाइदा लिनुपर्छ भन्ने मान्यताको विरोध गर्छ । त्यसै गरी कृत्रिमता र आधुनिकताको विरोध गर्दै प्रकृतिको दिव्यता र निर्मलिपनको अङ्कन भएको साहित्यिक रचनाको खोजी यस समालोचना सिद्धान्तले गर्छ । त्यसैले यस समालोचना सिद्धान्तअन्तर्गत रहेर कवि सुब्बाको *नेतिफूङ्को बास्ना* कवितासङ्ग्रहअन्तर्गत रहेर ‘बाटोमा हिँड्दै एकदिन’ र ‘त्यो स्वर’ शीर्षकको कवितामा रहेको वातावरणीय स्वच्छता र ग्रामीणपनलाई विश्लेषण गरिएको छ । ‘बाटोमा हिँड्दै एकदिन’ कवितामा गाउँको परिवेश र त्यहाँको स्वच्छपनलाई तुलनात्मक रूपमा प्रस्तुत गरिएको छ । प्रकृति अनि गाउँलाई यहाँ एकअर्काका पर्यायका रूपमा हेरिन्छ । गाउँले जीवन, त्यहाँको स्वच्छता, प्रकृतिसँग रमाउदै जीवनलाई सहज बनाउनका लागि जमिन वा माटोसँग गरेका सङ्घर्षका कथाहरूको स्मृतिलाई फरुवा, जमिन, पैतला, बाटो, डिल, धरती, आँखा र कोलम्वस जस्ता बिम्ब प्रयोगका माध्यमबाट स्पष्ट पारिएको छ, जसको पुष्टि दिइएको उदाहरणबाट गर्न सकिन्छ :

फरुवाले जमिन खनेको लयमा

हाम्रा पैतालाहरू भुइँ टेक्दै थिए

अनि बाटोको डिलमा उभेर

हजारौँ वर्ष पुरानो धरतीलाई हेरीपठायौँ

तर त्यो धरती

मेरो आखाँको कोलम्बसले भर्खरै आविष्कार गरेको

यौटा रोमाञ्चक मुलुक भइदियो ।                    (पृ. १६ )

उल्लिखित कवितांशमा मानिसको गाउँले जीवन त्यहाँको वातावरण, जीवन चलाउनका लागि प्रकृति वा धरतीसँग गरिएका सङ्घर्ष र सफलताका कथाहरूलाई फरुवाले जमिन खनेको, पैतलाहरूले भुइँ टेकेको, बाटोको डिलमा उभिएर आँखाको कोलम्वसले आविष्कार गरेको रोमाञ्चक मुलुक जस्ता पद तथा पदावलीको प्रयोग गर्दै मानिसको गाउँले जीवन, सङ्घर्ष, वातावरणीय स्वच्छता र सङ्घर्षपछिको सफलताले जीवनमा छाएको खुसीलाई यस कवितांशले चित्रण गरेको छ । त्यसै गरी हजारौँ वर्ष पुरानो जमिन वा धरतीमा पनि फरुवाले जमिन खनेर त्यहाँ विभिन्न बोटविरुवा, वनस्पति तथा खाद्य सामग्रीको उत्पादन गर्दा त्यस ठाउँको परिवेश सुन्दर, शान्त, मनमोहक, रोमाञ्चक भएको दृश्य देखेर मन प्रफुल्लित भएको कुरालाई कवि सुब्बाले चित्रण गरेको पाइन्छ ।

खेतमा धानको हरियाली वातावरण अझ त्यसैमाथि लहलह झुलेका धानका बालासँगै सेताम्य फुलिरहेका धानको फूल, निलो आकाश र त्यो हरियाली सफा, स्वच्छ, हराभरा वातावरणले साच्चै नै मनलाई लोभ्याएको हुन्छ । शरद ऋतुको त्यो हरियाली वातावरणले मनलाई प्रफुल्लित पारेको हुन्छ । धानका हरियाली परिवेशसँगै बोटविरुवा तथा विभिन्न वनस्पतिले पनि प्रकृतिलाई मनमोहक बनाएको हुन्छ । यही मनमोहक दृश्यको बिचमा मानिसको घरबस्ती अनि माथिको निलो आकाश र त्यही आकाशमाथि देखिने सेतो सफा बादल, सिमसिम वर्षा, सिरसिर बतास र त्यस बताससँगै आउने प्रकृति सुगन्धले त मन एकदमै चङ्गा बनेको हुन्छ भन्ने भावलाई कवि सुब्बाले 'त्यो स्वर' शीर्षकको कवितांशका माध्यमबाट प्रस्ट भन्छन् :

धानको फूल खेलिरहेको खेतबाट

सुगन्ध भएर आउने त्यो स्वर

जसले छोएपछि आफ्नै सास आफैलाई

भर्खरै नुहाएको उसको केश जस्तो मग्मगाउँछ (पृ. ४४ )

कवि सुब्बाले कवितामा ग्राम्यपरिवेशलाई प्रकृतिको उर्वरता र सौन्दयसँग तुलना गरेका छन् । उनले वातावरणीय स्वच्छता र ग्रामीणपनको जुन विविधताको चित्रण गरेका छन् त्यसको माध्यम नै प्रकृति हो । कवितांशमा शरद ऋतुको प्रकृति सौन्दर्य, ग्रामीण जीवनशैली, खाद्यान्न उत्पादनको अवस्था, ग्राम्य वातावरणीय स्वच्छता जस्ता विविध पक्षहरूको प्रस्तुति गरिएको छ । प्रकृति सामर्थ्य र यसका विविध पक्ष (ग्राम्य परिवेश, वातावरणीय स्वच्छता, वातावरणीय सौन्दय, ग्राम्य जीवनशैली आदि) लाई कवि सुब्बाले कलात्मक रूपमा व्यक्त गरेका छन् । त्यसै गरी प्रस्तुत कवितांशमा प्रकृतिको स्वच्छ अप्रदूषित तथा निमर्लपन गाउँले वातावरण, खेतमा उत्पादन हुने अन्नबाली धान र त्यसको मनोरम दृश्यलाई यहाँ प्रस्तुत गरिएको छ । कृषकले अन्नबाली लगाउँदा खेप्नुपर्ने दुःख र राम्रो फल प्राप्त गर्दा कृषकमा आउने त्यो खुसी वा आनन्दपनलाई पनि यस कवितांशमा लाक्षणिक रूपमा व्यक्त गरिएको छ । अन्नबाली जब फुल्न थाल्छ तब कृषकलाई त्यसको बास्ना मग्मगाएको अनुभूति हुन्छ भन्ने भाव पनि कवि सुब्बाले व्यक्त गरेका छन् ।

### ३.३.३ उन्मुक्तताको अभिव्यक्ति

सामान्यतया उन्मुक्तताको अभिव्यक्ति भन्नाले कुनै पनि किसिमको बन्धन वा रोकावटबाट मुक्त भई आफ्नो कुरा अरू सामु व्यक्त गर्ने भन्ने बुझिन्छ । मानिसले सामाजिक, सांस्कृतिक, भौगोलिक, राजनैतिक, पारिवारिक, व्यक्तिगत तथा वैचारिक यी विभिन्न किसिमका बन्धनभित्र बाँधिएर आफ्नो जीवन अगाडि बढाएको हुन्छ । त्यसैले हरेक जीव, वनस्पति तथा प्राणीले हरेकक्षण हरेकपल प्रकृति रूपमै आआफ्नो स्वभावअनुसार आफूलाई हरेक क्षेत्रबाट स्वतन्त्र चाहन्छ । स्वतन्त्र रूपमा बाँच्न चाहन्छ । यो उसको प्रकृति स्वतन्त्रता हो । जस्तो चराको उड्न पाउने स्वतन्त्रता, पानीको बग्न पाउने स्वतन्त्रता, वनस्पतिको हुर्कन, बढ्न र फल्न पाउने स्वतन्त्रता, मानिसको गाँस, बास, कपास तथा स्वतन्त्र रूपमा अगाडि बढ्न, बाँच्न, हरेक संस्कार र संस्कृति आफ्नो इच्छाअनुसार मनाउन पाउने स्वतन्त्रता हुन्छ । त्यसैले पर्यावरणीय समालोचना सिद्धान्तको कृति विश्लेषणका विभिन्न आधारहरू मध्येको एक उन्मुक्तताको अभिव्यक्तिको

सिद्धान्तले पनि हरेक जीव तथा वनस्पतिको आआफ्नै स्वभावअनुसार स्वतन्त्र बाँच्न पाउनुपर्छ । यो उसको प्रकृति स्वतन्त्रता हो भन्ने कुराको चित्रण गर्छ भन्ने गहन पर्यावरणीय मान्यता रहेको छ ( थपलिया, २०७५, पृ. १९१ ) । यही पर्यावरणीय मान्यताभित्र रहेर यहाँ कवि सुब्बाको *नेत्तिफुङ्को बास्ना* कवितासङ्ग्रहको विश्लेषण गरिएको छ ।

कवि सुब्बाको *नेत्तिफुङ्को बास्ना* कवितासङ्ग्रहभित्र समाहित 'पानीको मुक्ति' शीर्षकको कवितामा पनि पानीले आफ्नो स्वतन्त्रता कसरी गुमाएको छ ? पानी कसरी अरूको बन्धनमा बाँधिएको छ र हुन्छ ? भन्ने कुरालाई कविले यस कवितामा मार्मिक ढङ्गले प्रस्तुत गरेका छन् । पानीको आफ्नो प्रकृति स्वतन्त्रता हुदाँहुँदै पनि कसरी अरूको बसमा पर्छ र आफ्नो स्वतन्त्रता गुमाएको हुन्छ ? पानी आफ्नै तरिकाले स्वतन्त्र रूपमा खोला, नदी, झरना तथा पोखरी आदिमा प्रस्तुत भएर आफ्नोपन वा आफ्नो स्वभाव देखाउदा मानिस कति प्रफुल्लित मुद्रामा त्यसको आनन्द लिइरहेका हुन्छन् । यसले प्रकृतिलाई कति सुन्दर, कञ्चन तथा सङ्गीतमय बनाएको हुन्छ भन्ने जस्ता कुराको चित्रण कविले यस कवितामा व्यक्त गरेका छन्, जसको पुष्टि दिइएको उदाहरणबाट गर्न सकिन्छ :

पानी त म पानी नै थिएँ पहिले पनि

तर रीतिरिवाजको कलशमा बन्द

कि त फिल्टरको खटनमा चुहिनुपर्ने

तप

तप

अनि तिमी आयौ

र ती बन्धनका आयतन र आकारबाट मलाई मुक्त गऱ्यौ

अनि म खोल्सा खुलुलुलु स्वतन्त्र बग्न थालेँ

म छाँगो चिउँड बन्जीजम्प गर्दै रमाएँ

आफ्नै आवाज पनि सुन्न नपाएर बिर्सेको थिएछु

अब मुक्त बग्न पाएर म आफ्नै सङ्गीतले मक्ख छु

समुद्रमा पुगेर पनि म

छौँ लहरूको सर्फबोर्डमा उभ्भिई सर्फिङ् खेलिरहन्छु

अनि आफ्नै फैलावटबाट पनि उम्केर

म कृष्ण बादल उठ्छु

र पानी पर्छु

पानी पर्छु (पृ. ३८,४०)

उल्लिखित उदाहरणमा पानी मानिसको उपभोग्य र सौन्दर्यबोधका निम्ति मात्र नभएर जीवन बोधको एक महत्त्वपूर्ण वस्तु हो । सबै प्राणी तथा वनस्पतिका लागि नभई नहुने अत्यावश्यक चिज हो । त्यसैले हरेक समय र आवश्यकताअनुसार फरक फरक तरिकाले हामीले त्यसको प्रयोग गरेका छौँ । फरक किसिमले पानीलाई प्रस्तुत गरेका छौँ । यसरी फरक किसिमको दृश्य, फरक पहिचान, फरक सांस्कृतिक महत्त्व, त्यसको सुन्दरता, उसको स्वभाव र बन्धनलाई कविले यहाँ चित्रण गरेका छन् ।

कवितामा व्यक्त कलश, फिल्टर, छाँगो, बन्जिजम्प, र्‍याफ्टिङ, पाइप, समुन्द्र जस्ता बिम्ब प्रयोगले यहाँ पानीको बहुरूपलाई प्रस्तुत गरेको छ । पानी सबै प्राणीका लागि खुल्ला किताब जस्तै भएकाले यसलाई सबैले आआफ्नो आवश्यकता र बौद्धिकताका आधारमा विभिन्न किसिमले प्रयोग गर्दै मनग्य आम्दानी तथा लाभ उठाइरहेका हुन्छन् भन्ने भाव प्रस्तुत गरिएको छ । यसै गरी कवितामा उल्लिखित 'रीतिरिवाजको कलशमा बन्द' शब्दले पानीको आफ्नो स्वतन्त्रतालाई मानिसले बन्धक बनाएर आफ्नो परम्परा, संस्कार, संस्कृति तथा आवश्यकताअनुसार प्रयोग गरी आफू वरिपरिको परिवेशलाई सुन्दर बनाएको भाव प्रस्तुत गरिएको छ । त्यसै गरी 'फिल्टरको खटनमा चुहिनुपर्ने' शब्दका माध्यमबाट पानीलाई मानिसले आफ्नो आवश्यकताअनुसार कसरी

नियन्त्रण वा प्रयोग गरी त्यसको आयतन र आकार घटाउँछ ? पानीले पनि आफ्नो स्वतन्त्रता तथा आफ्नोपन गुमाइसकेपछि कसरी अरूको आदेश बाध्यात्मक रूपमा मान्न तयार हुनुपर्छ भन्ने भाव यहाँ प्रस्तुत गरिएको छ । हामीले पानीलाई जब आफ्नो बन्धनबाट छोड्छौँ र उसलाई स्वतन्त्र हुन दिन्छौँ तब उसले पनि आफ्नो आयतन र आकारमा परिवर्तन गर्छ । हरेक खोला, नदी, झरना, विभिन्न किसिमका तालतलैयामा स्वतन्त्र  रूपमा खुलुलुलु बग्न थाल्छ अनि आफैमा एक किसिमको सङ्गीत सिर्जना गरी मानिसलाई आफूप्रति आकर्षित गर्छ । मानिस पनि पानीको त्यो कञ्चनता, सुन्दरतामा लट्ठिदै त्यही पानीमा रमाउन पुग्छ, बन्जीजम, ऱ्याफ्टिङ जस्ता विभिन्न किसिमका खेलहरू खेलेर । यसले एकातिर पानीको सामर्थ्य तथा शक्तिले मानिसलाई कसरी आकर्षित गर्छ भन्ने कुरालाई प्रस्ट पारेको छ भने अर्कोतिर पानीको बहुरूपी आकर्षणबाट हामीले कसरी आफ्नो बौद्धिकताको प्रयोग गरेर मनग्य आयआर्जन गर्न तथा आयआर्जनमा वृद्धि गर्ने भन्ने जस्ता कुरालाई प्रस्तुत गरिएको छ । त्यसै गरी पानीको ठिक र सही तरिकाले हामीले उपभोग मात्र गर्न सक्यौं भने पनि हामीले आफ्नो जीवनस्तरलाई सहजै माथि उकास्न सक्छौं । यही पानीको बहुरूपी आकर्षणका माध्यमबाट स्वदेशी तथा विदेशी पर्यटकलाई पानीको महत्त्व, यसको प्रयोग, सुन्दरता, स्थान र समय अनुरूपको फरकपनले वातावरणलाई कसरी प्रभावित गर्छ ? कस्तो किसिमको फाइदा पुऱ्याएको हुन्छ ? भन्ने जस्ता विभिन्न कुराका बारेमा जानकारी दिदै पर्यटकको आगमनमा वृद्धि गर्न सकिन्छ । यसरी पर्यटकको वृद्धि गरेसँगै यसले एकातिर आफ्नो जीवनस्तरमा सुधार आउँछ भने अर्कोतिर राज्यको अर्थतन्त्रमा टेवा पुग्छ भन्ने किसिमको भाव यहाँ प्रस्तुत भएको छ ।

समय र स्थानअनुसार पानीले पनि आफ्नो रूप परिवर्तन गर्छ । जाडोयाममा जमेर बरफ (ठोस) बन्छ भने गर्मी मौसममा त्यही बरफ पग्लिएर पानीमा परिणत भई विभिन्न खोला, नदी, समुन्द्र तथा झरनाहरूमा आफ्नो आकार लिन्छ र आफ्नो सङ्गीतमय अवस्थामा बगिरहन्छ अनि त्यही तरल रूपमा बगिरहेको पानी बाफ बनेर माथि आकाशमा जान्छ र बादलमा परिणत भई पुनः पानी पर्छ । यसरी पानी आफू  स्वतन्त्र रूपमा अगाडि बढ्न पाउदा ऊ पनि आफ्नोपनको जीवनचर्यामा व्यस्त हुन्छ । हामीले उसलाई स्वतन्त्र छोडिदिदा उसले पनि खुसीका साथ आफ्नो जीवन अगाडि बढाएको हुन्छ भन्ने कुरालाई कवि सुब्बाले यस कवितामा विभिन्न बिम्बको प्रयोग गर्दै बिम्बचित्रको माध्यमबाट पानीको बहुरूपीपन, महिमा र गुणलाई मार्मिक ढङ्गमा प्रस्तुत गरेका छन् ।

त्यस्तै कवि सुब्बाले 'मोक्ष' शीर्षकको कवितामा जन्मदेखि मृत्युसम्म आउने हरेक चुनौतीहरूलाई स्वीकार गर्दै अगाडि बढ्ने साहस केवल एउटा साँचो प्रेमबाट मात्र पाउन सकिन्छ भन्दै प्रेमको महत्त्वलाई यहाँ 'म' पात्रका माध्यमबाट प्रस्तुत गरेका छन्, जसको पुष्टि दिइएको कवितांशबाट गर्न सकिन्छ :

जन्मेदेखि मृत्युसम्म तानिएको डट डट डट डट-का चुनौतीहरू
स्वीकारेँ
यसो गर्ने आँट
मैले यौटा विश्वासबाट पाएँ
प्रेमभित्रको विश्वास !
यौटा साँचो प्रेम
जो साँच्चै नै हुन्छ ।

हिजो यौटा भाला रोपिएर एक जुनी मरेको थिएँ ।
आज फेरि
विश्वासको शुक्राणुहरूबाट
यो अर्को जुनी स्वीकारेर आएँ
अनि,
आह ! प्रेम !
तिमी साँच्चै हुनुका प्रमाणहरू आँखाभरि पाएँ ।

(पृ. ३२-३४)

उल्लिखित कवितांशमा मानिसको जीवन शून्यताले भरिएको छ । त्यही शून्यताभित्र विभिन्न किसिमका चुनौतीहरू आइपर्छन । ती चुनौतीहरूलाई पनि हामीले नचाहदा नचाहदै स्वीकार गर्नुपर्ने हुन्छ । चुनौतीहरूलाई स्विकार्दै एउटा विश्वासका साथ अगाडि बढ्दै जाँदा

विभिन्न किसिमका शङ्का उपशङ्का बिचमा पनि त्यहाँ यौटा प्रेम सिर्जना हुनपुग्छ र त्यस प्रेम भित्रबाट पनि एउटा साँचो प्रेमको सिर्जना हुनपुग्छ । विगतका ती शून्यताका दिनहरूमा जति छटपटिएको थिएँ, जीवनदेखि आत्तिएर हरेस खाएको थिएँ, निराश भएको थिएँ र त्यही निरास, हरेस तथा छटपटिमा पलपलमा मरेको थिएँ । आज फेरि एउटा साँचो प्रेमको विश्वासले नयाँ जीवन पाएको छु । प्रेममा नै जीवन छ भन्ने कुरा आखाँले नै छर्लङ्ग देखिसके त्यसैले बाँकी रहेको यो जीवन नयाँ जीवन हो भन्ने मैले स्वीकार गरेर नै अगाडि बढेको छु । अब मैले शून्यताको जीवनबाट मोक्ष पाइसकेँ । शून्यताको जीवनबाट धेरै अगाडि बढिसकेँ । जीवन के हो ? र प्रेम के हो ? भन्ने कुरा राम्रोसँग बुझिसकेँ । त्यसैले अब त्यो पहिलेको जस्तो शून्यताको निरासताको जीवन जिउन पर्दैन किनकि जीवन के हो यसलाई कसरी अगाडि बढाउनुपर्छ र जीवनको महत्त्व किन छ ? भन्ने कुरालाई यहाँ ‘म’ पात्रका माध्यमबाट विभिन्न बिम्बहरूको प्रयोगका माध्यमबाट प्रस्ट पारिएको छ ।

कवितांशमा उल्लेख गरिएको जन्म, मृत्यु, डट डटका चुनौती, विश्वास, साँचो प्रेम, शङ्का, सत्य, भाला, शुक्राणुहरू, अर्कोजुनी, प्रमाण, आखाँ, मोक्ष जस्ता विभिन्न बिम्बको प्रयोगले कवितामा मिठास प्रदान गरेको छ । कवितामा प्रयुक्त ‘प्रेम’ र ‘विश्वास’ शब्दका माध्यमबाट जीवन भन्नु नै प्रेम हो, विश्वास हो । प्रेम र विश्वासमा नै जीवन अडेको हुन्छ । प्रेम र विश्वासले नै मानिसले हरेक युद्ध तथा हरेक चुनौतीको सामना गर्न सक्छ । यदि मानिसको जीवनमा यी दुवै चिज छैन भने उसको जीवन शून्य हुन्छ । उसले जता हेरे पनि शून्य नै देख्छ, अँध्यारो देख्छ । आफ्नो जीवनमा भाला प्रहार गरेको देख्छ भन्दै प्रेम र विश्वासको महत्त्वलाई यहाँ प्रस्तुत गरेका छन् । त्यसै गरी प्रेम र विश्वास गुमाउँदा मानिस कुनै अवस्थामा पुग्छ र प्रेम र विश्वास पाउँदा ऊ आफूले गर्न सक्ने कार्यसम्म अगाडि बढ्न सक्छ । उसले जीवनमा आइपरेका विभिन्न सङ्घर्षहरू पार गर्दै नयाँ जीवन पाएको महसुस गर्न सक्छ भन्ने कुरालाई कविले यहाँ मार्मिक ढङ्गबाट प्रस्तुत गरेका छन् ।

### ३.३.४ पर्यावरणमैत्री भाषिक प्रयोग

मानवीय अस्तित्व तथा अन्य प्राणीको वातावरणसँगको अन्तरसम्बन्ध नै पर्यावरण हो अथवा प्रकृतिप्रदत्त वातावरणको संयुक्त रूप नै पर्यावरण हो भने पर्यावरणलाई नै केन्द्र बनाएर व्यक्त गरिएका भाषिक कलाको साहित्यिक सौन्दर्य नै पर्यावरणमैत्री भाषिक प्रयोग हो । पर्यावरण समालोचनाको कृति विश्लेषणका विभिन्न आधारमध्येको एक पर्यावरणमैत्री भाषिक प्रयोग पनि

हो । यस समालोचनाले कुनै पनि कृतिमा प्रकृतिलाई भाषिक रूपमा सम्मान गरेको छ वा छैन भनी त्यसको खोजी गरी विश्लेषण गर्छ । यसमा स्थानीय भाषा स्थानीय स्तरकै प्रकृतिलाई बुझाउने विभिन्न संज्ञानहरू, प्रकृति र संस्कृतिबिचको सम्बन्धलाई महत्त्वका साथ उठाउने भएकाले सोही अनुरूपको भाषिक प्रयोगको अपेक्षा (होर्थ, १९९६, पृ. ७७) साहित्यिक कृतिमा गरिन्छ ।

पर्यावरणीय समालोचनाले पर्यावरणमैत्री भाषिक प्रयोगमा स्थानीयतालाई बढी जोड दिने भएको हुनाले स्थानीय भाषा, कला, संस्कार तथा संस्कृति र त्यसको पर्यावरणसँगको मैत्री सम्बन्धको खोजी गर्छ । त्यसै गरी यस समालोचनाले आयातित शब्द तथा वाक्यगठनको भाषिक पक्षलाई भन्दा स्थानीय शब्द तथा वाक्य गठनलाई जोड दिन्छ । शब्द, पद, पदावली, वाक्य गठनमा कुनै न कुनै रूपमा पर्यावरणीय भाव झल्कनु पर्ने मान्यता राख्छ । यसै गरी यस सिद्धान्तले डार्विनको विकासवादी सिद्धान्त, जीव विज्ञान, वनस्पति विज्ञानका पद तथा पदावलीको समेत आवश्यकतानुसार उपयोग गरी पर्यावरणीय महत्त्वलाई प्रस्तुत गर्दै साहित्यिक कृतिमा प्रकृति साधनका रूपमा प्रस्तुत हुनुपर्छ भन्ने मान्यता राख्छ (होर्थ, १९९६, पृ. ७८-७९) । मानिसको संस्कार, जीवनपद्धति, लोकप्रचलनसँग जोडिएका विशिष्ट संस्कृति परिचयको प्रस्तुतिका क्रममा पनि उपयुक्त भाषिक पद/ पदावलीको प्रयोग गर्नुपर्ने मान्यता राख्छ । यसमा प्रकृतिलाई कृतिभित्र भाषिक रूपले सम्मानजनक व्यवहार गरिएको छ वा छैन भनी हेरिन्छ र स्थानीयताको विशेषता हुने भाषामा पात्रसँग अपनत्व देखिने हुनाले (एटम, २०६८, पृ. ३२८) नै यसलाई पर्यावरणीय समालोचनामा महत्त्व दिन्छ । यस समालोचना सिद्धान्तमा स्रष्टाले भौतिक तथा जैविक प्रकृतिलाई भाषाका माध्यमबाट कति सम्मान वा अपमान गरेको छ सोको चर्चा गरिन्छ । भाषा भन्नु नै स्थानको अभिव्यञ्जना हो । यसमा पात्रको प्रकृतिसँगको सम्बन्ध कस्तो छ ? त्यसको आधारमा नै स्थानीय मानवको प्रकृतिसँगको सम्बन्धको विवेचना गरिन्छ (पोखरेल, २०७२, पृ. १०३) । कृतिमा पर्यावरणमैत्री भाषिक प्रयोग भएको छ वा छैन, स्थानीय भाषा, संस्कृति, कला, धर्मप्रति समानता व्यक्त गरिएको छ वा छैन भन्ने कुराको अध्ययन गर्छ ।

यसका साथै यस समालोचनामा एकातिर साहित्यकारले वा स्रष्टाले आफ्नो साहित्यिक कृतिका माध्यमबाट पर्यावरणीय चासो प्रस्तुत गर्छ र अर्कोतिर यिनै साहित्यिक कृति वा साहित्यिक रचनाहरूका माध्यमबाट प्रकृति सम्मानजनक भाषाको प्रयोग गरेका छन् वा छैन् भन्ने कुराको निर्क्यौल गर्छ । स्थानीय स्तरका भाषा र स्थानीय प्रकृतिलाई बुझाउने विभिन्न

संज्ञाहरू, प्रकृति र संस्कृतिबिचको सम्बन्धलाई महत्त्वका साथ उठान गर्ने भाषिक प्रयोगको अपेक्षा गर्छ । यसका साथै पर्यावरणीय समालोचनाले मुख्य रूपमा आञ्चलिकता र स्थानीयतालाई जोड दिने भएकाले स्थानीय भाषा, कला, संस्कृति र पर्यावरणसँग के कस्तो मैत्री सम्बन्ध छ भन्ने कुराको खोजी गर्छ । आयातित शब्द तथा वाक्यगठनभन्दा स्थानीय शब्द र वाक्यगठनमा जोड दिइ साहित्यिक कृतिमा भाषिक संस्कृति र पर्यावरणलाई परस्पर मैत्री सम्बन्धका रूपमा देखाउनुपर्ने, शब्द, पदपदावली र वाक्यविन्यास योजनामा पर्यावरणमैत्री भाव झल्कनुपर्ने मान्यता राख्छ (होर्थ,१९९६, पृ. ७८-७९) । यसरी पर्यावरणमैत्री भाषिक प्रयोगको सिद्धान्तले पर्यावरण र मानिसको सम्बन्धलाई मुख्य रूपमा अध्ययन गर्ने भएकाले नै यस सिद्धान्तको उदाहरणका रूपमा विश्लेषण गरिएको कवितामा प्रयुक्त भाषिक स्वरूप पर्यावरणीयमैत्री नै रहेको छ । त्यसैले यसै सिद्धान्तअन्तर्गत रहेर *नेत्तिफुङको बास्ना* कवितासङ्ग्रहभित्र समावेश 'कन्ट्रचास्ट : एक गीत' र 'भाकल पुगे जस्तो' शीर्षकको कवितामा पर्यावरणमैत्री भाषिक प्रयोगलाई कवि सुब्बाले महत्त्वका साथ उठान गरेकाले यी कवितालाई यस सिद्धान्त अन्तर्गत समावेश गरिएको छ । 'कन्ट्रचास्ट : एक गीत' शीर्षकको कवितामा प्रकृतिको सृष्टि र त्यसमा समावेश अन्य विषयवस्तुलाई पर्यावरणमैत्री भाषिक प्रयोगका माध्यमबाट प्रतिबिम्बित गरिएको छ, जसको पुष्टि दिइएको कविताबाट गर्न सकिन्छ :

यी पाइलाहरूलाई हिँडन दिऊँ अनियन्त्रित
आखिर यात्रा न हो
नथाकेर हिँडिरहनु यिनीहरूको धर्म हो
हेर्न देऊँ यी आँखाहरूलाई केहीले नछेकेर
किनकि त्यो क्षितिज त क्षितिजै मात्र कहाँ हो र !
वास्तविकता र भावनाको सुन्दर सम्मिलन पनि हो ।
त्यो क्षितिजको अघिपछि
लुकामारी खेल्ने बादललाई हेरेर
के हो भनी कसैलाई नसोध्नू,
त्यो मेरो तातो उच्छ्वास हो (पृ.८-१०)

प्रस्तुत कवितांशमा पाइला, आँखा, क्षितिज, बादल र लुकामारी जस्ता बिम्बका माध्यमबाट प्रकृतिको सृष्टि र त्यसमा समावेश अन्य विषयवस्तुलाई प्रतिबिम्बित गरिएको छ । यस कवितांशले प्रकृतिको आफ्नोपन र यात्रालाई कलात्मक रूपमा अभिव्यक्त गर्दै यसको अनियन्त्रित यात्रा, स्वरूप, यसप्रतिको मानिसको दृष्टि तथा अन्तरमनका भावनाहरूलाई यहाँ अभिव्यक्त गरी मानिस र प्रकृतिबिचको कोमलता तथा वास्तविकतालाई समेत सम्बोधन गरेको छ । प्रकृतिको धर्म, वास्तविकता र बहुरूपलाई मानिसको आँखाका सुन्दर दृष्टि तथा मानवीय भावनासँग तुलना गरिएको छ । पाइला, अनियन्त्रित यात्रा, धर्म, क्षितिज, वास्तविकता, बादल, लुकामारी र सुन्दर सम्मिलन यी सबै प्रकृतिको संस्कृतिसँग गाँसिएर आएका पर्यावरणीय प्रसङ्गहरू तथा प्रकृतिमैत्री र प्रकृतिको महत्त्वलाई दर्शाउने भाषिक अभिव्यक्ति हुन् । प्रकृति र मानिसबिचको सह-अस्तित्व र त्यसको रक्षाका निम्ति यहाँ अनियन्त्रित यात्राको वास्तविकता र भावनात्मक सुन्दरतासँग तुलना गरिएको छ । पृथ्वी र आकाशबिचको मिलनका माध्यमबाट पृथ्वीलाई वास्तविकतासँग र आकाशलाई भावनासँग प्रतिबिम्बित गर्दै सत्यरूपी पृथ्वी र भावनारूपी आकाशको माध्यमबाट हिडिरहेको कल्पना गर्दै कविले सबैभन्दा सत्य भनेर पृथ्वीलाई उपमा दिएका छन् र कल्पनाको संसार भनेर आकाशलाई उपमा दिँदै त्यही सत्य र कल्पनाबिचको सङ्गम नै जीवन हो जुन क्षितिज समान छ । देखिएको क्षितिज क्षितिज मात्र नभएर सृष्टि र अन्धकारबिचको सङ्गम हो । जीवन र जगत्‌बिचको सङ्गम हो । क्षितिज र बादलबिचमा हुने लुकामारी प्रकृतिको एक अध्याय हो । त्यो अध्याय नै प्रकृतिको आफ्नो संस्कृति हो भन्दै प्रकृति सङ्गमलाई कविले यस कवितांशमा लाक्षणिक रूपमा व्यक्त गरेका छन् । जीवन यात्राको सत्यरूपी पाइलामा जीवन र जगत्‌लाई अगाडि बढ्न देऊ भन्दै प्रकृतिको विशेष रूपलाई पर्यावरणमैत्री भाषिक प्रयोगका माध्यमबाट यस कवितांशमा प्रस्तुत गरेका कारण पर्यावरणमैत्री भाषिक प्रयोगका दृष्टिले यो कवितांश उत्कृष्ट छ भन्ने प्रमाणित हुन्छ ।

कविले यहाँ सत्य र यर्थाथका बिचमा जीवनजगत्‌लाई अगाडि बढाउदै जाने क्रममा जीवनको हिडाइ व्यर्थको हुन्छ किनकि प्रकृति आफ्नो रफ्तारमा अगाडि बढिरहदा मानवीय जीवनले अर्को मोड सिर्जना गरेको हुनसक्छ भन्ने कुरालाई कविले यहाँ साङ्केतिक रूपमा व्यक्त गरेका छन्, जसको पुष्टि दिइएका हरफहरूबाट गर्न सकिन्छ :

> व्यर्थको हिँडाइ नभन्नू
>
> टाढै उभेर तिमी हेरिरहू ।

गोडा कुँज्याएर पुरानो याक्सा रुङ्दै बसेर पनि
खोइ के पो हुने रहेछ र !
मायाले मृतकसितै सुतिरहेर पनि के हुने हो र
फेरि हिँड्दै गरेका ती पाइलाहरू
क्षितिज नपुग्दैमा केही हुने होइन
जब कि गोडाहरू कुँज्याउँदै थोत्रो याक्सामा
ओत लागेर पनि केही नहुने नै भएपछि ।
नथाकेर गइरहेका ती पाइलाहरू
साह्रै थाके बस्लान् कतै नौलो याक्सा उभ्याएर
अनि छेउमा यात्राको निशानी
यौटा माइलखुट्टी पनि ठड्याएर । (पृ.१४)

उल्लिखित कवितांशमा पुरानो याक्साका माध्यमबाट अस्थायी छाप्रोलाई सम्बोधन गर्दै त्यस छाप्रोमा बसेर किसानहरूले खेती लगाइएको तराईको ग्रामीण परिवेशलाई चित्रण गरिएको छ । अस्थायी छाप्रोमा बसेर खेती लगाउनु र खेती लगाइसकेपछि त्यस छाप्रोको अस्तित्व लोप हुनु किसानको पारम्परित संस्कृति हो । मानवीय जीवनको अन्तिम अवस्थामा (जीवन र जगत् बिचको भोग सकिएपछि ) यस अस्थायी छाप्रोलाई रूगेर बसेर केही फाइदा हुँदैन । त्यसै गरी सूर्य डुब्ने बेलाको लालिमा वा क्षितिजको सत्य र जगत्बिचको जुन यर्थाथ हो त्यस सत्य, यर्थाथ र भावका बिचमा पनि केही फरक पर्दैन किनकि मानिसको यात्रा भनेको नै प्रकृतिसँगसँगै हुन्छ जहाँ मानिसलाई थकाइ लाग्छ त्यही अस्थायी रूपमा ऊ बस्छ र जीवनको अन्तिम यात्रामा पुग्छ । त्यस्तै डुब्ने बेलाको क्षितिज जस्तै मानिसले पनि आफ्नो अन्तिम अवस्थामा यस धरतीमा आफ्नो कर्मको छाप छोडेर गएको हुन्छ । त्यो कुरा हामी धेरै पछि पुगेर मात्र महसुस गर्छौं भन्ने भावलाई कविले यहाँ व्यर्थको हिँडाइ, गोडा कुँज्याएर, पुरानो याक्सा, पाइला, क्षितिज, गोडा, ओत, छेउ यात्राको निशानी र यौटा माइलखुट्टी जस्ता बिम्ब प्रयोग गरी आलङ्कारिक भाषाका माध्यमबाट व्यक्त गरेका छन् । त्यसै गरी कविले यस कवितांशमा फरक फरक समय र परिस्थितिको प्रसङ्गलाई पर्यावरणमैत्री भाषाका माध्यमबाट आफ्ना पर्यावरणीय भावहरू व्यक्त गरेका कारणले

यो कवितांश पर्यावरणमैत्री भाषिक प्रयोगका दृष्टिले उत्कृष्ट रहेको छ । यो नै कविको कवित्त्व सामर्थ्य हो ।

फरक समय र सन्दर्भअनुसार मानिसको कर्तव्य, जिम्मेवारी र अनुभव पनि फरक हुन्छ जब मानिसले आफ्नो उद्देश्य प्राप्त गर्छ तब आफूलाई सफल र सक्षम भएको महसुस गर्छ भन्ने भावलाई कविले 'भाकल पुगे जस्तो' शीर्षकको कवितामा पर्यावरणमैत्री भाषिक प्रयोगका माध्यमबाट व्यक्त गरेका हुनाले यहाँ विश्लेषण गरिएको छ :

धुलोसरिको गर्मी याममा
तिमीसितको रमाइलो भेट
        रमाइलो झरी भयो ।

खडेरीको त्यो चर्को घाममा
तिम्रो त्यो शीतल छाया
        शीतल छहारी भयो ।

थकाइ थियो यात्राको नाममा
तिम्रो मिठो साथ मलाई
मिठो चौतारी भयो ।                (पृ.७०)

उल्लिखित कवितांशमा मानिस र प्रकृतिबिचको सम्बन्धलाई उल्लेख गरिएको छ । एक प्रेमिल जोडीको भेटलाई प्रकृतिसँग तुलना गरिएको छ । जसरी धुलोसरीको गर्मीयाममा झरी वा पानी पर्दा जुन किसिमले राहत महसुस हुन्छ, त्यसै गरी प्रेमको प्यासमा छटपटिइरहेको व्यक्तिले जब माया गर्ने प्रेमी पाउछ तब उसले आफूलाई संसारकै ठुलो र भाग्यमानी मानिस महसुस गर्छ । किनकि उसले प्रेमको त्यो आलो घाउमा मायाको मलमपट्टी लगाउने व्यक्ति पाएको हुन्छ र सारा युद्ध जितेको महसुस गर्छ । एकछिन अगाडिसम्म आफूलाई साथ र भरोसा दिने कोही मानिस नभेटिदा जति तड्पिएको हुन्छ त्यो तड्पाही रमाइलो, शीतल छाया र मिठो मायाको

चौतारीमा परिणत भएको हुन्छ भन्ने भावलाई कविले यहाँ धुलो, गर्मीयाम, झरी, खडेरी, चर्को घाम जस्ता पद तथा पदावलीका माध्यमबाट प्रस्तुत गर्दै यहाँ प्रकृतिको महानता र फरक स्वरूपलाई प्रतिविम्बित गरेका छन् । कवितामा प्रयोग गरिएको रमाइलो भेट, शीतल छाया, शीतल छहारी, थकाइ, मिठो साथ र चौतारी यी सबैले एक प्रेमिल जोडीलाई प्रतिविम्बित गर्छन् भने कवितांशमा उल्लिखित धुलो, गर्मीयाम, रमाइलो भेट, झरी, खडेरी, चर्कोघाम, शीतल छाया, छहारी, थकाइ, यात्रा, मिठो साथ र चौतारी यी सबै शब्दहरू पर्यावरण र मानिसबिचको गहिरो सम्बन्धलाई प्रस्तुत गर्ने पदावलीहरू हुन् ।

कविले यहाँ पर्यावरणमैत्री भाषिक प्रयोगका माध्यमबाट एक प्रेमिल जोडीले बर्षौपछि आफ्नो मायालुको साथ पाउदा उसले विगतमा गरेका कल्पना वा बाचा पूरा भएपछिको त्यो खुसीको क्षणमा आफ्नो मायालुलाई यहाँ रमाइलो झरी, शीतल छहारी र मिठो चौतारीको माध्यमबाट प्रस्तुत गरेका छन् । त्यस्तै लामो समयको प्रतीक्षापछि आफ्नो प्रेमीसँगको मिलनलाई यहाँ प्रकृतिसँग तुलना गरेका छन् । त्यसैले पर्यावरणमैत्री भाषिक प्रयोगका दृष्टिले यो कवितांश उपयुक्त रहेको देखिन्छ ।

## ३.४ *भुइँफुट्टा शब्दहरू* कवितासङ्ग्रहमा पर्यावरणमैत्री भाषिक प्रयोग

*भुइँफुट्टा शब्दहरू* कवितासङ्ग्रहअन्तर्गत सत्चालिसओटा लामा /छोटा कविताहरू रहेका छन् । यी सत्चालिसओटा लामा /छोटा कविताहरूमध्ये 'पृथ्वी अनि म', 'मान्छे माटो गन्हाउँछ', 'सिद्धार्थ उर्फ सिद्धे', 'पृथ्वी-दिवस', 'धरती -१', 'मेरी किराँती आमा', 'म कहिले बुद्ध हुनु' र 'खेतमाथि आक्रमण : केही भिडियो क्लिपिङ' गरी आठओटा कवितामा प्रयुक्त पर्यावरणमैत्री भाषिक प्रयोगलाई यहाँ विश्लेषण गरिएको छ ।

### ३.४.१ पर्यावरणको साहित्यिक प्रतिविम्बन

*भुइँफुट्टा शब्दहरू* कवितासङ्ग्रहअन्तर्गतका कवितामध्ये 'पृथ्वी अनि म', 'मान्छे माटो गन्हाउँछ' र 'सिद्धार्थ उर्फ सिद्धे' शीर्षकको कवितामा उल्लिखित पर्यावरणीय साहित्यिक प्रतिविम्बनलाई यहाँ विश्लेषण गरिएको छ । वातावरण र वातावरणसँग जोडिएको साहित्यिक सम्बन्धलाई व्यक्त गर्दै जति हामी पृथ्वीभन्दा बाहिरको अभौतिक कुरा गर्छौं उति नै हामी पृथ्वीसँग नजिक हुन्छौं जसरी रुखका जराहरू पृथ्वीमा भित्र भित्र तलसम्म फैलिएका हुन्छन् ।

त्यसै गरी हामी पनि यही पृथ्वीमा फैलिएका छौँ भन्ने कुराको अभिव्यक्ति कविले 'पृथ्वी अनि म' शीर्षकको कवितामा दिएका छन्, जसको पुष्टि दिइएको उदाहरणबाट गर्न सकिन्छ :

जति तिमी पृथ्वीपारिको अपार्थिव कुरा गर्छौं
उति नै म चै
रुखका जराहरूसित भित्रभित्रै फैलेर
पृथ्वीको काखभित्र घुस्रिरहन्छु

कहिले जरैसित उखेलिएको मैले
शरणार्थी घस्रिनुपर्दा
सुकुम्बासी सुक्खा आँखामा
पृथ्वीबाटै पृथ्वी हराएको हुन्छ
तर फेरि किन हो आफ्नो छातीमा
पृथ्वी पलपल ढुक्ढुकिरहेको थाह पाउछु । (पृ.९)

माथिको कवितांशमा कविले 'तिमी' भनेर पृथ्वीमा बसोबास गर्ने सम्पूर्ण प्राणी तथा वनस्पतिलाई सम्बोधन गर्दै पृथ्वीभन्दा बाहिरको अपार्थिव (अभौतिक) कुरा गर्छौं त्यति नै हामी पृथ्वीको गहिराइमा पुग्छौँ र त्यहीबाट सम्पूर्ण कुरा प्राप्त गर्छौं । कहिलेकाही पृथ्वीबाट अलग्गिन खोज्दा हाम्रो कुनै अस्तित्व रहदैन त्यसै गरी पृथ्वीमा हुर्किएको कुनै बिरुवालाई उखल्दा जरैसित आउछ र त्यो पृथ्वीविहीन हुन्छ अनि त्यसको कुनै अस्तित्व नै रहदैन । त्यसैले पृथ्वी बचाउनका लागि रुख तथा वनस्पतिको जराको उपस्थिति महत्त्वपूर्ण हुन्छ । बोटबिरुवाको जराले नै पृथ्वीको बचाउ गरेको हुन्छ भन्दै रुखको जराको पर्यावरणीय महत्त्व प्रकट गरिएको छ । पृथ्वीका सन्तान हामी पृथ्वीबाटै हराउन खोज्दा कहिलेकाही पृथ्वीको छातीमा सुकुमबासी त कतै शरणार्थी भई बसिरहेका हुन्छौँ जुन पृथ्वीमा हाम्रो अस्तित्व छ त्यही पृथ्वीमै हाम्रो अस्तित्व समाप्त हुँदासमेत हामी पृथ्वीकै ढुकढुकीमा रहेका हुन्छौँ भन्दै प्रकृतिकेन्द्री भावलाई यहाँ पर्यावरणीय साहित्यिक

प्रतिविम्बनका माध्यमबाट प्रकट गरेका छन् । कवितांशमा आएका रुखका जरा, पृथ्वी, आँखा र छातीबाट यहाँ उचित भौतिक वातावरणको कलात्मक प्रतिनिधित्व भएको छ ।

त्यस्तै कवि सुब्बाले 'मान्छे माटो गन्हाउँछ' शीर्षकको कवितामा प्रकृति र मानिसलाई एकअर्कासँग तुलना गरेका छन् । मानिस तथा कुनै पनि प्राणीको जीवनजगत्का लागि प्रकृति वा पृथ्वी एक अभिन्न अङ्ग हो भन्ने कुरालाई कविले आफ्नो यस कवितामा चित्रण गरेका छन् जसको पुष्टिका लागि दिइएको कवितांशलाई हेर्न सकिन्छ :

दुबोको एक सुइरो पात म

धरतीको काखीमा उम्रेको यौटा रौँ

धरतीको काखी मलाई मिठो गन्हाउँछ । (पृ.१०)

यहाँ दुबो, दुबोको पात र धरतीका माध्यमबाट प्रकृतिकेन्द्री भाव प्रकट भएको पाइन्छ । कवितांशमा मानिस र धरतीबिचको पर्यावरणीय सम्बन्धलाई प्रस्तुत गरिएको छ । धरतीसँग मानिस र वनस्पतिको अकाट्य सम्बन्ध हुन्छ । धरतीबिना कुनै पनि प्राणी तथा वनस्पतिको अस्तित्व नै छैन । यही धरतीमा जन्मन्छौँ, हुर्कन्छौँ , बढ्छौँ र अन्त्य पनि हुन्छौँ । जीवन जिउने एक मात्र आधार भनेको पनि यही धरती हो । त्यसैले यस धरतीमा अरबौँ अरब विभिन्न किसिमका वनस्पति र प्राणी जगत्को जन्म भएको छ । त्यसमध्येको एक 'म' पनि हुँ । मेरो पनि जीवन जिउनुको प्रमुख आधार तथा अङ्ग नै यही पृथ्वी हो । त्यसैले मलाई मेरो धरती प्यारो लाग्छ । मिठो लाग्छ । त्यसैले वनस्पति तथा कुनै पनि प्राणीको धरतीसँगको सम्बन्ध अन्योन्याश्रित हुन्छ भन्ने भावलाई उक्त कवितांशमा पर्यावरणीय साहित्यका माध्यमबाट व्यक्त गरिएको छ ।

त्यस्तै कवि सुब्बाले राजपरिवार र सर्वसाधारणको जीवनशैलीलाई सिद्धार्थ गौतम बुद्ध र 'म' पात्रका माध्यमबाट व्यक्त गरेका छन् । यसले दुई परिवारका बिचमा हुने भिन्नतालाई स्पष्ट पार्छ । राजपरिवारका बच्चाले जीवन के हो ? सङ्घर्ष के हो ? भन्ने कुरा थाहा पाउन वयस्क हुनुपर्छ भने सर्वसाधारणका बच्चाले जीवन र सङ्घर्ष के हो ? भन्ने कुरा बाल्यअवस्थामै थाहा पाएका र भोगेका हुन्छन् भन्ने कुराको अभिव्यक्ति कविले 'सिद्धार्थ उर्फ सिद्धे' शीर्षकको कवितामा व्यक्त गरेको हुनाले विश्लेषणका निम्ति यहाँ लिइएको छ :

उता सिद्धार्थ

दरबारको चौघेराभित्र हुकँदै गर्दा

म यता बाखाका पाठाहरूसित

पखेरातिर उफ्रँदै थिएँ ।

ऊ

पुष्ट छाती, भएका नर्तकीहरूले

घेरिएर बसिराखेको बेला

म

कुप्री परेकी बोजुको अनुहारमा

हजारौँ चाउरीहरू सुम्सुम्याइरहन्थेँ । (पृ.२३)

उल्लिखित कवितांशमा कविले मानिसको चेतनाको विकासको चरणलाई प्रस्तुत गरेका छन् । राजपरिवारको जीवनशैली र सर्वसाधारण जनताको जीवनशैली, सिकाइ र चेतनाको क्रमलाई यहाँ दरबारको चौघेरा, बाखापाठासितको पखेराको उफ्राइ, नर्तकीको घेरा र बोजुको अनुहारका माध्यमबाट चित्रण गरिएको छ । त्यस्तै राजपरिवार र सर्वसाधारणको दैनिकी, सेवासुविधा र सुखशैललाई तुलनात्मक रूपमा पर्यावरणीय साहित्यिक प्रतिविम्बनका माध्यमबाट व्यक्त गरिएको छ । राजपरिवारका बच्चाहरू दरबारको चौघेराभित्र हुर्कदै गर्दा त्यही उमेर समूहका सर्वसाधारण बच्चाहरू भने घरपरिवारको जिम्मेवारीमा सरिक भएका हुन्छन् । वस्तुभाउ तथा बाखाका पाठाहरूसित वनपाखा र पखेरामा उफ्रदै रमाउदै घरको सम्पूर्ण कामकाज सकेका हुन्छन् । त्यस्तै राजपरिवारको बच्चा पुष्ट छाती भएका नर्तकीहरूको घेराभित्र बसेर रमाइरहदा सर्वसाधारणको बच्चा भने वृद्ध भएकी बज्यैको स्यारसुसारमा तल्लीन भई घरपरिवारको जिम्मेवारी पूरा गरेका हुन्छन् । उमेरले बाल्यअवस्था भए तापनि जिम्मेवारीले परिपक्क बनेका हुन्छन् भन्दै राजपरिवारका बच्चा र सर्वसाधारणका बच्चामा हुने अन्तरलाई स्पष्टसँग चित्रण गरिएको छ । उनीहरू सुखैसुखमा हुकिएकै कारण जीवन के हो ? संसार कस्तो छ ? भन्ने कुराको महसुस गर्नका लागि समेत तन्नेरी (वयस्क) हुनुपर्छ भने सर्वसाधारण जनताका बालबच्चाले बाल्य अवस्थामै सबै कुरा थाहा पाइसकेका हुन्छन् भन्दै कविले राजपरिवार र सर्वसाधारण परिवारबिचको फरकलाई यस कवितामा पर्यावरणीय साहित्यिक प्रतिविम्बनका माध्यमबाट स्पष्ट पारेको हुनाले नै पर्यावरणीय साहित्यिक प्रतिविम्बित उक्त कवितांशमा मुख्य विषय बनेर आएको छ ।

### ३.४.२ वातावरणीय स्वच्छता र ग्रामीणपन

*भुइँफुट्टा शब्दहरू* कवितासङ्ग्रहअन्तर्गतका कवितामध्ये 'पृथ्वी-दिवसमा', 'धरती-१' र 'मेरी किराँती आमा' शीर्षकको कवितामा प्रयोग भएको भाषामा अभिव्यक्त वातावरणीय स्वच्छता र ग्रामीणपनलाई यहाँ विश्लेषण गरिएको छ । 'पृथ्वी-दिवस' शीर्षकको कवितामा प्रकृतिसँग जोडिएको मानिसको आत्मिक सम्बन्ध र प्रकृतिको सहजतालाई कवि सुब्बाले व्यक्त गरेका छन् । कवितांशमा प्रकृति र मानिसबिचको सम्बन्धलाई यहाँ खोला तथा बगरका माछा र गिट्टी बेचेर मानिसले आफ्नो दैनिकी चलाएको प्रसङ्गका माध्यमबाट देखाइएको छ । त्यसै गरी निम्न आर्थिक अवस्था भएका मानिसहरूको जीवनको बाँच्ने आधार भनेको नै खोलाका माछा तथा गिट्टी बेचेर र गैह्री खेतबाट उब्जाएको केही अन्न हो । यसैबाट नै दुःखलाई केही हदसम्म भए पनि कम गर्ने प्रयास गरिएको हुन्छ भन्दै कविले यहाँ डाँडा, गैरी, खोला, बगर,रने, जाल गिट्टी जस्ता शब्द प्रयोगका माध्यमबाट ग्रामीण पारिस्थितिकीको नक्साङ्कन गरेका छन् जुन शब्दले नितान्त नेपाली ग्रामीण भूगोलको चित्रण गर्छ, जसको पुष्टिका लागि दिइएको उदाहरणलाई हेर्न सकिन्छ :

तह तह डाँडाहरू टेक्दै

आँखाहरू तल गैरीतिर ओर्लिन्छन्

त्यहाँ खोलामा रनेहरू आधारातसम्म जाल हाल्छन् ।

बगरमा भने-

आफ्नो दुःखलाई टुक्रा टुक्रा फुटाएर

थुम्का थुम्का गिट्टी बेचे तापनि

कहिल्यै फुटाइनसकिएको दुःख थुप्रो लागेकैछ छेउमा (पृ.२)

उल्लिखित कवितांशमा मानिसको ग्रामीण जीवन र त्यहाँको कमजोर आर्थिक अवस्थालाई डाँडा, गैरीखेत, खोला, रने, जाल, बगर, दुःख, थुम्का, गिट्टी जस्ता बिम्बको माध्यमबाट स्पष्ट पारिएको छ । कवितांशमा आएको 'तह तह डाँडाहरू टेक्दै आँखाहरू तल गैरीतिर ओर्लिन्छन्' पङ्क्तिले यहाँ पहाडी भूगोलको भिरालोपनको भाषिक रूपलाई सम्बोधन गर्छ । त्यसै गरी गाउँले जीवन, त्यहाँको परिवेश र धरतीमा गरिएको सङ्घर्षलाई गरिब किसान

वर्ग रनेका माध्यमबाट प्रस्तुत गरिएको छ । 'रने' जस्ता पात्रले आधारातसम्म जाल हाल्नु भनेको ग्रामीण जीवनको प्रकृतिसँगको निर्भरता हो । यो कृत्रिम रोजगारी नभएर प्रकृतिमा आधारित जीविकोपार्जन हो । यहाँ खोलामा माछा मार्नु जीवनको गतिशीलता हो भने बगरमा गिट्टी कुट्नु जीवनको कठोरता हो भन्दै कवि यहाँ जीवनको गतिशील र कठोरतामा गरिबीको पीडा लुकेको भाव पर्यावरणमैत्री भाषाका माध्यमबाट प्रस्तुत गरेका छन् । 'कहिल्यै फुटाइनसकिएको दुःख थुप्रो लागेकै छ छेउमा' पङ्क्तिले यहाँ एउटा गम्भीर विरोधाभास सिर्जना गरेको छ । मानिसले नदीको बगरबाट गिट्टी बेच्दा नदीमा वातावरणीय स्वच्छता त होला तर बगरमा बस्ने रनेहरूको जीवनमा भने सधैँ दुःखको प्रदूषण ज्यूँका त्यूँ हुन्छ भन्ने कुरालाई प्रस्तुत गर्छ ।

त्यसै गरी कवितांशमा आएका तह तह डाँडाहरू टेक्दै गैरीतिर ओर्लिनु, आधारातसम्म जाल हाल्नु, गिट्टी बेच्नु जस्ता पद तथा पदावलीले यहाँ जीवनको कठोरतालाई उजागर गरेको छ । मानिसको दुःखलाई प्रकृतिको एउटा रङ्गका रूपमा चित्रण गरिएको छ । डाँडादेखि बगरसम्मको यात्राले वातावरणीय स्वच्छताबिचमा लुकेको मानवीय पीडाको फोहोरलाई व्यङ्ग्यात्मक रूपमा प्रस्तुत गर्छ । त्यसैले यो कवितांश ग्रामीण पर्यावरण र वातावरणीय स्वच्छताबिचको द्वन्दात्मक सम्बन्धको एक उत्कृष्ट नमुना हो भन्दै कविले यहाँ प्रयोग गरेको भाषा झट्ट हेर्दा मानव-केन्द्रित देखिए तापनि सारमा यो पारिस्थितिकी केन्द्री छ । भाषाले प्रकृतिलाई 'स्रोत' मात्र नमानेर 'सहयात्री' र 'बिम्ब' का रूपमा प्रस्तुत गरेको छ । त्यसैले यो कवितांश पर्यावरणमैत्री भाषिक प्रयोगका दृष्टिकोणबाट उत्कृष्ट देखिन्छ ।

तराईको भौगोलिक अवस्था, त्यस क्षेत्रको कृषि उत्पादन र मजदुर किसानको दयनीय अवस्थालाई कविले यहाँ प्रस्तुत गरेका छन् । तराईलाई अन्नको भण्डारका रूपमा हेरिए तापनि अन्न उत्पादन गर्ने मजदुर वर्ग आफ्नो जीवन चलाउनका लागि प्रकृति (माटो) मा नै बिहानदेखि बेलुकीसम्म लडिबुडी गरिरहन्छ । आफ्नो सम्पूर्ण समय नै त्यही माटोमा समर्पित गर्छ भन्दै कविले ग्रामीण क्षेत्रका निम्नवर्गीय मजदुर पात्र (किसान)का माध्यमबाट ग्रामीण क्षेत्रको यथार्थलाई पर्यावरणमैत्री भाषिक प्रयोगका माध्यमबाट प्रस्तुत गरेका छन्, जसको पुष्टि दिइएको उदाहरणबाट गर्न सकिन्छ :

क्षितिजसम्म फैलिँदै गएको मधेस-फाँटमा भन्दा बढी

दिनभरिको मजदुरीपछि पाएको

सुख्खा रोटीको फैलावटमा

यो धरती एकोहोरो घुमिरहेको हुन्छ । (पृ.६)

उल्लिखित कवितांशमा आएको ‘मधेसको फाँट’ ले एकातिर तराईको भौगोलिक अवस्था र कृषि पारिस्थितिकीलाई सङ्केत गर्छ भने अर्कोतिर यसले विशालता र खुल्लापनको बिम्ब सिर्जना गर्छ । ‘दिनभरिको मजदुरी’ ले ग्रामीण क्षेत्रका मानिसको प्रकृतिसँगको अन्तरक्रियालाई देखाउँछ । प्रकृतिसँग जुधेर अगाडि बढ्नु नै श्रमिकको यथार्थपरक अवस्था हो जसले श्रम र प्रकृतिसँगको सम्बन्धलाई स्पष्ट पार्छ । ‘सुख्खा रोटी’ ले यहाँ गरिबीको चित्रण गर्छ जुन माटो र पसिनाको सिधा उत्पादन हो । अन्न वा प्रकृतिको अन्तिम रूप हो । यसैमा श्रमिकको संसार घुमिरहेको छ जसरी सूर्यको परिक्रमा पृथ्वीले गर्छ त्यसै गरी एकछाक रोटीमा किसानको जीवन घुमिरहन्छ भन्दै कविले वातावरणीय स्वच्छताका माध्यमबाट ग्रामीण जीवनको सरलता र कठोरतालाई प्रतिबिम्बित गरेका छन् । ‘यो धरती एकोहोरो घुमिरहेको हुन्छ’ ले ब्रह्माण्डको सत्यलाई देखाउँछ । ग्रामीण क्षेत्रका मानिसको बाँच्ने आधार नै धरती हो जबसम्म पेटमा रोटी पर्दैन, तबसम्म क्षितिजको सौन्दर्य वा फाँटको हरियालीको कुनै अर्थ रहदैन भन्दै कवि यहाँ प्रकृति र संस्कृतिबिचको द्वन्द्वलाई ‘मधेस-फाँट’ र ‘रोटी’ का माध्यमबाट प्रस्तुत गरेका छन् । । कवितांशमा आएको ‘मधेशको फाँट’ र ‘मजदुरी’ को पसिनाले यहाँ ग्रामीण क्षेत्रको अर्गानिकता र भुँइ मान्छेलाई सम्बोधन गरेको छ । यसरी कविले यहाँ ‘मधेसको फाँट’ र ‘सुख्खा रोटी’ बिचको तुलनात्मक अध्ययनका माध्यमबाट यहाँ भौगोलिक विशालतालाई नभएर भोको पेटको परिस्थितिलाई पर्यावरणमैत्री भाषिक प्रयोगका माध्यमबाट स्पष्ट पारेका छन् । त्यसैले पर्यावरणमैत्री भाषिक प्रयोगका दृष्टिकोणबाट यो कवितांश उत्कृष्ट रहेको छ ।

आधुनिक बजारिया संस्कृतिलई अस्वीकार गर्दै बारी (प्रकृति) र आमा (संस्कृति) बिचको सम्बन्धलाई ग्रामीण कृषिपरिस्थितिका माध्यमबाट प्रस्तुत गर्दै जैविक शुद्धता र चक्रीय जीवन प्रणालीलाई कोदो र जाँडका माध्यमबाट स्पष्ट पारिएको छ । त्यसै गरी ग्रामीण संस्कृति, जीवनशैली, सङ्घर्ष र आत्मनिर्भर अर्थतन्त्रलाई स्पष्ट पार्दै कवि भन्छन् :

बारीमा आफैंले फलाएको कोदोलाई

उत्साहको जाँड बनाई छिप्प्याउँथिन्

अनि सुत्केरीमा त्यै खाएर तीन दिनमै तँग्रिन्थिन्

उत्साह र आँटको त्यै अमृत

उनको स्तनबाट चुसेर म हुर्कें

नाबालक मलाई कोक्रोमा बोकी

काम गर्दै मिठो स्वरमा पेरेङ्वा साम्लो गाउँथिन् आमा

र त्यही साम्लो सुनेर निदाउँथें म (पृ.१८-१९)

उल्लिखित कवितांशमा कविले ग्रामीण परिवेशलाई यथार्थपरक रूपमा आत्मनिर्भर उत्पादन र उपभोग चक्रका माध्यमबाट प्रस्तुत गरेका छन् । कवितांशमा आएको 'बारीमा आफैंले फलाएको कोदो' नै ग्रामीण कृषि पारिस्थितिको एक सुन्दर नमुना हो जसले उत्पादनको मौलिकतालाई सम्बोधन गर्छ । पुँजीवादी बजारमा निर्भर नरहेर यसले आत्मनिर्भर ग्रामीण अर्थतन्त्रमा टेवा पुऱ्याएको हुन्छ । समाजमा 'जाँड' लाई नकारात्मक दृष्टिकोणबाट हेरिए तापनि कविले यसलाई 'उत्साहको जाँड' र 'अमृत' जस्ता पवित्र शब्द सूचकको प्रयोग गरी यसको सांस्कृतिक र औषधीय महत्त्वलाई प्रस्तुत गरेका छन् । कोदोको जाँड खादा सुत्केरी महिलालाई पोषण प्राप्त हुने हुदाँ स्वास्थ्यमा सुधार आई उनीहरू छोटो समयमा नै आफ्नो दैनिकीमा फर्कन सक्छन् । यसमा कुनै पनि रासायनिक मिसावट हुँदैन भन्दै कविले यहाँ वातावरणीय स्वच्छता र ग्रामीणपनलाई प्रस्तुत गरेका छन् ।

कवितांशमा आएको 'उनको स्तनबाट चुसेर म हुर्कें' पङ्क्तिले यहाँ आमाले कोदोको शुद्ध रस (जाँड) खाइन र बालकले त्यही आमाको दुध 'अमृत' का रूपमा खायो भन्दै कविले यहाँ आमा र प्रकृतिबिचको प्रत्यक्ष सम्बन्धलाई प्रस्तुत गरेका छन् । दुधलाई यहाँ क्यालोरी मात्र नठानेर उत्साह र आँटको स्रोतका रूपमा लिइएको छ । त्यसै गरी कवितांशमा आएको 'पेरेङ्वा साम्लो' गाउँघरमा काम गर्दा गाइने एक प्रकारको गीतको प्रतीक हो । यसले मानिसलाई आनन्दित तुल्याउदै श्रममा जागरूपता प्रदान गर्छ र सङ्गीतका माध्यमबाट वातावरणीय शान्ति प्रदान गर्छ । 'कोक्रो' स्थानीय उत्पादित वातावरणमैत्री सामग्री हो । यसले ग्रामीण जीवनमा दिगोपना ल्याउछ । आमाको पिठ्युँ शारीरिक सामीप्य हो भने क्रोक्रो प्रकृति सामीप्य हो । यसरी कोक्रो र आमाको पिठ्युमा हुर्किनु भनेको प्रकृतिको काखमा हुर्किनु हो भन्ने कुरालाई कविले यहाँ प्रस्तुत गरेका छन् । कवितामा आएको कोक्रो, पेरेङ्वा साम्लो, कोदो र जाँड जस्ता बिम्बले यहाँ एकातिर ग्रामीण वातावरणीय स्वच्छतालाई प्रस्तुत गरेको छ भने अर्कोतिर यसले

पर्यावरणमैत्री भाषिक प्रयोगलाई पनि प्रस्तुत गरेको छ । त्यसैले पर्यावरणमैत्री भाषिक प्रयोगका दृष्टिकोणबाट यो कवितांश विश्लेषणयोग्य देखिन्छ ।

### ३.४.३ उन्मुक्तताको अभिव्यक्ति

*भुइँफुट्टा शब्दहरू* कवितासङ्ग्रहअन्तर्गतका कवितामध्ये 'सिद्धार्थ उर्फ सिद्धे', र 'म कहिले बुद्ध हुनु' शीर्षकको कवितामा प्रयुक्त उन्मुक्तताको अभिव्यक्तिलाई यहाँ विश्लेषण गरिएको छ । बुद्ध आफू दरबार र घरपरिवारको बन्धन तथा जिम्मेवारीबाट मुक्त हुन नसक्नु नै उसले आफ्नो घरपरिवारप्रतिको जिम्मेवारी बोध गर्नु हो भने ऊ मानव समाजद्वारा निर्मित पारिवारिक बन्धनको दास भएकोमा दुःखी छ । आफू पारिवारिक बन्धनबाट मुक्त भई सांसारिकताको वास्तविक वस्तुस्थिति बुझ्न चाहनु र त्यस समस्याको समाधान गर्न चाहनु उसको व्यक्तिगत स्वतन्त्रता हो । दरवारको सम्पूर्ण जिम्मेवारी र सुखशैलयुक्त जीवनलाई छोडेर संसारमा दुःखको कारण पत्ता लगाई मुक्तिको बाटो निकाल्ने सिद्धार्थको विचारलाई कविले यस कवितांशमा स्पष्ट पारेका छन्, जसको पुष्टि तल दिइएको कवितांशले गर्छ :

हामी कहिले बुद्ध हुन पाउनु हैं ? कहिले ?
तर तिम्रा हाम्रा क्षुद्र कुराहरू नभएका भए
संसार साह्रै अल्छी लाग्दो पो हुन्थ्यो कि !

आऊ साथी !
हामी बुद्ध हुन नपाएका सिद्धार्थहरू
हामी बन्धन परेका छन्दकहरू
जाऔँ त्यो चोकबजारको सस्तो रेस्टुराँमा
अलिकति आनन्द मनाऔँ -
चियर्स टु अल सिद्धार्थज् अफ द वर्ल्ड !
चियर्स टु अल छन्दक्स् अफ द वर्ल्ड !
संसार हाम्रै पैतालाले हिँड्छ

संसार जो हाम्रो महासङ्घ हो

गीत गाऔँ -

सङ्घम् शरणम् गच्छामि (पृ.२२)

उल्लिखित कवितांशमा मानिसको जीवन सुखशैल र जिम्मेवारी मात्र होइन, सांसारिकताको बोधका निम्ति पनि हो । सम्पूर्ण प्राणीजगत्का लागि खुल्ला यस प्रकृतिमा मानिस चेतनशील प्राणी हो । मानिस चेतनशील भएकै कारण बुद्धले आफ्नो दरबार र घरबारको जिम्मेवारीबाट माथि उठेर सांसारिक दुःखको पहिचान गर्न खोज्नु र त्यसको समाधान गर्न चाहनु उसको व्यक्तिगत स्वतन्त्रता हो । ऊ दरबार र घरबारको बन्धनबाट मुक्त भई सांसारिकताको महसुस गर्न खोज्नु नै बुद्धको उन्मुक्तताको अभिव्यक्ति हो भने राजदरबारमा राजपरिवारका सदस्यको रक्षक भएर दरबारिया बन्धनमा बाँधिएकाहरू आफू पनि बुद्ध जस्तै स्वतन्त्र हुन चाहनु भनेको उनीहरूको व्यक्तिगत स्वतन्त्रता हो । बुद्ध आफ्नो दरबार र घरबार छोडेर बाहिरी संसारमा आउँदासमेत बुद्धका रक्षकले दरबारबाट मुक्ति पाएनन् । उनीहरू दरबारकै नीतिनियमभित्रै बन्धनमा बाँधिएका छन् । आफ्नो मालिकले दरबार छोड्दासमेत दरबारिया बन्धनभित्र बाँधिनु पर्दाको पीडा बिसाऔँ उनका लागि एकैछिन् भए पनि दरबार बाहिर बजारबिचको एउटा सस्तो रेस्टुराँमा गएर आनन्द लिऔँ । बुद्ध नै संसार हो । रक्षक नै संसार हो । संसार हाम्रै पैतालाले हिड्छ । संसार रक्षकहरूकै महासङ्घ हो भन्दै सबै रक्षकहरूले आफ्नो स्वतन्त्रताको खोजी गरेका छन् ।

कवितांशमा प्रयोग गरिएका बुद्ध, छन्दक, चोक बजार, सस्तो रेस्टुराँ, आनन्द, सिद्धार्थ अफ द वल्ड, छन्दक्स अफ द वल्ड, पैताला, महासङ्घ, सङ्घम र शरण जस्ता विभिन्न बिम्बका माध्यमबाट कविले यहाँ दरबारिया रक्षकहरू दरबारिया बन्धनबाट मुक्त र स्वतन्त्र हुन चाहेको भाव प्रकट गरेका छन् । यसले दरबारिया वातावरणलाई प्रस्तुत गरेको छ । कवितांशमा आएको ‘जाऔँ त्यो चोकबजारको सस्तो रेस्टुराँमा’ हरफले कुण्ठित मानसिकताबाट बाहिर निस्केर स्वतन्त्र हुन खोजेको चाहनालाई सङ्केत गर्छ । यहाँ आएको ‘रेस्टुराँ’ केवल भोजन गृह मात्र होइन । सामाजिक बन्धनहरू फुकाउने र केहीहदसम्म भए पनि आनन्द लिने र उन्मुक्त हुने स्थानका रूपमा आएको छ । ‘अलिकति आनन्द मनाऔँ -चियर्स टु अल’ हरफले सामाजिक सांस्कृतिक मर्यादा तथा वातावरणभित्रको बन्धनलाई त्यागेर आफ्नो स्वतन्त्रतामा मदिराको रसपानसँगै एकैछिन भए पनि आनन्दको संसारमा रमाएर उन्मुक्त हुन खोजेको भाव प्रकटित गरेको छ ।

'महासङ्घ' ले भिक्षुहरूको समूहलाई नभएर संसार नै महासङ्घ हो भन्दै विश्वबन्धुत्वको भावना भएको फराकिलो संस्थालाई चित्रण गरेको छ। 'संसार हाम्रै पैतालाले हिँड्छ' ले मानिसलाई श्रम र गतिशीलताले चलाउँछ भन्ने मानवतावादी पर्यावरणीय दृष्टिकोण प्रस्तुत गर्दै मानिसलाई प्रकृतिको निर्माताका रूपमा उभ्याएको छ । 'सङ्घम् शरणम् गच्छामि' ले बौद्ध धर्मावलम्वीको पवित्रमन्त्रलाई यहाँ 'रेस्टुराँ' र 'चियर्स' (मदिरापान) को सन्दर्भसँग जोडेर परम्परागत धार्मिक सत्ताको विनिर्माण गरेको छ । त्यस्तै कविले यहाँ नेपाली, अङ्ग्रेजी र संस्कृत भाषा प्रयोगका माध्यमबाट चोकबजार र रेस्टुराँ जस्ता शब्द प्रयोग गरी सहरी पर्यावरणको बिम्बलाई प्रस्तुत गर्दै सहरी र मनोवैज्ञानिक पर्यावरणको यथार्थ चित्रण गरेको हुनाले नै पर्यावरणमैत्री भाषिक प्रयोगको दृष्टिकोणबाट हेर्दा यो कवितांश विश्लेषणयोग्य नै देखिन्छ।

त्यस्तै 'म कहिले वृद्ध हुनु ?' शीर्षकको कवितामा कविले पारिवारिक र सामाजिक बन्धनबाट मुक्त भई आत्मबोधको खोजी गर्दै हिड्ने क्रममा घर र दरबारबिचमा हुने अन्तरको पहिचानका लागि गौतम बुद्धमा आएको क्रान्तिकारी चेतना र विद्रोहात्मक स्वरलाई यस कवितामा उल्लेख गरेका कारण विश्लेषणका निम्ति यहाँ लिइएको छ :

ओहो ! त्यो दरबारको सुख यो घरबारमा कहाँ ?

त्यसैले

सिद्धार्थभन्दा पनि सय जुनी अघिको सिद्धार्थै रहिरहें म

याद छैन, बुद्धत्व खोज्ने सुविधा कहिले पाउछु म ! (पृ.२१)

उल्लिखित कवितांशमा कविले मानवीय स्वतन्त्रता र बौद्धिक मुक्तिको खोजीलाई केन्द्रमा राखेर लेखिएको देखिन्छ । कवितामा गौतम बुद्धको जीवन यात्रालाई विश्लेषण गरिएको छ । एकातिर घरबार र राजदरबारको विलासी जीवन त्यागेर मानव दु :खको कारण पत्ता लगाउन लागि परेको प्रसङ्गलाई उल्लेख गरिएको छ भने अर्कोतिर भौतिक सुखसुविधा र सामाजिक जीवनशैलीबाट असन्तुष्ट भई दरबार र घरबाट बाहिरको स्वतन्त्रता र ज्ञानको खोजीमा गौतम बुद्ध अगाडि बढेको प्रसङ्गलाई उल्लेख गरिएको छ। दरबार र घरबारलाई छोडेर बाहिरी संसारमा रमाउनु गौतम बुद्धको मुक्ति तथा विद्रोह मात्र नभएर आमसर्वसाधारण मानिसको आत्मसङ्घर्ष, विद्रोह र मुक्तिको यात्रा हो । यही यात्रा नै यहाँ उन्मुक्तक्ताको अभिव्यक्तिका रूपमा प्रस्तुत भएको छ। त्यस्तै कवितांशमा आएको 'ओहो ! त्यो दरबारको सुख यो घरबारमा कहाँ ?' अंशले

यहाँ पारिवारिक जिम्मेवारी, सामाजिक परम्परा र बाह्य विलासिताको आडमा लुकेको मानसिक बन्दिप्रति प्रश्न उठाएको छ। 'घरबार' शब्दका माध्यमबाट यहाँ नारीको परम्परागत भूमिकालाई जनाएको छ। यसरी दरबारमा भएको सुखशैल सामान्य नागरिकको घरमा छैन तर पनि दरबार पिंजडाभित्रको चरी जस्तो भएको भाव प्रस्तुत गर्दै अब यो परम्परागत समाज व्यवस्थाबाट स्वतन्त्र वा उन्मुक्त हुने सुविधा कहिले पाउछु भन्दै गौतम बुद्धले दरबार र घरबारबाट उन्मुक्त हुन खोजेको अभिव्यक्ति दिइएको कवितांशमा कविले व्यक्त गरेका छन्।

त्यस्तै पर्यावरणमैत्री भाषिक प्रयोगका दृष्टिकोणबाट यस कवितांशलाई हेर्नुपर्दा कवितांशमा आएको 'सिद्धार्थ' लाई यहाँ स्थिर बिम्बका रूपमा लिइएको छ भने 'बुद्धत्व' आध्यात्मिक साधना हो तर कविले यसलाई सुविधाको रूपमा परिभाषिकीकरण गरेका छन् । कवितांशमा आएको ओहो ! कहाँ ? र कसरी ? जस्ता प्रश्नवाचक र विस्मयाधिबोधक शब्द प्रयोगका माध्यमबाट यहाँ विद्रोह प्रकट गरिएको छ । दरबार र घरबारबिचको वर्गीय र पारिस्थितिक खाडललाई उजागर गरी आधारभूत भौतिक आवश्यकताको परिपूर्तिबिनाको आध्यात्मिक चेतना वा बुद्धत्वको खोजी निरर्थक हुने कुरालाई सुविधा जस्तो उपभोक्तावादी शब्द प्रयोगमार्फत सशक्त रूपमा स्थापित गरिएको छ । त्यसैले पर्यावरणमैत्री भाषिक प्रयोगका दृष्टिकोणबाट हेर्दा यो कवितांश विश्लेषण योग्य नै देखिन्छ।

त्यसै गरी 'सिदार्थ उर्फ सिद्धे' शीर्षकको कवितामा कविले राजपरिवार र सामान्य परिवारबिचको भिन्नतालाई प्रस्तुत गरेका छन् । सामान्य परिवारमा हुर्किएका नागरिकले बाल्यअवस्थामै देखेका र भोगेका दुःखकष्ट राजपरिवारमा हुर्किएका गौतम बुद्धले वयस्क अवस्थामा मात्र देखेका हुन्छन् र त्यो दुःखद अवस्था देखेर दरबारमा त यति दुःख छ भने बाहिर सामान्य जीवनमा कति दुःख होला ? भन्ने सोचेर बाहिरको संसार बुझ्नका लागि दरबार त्यागेको प्रसङ्गलाई स्पष्ट पार्दै कवि भन्छन् :

अर्को कोठामा बाउ

गानो दुखेर छटपटि्रहेका थिए।

त्यसबेला त्यसरी मैले आफ्नो घरैभित्र देखेको-भोगेको

जरा-रोग-मृत्यु

उता सिद्धार्थले धेरै पछि

तन्नेरी भएर मात्र देख्न पाए ।

यस्ता कुरा देखेर
सिद्धार्थ सन्यासी भए अरे
म सिद्धे चैं
यिनै कुरासित बाँच्न सिकेर
अझ बढी संसारी भएँ ।
सिद्धार्थले
यी सबबाट मानिसको मुक्ति खोज्दै गर्दा
म मेरा बाउको लागि जडीबुटी खोज्दै थिएँ
अनि उसले राजदरबार त्याग्दा
म
आफ्नो बन्धक परेको घर उकास्ने युक्ति सोच्दै थिएँ । (पृ.२४)

प्रस्तुत कवितांशमा 'मैले' भनेर कवि स्वयम् आफू लाई प्रथम पुरुष दृष्टिबिन्दुका रूपमा प्रस्तुत गरेका छन् । कवितांशमा 'म' भनेर सामान्य घरपरिवारको व्यक्तिलाई सम्बोधन गरिएको छ भने 'सिद्धार्थ' भनेर यहाँ एक दरबारिया राजपरिवारको व्यक्तिलाई सम्बोधन गरिएको छ । जो दरबारिया सुखशैलमा हुर्किएको, बाहिरी संसारको कुनै पनि दुःख र वास्तविक अवस्था तथा जीवन के हो ? भन्ने कुरासमेत नबुझेको तर एक दिन आफ्नै दरबारमा वुबालाई रोग लागेर मृत्युसँग लडदै छटपटिएको देखेपछि मात्र दरबारभित्र त यति दुःख, पीडा छ भने बाहिरी सामान्य नागरिकको घरमा कति दु ःख पीडा होला भनी बाहिरी संसार बुझ्नका लागि आफ्नो दरबार र घरबार त्यागेर सन्यासी जीवन बिताएका एक पात्रका रूपमा सम्बोधन गरिएको छ । सिद्धार्थले घर र दरबार त्यागेर सन्यासी जीवन बिताउनु भनेको सिद्धार्थको क्रान्तिकारी उन्मुक्तताको चेतना हो । यसै गरी 'म आफ्नो बन्धनमा परेको घर उकास्ने युक्ति सोच्दैं थिए' भन्ने कविता पङ्क्ति विद्रोहको सूचक हो । परम्परागत समाज र समाज व्यवस्थाबाट टाढा नभागेर त्यस समाजको

रूपान्तरण गर्न खोज्नु नै कविको सकारात्मक विद्रोह हो । समाजमा रहेका परम्परागत कुप्रथा, कुसंस्कार, कुसंस्कृति, कुपरम्पराबाट उन्मुक्त भई स्वतन्त्र जीवनयापन गर्ने सोच तथा विचार हो । यसरी यस कवितांशले सिद्धार्थको जीवन यात्राको कथा मात्र नभएर आमनागरिकले भित्री संसारको बन्धनबाट उन्मुक्त हुनका लागि गरेका प्रयासहरूको भाव हो । त्यसैले यो कवितांश उन्मुक्तताको अभिव्यक्तिका दृष्टिकोणले उत्कृष्ट रहेको छ ।

पर्यावरणमैत्री भाषिक प्रयोगको दृष्टिकोणबाट हेर्दा 'बाउको लागि जडीबुटी खोज्दै थिएँ' र 'जरा-रोग-मृत्यु' ले यहाँ रोगले ग्रस्त बाउको शरीरका माध्यमबाट मानव शरीरको एक सूक्ष्म पारिस्थितिक प्रणालीलाई चित्रण गरिएको छ । 'मानिसको मुक्ति खोज्दै गर्दा म मेरा बाउको लागि जडीबुटी खोज्दै थिएँ' ले यहाँ प्रकृतिमा आश्रित विपन्न वर्गको अवस्थालाई र सिद्धार्थले प्रकृतिको चक्रबाट बाहिर निस्कनका लागि गरेको प्रयासलाई सम्बोधन गरिएको छ । यहाँ प्रयोग गरिएको 'जडीबुटी' विपन्न वर्गका लागि बाँच्ने आधार हो भन्दै प्रकृतिसँगको सम्बन्धलाई कविले यहाँ जडीबुटीका माध्यमबाट स्पष्ट पारेका छन् । त्यसैगरी 'घर' र 'दरबार' को परिस्थितिलाई सम्बोधन गरी राजदरबार भनेको अति-उपभोग र सुरक्षित घेराको बिम्बका रूपमा प्रस्तुत गरिएको छ भने 'बन्धक परेको घर' अभाव र असुरक्षाको बिम्ब हो । त्यसैले कवितांशमा आएका दुःख, रोग र अभावका बिचमा बाच्नेकला सिक्नु नै वास्तवमा पर्यावरणमैत्री हुनु हो । त्यसैले पर्यावरणमैत्री भाषिक प्रयोगका दृष्टिकोणबाट हेर्दा यो कवितांश विश्लेषण योग्य नै देखिएको छ ।

### ३.४.४ पर्यावरणमैत्री भाषिक प्रयोग

*भुइँफुट्टा शब्दहरू* कवितासङ्ग्रहअन्तर्गतका कवितामध्ये 'पृथ्वी अनि म' र 'खेतमाथि आक्रमण : केही भिडियो क्लिपिङ' कवितामा प्रयुक्त पर्यावरणमैत्री भाषिक प्रयोगलाई यस शीर्षकअन्तर्गत रहेर यहाँ विश्लेषण गरिएको छ । 'पृथ्वी अनि म' शीर्षकको कवितामा पर्यावरण र मानिसबिचको अन्योन्याश्रित सम्बन्धलाई महत्त्वका साथ उठान गरेका कारण पर्यावरणमैत्री भाषिक प्रयोगका दृष्टिले उपयुक्त देखिएको छ, जसको पुष्टि दिइएको कविताबाट गर्न सकिन्छ :

पृथ्वीको निमित्त

पृथ्वीमै पलाएको

पृथ्वीको म

पृथ्वीको पृष्ठमा अक्षर हिँड्छु

जति तिमी पृथ्वीपारिको अपार्थिव कुरा गर्छौं
उति नै म चै
रुखका जराहरूसित भित्रभित्रै फैलेर
पृथ्वीको काखभित्र घुस्रिरहन्छु

अहिले म
पृथ्वीकै छातीमा
दुबोको यौटा सानो सुइरो उम्रेर
पृथ्वीकै एक अङ्ग छु । (पृ. ८-९ )

कवि सुब्बाले यस कवितामा पृथ्वीलाई अत्यन्तै सम्मानपूर्वक रूपमा प्रस्तुत गरेका छन् । पृथ्वीलाई मुख्य अङ्ग र मानिसलाई पृथ्वीमाथिको गतिशील प्राणीका रूपमा चित्रण गरेका छन् । मानिस सधै सर्वोपरि स्थानमा रही प्रकृतिलाई साधनका रूपमा प्रयोग गरिरहेको हुन्छ तर कवि सुब्बाले यस कवितामा प्रकृतिलाई सर्वोपरि स्थानमा राखी पृथ्वीलाई भने साध्यका रूपमा प्रस्तुत गरेका छन् । सृष्टिचक्रको सम्पूर्ण रहस्य कहिले काखमा, छातीमा, आखाँ त कहिले ढुकढुकीमा लुकाउन सक्ने पृथ्वीको सामर्थ्यलाई यस कवितामा पर्यावरणमैत्री भाषिक प्रयोगका माध्यमबाट प्रस्तुत गरिएको छ । त्यसै गरी मानवीय जीवनको मुख्य आधार नै पृथ्वी हो भन्दै पृथ्वीलाई केन्द्रीय शक्तिका रूपमा विभिन्न सर्न्दभका माध्यमबाट सम्बोधन गरिएको छ । त्यसै गरी भाषिक प्रयोगमा प्रकृतिको सिर्जनशील अस्तित्वलाई मानव जीवनको मूल आधार मानेर प्रकृतिप्रतिको सम्मान व्यक्त गरिएको छ (थपलिया, २०७५, पृ. २३८) । प्रकृतिको सामर्थ्य उर्वरता वा क्षमतालाई बुझाउनका लागि यहाँ प्रतीकका रूपमा रुखको 'जरा' र 'दुबो' शब्दको प्रयोग गरी सम्पूर्ण सिर्जनाको प्रतिनिधित्त्व कवि सुब्बाले गराएका छन् ।

कवि सुब्बाले 'खेतमाथि आक्रमण : केही भिडियो क्लिपिङ' शीर्षकको कवितामा पुँजीवादी दलाल र मेसिनबिचको सम्बन्धका कारणबाट निम्तिएको परिमाणलाई भित्र्याउने बेलाको अन्नबाली क्षणभरमै सखाप पारेको, अन्नबाली मात्र नभएर त्यो अन्नबाली तयार पार्ने किसानलाई समेत सदाका लागि यस धर्तीबाट बिदा दिएको दृश्य देखेर धरती माता डराइरहेकी छन्, छटपटिरहेकी छन् भन्ने भावलाई कवि सुब्बाले दिइएको कवितांशबाट पुष्टि गरेका छन् :

बर्षौंवर्षमा एकपल्ट
सलहको एउटा बथान आउँछ,
हाम्रो फसल खाइदिन्छ, अनि फर्किन्छ ।
तर यसपालि भने
खेतै खाइदिने मेसिनहरू आए
अनि तिनीहरूले खेत खानुअघि
खेतालाहरू खाए ।

खेतमा यसपालि
तातो-रातो सिसाको असिना वर्षियो
त्यसैले माटो यस्तरी छट्पटिरहेछ
कि धरती नै काम्दै छ थर्थर (पृ. १२-१३)

उल्लिखित कवितांशमा प्रकृति, मानिस र आधुनिक मेसिनको सम्बन्धलाई देखाइएको छ । यस क्रममा प्रकृतिमै मानिस पूर्णरूपमा आश्रित भई आफ्नो जीवन अगाडि बढाउने क्रममा आफू लाई चाहिने हरेक किसिमका अन्नबाली पनि त्यही प्रकृति वा धरतीबाट नै उब्जाउछन् । प्रकृतिबाट उत्पादित अन्नबालीले नै प्रकृति सुन्दर र मनमोहकीय हुन्छ । यसैबाट स्वच्छ हावापानी प्राप्त हुन्छ भन्ने कुरा प्रस्तुत गरिएको छ । त्यस्तै उल्लिखित कवितांशका माध्यमबाट कविले एकातिर किसानले वर्ष दिनका लागि उत्पादन गरी भित्र्याउनका लागि तयार पारिएको अन्नबालीलाई कहिलेकाँही आउने सलहको एउटा बथानले क्षणभरमै सखाप पार्दा किसान धेरै

दुःखी हुन्छन् तर यसपालि भने अन्नबाली भित्र्याउने बेलामा सलह नभएर खेतै खाइदिने मेसिनहरू आएर र अन्नबाली खानुअघि नै किसान वा खेताला खाइदिएर अनि खेत खाए । लहलह झुलेका पहेँलपुर धानका बालाको त्यो प्रकृति सुन्दरता क्षणभरमै युद्धभूमि भैदियो । रगतको अम्लवर्षा हुन पुग्यो । त्यही रणभूमिको अम्लवर्षाले धरतीमाता छटपटिएकी छन्, डराएकी छन् भन्ने कुरालाई सङ्केत गरेका छन् भने अर्कोतिर आधुनिक कृषि उपकरणले माटोको उत्पादन क्षमता, खेतको प्रकृति, माटोको गुणस्तर र खेतमा आश्रित जीवनचक्र ( किसान वा मजदुर) लाई असर गरेको सङ्केत यस कवितांशमा प्रस्तुत गरेका छन् ।

कवितांशमा आएको 'तर यसपालि भने खेतै खाइदिने मेसिनहरू आए अनि तिनीहरूले खेत खानुअघि खेतालाहरू खाए' हरफले आधुनिक यान्त्रीकरण र यसले कृषि क्षेत्रमा ल्याएको परिवर्तनलाई सम्बोधन गरेको छ । 'मेसिन' ले आधुनिक कृषि उपकरण (जस्तैः- ट्र्याक्टर, धान काट्ने मेसिन) लाई जनाउछ, जसले मानवीय श्रमलाई प्रतिस्थापन गर्छ । 'खेत खानु' ले आधुनिक कृषि उपकरणका मेसिनले खेतको उत्पादन क्षमता मात्र नभएर खेतको प्रकृति, माटोको गुणस्तर र खेतमा आश्रित जीवनचक्रलाई असर गरेको सङ्केत गर्छ । 'खेतालाहरू खाए' ले मेसिनका कारण रोजगारी गुमाएका किसान तथा मजदुरको पीडालाई प्रतीकात्मक रूपमा प्रस्तुत गर्छ । 'खेतमा यसपालि तातो-रातो सिसाको असिना वर्षियो त्यसैले माटो यस्तरी छट्पटिरहेछ कि धरती नै काम्दै छ थर्थर' हरफले आधुनिक कृषि प्रणाली र औद्योगिक विकासले वातावरणमा परेको गम्भीर नकारात्मक असरलाई प्रस्तुत गर्छ । 'छट्पटिनु' र 'थरथर काम्नु' ले प्रकृतिले भोगेको असह्यपीडा र यसको प्रतिक्रियालाई देखाउदै माटोको क्षयीकरण र प्रकृति विपत्तिको बढ्दो जोखिमलाई पनि अप्रत्यक्ष रूपमा बुझाएको छ । 'सिसाको असिना ' र 'खेतै खाइदिने मेसिन' ले प्रदूषण, रासायनिक प्रयोग र प्रकृति स्रोतहरूको दोहनले वातावरणमा पारेको नकारात्मक प्रभावलाई देखाएको छ । माटो छटपटिनु र धर्ती काप्नु जस्ता बिम्बहरूले प्रकृतिको पीडालाई मानवीकरण गर्छ । समग्रमा भन्नुपर्दा यस कवितांशले मानवको कार्यले प्रकृतिमा पारेको गम्भीर असरबारे सचेत गराउदै पर्यावरणमैत्री कार्यहरूको आवश्यकतामाथि जोड दिएको देखिन्छ । यसरी किसान वा मजदुर वर्ग र आधुनिक कृषि उपकरणबिचको सम्बन्धलाई यहाँ पर्यावरणमैत्री भाषिक प्रयोगका माध्यमबाट प्रस्तुत गरिएको छ । त्यसैले पर्यावरणमैत्री भाषिक प्रयोगका दृष्टिकोणबाट यो कवितांश विश्लेषण योग्य देखिन्छ ।

## ३.५ *किनाराका आवाजहरू* कवितासङ्ग्रहमा पर्यावरणमैत्री भाषिक प्रयोग

*किनाराका आवाजहरू* कवितासङ्ग्रहअन्तर्गत चौतिसओटा लामा / छोटा कविताहरू रहेका छन् । यी चौतिसओटा लामा / छोटा कवितामध्ये 'मेरो घडेरी', 'यो गहनाउने कोटको भारी', 'देश अनि म', 'म-को कुरा' र 'हो म अरबहादुर गुरुङ' गरी पाँचओटा कवितामा प्रयुक्त पर्यावरणमैत्री भाषिक प्रयोगलाई यहाँ विश्लेषण गरिएको छ ।

### ३.५.१ पर्यावरणको साहित्यिक प्रतिविम्बन

*किनाराका आवाजहरू* कवितासङ्ग्रहअन्तर्गतका कविताहरूमध्ये 'मेरो घडेरी' र 'यो गहनाउने कोटको भारी' शीर्षकको कवितामा प्रयुक्त पर्यावरणको साहित्यिक प्रतिबिम्बनलाई यहाँ विश्लेषण गरिएको छ । 'मेरो घडेरी' शीर्षकको कवितांशमा कविले 'मेरो छातीको घडेरी' भनेर गोर्खाल्याण्डलाई सङ्केत गरेका छन् भने 'हड्डीको ढुङ्गामा खोपिएको इतिहास' भनेर शिलापत्रमा खोपिएको गोर्खाल्याण्डको इतिहासलाई सङ्केत गरेका छन् । यसै गरी 'बाबुको भेषमा आएको एक फटाहा' भनेर अङ्ग्रेजहरूलाई सङ्केत गरेका हुन् । अङ्ग्रेजले गोर्खाल्याण्ड सिक्किम, दार्जिलिङ लगायतका स्थानलाई आफ्नो कब्जामा लिदै त्यहाँका भारतीय नेपालीभाषीमाथि गरेको दमनलाई कवि आफ्नो कवितामा यसरी प्रस्तुत गर्छन् :

> मेरा छातीको घडेरीमा लहलह उम्रिएको कति हेक्टेयर आत्मसम्मानलाई
>
> कुन्नि कोहरू आएर कब्जा गरिराखेको छ । त्यहाँ हड्डीको ढुङ्गामा
>
> खोपिएको इतिहासको आधा अध्याय बाबुको भेषमा आएको एक
>
> फटाहाले झुक्क्याएर बोराको कुशनसित साट्यो (पृ.६६)

कवितांशमा उल्लिखित छाती, घडेरी, हड्डी र ढुङ्गा जस्ता पदावलीले गोर्खाल्याण्डको इतिहासलाई सम्बोधन गरेको छ भने कब्जा, फटाहा, बोरा र कुशन, साट्यो जस्ता बिम्बका माध्यमबाट गोर्खाल्याण्डमाथि अङ्ग्रेजहरूले गरेको आक्रमणकालीन वातावरणलाई सम्बोधन गरिएको छ । 'छातीको घडेरीमा लहलह उम्रिएको आत्मसम्मान' ले यहाँ गोर्खाल्याण्डभित्र बसोबास गर्ने नेपालीभाषीको धर्म संस्कार, संस्कृति, रीतिरिवाज, चालचलनलाई सम्बोधन गर्दै भारतीय नेपालीभाषीमाथि अङ्ग्रेजहरूले आक्रमण गरेर उनीहरूमाथि दमन गर्दै गोर्खाल्याण्ड आफ्नो कब्जामा लिएको र आफ्नो भूमिमा गाभेर गोर्खाल्याण्डको सम्पूर्ण इतिहास समाप्त पारेको

युद्धकालीन वातावरणलाई कविले यहाँ व्यक्त गरेका छन् । आक्रमणकारीको आक्रमण, कला, इतिहासको विलुप्ति नेपालीभाषीमाथिको आक्रमण, कब्जा, दमन, नेपालीभाषीहरूको धर्म, संस्कार, संस्कृति, रीतिरिवाज, परम्परा, चालचलन जस्ता वातावरण र युद्धसँग प्रतिबिम्बित भएर आएका विभिन्न युद्धकालीन दृश्यबिम्बको प्रयोग कवितांशमा प्रस्तुत गरिएको छ ।

अङ्ग्रेजले नेपालीभाषीहरूलाई विभिन्न किसिमको लोभ लालच देखाउदै गोर्खाल्याण्डमाथि आक्रमण गरी आफ्नो कब्जामा लिएको, त्यहाँको सम्पूर्ण इतिहासलाई मेटाएको, धर्म, संस्कार, संस्कृति, रीतिरिवाज, चालचलन, परम्परा सबैमाथि हस्तक्षेप गरेको जस्ता युद्धकालीन परिवेशलाई कवि सुब्बाले यहाँ प्रस्तुत गरेका छन् भने कवितांशमा आएका कब्जा, ढुङ्गामा खोपिएको इतिहास, फटाहा, बोराको कुशनसित साट्यो जस्ता पदावली युद्धका प्रतीक हुन् । यसरी कवितांशमा प्रस्तुत भएका छातीको घडेरी, हड्डीको ढुङ्गा, बावुको भेष र कोराको कुशन जस्ता बिम्बका माध्यमबाट यहाँ युद्धको पर्यावरणीय साहित्यिक प्रतिबिम्बन भएको पाइन्छ।

पश्चिम बङ्गाल राज्यका दार्जिलिङ क्षेत्रलगायतका अन्य स्थानमा बस्ने नेपालीभाषी भारतीहरू जो नेपाली, भाषा, संस्कार, संस्कृतिलाई अपनाएर बसेका छन् । उनीहरूको माग भनेको सधैँभरि पश्चिम बङ्गालबाट आफूलाई अलग राज्यको माग हो भन्ने कुरालाई कवि सुब्बाको 'यो गह्रउने कोटको भारी' शीर्षकको कवितामा व्यक्त गरेका छन् जसको पुष्टि दिइएको कवितांशबाट गर्न सकिन्छ :

कत्ति औढिबस्नु हौँ  यो जैबङ्लाको जडाउरी कोट !
गह्रौं भारी जस्तो बसेको छ यो मेरो जिउमाथि युगौंदेखि

जबर्जस्ती ओढाइदिएको यो कोट ममाथि मैले माग्दै नमागी
फुकाउनै मुश्किल परिसक्यो नि यो जिउमै टाँसिएर टयाप्पै  (पृ.६७)

उल्लिखित कवितांशमा जडाउरी कोट, गहौँ  भारी, जिउको उचित मिलनबाट भारतको पश्चिम बङ्गाल राज्यमा बसोबास गर्दै आएका नेपालीको पीडालाई उजागर गरिएको छ। कविले यहाँ लाक्षणिक रूपमा आफू बङ्गाली नभएको तर हामी गोर्खालीहरूलाई जबरजस्ती ओढाइदिएको यो जैबङ्गलाको जडाउरी कोट कै कारण आफूलाई जयबङ्गाल भन्नु परेकोमा खेद प्रकट गरेका छन् । पश्चिम बङ्गाल राज्यमा बसोबास गर्ने सम्पूर्ण गोर्खालीहरूलाई (

नेपालीभाषीहरूलाई) पनि बङ्गालीमै समावेश गरिएको कारणले नै लामो समयदेखि नेपालीहरूले गोर्खाल्याण्ड आन्दोलन गरी आफूलाई छुट्टै गोर्खाल्याण्ड राज्यको माग गरेका छन् तर गोर्खाल्याण्ड राज्यको मागलाई भारत सरकारले आजसम्म सम्बोधन गरेको छैन भन्ने कुरालाई कवि सुब्बाले लाक्षणिक रूपमा यस कवितांशका माध्यमबाट प्रस्तुत गरेका छन् । सुब्बाले यहाँ जबरजस्ती ओढाइदिएको कोट, गह्रौं भारी, फुकाउनै गाह्रो हुने गरी ट्याप्पै टाँसिनुले जबरजस्ती गोर्खाल्याण्ड भूमिलाई भारत सरकारले आफ्नो कब्जामा लिएको आक्रमणकारी प्रवृत्तिलाई प्रस्तुत गरिएको छ । गह्रौ भारी, जडाउरी कोट, जबरजस्ती ओढाइदिएको कोट, माग्दै नमागी फुकाउन मुश्किल हुनु, जिउमा ट्याप्दै टाँसिनु जस्ता बिम्बका माध्यमबाट यहाँ आक्रमणकारी पर्यावरणीय भाषिक प्रयोग भएको देखिन्छ । त्यसैले पर्यावरणमैत्री भाषिक प्रयोगका दृष्टिकोणबाट यो कवितांश उत्कृष्ट देखिन्छ ।

### ३.५.२ वातावरणीय स्वच्छता र ग्रामीणपन

*किनाराका आवाजहरू* कवितासङ्ग्रहअन्तर्गतका कविताहरूमध्ये 'मेरो घडेरी' र 'यो गहनाउने कोटको भारी' शीर्षकको कवितामा प्रयुक्त वातावरणीय स्वच्छता र ग्रामीणपनलाई यहाँ विश्लेषणका रूपमा लिइएको छ । 'मेरो घडेरी' शीर्षकको कवितांशमा कविले 'आफ्नो घडेरी' भनेर यहाँ नेपालीको आफ्नो भाषा, धर्म, चाडपर्व, संस्कार, संस्कृतिलाई सङ्केत गरेका छन् भने 'ठुलो देशको मुस्कान' भनेर अङ्ग्रेजहरूको खुसीलाई सङ्केत गरिएको छ । यसै गरी 'जिउज्यानमाथि हलो-कोदालो' भनेर भारतीय नेपालीभाषीमाथि अङ्ग्रेजहरूले जबरजस्ती आफ्नो राज्यमा गाभेको र नेपालीको सम्पूर्ण धर्म, संस्कार, संस्कृति लोप बनाएको कुरालाई यहाँ सङ्केत गरिएको छ । अङ्ग्रेजले  गोर्खाल्याण्डमाथि आक्रमण गर्दा र आफ्ना सम्पूर्ण धर्म, संस्कार, संस्कृति हडप्दा समेत भारतीय नेपालीभाषीहरू सहेर बस्नु परेको कुरालाई कवि प्रस्टाउदै भन्छन् :

> आफ्नो घडेरीको गहिरो सुकँसुकँ सुन्दासुन्दै पनि ठुलो देशको मुस्कान
> फुलाउन यो जिउज्यानमाथि नै हलो-कोदालो चल्न दिइरहेँ     (पृ.६३)

उल्लिखित कवितांशमा आफ्नो घडेरी सुँकसुँक, ठुलो देशको मुस्कान, जिउज्यान र हलो-कोदालोको मिलनबाट भारतीय नेपालीभाषीको आफ्नो मौलिकता, त्यहाँको वातावरणीय स्वच्छता र गोर्खाल्याण्डको ग्रामीणपनमाथि अङ्ग्रेज सरकारले आफ्नो दम्भ प्रकट गरेको कुरालाई कविले व्यक्त गरेका छन् । नेपालीभाषीहरू जो आफ्नो गाँउलेजीवन बिताइरहेका थिए । आफ्नो धर्म

संस्कार, संस्कृति, चाडपर्वमा रमाइरहेका थिए । तिनै नेपालीभाषीको ग्रामीण स्वच्छ वातावरण, धर्म, संस्कार, रीतिरिवाज र परम्परामाथि अङ्ग्रेजले हमला गरी जबरजस्ती आफ्नो नीतिनियम पालना गर्न बाध्य तुल्याएको कुरालाई कविले यहाँ नेपालीमाथि हलो-कोदालो चलाएको र नेपालीभाषीले त्यसलाई चुपचाप सहन बाँध्य भएको प्रसङ्गका माध्यमबाट प्रस्टाएका छन् । नेपालीभाषीको आफ्नो धर्म, संस्कार, संस्कृति, भाषा, चाडपर्व तथा महिमा छ र उनीहरू आफ्नै मौलिक पहिचान र ग्रामीण स्वच्छ हावापानीमा रमाइरहदा प्रकृतिमाथि आक्रमण गरिरहेका छन् तर पनि प्रकृति उनीहरूको खुसीका लागि चुपचाप सहेर बसी आक्रमण गर्न दिइरहेकी छन् भन्ने भाव उक्त कवितांशमा प्रतिबिम्बित भएको छ । कवितांशमा प्रयोग गरिएको आफ्नो घडेरी, सुँकसुँक, जिउज्यान, हलो-कोदालो जस्ता शब्दले यहाँ ग्रामीण वातावरणीय स्वच्छतालाई पर्यावरणमैत्री भाषिक प्रयोगका माध्यमबाट स्पष्ट पारिएको छ । त्यसैले पर्यावरणमैत्री भाषिक प्रयोगका दृष्टिकोणबाट यो कवितांश विश्लेषण योग्य देखिन्छ ।

भारतको पश्चिम बङ्गाल राज्यमा बसोबास गर्दै आएका नेपालीहरू जो आफ्नो भाषा, धर्म, संस्कार, संस्कृति, तथा चाडपर्वमा रमाइरहेका छन् । नेपालीको जे जति लोकसंस्कार, संस्कृति सभ्यता छ त्यसैमा रमाइरहेका छन् । जति नै पुरानो र अविकसित तथा अव्यस्थित भए तापनि नेपाली आफ्नो धर्म, संस्कार र संस्कृतिभन्दा अरूको धर्म संस्कार र संस्कृतिमा रमाउन सक्दैनन् । नेपालीलाई आफ्नैपन मन पर्छ । आफ्नै मौलिकतामा रमाएका हुन्छन् तर पश्चिम बङ्गाल राज्यमा बसोबास गर्ने नेपालीभाषीहरूमाथि अङ्ग्रेजले दमन गरेर जबरजस्ती तिमीहरू बङ्गाली हौँ भनेर पश्चिम नेपालीभाषीलाई बङ्गालीको उपनाम दिए तापनि त्यो नेपालीका लागि कुहिएको माछाभन्दा पनि बढी दङदङ गनाउछ । किनकि नेपालीलाई आफ्नै मौलिकता प्यारो हुन्छ आफ्नै माटो आफ्नै भूमि प्रिय लाग्छ । कसैले जबरजस्ती त यो हो भन्दैमा उसले स्वीकार गर्न सक्दैन उसको मनमा नेपालीपन नै रहिरहन्छ । जबरजस्ती  दिएको उपनाम उसलाई सह्य हुँदैन भन्ने कुरालाई कविले प्रस्टाउँदै भन्छन् :

मेरो जिउबाट निस्कने माटोको मनपर्दो गन्ध जो छ नि

त्यसलाई पनि जितेर गह्वनाउँछ यो कोट कुहेको माछैँ  दङदङ   (पृ.६७)

प्रस्तुत कवितांशमा पर्यावरणीय स्वच्छता र ग्रामीणपनलाई नेपाली जातिको  धर्म, संस्कार, संस्कृति र नेपालीसँग अन्तरसम्बन्धित गरी प्रस्तुत गरिएको छ । नेपालीको मौलिकता धर्म, संस्कार, संस्कृति, चाडपर्वहरू तथा नेपालीका दैनिक क्रियाकलापगत सम्पूर्ण संस्कृतिहरू,

वातावरणीय स्वच्छता र ग्रामीणपन अनुकूल छन् । यस कवितांशमा उल्लिखित उदाहरणमा नेपालीको ग्रामीण क्रियाकलाप र मौलिकतालाई निकै महत्त्वका साथ प्रस्तुत गरिएको छ । जिउबाट निस्कने माटोको गन्ध, कुहिएको माछाको गन्ध सबै वातावरणीय स्वच्छता र ग्रामीणपनका उदाहरणहरू हुन । माटोसँगको पारस्परिक सम्बन्ध र जीवनयापनका लागि प्रयोग गरिने विभिन्न खाद्यवस्तुलाई प्रस्तुत कवितांशमा उल्लेख गरिएको छ । मानिस, प्रकृति र विभिन्न जीवजन्तुसँगको परस्पर अन्तरसम्बन्धलाई यस कवितांशमा केलाउने प्रयास गरिएको छ । त्यसै गरी नेपालीको दैनिकी, खानपान, जीवनबद्ध मूल्यमान्यता जस्ता लोकव्यवहार पनि पर्यावरणको सामीप्यतामा आएका छन् । नेपालीहरूको परम्परादेखि अहिलेसम्म मान्दै र चल्दै आएको धर्म, संस्कार, संस्कृतिमाथि पुँजीवादी राष्ट्रले जबरजस्ती आफ्नो स्वार्थ अनुकूलको वातावरण तय गर्न खोज्दा नेपालीहरूलाई त्यो वातावरण सह्य नभएको र कुहिएको माछाभन्दा पनि बढी दङ्दङ् गन्हाएको छ । किनकि बङ्गालीहरू कुहिएको माछा (माछाको सुकुटी) भन्दा पनि बढी फोहोरी हुन्छन् । उनीहरूको व्यवहार पनि फोहोर हुन्छ भन्दै नेपालीहरूको मौलिकता र नेपालीपनको प्रसङ्गका माध्यमबाट यहाँ नेपाली वातावरणीय स्वच्छता र ग्रामीणपनलाई सङ्केत गरिएको छ । यसरी यस कवितांशले नेपालीहरूको मौलिकता, नेपाली वातावरणीय स्वच्छता र ग्रामीणपनलाई सङ्केत गरेकै कारण पर्यावरणमैत्री भाषिक प्रयोगका दृष्टिकोणबाट यो कवितांश विश्लेषणयोग्य देखिन्छ ।

### ३.५.३ उन्मुक्तताको अभिव्यक्ति

*किनाराका आवाजहरू* कवितासङ्ग्रहअन्तर्गतका कविताहरूमध्ये 'देश अनि म' र 'म-को कुरा' शीर्षकको कवितामा समावेश उन्मुक्तताको अभिव्यक्तिलाई यहाँ विश्लेषण गरिएको छ । 'देश अनि म' शीर्षकको कवितामा कविले 'देश' भनेर आफ्नो भूमिलाई सम्बोधन गरेका छन् भने 'म' भनेर त्यही देशमा बसोबास गर्ने जनजातीय समुदायलाई सम्बोधन गरेका छन् । मानिस सामाजिक, सांस्कृतिक, राजनीतिक, वैचारिक तथा भौगोलिक अनेक किसिमको बन्धनभित्र बाँधिएको हुन्छ । एउटा देश वा राष्ट्रभित्र अनेक जातजातिका मानिसहरूको बसोबास रहेको हुन्छ । सबैको आआफ्नो हक, अधिकार र कर्तव्य हुन्छ । सबैले त्यसको प्रयोग तथा उपभोग गर्न पाउनुपर्छ तर देशमा अङ्ग्रेजको शासनव्यवस्था हटे तापनि जनजातीय वर्गले भने आफ्नो

अधिकारको उपर्युक्त तरिकाले उपयोग गर्न पाएका छैनन् भन्ने भावलाई कवि स्पष्ट पार्दै भन्छन् :

देशको काँधबाट गोरे हलीको हलो-जुवा हटेको थाह छ, तर
मेरो घुच्चुमा बाँधिएको हलो-जुवा आजसम्म हटेको छैन ।
म उही हूँ, मात्र हलो र हली फेरिएका छन् । जुवामा घोटिएर
मेरो घुच्चुक यतिसम्म पिल्सिसक्यो कि युगौंदेखि यौटा रौं
पनि उम्रन नसकेर त्यो नाङ्गो बञ्जर माउन्टेन-डेजर्ट भएको छ ।

यसबाट आफूलाई मुक्त नगरी सन्दकपुको मेरो शिर कसरी
ठाडो हुने ? (पृ.७२)

राज्यसत्ता र जनजातिलाई सम्बोधन गरी लेखिएको उक्त कवितांशमा एउटा ठुलो विद्रोह प्रकट भएको छ । राज्य सञ्चालनका नाममा कैयौँ सरकार फेरियो तर जनजातिका हकअधिकार र उनीहरूको स्वतन्त्रता स्थापित भएन । यही देशबाट अङ्ग्रेजहरू हारे तर त्यस क्षेत्रमा बसोबास गर्ने आदिवासी/जनजाति नेपालीमाथिको विचार हेटेको छैन । देश उही हो मात्र सरकार फेरियो, सरकार चलाउने नाइके फेरिए तर जनजातिका कुनै पनि हकअधिकार फेरिएन । उनीहरू आफ्नो हकअधिकार स्थापित गर्नका लागि अनेकौँ प्रयास गरे । अनेकौँ दुःख कष्ट, पीडा भोगे तर पनि जनजातिप्रति युगौँदेखि चलिआएको विचारमा कुनै परिवर्तन भएको छैन । जातबिचको यो सोचलाई परिवर्तन नगरी देशको शिर (महिमा) ठाडो पार्न सकिन्छ र ? भन्ने किसिमको प्रश्नार्थक भाव कविले यस कवितांशमा व्यक्त गरेका छन् । आफ्नै देशबासी नागरिकलाई जातकै आधारमा विभेद गरेर देश कसरी माथि उठ्न सक्छ । विश्वसामु कसरी आफ्नो शिर ठाडो बनाउन सकिन्छ ? यसले त उल्टै देशभित्रै द्वन्द्व सिर्जना गरेको छ । विभिन्न जातजातिबिचमा विभेद सिर्जना गरी वातावरण धमिलाएको छ । प्रदूषित बनाएको छ । देश विकास र राज्य सञ्चालनका नाममा अनेकौँ सरकार फेरिए तर जनजातिका समस्या भने जिउका त्यूँ छन् । आफ्नो पहिचान स्थापित गर्नका लागि राज्यसँग लड्दालड्दै आफै नाङ्गो बञ्जर माउन्टेन-डेजट जस्तो भैसक्यौ तर युगौँदेखिको सोच परिवर्तन गर्न सकिएन भन्ने किसिमको निराशाजनक अभिव्यक्ति प्रकट गर्दै

कवि सुब्बाले यहाँ जनजातिले आफ्नो उन्मुक्ति खोजेको भावलाई यस कवितांशका माध्यमबाट प्रस्ट पारेका छन् ।

कवितांशमा प्रयोग भएको 'गोरे हली' ले अङ्ग्रेजलाई 'मात्र हलो र हली फेरिए' ले सरकार र उसका कार्यकर्ता मात्र फेरिएको कुरालाई 'नाङ्गो बञ्जर माउन्टेन' ले अनेकौं सरकार फेरिदा पनि नेपाली जनतामा कुनै पनि कुरामा परिवर्तन नभएको कुरालाई र 'सन्दकपूको शिर' ले नेपालीको शिरलाई सम्बोधन गरेको छ । यसरी अनेकौं सरकार र तिनका कार्यकर्ता फेरिरहदा नेपालीको जीवनशैलीमा भने कुनै परिवर्तन आउन सकेको छैन । कुनै पनि विकासका कार्यहरू भएका छैनन् तर पनि नेपाली सबैका सामु शिर ठाडो पारेर हिडिरहेका छन् भन्ने किसिमको भाव कविले व्यक्त गरेका छन् । त्यस्तै कविले यहाँ नेपालीको जीवनशैली, आदिवासी/जनजातिप्रतिको नकारात्मक विचार, नेपाली राजनैतिक परिपाटीलगायतका प्रसङ्ग अनुरूपका पद तथा पदावलीको प्रयोग गरेका हुनाले नै पर्यावरणमैत्री भाषिक प्रयोगका दृष्टिकोणबाट यो कवितांश विश्लेषणयोग्य देखिन्छ ।

त्यस्तै कवि सुब्बाको 'म को कुरा' शीर्षकको कवितामा बङ्गाली र गोर्खालीबिचमा भएको विभेदलाई प्रस्तुत गरेका छन् । कवितांशमा गोर्खालीको पहिचान र परिचय गुमाई बङ्गालीले आफ्नै तरिकाले गोर्खालीको परिचय गराएपछि गोर्खालीले आफ्नो पहिचान, परिचय र अस्तित्व खोज्न आवश्यक भएको सन्दर्भलाई कविले यसरी व्यक्त गरेका छन् :

ऊ-ले मलाई तँ अर्थात अर्का भनेपछि  
यै हावाको मेरो साससलाई भिन्दै ठानेपछि  
मेरो संवेदना निला टाँगिएको आकाशमा ऊ-ले उसलाई  
आफ्नै कथा लेख्न थालेपछि  
म-लाई म-को कुरा जरुरी भएको छ  
जस्तो कि जिउँदो मुटुलाई ढुकढुकी जरुरी छ (पृ.६३)

माथिको उदाहरणमा बङ्गालीहरूले वीर गोर्खालीको परिचय जबरजस्ती मेटाएर आफ्नोपन भर्न थालेपछि खुल्ला आकाशसँग गोर्खालीले आफ्नो पहिचान रक्षाका लागि चित्कार गरिरहँदा पनि बङ्गालीले स्वतन्त्र रूपमा आफ्नै नीतिनियम गोर्खालीमाथि लगाएको छ ।

बङ्गालीले खुल्लमखुल्ला गोर्खालीको अस्तित्व नै मेटिने गरी विभिन्न किसिमका गतिविधिहरू गर्दा वीर गोर्खालीले आफ्नो परिचय र पहिचान खोजिरहेका छन्, जसरी जिउँदो मुटुलाई ढुकढुकी आवश्यक हुन्छ त्यसै गरी वीर गोर्खालीलाई पनि नमरून्जेलसम्म आफ्नो परिचय, पहिचान र इतिहासको आवश्यकता रहन्छ । गोर्खालीको आफ्नै पहिचान, परिचय र इतिहास छ । त्यही पहिचान, परिचय र इतिहासमा बाँच्न चाहन्छौँ । त्यसैले हामीमाथि जबरजस्ती बङ्गालीको खोल ओडाउने प्रयास समेत नगर्नु । बङ्गालीको परिचय र जबरजस्ती लादिएको पहिचानबाट हामीलाई मुक्ति चाहिन्छ भन्दै वीर गोर्खालीले बङ्गालीले जबरजस्ती दिएको परिचय र पहिचानबाट उन्मुक्त हुन खोजेको भाव यस कवितांशमा लाक्षणिक रूपमा व्यक्त भएको छ । कवितांशमा व्यक्त भएको 'ऊ' सर्वनामले पश्चिम बङ्गालका शासकलाई र 'म' सर्वनामले वीर गोर्खाली नेपालीलाई सङ्केत गरेको छ । त्यसै गरी यही हावा, मेरो सास, मेरो संवेदना, निलो आकाश, जिउँदो मुटुलगायतका शब्दहरूले यहाँ नेपाली हावापानी, नेपाली खुल्ला आकाश, नेपालीको ढुकढुकी र श्वासलाई सङ्केत गरेको छ । प्रत्येक नसा नसामा वीर गोर्खालीको रगत उम्लिरहेको छ । त्यसैले कुनै पनि हालतमा नेपालीभाषीलाई तिमी बङ्गाली हौँ भन्दैमा हामी बङ्गाली हुन सक्दैनौँ । पुस्तौँदेखिको हाम्रो नेपाली रगत एकैछिनमा कुनै पनि प्रलोभनमा परी परिवर्तन हुने छैन र हुनैँ सक्दैनौँ । त्यसैले हामीलाई जबरजस्ती बङ्गाली परिचयको खोल नओडाउ । हामी जहाँ जसरी रहे तापनि हामी नेपाली हौँ । नेपाली परिचय, पहिचान, इतिहास, भाषा, धर्म, संस्कार, संस्कृतिमै रमाउन चाहन्छौँ । हामीलाई आफ्नै पहिचान प्यारो हुन्छ भन्दै नेपालीले आफ्नो पहिचान र अस्तित्व रक्षा गरेको भाव प्रकट गर्दै जबरजस्ती गराइएको पहिचानबाट उन्मुक्त गराउन आग्रह गरेको भावलाई कविले यहाँ 'म-को कुरा' शीर्षकको कवितामा मर्मस्पर्शी, लाक्षणिक र साङ्केतिक रूपमा व्यक्त गरेका छन् । त्यसैले पर्यावरणमैत्री भाषिक प्रयोगका दृष्टिकोणबाट यो कवितांश विश्लेषणयोग्य देखिन्छ ।

### ३.५.४ पर्यावरणमैत्री भाषिक प्रयोग

*किनाराका आवाजहरू* कवितासङ्ग्रहअन्तर्गतका कवितामध्ये 'हो, म अरबहादुर गुरुङ' र 'मेरो घडेरी' कवितामा प्रयुक्त पर्यावरणमैत्री भाषिक प्रयोगलाई यस शीर्षकअन्तर्गत यहाँ विश्लेषण गरिएको छ । प्रकृतिकेन्द्री सुब्बाका कवितामा दार्जिलिङमा बसोबास गर्ने स्थानीय आदिवासीको वर्णन गरिएको छ । नेपाली वर्णमालाको सबैभन्दा पहिले आउने वर्ण नै 'म' हुँ । नेपाली वर्णमालामा 'अ' र ल्याटिनमा 'अल्फा' जे भने पनि 'म' नै हुँ भन्दै आदिवासीको पहिचान 'हो, म अरबहादुर

गुरुङ' शीर्षकको कवितामा गरिएको छ । यहाँ उक्त कविताको केही अशं उदाहरणका रूपमा प्रस्तुत गरिएको छ :

अ भन या अल्फा

यो देशको वर्णमालामा म सधैँ छु

कहिलेदेखि थाह छ ?

जहिलेदेखि ओम् ध्वनि सुन्न थालिएको हो

हो, म अरिबहादुर गुरुङ

अ-बाट यात्रा हिँडेको आदिकालदेखि नै

देववाणीको देवनागिरी पढ्न आउँछ हैन ?

त्यहीँ हेर्नू म कहाँनेर छु

अनि कहिलेदेखि छु (पृ.६१-६२)

उल्लिखित कवितांश पर्यावरणमैत्री भाषिक अभिव्यक्तिको एउटा उच्च दृष्टान्त हो । यहाँ प्रकृति र आदिवासीको सम्बन्धलाई प्रस्तुत गरिएको छ । आदिवासीको सम्बन्ध भनेको मुख्य रूपमा जल, जमिन र जङ्गलसँग रहेको हुन्छ । किनभने आदिवासीहरूले जङ्गल बढी मात्रामा प्रयोग गरेका हुन्छन् । घाँस दाउरा गर्ने विभिन्न किसिमका कन्दमूलहरू खोज्ने, खेतीकिसान गर्ने यी विविध कारणले उनीहरू जङ्गल वा प्रकृतिसँग बढी नजिक रहेका हुन्छन् र जङ्गलको बचाउँ पनि त्यति नै मात्रामा गरेका हुन्छन् । उनीहरूको पुस्तौँपुस्तादेखिको परम्परा पनि पूर्णरूपमा जङ्गलमा आश्रित हुँदै आएको छ । त्यसैले म अरिबहादुर गुरुङ यहाँ प्राचीन स्थानीय सभ्यता बुझेको, जानेको र यही हुर्केको व्यक्ति हुँ । यहाँको सबैभन्दा पुरानो स्थानीय आदिवासीहरू हुँ । नेपाली वर्णमालाको सुरुको अक्षर 'अ' र ल्याटिनको पहिलो वर्ण 'अल्फा' जे भने पनि म अरिबहादुर नै हुँ किनकि नेपाली वर्णमालाको पहिलो अक्षर नै 'अ' हो ओम् ध्वनिउच्चारण गर्दा पहिले आउने वर्ण पनि 'अ' नै हो । त्यस्तै आदिवासीभन्दा पहिले आउने वर्ण पनि 'अ' नै हो भन्दै 'अ' वर्णको पहिचानका माध्यमबाट यहाँ दार्जिलिङका आदिवासीको पहिचान गरिएको छ । कवितामा प्रयोग गरिएको 'अ' वर्णले यहाँ दार्जिलिङका आदिवासी समुदायको पहिचान गराएको छ भने 'यो देशको

वर्णमाला' ले देशको सबैभन्दा पहिले स्थापित भएको र पुरानो समुदाय भनेको नै आदिवासी समुदाय हो भन्दै दार्जिलिङको सबैभन्दा पुरानो र सबैभन्दा पहिले स्थापित स्थानीय जनसमुदायको पहिचान गरिएको छ ।

कवितामा प्रयुक्त अरिबहादुर गुरुङले एकातिर दार्जिलिङका नेपाली आदिवासीको पहिचान गराएको छ भने अर्कोतिर यसले त्यहाँको सबैभन्दा पुरानो स्थानीय जनसमुदायको पहिचान गरेको छ । यहाँ उल्लिखित आदिवासी समुदायले जहिलेदेखि यस ठाउँको नाम दार्जिलिङमा नामकरण भयो त्यो समयदेखि नै हामी यही छौँ । दार्जिलिङ हुनुभन्दा पहिले नेपालराज्य थियो त्यो समयमा पनि हामी आदिम कालदेखि नै यही बसोबास गर्दै आएका छौँ । हाम्रो इतिहास हाम्रो पुर्खा जे भने पनि यही ठाउँ हो भन्दै कविले दार्जिलिङमा बसोबास गर्ने आदिवासी नेपालीको पहिचान पर्यावरणमैत्री भाषिक प्रयोगका माध्यमबाट स्पष्ट पारेका छन् । त्यसै गरी कवितामा प्रयुक्त 'अ भन या अल्फा यो देशको वर्णमालामा म सधैँ छु र हो, म अरिबहादुर गुरुङ' पङ्क्तिले यहाँ आदिवासीको पहिचान र त्यहाँको स्थानीयपनलाई पर्यावरणमैत्री भाषिक प्रयोगका माध्यमबाट प्रस्तुत गरेको छ । त्यसैले पर्यावरणमैत्री भाषिक प्रयोगका दृष्टिले यो कविता विश्लेषणयोग्य देखिएको छ ।

यसै क्रममा प्रकृतिकेन्द्री मानिस र मानवीय जीवनशैलीलाई उद्घाटन गर्दै धरती वा माटोको महिमागानलाई यहाँ सम्मानपूर्व भाषिक अभिव्यक्तका माध्यमबाट 'मेरो घडेरी' शीर्षकको कवितामा व्यक्त गरिएको छ जसको पुष्टि दिइएको उदाहरणबाट गर्न सकिन्छ :

> आफ्नो घडेरी चै छानोबिना बेस्याहार छोडिराखेर अरू कस-कसको
> घर बनाउनमा व्यस्त र मस्त म कहाँ कहाँ डुलिहिँड्दै कति पुस्ताहरू
> बिताइसकेछु ।
>
> अचम्मै गर्वले क्षितिजदेखि क्षितिजसम्म फैलिएको मेरो छातीमा समग्र
> देशलाई नै बोकेर हिँड्ने भएको म यो आफ्नो सानो घडेरीको सानोपनले
> नसमातिएको फराकिँदै फराकिँदै रमारहने भएको थिएछु ।

आफ्नो घडेरीको गहिरो सुँकसुँक सुन्दासुन्दै पनि ठुलो देशको मुस्कान
फुलाउन यो जिउज्यानमाथि नै हलो-कोदालो चल्न दिइरहे ।

सिङ्गो देशै बटनफूल खिलेर हिँडिरहने मैलाई तर देशले नै नदेखेपछि
मेरो घाइते घडेरीले मलाई जोड्- जोड्ले पुकारेर भनिरहेछ : हिमाली
धुरी अग्लो उचालेर छानो हालिहाल ममाथि... (पृ. ६५)

सुब्बाको उल्लिखित कवितामा धरती/प्रकृति र मानिसको सम्बन्ध तथा प्रकृतिको सामर्थ्यलाई प्रस्तुत गरिएको छ । पृथ्वी आफू नाङ्गिएर, बेसहारा भएर पनि अरूलाई सहारा दिएकी छन् भन्ने कुरालाई यहाँ व्यक्त गरिएको छ । पृथ्वी आफूलाई कुनै छानो र सहाराबिना छोडेर अन्य प्राणीहरूको घर बनाउन र घरबार बसाउनमा व्यस्त हुँदै धेरै ठाउँ पुगेको भावलाई यहाँ प्रस्तुत गरिएको छ । सम्पूर्ण प्राणीहरूले धेरै पुस्ता यही पृथ्वीमा बिताइसके । पृथ्वीको क्षेत्रफल यति नै हो भनेर भन्न सकिदैन । संसार सबै पृथ्वीले नै ढाकेको छ । पृथ्वीको क्षेत्रफल/छाती, विशाल छ । यही विशालतामा नै थुप्रै देशलाई बोकेर हिडेकी छन् । पृथ्वी आफूले जस्तोसुकै किसिमका दुःख, कष्ट र रोदनलाई सहेर देश तथा देशमा रहेका सम्पूर्ण प्राणीको खुसीका लागि आफ्नो जिउज्यानमाथि खनजोत गर्न दिइरहेकी छन् । आफैमाथि अन्नबाली फैलाउन दिइरहेकी छन् । पृथ्वी यति महान् छिन कि पृथ्वीमा रहेका हरेक वस्तुलाई आफू सकिएर, नाङ्गिएर र बेसहारा भए पनि अरूलाई बचाँएकी छन् । जिउने आधार दिएकी छन् । त्यसैले पृथ्वी महान् छिन् । बहादुरी छिन जसरी विभिन्न रङको बटनहरू मिलेर एउटा बटनफूल तयार भएको हुन्छ त्यसरी नै पृथ्वी सजिएकी छन् । त्यसै गरी विभिन्न जातजाति मिलेर यो देश बनेको छ । त्यसकारण यहाँ विभिन्न भाषाभाषी, रीतिरिवाज, चालचलन, संस्कृति पनि भिन्न भिन्न रहेका छन् तर पनि सबैलाई पृथ्वीले मिलाएर राखेकी छन् ।

यही पृथ्वीमा बस्ने प्राणीले पृथ्वीलाई कहिले देखेन र बभ्ने चेष्टासमेत गरेनन् । हाम्रो कारणले पृथ्वी वा धरतीमातालाई कति गाह्रो परेको होला ? कति दुःख भयो होला ? भनेर पनि बुझेनन् । उल्टो धरतीमाताको विनाश मात्र गरे तर धरतीमाताले नै सम्पूर्ण प्राणीलाई गाँस, बास तथा कपासको व्यवस्था गरिन । उनै धरतीमाता आफूमाथि आक्रमण हुँदा र घाइते हुँदा आफ्नो संरक्षणका लागि, आफ्नो बचाउका लागि याचना गर्दा, चिच्चाउदा तथा कराइरहदाँ समेत कसैले

बचाउने चेष्टासमेत गरेनन् भन्ने भाव यहाँ प्रस्तुत भएको छ। त्यसै गरी कवितामा प्रयोग भएको 'छानो बिना' ले पृथ्वी वा धरतीमातालाई सङ्केत गरेको छ भने 'बटनफूल' ले विभिन्न जातजातिलाई सङ्केत गर्दै यसले एकातिर पृथ्वीमा बसोबास गर्ने विभिन्न जातजाति र उनीहरूले प्रकृतिमाथि गरेको शोषण, अन्याय र अत्याचारलाई प्रस्तुत गरेको छ भने अर्कोतिर यसले जनसङ्ख्या वृद्धिसँगसँगै भइरहेको प्रकृतिको विनाशलाई प्रस्तुत गरेको छ। जनसङ्ख्या वृद्धिसँगै भएको प्रकृतिको विनाशले धरतीमाता रोइरहेकी छन् कराइरहेकी छन्। आफूलाई बचाउन आग्रह गरिरहेकी छन् भन्ने भाव यहाँ प्रस्तुत गरिएको छ। कवितामा प्रयोग भएको घडेरी, छानो, बेसहारा, घर, पुस्ता, क्षितिज, छाती, देश, सुँकसुँक, मुस्कान, जिउज्यान, हलो, कोदालो, बटनफूल, घाइते, हिमाली धुरी जस्ता विभिन्न बिम्बले कवितालाई अझ बढी वजपूर्ण बनाइएको छ।

कवितामा प्रयुक्त 'छानो बिनाको घडेरी' ले पृथ्वीलाई सङ्केत गरेको छ। जिउज्यानमाथि हलो कोदालो चलाउनुपर्ने पृथ्वीमै विभिन्न किसिमका अन्नबाली उत्पादन गर्ने तथा पृथ्वीमा आश्रित हुने प्राणीलाई सङ्केत गरेको छ। 'सिङ्गो देशै बटनफूल' ले देशमा रहेका विभिन्न जातजातिलाई सङ्केत गरेको छ। त्यसै गरी 'छानो हालिहाल ममाथि' ले पृथ्वी वा धरती माताले आफ्नो संरक्षणका लागि आह्वान गरिएको कुराको चित्रण गरिएको छ। यसरी प्रकृति र सम्पूर्ण प्राणीजगत्को सम्बन्ध पर्यावरणमैत्री हुँदा जीवनयापनका प्रक्रियाहरू अत्यन्त प्राकृतिक, सरल, सहज, प्रभावकारी हुने भाव कवितामा प्रतिविम्बित भएकाले उक्त कविता पर्यावरणमैत्री भाषिक प्रयोगका दृष्टिले उपयुक्त रहेको छ।

## ३.६ निष्कर्ष

समग्रमा भन्नुपर्दा यस परिच्छेदमा पर्यावरणमैत्री भाषिक प्रयोगको परिचय, मान्यता तथा महत्त्वको उजागर गर्दै *भुँइफुट्टा शब्दहरू, नेत्तिफुङको बास्ना* र *किनाराका आवाजहरू* कवितासङ्ग्रहमा प्रस्तुत कविताहरूलाई पर्यावरणमैत्री भाषिक प्रयोगका आधारमा पर्यावरण सम्बद्ध भाषा, पर्यावरणको साहित्यिक प्रतिविम्बन, वातावरणीय स्वच्छता र ग्रामीणपन तथा उन्मुक्तताको अभिव्यक्तिका दृष्टिकोणबाट विश्लेषण गरिएको छ। कवितामा समावेश प्रकृति र प्रेमलाई कतै मानवीय त कतै मानवेतर पात्रको प्रयोग गरी कवितामा प्रेमिल वातावरणको सिर्जना गरिएको छ। औद्योगीकरण र सहरीकरणका नाममा प्रकृतिको विनाश गर्दा सम्पूर्ण प्राणी जगत्मा परेको समस्या तथा सिर्जना भएको सङ्कटावस्थाका कारण प्रकृतिको संरक्षणका लागि आह्वान गरिएको छ। मानवीय जीवनको मुख्य आधार धरती भएकोले प्रकृतिको महिमागान गरिएको छ

। शून्यताले नै मानवीय जीवन भरिने हुदाँ जीवनका अनेकौं चुनौतीहरूको सामना गर्नुपर्ने कुराको विश्लेषण गरिएको छ । सामन्तवादी पुँजीवादी दलाल एजेन्टले सोझासाझा निमुखा जनताको कसरी ज्यान लिएका हुन्छन् ? भन्ने कुरालाई प्रस्तुत गरिएको छ । ग्रामीण जीवनलाई प्रकृतिसँगको निकट सम्बन्ध र सङ्घर्षबाट प्रस्तुत गरिएको छ । तराईको भौगोलिक अवस्था, कृषि उत्पादन, मजदुरकिसानको दयनीय अवस्था, कृषि पारिस्थितिकी प्रणाली, विशालता, खुल्लापन र भोको पेटको परिस्थितिलाई पर्यावरणमैत्री भाषिक प्रयोगका माध्यमबाट चित्रण गरिएको छ । स्थानीय वस्तु उत्पादनमा जोड दिदै त्यसको सांस्कृतिक तथा औषधीय महत्त्व प्रस्तुत गरिएको छ । आधुनिक कृषि यान्त्रीकरणले कृषि क्षेत्रमा ल्याएको परिवर्तन र प्रकृतिमा परेको नकारात्मक असरलाई प्रस्तुत गरिएको छ । आधुनिक बजारिया संस्कृतिलाई अस्वीकार गरी प्रकृति र संस्कृतिबिचको सम्बन्धलाई ग्रामीण कृषिपरिस्थितिका माध्यमबाट स्पष्ट पारिएको छ । यसले पुँजीवादी बजारमा निर्भर नरहेर आत्मनिर्भर ग्रामीण अर्थतन्त्रमा टेवा पुऱ्याउने कुरामा स्पष्ट जानकारी गराइएको छ । त्यस्तै सामाजिक सांस्कृतिक मर्यादाको बन्धनलाई त्यागदै कुण्ठित मानसिकताबाट बाहिर निस्केर आफ्नो स्वतन्त्रतामा रमाएर उन्मुक्त हुन खोजेको भाव, विश्वबन्धुत्वको भावना तथा परम्परागत धार्मिक सत्ताको विनिर्माणलाई प्रस्तुत गरिएको छ । दरबार र घरबारबिचको वर्गीय र पारिस्थितिक खाडललाई उजागर गरी आधारभूत भौतिक आवश्यकताको परिपूर्तिबिनाको आध्यात्मिक चेतना वा बुद्धत्वको खोजी निरर्थक हुने कुरालाई सशक्त रूपमा स्थापित गरिएको छ । यसरी कृति विश्लेषण विभिन्न सिद्धान्तमध्ये पर्यावरणमैत्री भाषिक प्रयोगको सिद्धान्तका आधारबाट हेर्दा निर्धारित कवितासङ्ग्रहमा व्यक्त विभिन्न भाषा तथा भाषिक सन्दर्भहरू पर्यावरणमैत्री नै रहेकाले यी कवितासङ्ग्रह पर्यावरणमैत्री भाषिक प्रयोगका दृष्टिले सफल र प्रभावकारी रहेका छन् भन्ने निष्कर्ष निकालिएको छ ।

# परिच्छेद चार

# मनप्रसाद सुब्बाका कवितामा पर्यावरणीय नारीवाद

## ४.१ विषयपरिचय

प्रस्तुत परिच्छेदमा पर्यावरणीय नारीवादको सैद्धान्तिक आधार प्रस्तुत गरी सुब्बाका निर्धारित कवितासङ्ग्रहमा प्रयुक्त प्रकृति र नारीको सम्बन्धलाई विशिष्ट रूपमा हेरी त्यसको विस्तृत व्याख्या गरिएको छ । यसका लागि नेपाली समाजमा प्रचलित प्रकृति र नारीको सम्बन्धलाई विशेष रूपमा हेरिने र व्यवहार गर्ने सामाजिक परम्परा र दृष्टिकोणका सकारात्मक र नकारात्मक पक्षलाई केलाइएको छ । प्रकृति र नारीको संरक्षण तथा दमनपूर्ण व्यवहारको विश्लेषणका निम्ति मातृशक्तिका रूपमा प्रकृति र नारीको चित्रण, प्रकृति र नारी दोहनको विरोध, प्रकृति र नारी सौन्दर्यको अभिव्यक्ति, प्रकृति र नारी स्वतन्त्रताको अभिव्यक्तिलाई जोडेर हेरिएको छ ।

## ४.२ पर्यावरणीय नारीवाद विश्लेषणको सैद्धान्तिक आधार

पर्यावरणीय नारीवाद भन्नाले प्रकृति र नारीको सम्बन्धलाई जोडेर अध्ययन गर्ने एउटा विशिष्ट सिद्धान्त हो । यो विज्ञानको एउटा शाखा प्रकृति विज्ञानबाट प्रेरित भई साहित्य समालोचनामा आएको एक विकसित सिद्धान्त हो । एक्टिभिक्ट, शान्ति अभियन्ता, मजदुर आन्दोलन, नारी स्वतन्त्रताको अभियान जस्ता साझा धारणाबाट यस सिद्धान्तको विकास भएको हो (ग्यार्ड, १९९३, पृ. १) । प्राकृतिकतालाई कृत्रिमताले गरेको दमनको विरुद्ध उठेको आवाज हो । नारी पर्यावरण सम्बन्धमा लेखिएको पहिलो पुस्तक *रिक्लेम द अर्थ : ओमन स्पिक आउट फर लाइफ अन अर्थ* (सन.१९८३) मा 'इको-फेमिनिजम इम्पेरेटिजम'को व्याख्या गरिएको छ । यसरी नै डेविड थोरो, अल्डो लियोपोल्ड, जोन म्यौर, रेच्चल कासेन आदिका रचनाबाट पर्यावरणीय नारीवादको अवधारणा प्राप्त भएको छ भने नारीवादी आन्दोलनका प्रवर्तक सिमोन द बुआले पहिलो पटक नारीलाई प्रकृतिसँग जोडेर हेरेकी छन् (ग्यार्ड, १९९३, पृ. २) । सिद्धान्तविद नेस्त्रा किङ्गले सन् १९८१ मा फेमिनिजम र प्रकृतिबिचको लडाइँ विषयमा एउटा प्रमाणिक अध्ययन प्रस्तुत गरिन् । त्यसै गरी मेरी डालीको *गैन इकोलोजी* र सूसन ग्रिफिनको *नारी र प्रकृति* (

१९७८) नामक दुई कृतिले पनि पर्यावरणीय नारीवादको विस्तारमा योगदान पुऱ्याएको छ । त्यस्तै क्योरोलिन मर्चेन्टको *अर्थ केयर विमन एन्ड द इन्भाएरोमेन्ट* (सन १९९५) एक महत्त्वपूर्ण कृति हो । यसरी पर्यावरणीय नारीवादको सिद्धान्तमा थप अध्ययन हुँदै जाँदा प्लमवुड वाल, सेरी वी ओटेनर, अरून्धती रोय तथा वन्दना शिवा जस्ता चिन्तकहरूको अवधारणाबाट पर्यावरणीय नारीवादको विकास भई पर्यावरणीय समालोचनाको पछिल्लो अवधारणाका रूपमा पर्यावरणीय नारीवादको प्रयोग भएको छ । वन्दना शिवाका अनुसार पितृसत्तात्मक समाजको हेपाइ र परतन्त्रताका कारण प्रकृति र नारी एकअर्कासँग सम्बन्धित देखिन्छन् । नारीवादी चिन्तक सिमोन द बुभाका अनुसार पुरुष संस्कृतिको सामीप्यमा रहन्छन् भने नारी प्रकृतिको सामीप्यमा रहन्छन् । त्यस्तै प्रसिद्ध पर्यावरणीय नारीवादी चिन्तक ग्रेटा ग्राडले मानिसले प्रकृतिप्रति कस्तो व्यवहार गरिरहेको छ, त्यसबाट वातावरणको शोषण, वातावरणप्रति गरिएको अन्याय, असमान व्यवहारबाट नै अनेकौं समस्या उठेको बताएकी छन् (थपलिया, २०७५, पृ. ६४-६८) । त्यसैले पर्यावरणीय नारीवाद केवल नारीको विषय मात्र नभई यो आम चिन्ताको विषय भएकाले यसतर्फ सबैको चासो र सहकार्य रहनु पर्ने दृष्टिकोण यस सिद्धान्तको रहेको छ । यो सिद्धान्तको मूल मान्यता पनि प्रकृति र नारीबिचको समानताको तुलनात्मक अध्ययन गर्दै प्रकृति र नारीको पक्षमा अघि बढ्नु हो । त्यस्तै यस सिद्धान्तले नारीलाई कृतिमा प्राथमिकताका साथ स्थान दिई प्रकृतिसँगको अन्तरसम्बन्धका रूपमा विश्लेषण गर्छ, जुन पर्यावरणीय समालोचनाको नवीन मान्यता हो ।

पर्यावरणीय समालोचनामा नारीलाई प्रकृति मान्ने अवधारणाको विकास भएपछि मात्र पर्यावरणीय नारीवादको विकास भएको हो । नारी र प्रकृति दुवै कोमल, सहनशील, संवेदनशील, उत्पादनशील भएकै कारण पर्यावरण र नारीका बिचमा प्रकृति सम्बन्ध रहेको हुन्छ । प्रकृतिको संवेदनशील र जीवनका हरेक क्रियाकलापसँग जोडिएको प्रकृतिलाई मानिसले दिनानुदिन नष्ट बनाउदै गइरहेका छन् । त्यसको विरुद्धमा नारी र पर्यावरण स्वभाव तथा संवेदनशीलताका कारण संरक्षण गर्नुपर्ने विषय भएकाले यी दुवैको संरक्षणको लागि (पोखेल, २०७२, पृ. ८१) पर्यावरणीय नारीवादले आवाज उठाउछ । प्रकृतिको नीतिनियम तथा नारीका हरेक हकअधिकारलाई मिचेर, शोषण गरेर अधिकारविहीन बनाई, नारी कोमलता तथा प्रकृति सोझोपनको शोषण गरेकै कारण नारी र प्रकृतिको प्रकृति तथा मौलिक अधिकारको पुनः स्थापनाका लागि नारीवादी दृष्टिकोणबाट पर्यावरण र नारीलाई जोडेर हेर्नुपर्ने मान्यता विकास भएको हो ।

सन् १८३७ मा फ्रान्सेली दार्शनिक चार्ल्स कुरियरले नारीवादलाई बुझाउनका लागि अङ्ग्रेजी शब्द फेमेनिज्मको प्रयोग गरेको भए तापनि सन् १९४९मा प्रकाशित सिमान द वुभाको *द सेकेन्ड सेक्स* कृति नारीवादी सिद्धान्तको कोशेढुङ्गा मानिन्छ (बरई, २०१९, पृ. २२४) । उन्नाइसौँ शताब्दीमा प्रारम्भ भएको नारी चेतनाको पहिलो चरणमा महिला मतदान, कानुनी तथा वैयक्तिक अधिकारको माग गरी लैङ्गिक न्यायमा जोड दिइयो । द्रोस्रो चरणमा नारी आन्दोलन, न्याय र समतालाई केन्द्रमा राखी पितृसत्ताको लिङ्ग व्यवस्थाको विरोध गरी नारी पहिचानको लागि अलग भाषा व्यवस्थागतमा जोड दिइ रङ्गभेद तथा जातिभेदको विरोधमा जोड दिइयो । तेस्रो चरणमा किनारीकृत नारीलाई समावेशीकरण गरी अगाडि ल्यायो । चौथो चरणमा इन्टरनेटका माध्यमबाट दबिएका आफ्ना आवाजलाई बाहिर ल्याउने काम गऱ्यो (अर्याल, २०७६, पृ.४५-४६) । यसरी विकास भएको नारीवादी चेतना साहित्यिक क्षेत्रमा पनि क्रमशः विस्तार हुन पुग्यो र पर्यावरणीय समालोचना क्षेत्रमा देखा पऱ्यो । पितृसत्तात्मक समाज व्यवस्थाले नारीमाथि गरेका अनेक किसिमका शोषण, दमन, अन्याय, अत्याचार तथा विभेदको अन्त्यका लागि यस सिद्धान्तमा पितृसत्ता र नारी उत्पीडन, संस्कृति र नारी विद्रोह तथा पितृसत्तात्मक शोषणको विरोध जस्ता मूल्यमान्यतालाई नारीवादी सिद्धान्तका रूपमा स्थापित गरिएको छ (ढकाल, २०८०, पृ.१००) । प्रकृति र नारी पुरुषप्रधान समाजमा असुरक्षित र अपहेलित भएकाले नै दुवैको संरक्षण आवश्यक छ । नारी र प्रकृति दुवैले आफूमाथि भएको शोषण, दोहन र चरम उपभोगको प्रतिरोध गर्न नसकेकै कारण पर्यावरण र नारी विनाश ( पोखेल, २०७२, पृ. ८१) भएको निष्कर्ष पर्यावरणीय नारीवादको रहेको छ । त्यस्तै पर्यावरणीय समालोचनाले पर्यावरणसँग जोडिएको विषय र त्यसमा नारीको भूमिकालाई विश्लेषण गर्छ । घाँस-दाउरा गर्ने, पात टिप्ने, रातो माटो खन्ने, निङ्गुरो खोज्ने, जङ्गली फलफूल खोज्ने, वस्तुभाउ चराउने जस्ता अधिकांश कार्य नारीले नै गर्ने हुनाले प्रकृतिसँग महिला नै नजिक छन् । पर्यावरणीय विनाश हुदाँ नारी नै बढी प्रभावित हुन्छन् (भट्टराई, २०७१, पृ. २०९) । खाद्यान्न र उत्पादनसँग पुरुषभन्दा नारी नै बढी नजिक रहने भएकाले नै साहित्यमा पनि नारी र पर्यावरणबिच सम्बन्ध छ वा छैन भन्ने कुराको खोजी पर्यावरणीय समालोचनाले गर्छ भने पर्यावरणीय नारीवादले नारीवादी चिन्तनलाई पर्यावरणीय परिप्रेक्ष्यमा व्याख्या र विश्लेषण गर्छ ।

पर्यावरणीय समालोचनाले भौतिक र सांस्कृतिक आधारसँग साहित्यिक कृतिको तुलना गर्दै प्रकृतिको मानवेतर जगत्सँग मानिसको सम्बन्धका बारेमा अध्ययन गर्ने जीव, वनस्पति,

हावा, पानी, माटोप्रतिको मानिसका क्रियाकलापको प्रभाव तथा मानवीय सम्बन्धको अध्ययन गर्दै साहित्यिक सन्दर्भहरूको उपयोग गरेर प्रकृति र नारीमाथि पुँजीवादी पितृसत्तात्मक राज्यव्यवस्थाले गरेको शोषण, दमन, अन्याय, अत्याचारको खोजी गरी नारी र प्रकृतिलाई एउटै सूत्रमा जोड्ने कार्य गर्छ । यसका साथै नारीवादी चिन्तनभित्र पारिस्थितिकी तथा पर्यावरणीय नैतिकतालाई समावेश गर्छ । त्यस्तै पितृसत्ताले गरेको शोषण, दमन, अन्याय र अत्याचारको प्रतिरोध गरी अन्यायपूर्ण अवस्थाबाट मुक्त हुनका लागि प्रकृति र नारी एकजुट हुने मान्यता ( ढकाल, २०७९, पृ. १७२) लाई अघि बढाउदै साहित्यक कृतिमा नारी र प्रकृतिमाथि भइरहेको विभेद, दोहन र प्रतिरोधलाई महत्त्व दिन्छ ।

पर्यावरणीय नारीवाद विकासका चार कारणहरूमा वैज्ञानिक क्रान्ति, पितृसत्ता, द्वैतवादमा अन्तनिहीत शक्ति र दमनकारी आचरण तथा पुँजीवाद पर्दछन् । पर्यावरणीय नारीवादीहरूले औपनिवेशिक पितृसत्तात्मक तथा पर्यावरणीय सबै किसिमका शोषणको विरोध गर्दै नारी पुरुषका तुलनामा प्रकृतिसँग बढी नजिक छन् भन्ने तर्क गरेका छन् । यसले प्रकृतिलाइस्त्री प्रणालीका रूपमा हेर्छ । नारी र प्रकृतिका बिच पारस्परिक, पालनपोषण, सहकारिता र सिर्जनात्मकताको समन्वय भएको देखाउँछ । सामाजिक संरचना र सांस्कृतिक वैचारिकीका आधारमा नारी र प्रकृतिमाथि भइरहेको विभेदलाई पर्यावरणीय नारीवादले मुद्दाका रूपमा उठाउछ र त्यसको निराकरणका निम्ति सक्रियताको राजनीति गर्छ (एटम, २०७७, पृ. १००-१०१) । यसरी विभिन्न तरिकाबाट पर्यावरणीय नारीवादले प्रकृति र नारीको आत्मिकतालाई जोड्ने कार्य गर्दै प्रकृति र नारी दुवै समाजको आर्थिक क्रियाकलापका केन्द्र हुन् । यी दुवैको श्रम र उत्पादन क्षमताका कुनै पनि कार्यलाई महत्त्व दिइएन । त्यसैले पर्यावरणीय नारीवादले नारी श्रमबाट पर्यावरण जोगाउदै पुरुषको स्थानसम्म पुग्न सक्छन् भन्ने मान्यता ल्यायो (पोखेल, २०७२, पृ. ८३) । पर्यावरणीय नारीवाद नारी र प्रकृतिमाथि भएका शोषण, दमन तथा मूल्यको खोजी गरी आफ्नो अस्तित्व कायम राख्न अग्रसर हुन्छ । जसरी प्रकृतिले आफूमाथि भएका जति पनि अन्याय, अत्याचार, शोषण, दमनलगायतका कार्य भइरहेका छन् ती सबैलाई चुपचाप सहिदिन्छिन र आफूलाई जति नै गाह्रो भए तापनि गाह्रो भयो 'म' यो सक्दिन नभनी जे गरे पनि आफू  कोमल, सहनशील भएर हरेक कुरा उत्पादन गर्छिन् । त्यसै गरी नारी पनि आफ्नो सन्तान र घरपरिवारको लागि आफूले नसक्दा नसक्दै आफू  बिरामी परेर भए पनि आफ्नो परिवार र सन्तानका लागि आफ्नो सिङ्गो जीवन समर्पण गरेर अरूलाई खुसी र सुखी पार्छिन् । जस्तोसुकै दुःख कष्ट सहेर पनि

कोमलता, सहनशीलता प्रदर्शन गर्ने भएकाले नै प्रकृति र नारी दुवै एकै हुन् भन्ने दृष्टिकोण पर्यावरणीय नारीवादले राख्छ ।

त्यस्तै पितृसत्तात्मक सामन्ती समाजका मूल्य र मान्यता, नारी र प्रकृतिको दमन तथा काम, ज्ञान र चिन्तामा बेवास्ता गरेका कार्यप्रति पर्यावरणीय नारीवादले दृष्टिगत गर्दछ । पुरुषभन्दा नारी प्रकृतिसँग बढी नजिक रहेको तथ्य निरूपण गर्छ । घरमा सीमित नारीश्रमको बचाऊँ र प्रकृतिप्रति सम्मान व्यक्त गरिएका पुराना मिथक र धार्मिक विश्वासलाई ब्युँझाउने काम नारीवादी पर्यावरणले गर्दछ । घरायसी आवश्यकता पूरा गर्नको लागि कुनै न कुनै रूपमा प्रकृतिको उपभोग गर्न बाध्य भए जसरी नै प्रकृतिको प्रयोग तथा संरक्षण महिलाको घरेलु आर्थिक क्रियाकलापको मूल स्रोत हो । यसकारण नारी र प्रकृतिको अन्योन्याश्रित सम्बन्ध रहेको देख्न सकिन्छ ।

घरायसी आवश्यकता पूरा गर्नको लागि कुनै न कुनै रूपमा प्रकृतिको उपभोग गर्न बाध्य भए जसरी नै महिलाहरूको मूल आर्थिक स्रोतका रूपमा प्रकृतिको प्रयोग तथा संरक्षणका क्रियाकलापहरू रहेका छन् । किनकि यही प्रकृतिमा विभिन्न किसिमका वस्तु उत्पादन गरी त्यसको बेचबिखन गरेर महिलाहरूले आफ्नो घरपरिवार चलाएका हुन्छन् । यसकारण नारी र प्रकृतिको अन्योन्याश्रित सम्बन्ध रहेको देख्न सकिन्छ तर अबका नारी खाना र सन्तानसँगको निकट सम्बन्धमा मात्र सीमित रहन्छन् भन्ने यो पितृसत्तात्मक सोचलाई परिवर्तन गरी अबका नारी घरायसी कामकाजमा मात्र सीमित नरही राज्यका हरेक तह र तप्कामा पुग्न सक्छन् । यसै गरी हरेक व्यक्ति आफ्नो क्षेत्रगत ज्ञानमा दक्ष भई कठोर तथा आत्मविश्वासका साथ लाग्नुपर्छ भन्ने मान्यता पनि पर्यावरणीय नारीवादी चेतनाले राख्छ । यही कुराको अङ्कन वा दृष्टि पर्यावरणीय साहित्यमा भएको छ वा छैन भन्ने कुराको खोजी गर्ने कार्य पर्यावरणीय नारीवादले गर्छ । यही पर्याधारसँग सम्बन्धित भएर कवि सुब्बाका निर्धारित कवितामा प्रकृति र नारी दोहनको विरोध, मातृशक्तिका रूपमा प्रकृति र नारीको चित्रण, प्रकृति र नारी सौन्दर्यको अभिव्यक्ति तथा प्रकृति र नारी स्वतन्त्रताको अभिव्यक्ति गरी चार उपशीर्षकमा पर्यावरणीय नारीवादको खोजी तथा विश्लेषण यस परिच्छेदमा गरिएको छ ।

## ४.३ *भुइँफुट्टा शब्दहरू* कवितासङ्ग्रहमा पर्यावरणीय नारीवाद

*भुइँफुट्टा शब्दहरू* कवितासङ्ग्रहमा सतचालिसओटा लामा /छोटा कविताहरू रहेका छन् । यी सतचालिसओटा लामा/छोटा कवितामध्ये 'धरतीको नापजोख', 'कञ्चनजङ्घा र हामी', 'मूलधार अनि म', 'खेतमाथि आक्रमण : केही भिडियो क्लिपिङ', 'पृथ्वी दिवसमा', 'मान्छे माटो गन्हाउँछ', 'उन्मुक्त मेरी आमा', 'अ-स्वतन्त्र' र 'पानीको मुक्ति' गरी नौओटा कवितामा प्रयुक्त पर्यावरणमैत्री भाषिक शिल्पलाई विश्लेषण गरिएको छ ।

### ४.३.१. प्रकृति र नारी दोहनको विरोध

प्रकृति सम्पूर्ण प्राणी जगत्को जीवनको स्रोत हो । सम्पूर्ण प्राणीहरूको जीवनयापनका निम्ति प्रकृति साझा बासस्थान हो तर प्रकृतिमाथि मानिसको एकाधिकार चलिरहेको छ । उपभोगका आधारमा प्रकृतिमाथि हैकम जमाउने सिद्धान्तले प्रकृति विनाशका शृङ्खलाहरू जोडिदै आएका छन् । पारिस्थितिक प्रणालीलाई बिर्सिएर मानिसले प्रकृति सम्पदाहरूको प्रयोग गरेकै कारण प्रकृतिको मौलिक स्वरूप समाप्त हुँदै गएर आज प्रकृति रुग्ण अवस्थामा पुगेको छ । नारी पर्यावरणीय अवधारणामा पुर्नजागरणपछिको पश्चिमेली संसारमा फैँजिएको विरोधाभासी सांस्कृतिक तर्कहरूले पश्चिमी औपनिवेशिकवादलाई वैचारिक आधार दिनुका साथै पुरुषद्वारा नारी तथा मानवद्वारा प्रकृतिमाथि औपनिवेशिक हैकम चलाउने परम्पराले ( थपलिया, २०७५, पृ.९०) नारी र प्रकृतिमाथि दोहन भैरहेको छ । पितृसत्तात्मक समाज व्यवस्थाले नारी र प्रकृतिलाई उपभोग्य वस्तुको रूपमा प्रयोग गर्ने प्रवृति बढेको छ । नारीलाई सन्तान उत्पादन र सन्तानको पालनपोषणका रूपमा स्थापित गर्दै नारी चेतनालाई दमित बनाइएको छ । यो नारीमाथि गरिएको दोहन हो । यही नारी दोहनकै कारण नारीमा चेतना विकास भयो र नारी हकअधिकारका विभिन्न आन्दोलनहरू सशक्त रूपमा अगाडि बढ्दै गएर आज नारीवादी पर्यावरणीय चेतनाका रचनाहरू पनि प्रकाशित भएका छन् । यिनै प्रकाशित रचनाको समालोचनात्मक विश्लेषणका क्रममा समालोचनाको क्षेत्रमा पर्यावरणीय नारीवादको विकास भएको हो । यसरी समालोचनाको तेस्रो चरणमा देखा परेको पर्यावरणीय नारीवादी सिद्धान्तअन्तर्गत प्रकृति र नारी दोहन तथा शोषणको तीव्र विरोध गर्दै नारी र प्रकृतिको चिन्तन तथा समान भाव व्यक्त कवि सुब्बाले आफ्नो 'धरतीको नापजोख' शीर्षकको कवितामा गरेका छन्, जसको पुष्टि दिइएको उदाहरणबाट गर्न सकिन्छ :

पृथ्वीको गोलाइ कति होला

यो कुरो त्यै हिमालधोजकी स्वास्नीलाई थाह छ

जसलाई छोराको आशामा फेरि चौथोपटक

विशाल पेट बोक्न कर लगाइएको छ ।

धरतीको ओजन चैँ कति छ ?

यो कुरो जान्नु छ भने

लत्रिएको टाउको थामिरहेको

कुनै हत्केलालाई हेरे हुन्छ । (पृ. ५)

माथिको कविताांशमा नारीलाई प्रकृति जस्तै शोषित वस्तुको रूपमा प्रयोग गरिएको तथ्य प्रस्तुत गरिएको छ । नारी र प्रकृतिलाई एकअर्कासँग तुलना गर्दै पृथ्वीको गोलाई केवल हिमालधोजकी स्वास्नीले मात्र थाहा पाउने भन्दै कवि सुब्बाले बिडम्बना प्रकट गरेका छन् । पृथ्वीको उत्पादकत्व कति हो ? भन्ने कुरा प्रतिस्पर्धी उपभोक्तालाई थाहा छैन । पृथ्वी गोलो छ भन्ने वैज्ञानिक सत्यभित्र पृथ्वीको आयु भने संशयपूर्ण बन्दै गएको छ । पर्यावरणीय सङ्कट निम्त्याउनुमा मानिसको ठुलो हात छ (थपलिया, २०७५, पृ. १५२) भन्दै कवि सुब्बाले हिमालधोजकी स्वास्नी (आदिवासी महिला) लाई पृथ्वी जस्तै शोषित नारी पात्रका रूपमा प्रस्तुत गरेका छन् । श्रीमतीको शारीरिक र मानसिक सामर्थ्य तथा रुचिको कुनै वास्ता नगर्ने उसको श्रीमान् पितृसत्तात्मक समाज व्यवस्थाको एक प्रतिनिधि पात्र मात्र हो । यसरी छोरा पाउने आशामा पटक पटक गर्भधारण गर्न विवश पारिएकी हिमालधोजकी स्वास्नी अब यो भार बोक्न असमर्थ बन्दै गइरहेकी छ । त्यसरी नै पृथ्वीमा बढ्दै गएको जनसङ्ख्यालाई पालनपोषण गर्नका लागि प्रकृति स्रोत र साधनको पनि अपुग भएको सङ्केत कविताांशमा व्यक्त गरिएको छ । यसरी नै हिमालधोजकी स्वास्नी न त आफूले पोषणयुक्त खाना खान पाउछे, न त सन्तानका लागि जुटाउन नै सक्छे (थपलिया, २०७५, पृ. १५२) भन्ने कुराको सङ्केत गर्दै कविले लत्रिएको टाउको र हत्केलाको माध्यमबाट जुन परिस्थितिको चित्रण गरेका छन् त्यो वास्तवमै नारी र पर्यावरणबिच हुने अत्यधिक शोषणको एउटा सानो नमुना मात्र हो । पितृसत्तात्मक समाज व्यवस्थाले न त

नारीको कुनै सामर्थ्य, शारीरिक अवस्था रुचि तथा चाहनाको ख्याल गरेको छ न त प्रकृतिको सामर्थ्यको । यसरी जबरजस्ती लादिएको पितृसत्तात्मक समाज व्यवस्थालाई यहाँ हिमालधोजकी स्वास्नीको श्रीमानलाई एक प्रतिनिधि पात्र बनाएर त्यसका माध्यमबाट कविले प्रकृति र नारीमाथि भएको चरम शोषणलाई प्रस्तुत गरेका छन् ।

त्यही जमिनबाट उत्पादित खाद्यवस्तु खाएर यही जमिनमा हुर्केका किसानहरू आफ्नो अन्नबाली र माटोको उर्वराशक्ति बचाउनकै लागि लागिपरेका हुन्छन् । आफूले रोपेको अन्नबालीले दिएको फल देखेर खुसी हुँदै त्यस फल भित्र्याउने तरखरमा खुसीसाथ बसिरहेका किसानलाई प्रहरीले एक्कासि चलाएको गोली लागेर मृत्यु हुन्छ र भित्र्याउने बेलाको अन्नबाली क्षणभरमै सखाप हुन्छ र किसान पनि सदाका लागि यस संसारबाट बिदा हुन पुग्छ । एकछिन अगाडि पहेँलपुर धानका बाला भएको किसानको खेतमा एकछिनपछि खेतका फाँट तथा गराहरू रगताम्य हुन पुग्छन् । पुँजीवादी दलाल एजेन्टले आफ्नो स्वार्थ पूर्तिका लागि निर्दोष जनताको ज्यान र उनीहरूले उत्पादन गरेको अन्नबाली सखाप पार्दै प्रकृतिको दोहन कसरी गर्छन् भन्ने कुरालाई कवि सुब्बाले 'खेतमाथि आक्रमण : केही भिडियो क्लिपिङ' शीर्षकको कवितामार्फत कारूणिक बिम्बचित्रका माध्यमबाट प्रस्तुत गरेका छन्, जसको पुष्टि दिइएको कवितांशबाट गर्न सकिन्छ :

खेतको गर्भबाट जन्मेका खेतका सन्तानहरू

खेतआमा बचाउन

खेतअघिल्तिर उभिन्छन् ।

ती खाकी एजेन्टहरूका मुखबाट एक्कासि

फुटी निस्कन्छन् नबुझिने शब्दहरू प ट ट ट ट

अनि छिनभरमै

खेतको काख रगताम्य हुन्छ ।

रजस्वलाको रगत होइन यो

तर रजस्वलाचक्र नै सुकाइदिने यौटा अपरेसन । (पृ. १२)

उल्लिखित कवितांशमा पुँजीवादी समाज व्यवस्थाले प्रकृतिमाथि गरेको शोषण र प्रकृतिको गहनतालाई प्रस्तुत गरेको छ । प्रकृति र किसानबिचको सम्बन्धलाई कविले यहाँ बिम्बचित्रका माध्यमबाट मार्मिक ढङ्गले प्रस्तुत गरेका छन् । पुँजीवादी समाज व्यवस्थाले सर्वसाधारण किसान वर्गमा पारेको प्रभाव र प्रकृतिमाथि गरेको शोषणलाई यहाँ खेतको गर्भ, खेतका सन्तान, खेत आमा, खाकी एजेन्ट, खेतको काख, रगत, अपरेसन जस्ता शब्दहरूको माध्यमबाट प्रस्ट पारेका छन् । किसान वर्गहरू आफ्नो दैनिकी र जीवन चलाउनका लागि कृषि कर्ममा आश्रित हुन्छन् तर पुँजीवादी समाज व्यवस्थाले त्यही निमुखा किसान वर्गलाई अपहेलित गर्छ र उनीहरूले वर्षभरि खाने अन्नबाली क्षणभरमै समाप्त गरिदिन्छ । अन्नबाली मात्र नभएर अन्नबाली उत्पादन गर्ने किसानलाई पनि सधैँका लागि यस संसारबाट बिदा गर्छ । बर्सेनि उत्पादन गर्ने खेतीपाती मरुभूमिमा परिणत हुन पुग्छ । यो पुँजीवादी समाज व्यवस्थाको चरम दोहन हो भन्ने कुरालाई कवि सुब्बाले मार्मिक ढङ्गबाट प्रस्तुत गरेका छन् ।

किसानहरू आफ्नो दैनिकी चलाउने सिलसिलामा खेतीपातीसँग निकट सम्बन्ध राखेका हुन्छन् । आफूले उत्पादन गर्न लागेको अन्नबाली राम्रो हुँदा उनीहरू त्यसैमा आफ्नो सम्पूर्ण संसार देखेर रमाएका हुन्छन् । किसानको जीवन र खुसी प्रकृतिको माटोसँग गाँसिएर नै अगाडि बढेको हुन्छ तर त्यो किसानको खुसी पुँजीवादी दलाल समाज व्यवस्थाले देख्न नसकेर किसानले उब्जाएका अन्नबाली र किसानलाई क्षणभरमै मरुभूमिमा परिणत गर्छ भन्दै पुँजीवादी संस्कृतिले गरेको प्रकृतिको शोषणका साथै प्रकृतिको गहनता र महानतालाई प्रस्तुत गरिएको भाव कवितांशमा प्रकट भएको छ ।

कवि सुब्बाले नेपालको पूर्वी पहाडी जिल्लाको प्रकृति परिवेश, सुन्दरता र ग्रामीणपनलाई कञ्चनजङ्घा हिमालका माध्यमबाट स्पष्ट पारेका छन् । कवितामा 'कञ्चनजङ्घा' भनेर ताप्लेजुङ जिल्लामा अवस्थित कञ्चनजङ्घा हिमाललाई र 'हामी' भनेर मानिसलाई सङ्केत गरेका छन् । मोती झैँ टल्किएको पूर्वी पहाडी क्षेत्रको कञ्चनजङ्घा हिमालले साच्चै नै पर्यटकलाई मोहित बनाएको छ । पर्यटकहरू हिमाल तथा पहाडको प्रकृति सौन्दर्य र ग्रामीण स्वच्छतामा रमाउन जाँदा त्यहाँका मानिसहरूले (व्यापारीहरूले) प्रकृतिलाई टुक्रा टुक्रा पारेर बेचिरहेका छन् भन्ने कुरालाई 'कञ्चनजङ्घा र हामी' शीर्षकको कवितामार्फत प्रस्तुत गरेका कारण विश्लेषणका निम्ति यहाँ लिइएको छ :

कञ्चनजङ्घालाई चैं हामीले

उपभोक्तावादको प्लेटमा टोस्ट जस्तो राखेर
पर्यटकलाई सोध्दै बेच्छौं -
एक स्लाइस, दुई स्लाइस, हाफ कि फुल् कञ्चनजङ्घा ?
चौंरीगाईको ढाड जस्तो उठेको
ती डाँडा र थुम्काहरूलाई त
हाम्रा हिंसक चाहनाका चितुवाहरूले
चोक्टा र लाम्टा गरी हड्डीसमेत चपाएर खाइसके ।
हामीभित्रको कञ्चनजङ्घाको उचाइ चैं
फ्ल्याटको हिसाबमा बिक्री भइसक्यो । ( पृ. ३८-३९)

प्रस्तुत कवितांशमा पुँजीवादी बजारले प्रकृति (हिमाल/पहाड) लाई कसरी बिक्री गर्ने वस्तुका रूपमा लिएको छ भन्ने कुरालाई देखाइएको छ । यहाँ प्रकृतिमाथिको आक्रमण केवल वातावरणीय ह्रास मात्र नभएर एउटा हिंस्रक उपभोग्य वस्तुका रूपमा चित्रण गरिएको छ । सुन्दर कञ्चनजङ्घा हिमाललाई दिन प्रतिदिन दोहन गरी आफू अनुकूल उपभोग गर्दै पर्यटकको रुचि, चाहना र आर्थिक अवस्था अनुरूप हिमाली सुन्दर परिवेश र वातावरणको चिसो हावापानीको मनोरञ्जन दिलाएको, हिमाली वातावरण र माटोबाट मनग्य आम्दानी लिएको, हिमाललाई नै आफ्नो बाँच्ने आधार बनाएको, हिमालका डाँडाकाँडा तथा थुम्काबाट हिमाली भू- भागको महत्त्व, भौगोलिक बनावट तथा सुन्दरताले पर्यटकहरूको मन लोभ्याएको र त्यहींको परिवेशमा रमाउन चाहने भाव कविले यस कवितांशमा व्यक्त गरेका छन् । एकातिर मानिसले हिमाली प्रकृति सुन्दरतालाई पैसासँग साट्दै आफू अनुकूल चलायमान गराएर आर्थिक लाभ उठाएका छन् भने अर्कोतिर पर्यटकले पैसामा किनेर त्यसको दोहन गरेका छन् र प्रकृतिलाई आफ्नोपनमा रहन दिएका छैनन् भन्दै प्रकृतिको मौलिकपन हटाएर कृतिमतातर्फ उन्मुख गर्न लालायित भएको तथ्यलाई कविले एकातर्फ मानिसले हिमालको मौलिकपनलाई पैसासँग बेचेको र अर्कोतर्फ निश्चित रकम तिरेपछि कञ्चनजङ्घाको मौलिकपनलाई पर्यटकहरूले आफू अनुकूल प्रयोग गरेको प्रसङ्गका माध्यमबाट स्पष्ट पारेका छन् ।

मानिसले प्रकृतिमाथि गरेको शोषण तथा दोहनलाई उपभोक्तावादको प्लेट, पर्यटक र व्यापारीका माध्यमबाट स्पष्ट पारिएको छ । नेपालको भौगोलिक परिवेश चौँरीगाईको ढाड जस्तै कतै पहाड, समथर त कतै भिरपाखाले भरिपूर्ण छ र सोही अनुकूलको प्रकृति परिवेश पनि छ । होटल मालिकले ग्राहकलाई टोस्ट टुक्रा टुक्रा पारेर बेचे जस्तै नेपालको विविध प्रकृति सुन्दरता, ग्रामीणपन, भौगोलिक बनावट, परिवेश तथा स्वच्छतालाई हामीले टुक्रा टुक्रा पारेर बेचेका छौँ । चितुवाले मानिसलाई आक्रमण गरे जसरी पटक पटक उसैमाथि आक्रमण गरिरहेका छौँ । पहाडका हरेक थुम्का तथा डाँडाका हिमालको आफ्नोपनलाई समेत उचाइ तथा विभिन्न सुन्दरताका आधारमा एक स्लाइस, दुई स्लाइस, हाफ कि फुल भन्दै महङ्गो मूल्यमा बिक्री गरिरहेका छौँ र आफ्नोपनमा वा स्वरूपमा रहन दिएका छैनौँ । यसरी मानिसले प्रकृतिलाई विभिन्न बहानामा टुक्रा टुक्रा पारेर विभिन्न आधारमा बिक्री गर्नु भनेको नै प्रकृतिमाथि मानिसले गरेको दोहन हो भन्ने कुरालाई कविले यहाँ कञ्चनजङ्घा हिमाल र उपभोक्तावादका माध्यमबाट स्पष्ट पारेका छन् । त्यस्तै कवितांशमा उल्लिखित चौँरीगाईको ढाडका माध्यमबाट यहाँ पूर्वी नेपालको भौगोलिक बनावटलाई र हिंस्रक चितुवाका माध्यमबाट प्रकृतिको विनाश गर्ने मानव जातिलाई सङ्केत गरिएको छ । त्यस्तै कञ्चनजङ्घा, उपभोक्तावादको प्लेट, टोस्ट, पर्यटक, स्लाइस, चौँरीगाईको ढाड, डाँडा, चुक्का, चितुवा चोक्टा, लाम्टा, हड्डी फल्याट जस्ता विभिन्न बिम्बको प्रयोगका माध्यमबाट मानिसले प्रकृतिमाथि गरेको चरमशोषणलाई प्रस्तुत कवितांशले प्रकट गरेको छ ।

पितृसत्तात्मक पुँजीवादले प्रकृति र नारी दुवैलाई उपभोग्य वस्तु ठान्छ । त्यसैले यस कवितांशमा पनि प्रत्यक्ष रूपमा नारीको प्रयोग नभए तापनि उपभोक्तावादको प्लेट, हड्डीसमेत चपाएर, हामीभित्रको उचाइ र बिक्री भइसक्यो जस्ता प्रयुक्त बिम्बहरूले यहाँ नारी शरीरमाथिको हिंसालाई सङ्केत गरेको छ । 'हिंसक चाहनाका चितुवाहरू' हरफमा आएको 'चितुवा' पुँजीवादी ठेकेदार वा कामुक पुरुषको प्रतीक हो । त्यस्तै 'हिंसक चाहना' एकातिर प्रकृतिको दोहन हो भने अर्कोतिर नारीमाथि हुने यौनिक हिंसाको सङ्केत हो । 'चौँरीगाईको ढाड जस्तो उठेको', 'चोक्टा र लाम्टा' र 'हड्डीसमेत चपाएर' ले पुरुषसत्ताले नारी शरीरलाई नकारात्मक रूपमा हेर्दै उपभोग गरेको, पृथ्वीको छाती (डाँडा र थुम्का) लाई/ नारीलाई लुछिरहेको र पृथ्वी (आमा/नारी) माथि दोहन गरिरहेको कुरालाई सम्बोधन गरेको छ । 'कञ्चनजङ्घाको उचाइ' ले नारी स्वाभिमान, नैतिकता र आध्यात्मिकताको प्रतीकलाई सम्बोधन गरेको छ । त्यस्तै कविले यहाँ प्रकृतिको विनाशलाई 'भोजन' को रूपमा प्रस्तुत गरी

नारीलाई उपभोग्य वस्तु ठान्ने पुरुष पुँजीवादी सत्ताको प्रतिवादका माध्यमबाट नारी दोहनको विरोध गरेका छन् ।

समग्रमा भन्नुपर्दा विकास र पर्यटनका नाममा कञ्चनजङ्घा हिमाल तथा पहाडलाई टुक्रा टुक्रा पारेर बेचिसके भन्दै कविले यहाँ प्रकृति र नारीमाथि भएको दोहनप्रति आक्रोश व्यक्त गरेका छन् । जसरी भोको हिंस्रक जनावरले सिकारमा हड्डीसमेत चपाउँछ, त्यसरी नै मानवीय लोभकै कारण प्रकृतिको कोमल र सुन्दर रूपलाई नष्ट पारेको छ भन्दै प्रकृति र नारी दुवैलाई उपभोग्य वस्तु ठान्ने पुरुष पुँजीवादी सत्ताको प्रतिवाद गरेकै कारण पर्यावरणीय नारीवादीका आधारमा यो कवितांश विश्लेषण योग्य देखिन्छ ।

### ४.३.२ मातृशक्तिका रूपमा प्रकृति र नारीको चित्रण

सिर्जनाशक्तिका आधारमा नारी र प्रकृतिलाई समान रूपले हेरिन्छ । नारी र प्रकृति दुवै सङ्घर्षशील र सहनशील हुन्छन् । त्यसैले प्रकृति आमासमान हुन् । प्रकृतिबाट मानव जातिले खाद्य, पानी, हावा र अन्य महत्त्वपूर्ण वस्तुहरू प्राप्त गरिरहेका हुन्छन् । त्यसैले प्रकृति सम्मान योग्य छ (देवचन्द्र सुब्बा, २०२१, पृ. ५८) । त्यसै गरी नारीले पनि आफ्नो सन्तान र घरपरिवारलाई प्राथमिकताका साथ हेरेकी हुन्छिन् । परिवार र सन्तानको खुसी नै आफ्नो खुसी ठान्दै आफ्नो सम्पूर्ण खुसी, इच्छा तथा चाहनालाई तिलाञ्जली दिएर अगाडि बढेकी हुन्छिन् । त्यसैले प्रकृति र नारी दुवै एक हुन् । यी दुवैको महानता र त्याग ठुलो छ । जसरी पृथ्वीले सम्पूर्ण आँधी, हुरी तथा बोझ सहेर हरेक वस्तु, प्राणी, जीवजन्तु तथा चराचुरुङ्गीको संरक्षण गरेकी हुन्छिन्, त्यसै गरी नारीले पनि आफ्नो सन्तान र परिवारका लागि ठुलो त्याग गरेकी हुन्छिन् । नारीको शारीरिक अवयवहरूसँग धर्तीका प्रकृति स्वरूपको तुलना गरी समान चित्रण गर्ने काम साहित्यका विविध विधामा भएका छन् भने कविता क्षेत्रमा पनि नारी र प्रकृतिको सिर्जना र संरक्षणको भूमिकालाई सहधर्मका रूपमा प्रकट गरिएको पाइन्छ । त्यस्तै सिर्जना र सम्बर्द्धनको जिम्मा प्रकृति र नारीमा निहित रहने विश्वासका आधारमा प्रकृति र नारीलाई पूज्य मानिन्छ (दीक्षित, २०७० पृ.४५) । प्रकृति र नारी सिद्धान्ततः पूज्य तर व्यवहारमा भोग्य वस्तुका रूपमा सीमित रही विभिन्न विभेदजन्य शोषणमा बाँच्न बाध्य भएका छन् । तर पनि आफ्नो सिर्जन धर्मका कारण तात्त्विक रूपमा दुवै समान छन् । जसरी प्रकृतिले माटोभित्र बिउ छोपेर निश्चित समयमा त्यसलाई उमार्ने, मल र पानीबाट पोषण प्राप्त गरी उम्रिएको बिरुवालाई बलियो रुख बनाउने र फलका निम्ति सक्षम बनाउने कार्य निरन्तर गरिरहेको हुन्छ, त्यसरी नै नारीले पनि प्रकृतिले दिएको

जिम्मेवारी ठानी कोखमा प्रवेश गरेको बीज सन्तानलाई यही प्रकृतिको अन्न जल ग्रहण गरी जन्माएर लालनपालन गरेकी हुन्छिन् । त्यसैले दैहिक र भावनात्मक हिसाबले पनि सम्पूर्ण प्राणीका लागि प्रकृति र मातृशक्ति समान ठानिएको हुन्छ । माटोमा बिउ रोपिनु, त्यसमा प्राण भरिनु, जल र प्रकाशको सहायताले त्यसमा पोषण भरिनु निश्चित प्रकृति चक्र भएकाले यस निस्वार्थ भावनालाई उत्कृष्ट कर्मको रूपमा सम्मान गरिन्छ । त्यसरी नै नारीको कोखमा बीज बनेर प्रवेश गरेको भ्रूणले जीवन पाउनुमा नारीको निस्वार्थ मानवीय सृष्टिकार्यको निरन्तरता मानिन्छ । गर्भधारणदेखि गर्भअवस्थाको हुर्काइ र प्रकृतिको दर्शनसम्म नारीको स्वस्थ जीवनचर्याले स्वस्थ सिर्जनामा ठुलो भूमिका खेल्दछ (थपलिया, २०७५, पृ. ८९, २४६) । यसरी नारी र प्रकृतिबिचको इतिहास र सम्बन्धको पारिस्थितिकीय संरचनाले नै जीवनलाई अगाडि पुऱ्याएको हुन्छ । जसरी प्रकृतिबिना मानव अस्तित्व सम्भव हुँदैन, त्यसै गरी नारीबिना पुरुषको अस्तित्व पनि सम्भव हुँदैन । नारी प्रकृतिको एक अङ्ग हुन् । उनीभित्र निहीत प्रवृति पनि प्रकृति नै हो । त्यसैले नारी र प्रकृति दुवैको संरक्षण आवश्यक छ । नारी र प्रकृतिबिच रागात्मक आकर्षण पनि रहेको हुन्छ भन्ने कुरालाई कवि सुब्बाले 'पृथ्वी-दिवसमा' कवितामा व्यक्त गरेका छन्, जसको पुष्टि दिइएको कवितांशबाट गर्न सकिन्छ :

पाखामा खेतका गरा गरा देखेर
बाबुको निधारको याद आउँछ
अनि सम्झन्छु ती हिलाम्मे बाउसे र रोपारहरू
जसको कुत्कुत्याइमा
धरती साह्रै उन्मत्त भएकी हुन्थी
खेतबाट आइरहेको गिलो माटोको एकतमासको गन्ध
अझै थाह गरिरहन्छु
अनि फेरि मलाई आमाको छातीको याद आउँछ-
आमाको छातीमा केके पो फुलेन-फलेन र !                (पृ. २)

उल्लिखित कवितांशमा माटो र पानीको सम्बन्ध र त्यस सम्बन्धबाट सिर्जित तथा उत्पादित अन्नबालीले मानिसको जीवनयापनलाई कति सहजता प्रदान गरेको छ भन्ने कुरालाई कवितांशमा प्रयुक्त पाखा, खेतको गरा, बाबुको निधार, हिलाम्मे बाउसे, रोपारहरू, आमा, आमाको छातीका माध्यमबाट स्पष्ट पारिएको छ। त्यसै गरी कवितामा प्रयुक्त 'पाखा' शब्दले पुरुष मात्रको एकाकी र निरस जीवनलाई लक्ष्य गरेको छ । जब नारीको प्रकृति सामीप्य पाउँछ, अनि मात्र पुरुषका बलिष्ठ पाखुराहरू कर्ममा उत्साहित हुन्छन् । यही उत्साहले पाखा पखेराहरू सम्याएर उर्वर गराहरूको निर्माण गर्छ। खेत तयार भएपछि त्यहाँ सहकार्यमा बाउसे र रोपारहरू जुट्छन् (थपलिया, २०७५, पृ. २४६) भन्दै कविले यहाँ कृषि युग र मानवीय सामूहिक चेतनाको सङ्केत गरेका छन् । त्यसै गरी यहाँ प्रयुक्त 'आमा' शब्दले पृथ्वी र आमाको सहनशीलता, सामर्थ्य, निस्वार्थपन, आफ्नो सन्तान र परिवारप्रतिको लगाव, महानता तथा उच्च सोचलाई प्रतीकात्मक रूपमा कवि सुब्बाले व्यक्त गरेको भाव सहजै बुझ्न सकिन्छ । त्यस्तै 'आमाको छाती' शब्दले एकातिर आमाको करुणा र वात्सल्य प्रकृति स्रोत हो भन्ने कुरालाई सङ्केत गरेको छ भने अर्कोतिर आमाको छाती भनेर पृथ्वीलाई सङ्केत गर्दै पृथ्वीमा हरेक किसिमका अन्नबाली तथा फलफूल फलाउने र फल्ने सृष्टि प्रक्रियाको महत्त्वपूर्ण थलो हो भन्ने कुरालाई प्रकट गरिएको छ। आमाको छातीमा फूलेको फूल र फलेको फलले सन्तानयुक्त आमाको जीवनीलाई प्रतिध्वनित गरेको छ ।

कवि सुब्बाले प्रकृति र नारीलाई मातृशक्तिका आधारमा समान रूपमा हेरिएको पाइन्छ । नारी र प्रकृतिको सामर्थ्य, सिर्जना र संरक्षणलाई पनि कवि सुब्बाले कवितामा समान रूपमा प्रकट गरेका छन् । जसरी प्रकृतिले कुनै पनि बोटबिरुवा, वनस्पति तथा अन्नबाली रोप्यो भने प्राणभरी जल र प्रकाशको सहायताले पोषण प्रदान गरेकी हुन्छिन्, त्यसरी नै नारीले पनि आफ्नो कोखमा बीज बने र प्रवेश गरेको भ्रूणलाई प्राण भर्दै हुर्काउदै बढाउदै यस धर्तीमा जन्म दिएर निस्वार्थ रूपमा त्यसको पालन पोषण गरेकी हुन्छिन् भन्ने कुरालाई कविले आफ्नो यस कवितामा मार्मिक ढङ्गबाट प्रस्तुत गरेका छन् । स्वस्थ जीवन सिर्जनामा नारी र प्रकृतिले अहम् भूमिका खेलेका हुन्छन् । त्यसैले नारी र प्रकृतिको संरक्षण गर्नु आवश्यक छ। समयको परिवर्तनसँगसँगै प्रकृति र नारीले पनि आफ्नो जिम्मेवारी पूरा गर्दै गइरहेका हुन्छन् । त्यसैले हामीले प्रकृति र नारीलाई आमाका रूपमा सम्मान गरेका छौँ । यी दुवै सृष्टिको निरन्तरताका लागि निस्वार्थ रूपमा अगाडि बढेका हुन्छन् । त्यसैले हामी सबैले यसको संरक्षण गर्नु आवश्यक छ भन्ने भावलाई कविले यहाँ प्रस्तुत गरेका छन् ।

प्रकृति र नारीको अनेकौं स्वरूपमध्ये सबैभन्दा चुनौतीपूर्ण सृष्टिकर्ताको स्वरूप हो । हिन्दु धर्मशास्त्रका अनुसार आमालाई देवी मानिन्छ । सन्तानका लागि आमा सबैभन्दा महान् हुन् । आमाले आफ्नो स्वतन्त्र अस्तित्व आफ्नो परिवार र सन्तानका लागि समर्पण गरेकी हुन्छिन् । आमालाई यहाँ मातृभूमि समान सम्बोधन गरिएको पाइन्छ । सन्तानकै लागि आमाको उपस्थिति अमूल्य हुन्छ भन्ने भाव कवि सुब्बाको 'मान्छे माटो गन्हाउँछ' शीर्षकको कवितामा प्रकट भएको छ । त्यसैले यस कविताबाट एउटा उदाहरण यहाँ विश्लेषणका लागि प्रस्तुत गरिएको छ :

गौँथलीको मुखमा थोप्ला थोप्ला हिलो चेपिँदै
अन्जुली जस्तो गुडँ  भरि सृष्टि बोकेर
धरती मेरो घरको सिलिङमै टाँस्सिन आइपुग्छ ।          (पृ.११)

उल्लिखित कवितांशमा गौँथली र धरती माताको सम्बन्धलाई व्यक्त गरिएको छ । यस क्रममा गौँथलीले आफ्नो सन्तानका लागि गरेको सङ्घर्षलाई यहाँ गौँथलीले मुखमा च्यापेर ल्याएको हिलो र यस हिलोबाट बनाएको गुडँका माध्यमबाट प्रस्तुत गरिएको छ । त्यही हिलोबाट आफ्नो बासस्थानको निर्माण गरी त्यही आफ्नो सन्तानको भविष्यलाई नयाँ दिशा दिएको वा आफ्नो जीवनलाई अगाडि बढाएको कुरालाई यहाँ चित्रण गरिएको छ । यसरी मानिस, पशुपक्षी तथा अन्न जुनसुकै प्राणीले आफ्नो बासस्थान निर्माण  गर्दा धरती वा माटोको प्रयोग अनिवार्य रूपमा गर्नुपर्ने कुराको सङ्केत गर्दै प्रकृतिको सृष्टि चक्रको एउटा महत्त्वपूर्ण पक्ष भनेको माटो/धरती पनि हो भन्ने कुरालाई कविले यहाँ 'धरती मेरो घरको सिलिङमै टाँस्सिन आइपुग्छ' भन्ने वाक्यांशका माध्यमबाट प्रस्तुत गरेका छन् । त्यसै गरी कवितांशमा प्रयुक्त 'गौँथली' ले आमा वा नारीलाई सङ्केत गरिएको हो भने 'अन्जुली' ले पृथ्वी वा धरती सृष्टि प्रक्रियाको एक महत्त्वपूर्ण पाटो हो भन्ने कुरालाई प्रस्तुत गरेको छ ।

पशुपक्षी तथा मानिस सबैले आफ्नो बासस्थान बनाउदा माटोको अनिवार्य रूपमा प्रयोग गर्नुपर्छ । माटोबिना हामीले कुनै पनि कुराको कल्पनासमेत गर्न सक्दैनौ । त्यसै गरी आमाबिना पनि जीवनको कुनै कल्पनासमेत गर्न सक्दैनौ भन्ने कुरालाई प्रस्तुत गर्दै प्रकृति र आमा (नारी) को आवश्यकता र महत्त्वलाई यहाँ प्रस्तुत गरिएको हुनाले नै यो कविता कृति विश्लेषणका दृष्टिले उपयुक्त रहेको छ । कवितामा प्रयुक्त 'गौँथली' शब्दले यहाँ नारी जातिको जिम्मेवारी, माया तथा सम्बन्धको चित्रण गरेको छ भने 'धरती' शब्दले यहाँ माटोलाई सङ्केत गरेको छ ।

कवितांशमा प्रयोग भएको गौँथली र धरती दुवै स्त्रीलिङ्गी हुन् । त्यसैले यी दुवैको सृष्टिप्रक्रिया, संरक्षण तथा संवर्धनमा विशेष भूमिका रहेको हुन्छ भन्ने भाव यहाँ प्रस्तुत गरिएको छ ।

### ४.३.३ प्रकृति र नारी सौन्दर्यको अभिव्यक्ति

प्रकृति संसारको आधार तथा सर्म्पूण प्राणीहरूको जीवन हो, जसले जीवनलाई पूर्ण बनाउँछ । त्यस्तै प्रकृति साहस भरिदिने पाठशाला, नैतिक शिक्षा दिने शिक्षालय तथा महाविद्यालय हो । स्वविवेक, स्वनिर्णय, स्वाभिमान, आत्मसम्मान, अरूको सम्मान, कर्म, धर्म, करुणा, क्षमा, सहनशीलता, बाँच्ने कला, छल्ने कला, सैनिक कला, नेतृत्व कला, सिकाउने विश्वविद्यालय हो ( कार्की, २०७९, पृ.२ ) भने नारी मानवसभ्यताको संवाहक हुन्, जसले सृजनशीलता, करुणा, प्रेम र मातृत्वद्वारा जीवनलाई पूर्णता दिन्छिन् । प्रकृतिविज्ञ, संरक्षणविज्ञ, शक्तिशाली स्वाभिमानी र प्रकृतिका पुजारी हुन् । त्यसैले शिक्षा, स्वास्थ्य, सामाजिक सेवा, रोजगारको अवसरबाट महिलाहरूलाई प्राथमिकताका साथ सम्मान गरिनुपर्दछ । नारामा होइन व्यवहारमा, समृद्धि महिलाहरूको घर आँगनमा विलम्ब पुऱ्याइनुपर्दछ ( कार्की, २०७९, पृ. २ ) । त्यसै गरी सौन्दर्य वस्तुको गुण हो । यो बाह्य स्वरूप वा दृश्य रमणीयतामा मात्र सीमित नभई मानवीय संवेदना, जीवनदर्शन र सांस्कृतिक चेतनासँग गहिरो सम्बन्ध राख्ने तत्त्व हो । यसले मानिसलाई जीवनप्रति आकर्षित गराउँछ, भावनालाई उचाल्छ र सृजनात्मक अभिव्यक्तिको प्रेरणा दिन्छ ।

प्रकृति सौन्दर्य अनेकौँ रूपमा प्रकट हुन्छ । हावापानी, स्वरूप, भौगोलिक बनावट यी सबै प्रकृति दृश्यहरूले मानिसलाई आनन्द, प्रेरणा र शान्ति दिन्छन् । त्यसैले प्रकृति रमणीय वस्तु मात्र नभएर जीवन र अस्तित्वको आधार हो । यो केवल दृश्यमा मात्र होइन, भावनात्मक र आध्यात्मिक अनुभवमा पनि अवस्थित हुन्छ । त्यसैले नेपाली साहित्यमा प्रकृतिलाई केवल पृष्ठभूमिका रूपमा मात्र नभएर जीवनदर्शनको मूल आधारका रूपमा प्रस्तुत गरिन्छ । यसैले प्रकृतिको सौन्दर्यलाई आधुनिक साहित्यमा पर्यावरणीय चेतनासँग जोडिएको छ । त्यसै गरी नारी सौन्दर्य केवल बाह्य शारीरिक रूपमा भन्दा पनि उनको मानसिक, सामाजिक र सृजनात्मक गुण हो । नारीले मातृत्वद्वारा जीवन निरन्तरता दिन्छिन् । कोमल, दृढ र शक्तिशाली हुन्छिन् । त्यसैले प्रकृति र नारी दुवै जीवनका आधार हुन् । यी दुवै सृजनात्मक, करूणामय र प्रेरणादायी हुन्छन् । साहित्यमा पनि यिनलाई सौन्दर्य, स्वतन्त्रता, प्रेम र मातृत्वका प्रतीकका रूपमा चित्रण गरिन्छ । यी दुवैलाई सहअस्तित्वका दृष्टिले बुझ्दा मात्र जीवन अर्थपूर्ण हुन्छ भन्दै कविले यहाँ प्रकृति र नारीबिचको सम्बन्ध, सहकार्य र सौन्दर्यलाई ‘मुक्त- उन्मुक्त मेरी आमा’ शीर्षकको कवितामा

कलात्मक रूपमा प्रस्तुत गरेका छन् । कवितामा आएको मलिलो माटो र आमालाई सौन्दर्यको पक्षमा प्रस्तुत गरिएको छ। प्रकृति र नारी सौन्दर्यका खानी/बहाप हुन भन्दै आमालाई प्रकृतिको विभिन्न स्वरूपसँग जोडेर नारी सौन्दर्य र मातत्वको महिमा व्यक्त गर्दै कवि भन्छन् :

मलिलो माटोसित मेरी आमा
खेतबारीको फाँट बनेर आइन्
आशा-आकाङ्क्षाका पहाड-पर्वत उठिन्
ममताको हत्केलासित मधेस फैलिँदै गइन्
घर थाम्नलाई घडेरी बसिदिइन्
हाम्रो लागि पूरै धरती नै सृष्टि गरी
आफू चाहिँ माटोबाटै मुक्त भइन्

पानी उम्रेर आमा पँधेरो झरिन्
र हाम्रा गाग्री, बाल्टी, भुल्डुङ्भरि भरिएर बसिन्
फूलदानीहरूमा फूलको तिर्खा मेट्दै बसिरहिन्
खेतहरूमा पसिना कुलो बग्दै
कहिले साना आँखामा महासमुद्र अटाइन्
खडेरीले सुकिरहेको मनको फाँटमा
वर्षा गुन्गुनाउँदै झरिदिइन् (पृ.१५)

प्रस्तुत कवितांशमा आमालाई माटो (प्रकृति) सित जोडेर एकातिर पृथ्वीको (प्रकृतिको) सृजनशीलता र पालनपोषण गर्ने क्षमताको चित्रण गरिएको छ भने अर्कोतिर आमाको श्रम, धैर्य र जीवनदिने भूमिकालाई खेतीपातीसँग तुलना गरी प्रकृति र आमाबिचको सांस्कृतिक सम्बन्धनलाई प्रस्तुत गरिएको छ । कवितामा आएको 'आकाङ्क्षाका पहाड-पर्वत' ले यहाँ आमा र नारीको विशालता, अटलपन र उच्चतालाई प्रकृतिको विभिन्न भू-भागसँग जोडेर पहाडी

भौगोलिक बनावट र सौन्दर्य पक्षको चित्रण गर्दै नारी सौन्दर्यको बाहिरी रूपभन्दा आमाको भित्री शक्ति, त्याग, ममता र सृजनशीलता कैयौ गुणा राम्रो हुन्छ भन्ने कुरालाई प्रस्तुत गरिएको छ । 'पुरै धरती नै सृष्टि गरी आफू  माटोबाटै मुक्त भइन्' अंशले आमाको गहिरो त्याग र सृजनशील शक्तिलाई सम्बोधन गरेको छ । त्यसै गरी आमाको भौगोलिक रूप संसारिक बन्धनबाट मुक्त भई प्रकृतिमै विलीन भएको र अमरता प्राप्त गरेको भाव व्यक्त भएको छ । आमाको कठोर परिश्रम र त्यसबाट प्राप्त उत्पादनको महत्त्व देखाउदै आमाको आँखामा लुकेको विशालता, गहिराइ र सहनशीलतालाई महासागरसँग तुलना गरी आमाको शीतल स्वभाव, प्रफुल्ता र निरन्तरतालाई प्रस्तुत गरिएको छ । कवितामा प्रयोग गरिएको माटो, खेतबारी, फाँट, पहाड-पर्वत, घडेरी, धरती, सृष्टि, खेत, समुन्द्र, खडेरी र वर्षा यी सबै प्रकृतिका बिम्ब हुन । यिनै प्रकृति बिम्बसँग नारी सम्बन्धको चित्रण गरी नारी सौन्दर्य, शक्ति र महिमाको गुनगानसमेत गाइएको छ । त्यस्तै आमालाई प्रकाश र सुगन्धको स्रोतका रूपमा प्रस्तुत गर्दै कवि भन्छन् :

पूजाथानमा आमा धुपबत्ती बलेर
घरभरि मगमग उज्यालो भई आइन्
चुल्हामा मायालु आगो भुर्भुर बलिन्
हाम्रा आँखा आँखालाई ज्योति दिँदै आइन्
जाडो लाग्दा उनको काख तापेर पाएको
न्यानोपन हाम्रो छाती, र हत्केलाभरि छ
यसरी उज्यालो ताप दिइनराखेर
आफू चाहिँ उज्यालोबाटै मुक्त भइन्

हाम्रो छातीभित्र प्राणवायु बनेर
हामीलाई आ-आफ्नो श्वास-निःश्वाससित
भित्र-बाहिर गर्न सिकाइन्                (पृ.१६)

प्रस्तुत कवितामा कविले आमाको सौन्दर्य र सामर्थ्यलाई प्रस्तुत गरेका छन् । कवितांशमा प्रयोग गरिएको 'आमा' शब्दले मानिसमा सकारात्मक ऊर्जा बढाउने, दुःखलाई बिसाउने र मनमा शान्ति फैलाउने कुरा उल्लेख गरिएको छ । आमाको प्रेम र मायाको तापले सबैलाई न्यानोपनको महसुस गराउँछ । हरेक आमाले आफ्नो सन्तानलाई दिएको ज्ञान, विवेक र मार्गदर्शनले सन्तानको भविष्य उज्यालो भएको भाव पनि यस कवितांशमा प्रतीकात्मक रूपमा व्यक्त गरिएको छ । आमाले सन्तानलाई उज्यालो भविष्य दिएर, स्वावलम्बी र आत्माविश्वासी बनाएर आफू भने सदाका लागि यस धरतीबाट विलीन भएको कारुणिक दृश्य पनि यहाँ व्यक्त गरिएको छ । कवितांशमा प्रयोग गरिएको पूजाथाल, धूपबत्ती, प्राणवायु र श्वास-निःश्वास यी सबै शब्दहरू आमाले आफ्नो सन्तानको खुसीका लागि गरिएका सङ्घर्षका प्रतीक हुन भने काख, छाती, हत्केला र प्राण सबै सन्तान संरक्षणका प्रतीक हुन् । यसरी कविले यहाँ पूजाथाल, धूपबत्ती, ज्योति, काख, छाती, न्यानोपन, उज्यालो ताप र प्राणवायु जस्ता विभिन्न किसिमका प्रतीकको माध्यमबाट परिवारमा आमाको महत्त्व र सौन्दर्य पक्षलाई वकालत गरेका छन् । घरपरिवार चलाउनका लागि आमा कसरी प्रकृतिसँग प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा नजिक हुन पुग्छिन् र आफ्नो घरलाई सुन्दर बनाएकी हुन्छिन् भन्ने भाव यस कवितांशमा प्रकट भएको छ । त्यसैले नारी बाहिरी रूपभन्दा पनि भित्री रूपमा अझ बढी सुन्दर हुन्छिन् भन्दै कविले यहाँ नारी सौन्दर्यको प्रस्तुति गरेकै कारण नारी र प्रकृति सौन्दर्यका दृष्टिले यो कवितांश उत्कृष्ट रहेको छ भन्ने निष्कर्ष निकालिएको छ ।

### ४.३.४ प्रकृति र नारी स्वतन्त्रताको अभिव्यक्ति

नारी बन्धन र सीमाङ्कनका विरूद्ध स्वतन्त्रताको अभिव्यक्ति नै नारी स्वतन्त्रता हो । नारी र प्रकृतिमा सहनशीलता हुन्छ । पुरुष र घरपरिवारको सुखका निम्ति नारी सहनशील हुन्छिन् भने प्रकृति सम्पूर्ण प्राणी जगत्को जीवनचर्याका लागि सहनशील हुन्छिन् । वैदिक समाजमा नारीलाई एउटा पतिसँग मात्र बस्नुपर्ने नियम बनाएर नारी अनुशासन स्थापित गरेपछि त्यस व्यवस्थासँगै सम्पूर्ण नारीमा पारिवारिक कठोर बन्धनको जालो दुबोसरी फैलिएका कारण नारी स्वतन्त्रताको हनन हुन पुगेको हो ( दीक्षित, २०७०, पृ.१४१) । भूमिको नियन्त्रण, अन्नको सञ्चय र पारिवारिक सहकार्यका निम्ति प्रारम्भ भएको गृहस्थी स्वरूपले नारी स्वतन्त्रताको हनन र दासताको विस्तार गरी प्रकृति सम्पदा र नारी दुवैलाई आफ्नो कब्जामा लिएको देखिन्छ ( थपलिया, २०७५, पृ.९४) । यसरी नारीलाई घरभित्रको कामकाजमा मात्र राख्नका लागि पितृसत्तात्मक समाजले आफू अनुकूल विभिन्न सांस्कृतिक प्रपञ्च रचेका थिए भने प्रकृतिलाई पनि आफू अनुकूल बनाउनका लागि पृथ्वीमा विभिन्न किसिमका कार्यहरू गरेका छन् तर अहिले

चेतनाको विकाससँगसँगै जसरी समाजमा पुरुष स्वतन्त्र छन् त्यति नै नारी र प्रकृति पनि स्वतन्त्र हुनुपर्छ भन्ने आवाज विष्फोट हुन पुगेको छ । एकातिर घरपरिवार तथा समाजको धेरै दुःख खेप्नु परेको छ भने अर्कोतिर नारीले नारकीय जीवन जिउनु परेको छ । त्यस्तै प्रकृतिको पनि आफ्नै मौलिकता हुन्छ । त्यसलाई पनि उसको मौलिकता अनुरूप अगाडि बढ्न दिनुपर्छ । प्रकृतिको मौलिकतालाई मेटाउन खोज्दा हामीले अनेकौँ दुःखकष्टको सामाना गर्नुपर्छ । त्यसैले हामी कसैले पनि प्रकृति र नारीको स्वतन्त्रतालाई रोक्नु/छेक्नु हुँदैन भन्दै कविले 'अ-स्वतन्त्र' शीर्षकको कवितामा समुन्द्रको स्वतन्त्रता वा प्रकृति (नदी) को स्वतन्त्रतालाई उल्लेख गरेका छन्, जसको पुष्टि दिइएको उदाहरणबाट गर्न सकिन्छ :

समुन्द्रको छातीबाट रहरहरू उठेर कुद्छन् किनारतर्फ लहर लहर
तर समुन्द्रले नै फेरि किनारबाट
पछिल्तिर तानिरहन्छ लहरको स्वतन्त्रतालाई (पृ.६८)

उल्लिखित कवितांशमा समुन्द्रको मौलिकपनलाई प्रकट गरिएको छ । समुन्द्रको पानी ( प्रकृति) कहिले आफ्नै रहरले कुदेर समुन्द्र किनारमा जान्छन् त कहिले किनारबाट पछितिर तानिन्छन् । प्रकृति आफूमा स्वतन्त्र हुदाँ कहिले किनारमा त कहिले पछाडि रमाइरहदा पानी आफ्नो फरक सौन्दर्यलाई प्रस्तुत गर्छ । यही फरक सौन्दर्यले नै मानिसलाई मन्त्रमुग्ध पारेको हुन्छ । आनन्दित बनाएको हुन्छ । जति हेरे पनि हेरिरहूँ लाग्ने प्रकृतिको मौलिकतामा मानिस लट्ठिएका हुन्छन् । प्रकृतिको सामर्थ्य, सौन्दर्यत र मौलिकतामा रमाइरहदा समय कटेको समेत पत्तो हुँदैन तर पनि मन अघाएको हुँदैन भन्दै प्रकृतिलाई स्वतन्त्र रूपमा छाड्नुपर्ने भाव कविले यहाँ प्रकट गरेका छन् । कवितांशमा आएको समुन्द्र, समुन्द्रको छाती, लहर, समुन्द्रको किनार र स्वतन्त्रता जस्ता बिम्बले कवितामा अझ मिठास प्रदान गर्ने काम गरेको छ ।

प्रस्तुत हरफमा आएको समुन्द्र र लहरले प्रकृति चक्रलाई सम्बोधन गरे तापनि मुख्य रूपमा मानवीय अस्तित्व विशेषतः नारी स्वतन्त्रता र सामाजिक संरचनाबिचको द्वन्द्वात्मक अवस्थालाई सम्बोधन गरेको छ । 'समुन्द्र' विशाल संरचना हो भने 'लहर' वैयक्तिक चेतना वा नारी हो । प्रकृतिपरक दृष्टिकोणबाट हेर्दा कविले यहाँ प्रकृतिलाई जडवस्तुका रूपमा नभएर सजीव र नियन्त्रक शक्तिका रूपमा प्रस्तुत गरेका छन् । किनकि 'समुन्द्रको छाती' 'रहरहरू उठेर कुद्छन्' जस्ता पदावलीले प्रकृतिलाई मानवीय संवेगसँग जोड्दै प्रकृति शान्त नभएको तर गतिशील तथा सङ्घषपूर्ण भएको कुरालाई व्यक्त गरेको छ । लहर किनारसम्म पुग्नु र फेरि

समुन्द्रमै विलीन हुनु भनेको प्रकृतिको शाश्वत नियम हो । त्यसै गरी यसलाई नारी स्वतन्त्रताका दृष्टिकोणले हेर्दा समुन्द्रको विशालता, गहिराइ र शक्ति भन्नु नै परम्परागत समाज व्यवस्था हो जसले नारीलाई जन्म दिन्छ, आश्रम दिन्छ तर पूर्णरूपमा स्वतन्त्र हुन दिँदैन । किनकि 'समुन्द्रको लहर' ले यहाँ प्रतीकात्मक रूपमा आफूबाट अलग हुन नदिएको भावलाई सङ्केत गरेको छ । 'छातीबाट रहरहरू उठेर कुद्छन' ले नारीको अन्तरमनमा दबिएर रहेका सपना, महत्त्वकांङ्क्षा र स्वतन्त्रतालाई जनाउँदछ । 'तर समुन्द्रले नै फेरि किनारबाट पछिल्तिर तानिरहन्छ' ले नारी आफ्नो स्वतन्त्रताको खोजी गर्दै अगाडि बढ्दा पितृसत्तात्मक समाजले संस्कार, मर्यादा र पारिवारिक दायित्वको नाममा पछाडि तानिरहन्छ र नारीलाई पुरानै अवस्थामा फर्काउन खोजिरहन्छ भन्ने भावलाई व्यक्त गर्छ । कवितांशमा आएको 'लहर' नारी स्वतन्त्रताको प्रतीक हो भने 'समुन्द्र' समाजको प्रतीक हो । यहाँ 'रहरहरू उठेर कुद्छन्' भन्नु नै यहाँ नारीको विद्रोहात्मक चेतना जीवित हुनु हो भने 'पछिल्तर तानिरहन्छ' भन्नु नारी स्वतन्त्रताको मार्गमा अझै पनि जटिलता र सङ्घर्ष छ भन्ने कुराको सम्बोधन गर्नु हो । यसरी कविले यहाँ प्रकृति र नारी स्वतन्त्रतामा देखिएका चुनौती, जटिलता र सङ्घर्षलाई अभिव्यक्त गरेकै कारण प्रकृति र नारी स्वतन्त्रताको अभिव्यक्तिका दृष्टिकोणबाट यो कवितांश विश्लेषण योग्य देखिएको छ ।

त्यस्तै पानी प्रकृतिको अर्को रूप हो । यसलाई बन्धनमा राख्दा यसले आफ्नो रूप तथा स्वरूप सबै बिर्सिएको तर मानिसले बन्धनबाट मुक्त गरेपछि खोल्सा, छाँगो, चिउड, बञ्जीजम्पहरूमा स्वतन्त्र रूपमा खुलुलुलु बग्न पाएको र खुसी भएको अभिव्यक्तिलाई कविले 'पानीको मुक्ति' शीर्षकको कवितामा अभिव्यक्त गरेका कारणले यहाँ विश्लेषणका निम्ति लिइएको छ :

रीतिरिवाजको कलशमा बन्द
कि त फिल्टरको खटनमा तपतप चुहिनुपर्ने

अनि तिमी आयौ
र ती बन्धनमा आयतन र आकारबाट मलाई मुक्त गर्‍यौ
अनि म खोल्सा खुलुलुलु स्वतन्त्र बग्न थालेँ
म छाँगो चिउँब बन्जीजम्प गर्दै रमाएँ

बनावटी आकृतिहरूबाट उम्केर म

अब आफूखुसी

अनगिन्ती रूपहरूमा प्रकट हुन्छु हराउँछु फेरि देखिन्छु

मैले त वर्षौंदेखि

आफ्नै आवाज पनि सुन्न नपाएर बिर्सेको थिएछु

अब मुक्त बग्न पाएर म आफ्नै सङ्गीतले मख्ख छु

बन्धनबाट फुस्केको मेरो लय

यति लचकदार रहेछ

अङ्ग अङ्गको मेरो लचक

यति लयपूर्ण रहेछ, ऐले थाहा पाउँदै छु । (पृ.७४)

उल्लिखित उदाहरणमा कविले प्रथम र द्वितीय पुरुषको प्रयोग गरेका छन् । प्रथम पुरुषका रूपमा यहाँ 'म' भनेर पानीलाई सम्बोधन गरेका छन् भने द्वितीय पुरुषका रूपमा यहाँ 'तिमी' भनेर मानिस वा नारीलाई सम्बोधन गरेका छन् । जसरी प्रकृति सधैँ अरूको बन्धनमा बाँधिएकी हुन्छिन् त्यसै गरी नारी पनि पितृसत्तात्मक समाज व्यवस्थाको बन्धनमा बाधिएकी छन् । पानी मानिसको जीवनको आधार हो भने परिवारको आधार नारी हो । नारीबिनाको घर अपूर्ण हुन्छ, लथालिङ्ग्ग हुन्छ, नर्क सरह हुन्छ । त्यसैले पानीबिना जीवन र नारीबिना जीवन तथा घर अपूर्ण हुन्छ तर पनि यो समाजमा नारी र पानी (प्रकृति) दुवैलाई कसरी बन्धनमा राखेको हुन्छ ? वा आफ्नो बन्धनमा पारेको हुन्छ ? भन्ने कुरालाई कविले यहाँ स्पष्ट रूपमा चित्रण गरेका छन् ।

पानी (प्रकृति) को आफ्नै स्वरूप, आकार तथा आकृतिलाई मानवीय समाज व्यवस्थाले आफ्नो अधीनमा राखेर कहिले धर्म र संस्कारका नाममा कलशमा बन्द राख्छ त कहिले आफ्नो आवश्यकतानुसार फिल्टरमा राखेर प्रयोग गर्छ र पानीको स्वतन्त्रतामाथि हनन् गर्छ तर उनी ( पानी) जब बन्धनबाट मुक्त हुन्छिन् तब विभिन्न आकार तथा स्वरूपमा आकृति निर्माण गरी खोला, खोल्सा, छाँगोहरूमा स्वतन्त्र रूपमा बग्दै आफ्नो सङ्गीत भर्न थाल्छिन् र आफ्नै लयमा

रम्न र रमाउन थाल्छिन् । सम्पूर्ण प्राणी तथा वनस्पतिको सृष्टि र जीवनको आधार नै पानी हो । मानिसले आफ्नो धर्म र आवश्यकतानुसार पानीलाई बन्धनमा राख्नु प्रकृति विरोधी कर्म हो । बन्धनमा राख्दा आफ्नो अस्तित्व, मौलिकपन, आयतन, आकार तथा आकृतिसमेत बिर्सिने भएकाले स्वतन्त्र रूपमा छोडिदिनुपर्ने भाव प्रकट गर्दै प्रकृति स्वतन्त्रताको अभिव्यक्ति व्यक्त गरिएको छ ।

त्यसै गरी नारीलाई सामाजिक र सांस्कृतिक बन्धनमा कसरी कैद गरिएको हुन्छ भन्ने कुरालाई कविले यहाँ प्रतीकात्मक रूपमा 'कलश' र 'फिल्टर' का माध्यमबाट स्पष्ट पारेका छन् । नारीलाई देवी मानेर पूजा गर्ने तर पितृसत्तात्मक समाज व्यवस्थाको चौघेरा र संस्कृतिभित्र राख्ने परिपाटीलाई यहाँ 'कलश' का माध्यमबाट स्पष्ट पारिएको छ । 'फिल्टर' ले यहाँ नारीको नैसर्गिक अधिकार तथा स्वभावमाथिको हस्तक्षेपलाई सम्बोधन गर्छ । 'तपतप चुहिनुपर्ने' ले नारीको स्वतन्त्रताको बहाबलाई थोपा थोपामा सीमित गरिदिएको भावलाई जनाउछ । 'अनि तिमी आयौ र ती बन्धनमा आयतन र आकारबाट मुक्त गऱ्यो' ले नारीको चेतना र क्रान्तिलाई सङ्केत गर्दै समाजले तोकिएको आयतन वा सीमाबाट मुक्त भई नैसर्गिक स्वरूपमा फर्किनुपर्ने भावलाई सम्बोधन गर्छ । 'खोल्सा खुलुलुलु स्वतन्त्र बग्न थाले' भन्नु नै कलशको स्थिर पानी खोल्सामा अस्थिर रूपमा स्वतन्त्र बग्नु हो । यो नै नारीको नैसर्गिक स्वभाव हो भन्दै अब नारी कसैको नियन्त्रणमा छैनन्, अविरल रूपमा अगाडि बढिरहेका छन् भन्ने कुरालाई सङ्केत गर्छ । त्यस्तै 'छाँगो र बन्जीजम्प' ले नारी साहसलाई सम्बोधन गर्छ। नारी कोमल मात्र नभई झरनाबाट खस्न र त्यसैमा रम्न सक्ने साहसी बनेकी छन् । किनकि समाजले दिएको बनावटी आकृति ( छोरी, बुहारी र आमा) बाट उम्केर उनी अनगिन्ती रूपमा (सच्चा राष्टसेवक) प्रकट भएकी छन् । जसरी पानीको कुनै आकार हुँदैन र स्वतन्त्र हुन्छ , त्यसै गरी नारी चेतना पनि तरल र व्यापक छ भन्ने कुरालाई यहाँ चित्रण गरिएको छ । 'आफ्नै आवाज पनि सुन्न नपाएर बिर्सेको थिएछ अब मुक्त बग्न पाएर म आफ्नै सङ्गीतले मख्ख छु' ले वर्षौवर्षदेखि अरूको आदेश र इच्छामा बाँच्नुपर्दा नारी आफ्नो अस्तित्व  र क्षमतालाई समेत बिर्सिएका थिए तर जब लैङ्गिक विभेदबाट मुक्त भए तब आफ्नै विचार, स्वतन्त्रता, पहिचान र आत्मनिर्भरतामा अगाडि बढेका छन् भन्ने भावलाई सङ्केत गरिएको छ । 'बन्धनबाट फुस्केको मेरो लय' ले नारीलाई भोग्यवस्तु र सन्तान उत्पादनको साधक मानिने परम्परागत भाष्य निर्माणलाई चिरेको र 'अङ्ग अङ्गको मेरो लचक यति लयपूर्ण रहेछ,' ले जब नारी स्वतन्त्र भइन तबमात्र आफ्नो शक्ति, सौन्दर्य, क्षमता तथा अस्तित्वलाई महसुस गरेको कुरालाई व्यक्त गरिएको छ । समग्रमा भन्नुपर्दा यस कवितांशमा

प्रयोग भएका 'फिल्टर' र 'कलश' यी कृत्रिम वस्तु नारी बन्धनका स्वरूप हुन भने बहाब वा लय नारी स्वतन्त्रताका नैसर्गिक स्वरूप हुन । त्यसैले प्रकृति र नारी स्वतन्त्रताका दृष्टिकोणबाट यो कवितांश उत्कृष्ट रहेको छ ।

त्यस्तै कवि सुब्बाको 'मूलधारा अनि म' शीर्षकको कवितामा नारीको आत्मचेतना, पहिचानको खोज र स्वतन्त्रतालाई गहन रूपमा चित्रण गरेको पाइन्छ । सामाजिक संस्कार, संस्कृति र नीतिनियमबाट अलग भई आफ्नो मौलिकता र आत्मस्वरूपलाई चिन्नुपर्ने कुरालाई नारी चेतनाको विद्रोहात्मक स्वर र आत्मनिर्भर आवाजका माध्यमबाट प्रस्तुत गरिएको छ जसको पुष्टि दिइएको कवितांशले गर्छ :

अहँ,

म अब मूलधाराको लागि मरिमेट्दिनँ

बरु मूलधारा आफै नै पो

त्यसको आफ्नो घुमाउने दहबाट बाहिर निस्की आउनुपर्छ

मेरो अनुहारलाई चिन्न

मेरो धड्कनलाई बुझ्न (पृ.८४)

प्रस्तुत कवितांशमा समाजद्वारा गरिएको नारी परिभाषा, भाषा र संस्कारलाई अन्त्य गरी नारी आफ्नो अस्तित्व र पहिचानको खोजीमा स्वतन्त्र भएर अगाडि बढ्नुपर्छ भन्ने भाव व्यक्त भएको छ । कवितांशमा आएको 'म अब मूलधाराको लागि मरिमेट्दिनँ' अंशले यहाँ समाजद्वारा निर्धारण गरेको नारी भूमिकाको अस्वीकार गर्दै 'म' को हूँ भनी सबैभन्दा पहिले आफैले आफूलाई चिन्नुपर्ने र आफूले रोजेको बाटोमा निर्धक्क रूपमा अगाडि बढ्नुपर्ने भाव व्यक्त गरी नारी पहिचान र स्वतन्त्रताको चित्रण गरिएको छ। त्यसै गरी 'मेरो अनुहारलाई चिन्न मेरो धड्कनलाई बुझ्न' अंशले यहाँ नारीको एक सामान्य विद्रोह मात्र नभई नारी चेतनाको आत्मस्वर हो जसले लाज, भय, संस्कार, संस्कृति र परम्पराको बन्धनबाट बाहिर निस्कने उद्घोष गर्दछ । त्यस्तै 'अनुहारलाई चिन्न र धड्कनलाई बझ्न' अंशले समाजले व्यवस्था गरेको नारीका आन्तरिक आवाजलाई सम्बोधन गरेको छ । कवितामा आएका मूलधारा, घुमाउने दहबाट बाहिर निस्कनु अनुहारलाई चिन्न र धड्कनलाई बुझ्न जस्ता प्रतीकका माध्यमबाट कविले यहाँ नारी स्वतन्त्रता, अधिकार र पहिचानको माग गरेका छन् । कवितामा आएको 'मूलधार' पुरुषप्रधान समाजको

सूचक हो । यही पुरुषप्रधान समाजको संस्कार, संस्कृति र परम्पराकै कारण नारी स्वतन्त्र रूपमा आफूले खोजेको र रोजेको बाटोमा अगाडि बढ्न नपाएकै कारण अब हरेक नारीले आफ्नो पहिचान अस्तित्व र अधिकारको लागि लड्दै स्वतन्त्र रूपमा अगाडि बढ्नुपर्छ भन्ने भावलाई कविले यहाँ विभिन्न प्रतीकका माध्यमबाट साङ्केतिक रूपमा व्यक्त गरेका छन् । त्यसैले यो कवितांश नारी विद्रोहको आवाज मात्र नभएर पुनः निर्माणको आवाज पनि हो भन्दै नयाँ 'म' (नारी) को परिकल्पना गरेका कारणले नारी स्वतन्त्रताको अभिव्यक्तिको दृष्टिकोणबाट यो कवितांश विशिष्ट देखिन्छ ।

## ४.४ *किनाराका आवाजहरू* कवितासङ्ग्रहमा पर्यावरणीय नारीवाद

*किनाराका आवाजहरू* कवितासङ्ग्रहअन्तर्गत चौतिसओटा लामा /छोटा कविताहरू रहेका छन् । यी सोह्रओटा लामा /छोटा कवितामध्ये 'मेरो हिजो, आज र भोलि', 'यी शब्दहरू', 'आदिम माटोको कुरा', 'सबाल्टनको शिर', 'मेरो इतिहासको कुरा', र 'देश अनि म' गरी छओटा कवितामा प्रयुक्त पर्यावरणीय नारीवादलाई यहाँ विश्लेषण गरिएको छ ।

### ४.४.१ प्रकृति र नारी दोहनको विरोध

सुब्बाका *किनाराका आवाजहरू* कवितासङ्ग्रहअन्तर्गतका कवितामध्ये 'मेरो हिजो, आज र भोलि' र 'यी शब्दहरू' कवितामा प्रयुक्त प्रकृति र नारी दोहनको विरोध गर्दै नारी र प्रकृतिको चिन्तन तथा समानपूर्ण भाव व्यक्त गरिएको छ । नारी र प्रकृतिको शोषण विरूद्ध आवाज उठाउदै प्रकृति नै नारी शक्तिको स्वरूप हो भन्दै मानिसले प्रकृतिमाथि गरेको आक्रमण र नारी विद्रोहलाई यहाँ प्रस्तुत गरिएको छ, जसको पुष्टि दिइएको उदाहरणबाट गर्न सकिन्छ :

भो, जिद्दी नगर्नोस्, महाशय !

यो बिउ भोलि उमार्न राखेको

कुनै कीमतमा बेच्दिनँ

हेर्छु, मेरो भोलिलाई

कुनै बलात्कारीले कोठरीमा थुनिराख्दोरहेछ

आखिर, मालसिरी पढेर निस्केको छु

म खडगबहादुर विष्टको खुकुरी,

हान्छु गर्दनमा ! (पृ. ५६)

उल्लिखित कवितांशमा मानिसले प्रकृतिमाथि गरेको आक्रमणलाई गहन रूपमा प्रस्तुत गरिएको छ । भोलिका सन्तानका लागि साचेर राखेको बिउ हो यो । यही बिउबाट भोलि धेरै सन्तानहरू जन्माउनु छ । त्यसैले यो बिउलाई जति नै मूल्य वा पैसा दिए पनि म बेच्नेवाला छैन् । पैसासँग यो बिउ साट्ने छैन । मेरो लागि पैसाभन्दा ठुलो यही बिउ हो जसबाट भोलिका लागि धेरै सन्तानहरू जन्माउनुछ, उर्मानुछ । त्यसैले तपाईं (वक्ता पात्र) ले धेरै जिद्दी नगर्नुहोस् । पैसाको लोभ देखाएर मेरो अस्तित्व समाप्त गर्ने सोचमा नलाग्नुहोस् । म धनदौलतको पछि लाग्ने मानिस होइन । पैसाका लागि आफ्नो सन्तानहरू गुमाउन चाहन्न । भोलिको भविष्य सोचेर अगाडि बढ्ने गर्छु । 'म' पनि नवदुर्गाको स्वरूप हूँ, मेरो भविष्यलाई कसले के गर्दो रहेछ हेर्छु । मेरो भविष्यप्रति आक्रमण गर्ने जो कोहीलाई त्यसै छोड्ने छैन जसले आक्रमण गर्छ उसलाई जसरी नवदुर्गाले आफ्नो दैत्य, राक्षस वा नकारात्मक शक्ति तथा तत्त्वहरूमा खड्ग प्रहार गरेर तामसी शक्तिलाई परास्त गरिन्, मारिन् र शाश्वत विजय प्राप्त गरेकी थिइन् त्यसै गरी मलाई बन्धक बनाई राख्नेलाई, ममाथि आक्रमण गर्नेलाई नवदुर्गाले खड्ग प्रयोग गरे जस्तै गरी मैले पनि खुकुरी तिनको गर्दनमा प्रहार गर्ने छु भन्दै वक्तापात्रको माध्यमबाट यहाँ प्रकृतिको विद्रोहात्मक भाव प्रस्तुत गरिएको छ ।

पितृसत्तात्मक समाज व्यवस्थाको नारीप्रतिको सामन्तवादी विचारधारा र त्यस विचारधाराप्रति नारीले गरेको विद्रोहलाई यहाँ 'यी शब्दहरू' कविताका माध्यमबाट कविले मार्मिक रूपमा प्रस्तुत गरेका छन्, जसको पुष्टि दिइएको कविताबाट गर्न सकिन्छ :

तिम्रो सामन्ती विचारको भारी बोकेर

हिँड्ने छैनन् अब यी शब्दहरू ।

यिनीहरूले

आफू फुका भएको घोषणा गरिसके ।

तिम्रो प्रपग्याण्डा र विज्ञापनको कङ्क्रिट खेतबारीमा
यी शब्दहरू जोतिनसम्म जोतिए
तर बधाई-पत्र र अभिनन्दनहरूमा
यी शब्दहरूले कहिले ठाउँ पाएनन् ।

आज आफ्नै करङको एकोडियन बजाउँदै
यिनीहरूले
आफ्नो हजुरबुबाको पनि हजुरबुबाले गाएको गीत
फेरि खोजिनिकाली कोरस गाउँदै छन् । (पृ. ७०)

उल्लिखित कवितामा परापूर्वकालदेखिको सामन्तवादी समाजव्यवस्थाले नारीप्रति गरेको व्यवहार, राखेका विचारधारा र नारीलाई दिएको स्थानप्रति नारीले दुःख प्रकट गरेका छन् । प्राचीन समयमा हाम्रा बाजेबराजुको समयदेखि नारीलाई जुन स्थान दिएको छ त्यो स्थान आजको एक्काइसौँ शताब्दीमा पनि कायम छ तर पहिलेको तुलनामा आजको समाज धेरै शिक्षित र विकसित भइसकेको छ । नारी पनि धेरै शिक्षित भइसकेका छन् । त्यसैले यो सामन्तवादी समाजव्यवस्था अबका नारीलाई स्वीकार्य छैन । आफ्नो हकअधिकारको प्रयोग कसरी गर्नुपर्छ भन्ने कुराको चेतना हरेक नारीमा जागृत भएको छ । अहिलेका नारी कसैले रोकेर र छेकेर छेकिनेवाला छैनन् । कसैको अधीनमा बस्नेवाला पनि छैनन् । आफूमाथि भएका अन्याय अत्याचारको खुलेर विरोध गर्छन् । नारी अब स्वतन्त्र भएका छन् । पुरुषसरह सक्षम भएका छन् । नारीलाई जसरी प्रोपगन्डा, विज्ञापन र पोस्टका लागि प्रयोग गरेर नारी अस्मिता लुटिरहेका थियौ । उपभोग्य वस्तुका रूपमा मात्र प्रयोग गरेका थियौ तर त्यही नारीले गरेका कार्यबाट सफलता प्राप्त गर्दा र नारी स्वयमले सफलता प्राप्त गर्दा समेत नारीलाई कहिकतै पनि बधाई तथा अभिनन्दनका कुनै पनि कार्यमा स्थान नै दिइएन । नारीले स्थान पाए त केवल विज्ञापनका होडिङ बोडमा मात्र । यसरी नारी आफूले सफलता प्राप्त गर्दा बधाई तथा अभिनन्दन हुने स्थानमा अभिनन्दन नहुदाँ पनि सहेर बसेका थिए । त्यसैले बाजेबराजुका समयदेखि नारीमाथि हेरिएको दृष्टि अब हामीले परिवर्तन गर्ने छौँ । हाम्रा आमाहरूलाई दिइएको त्यो सबै दुःख, कष्ट

तथा अपमानलाई यही सामन्तवादी समाज व्यवस्थाबाट एक एक गरेर हामीले हिसाब गर्ने छौँ भन्ने किसिमको भाव यस कवितामा व्यक्त भएको छ ।

कवितामा प्रयोग गरिएको, 'सामान्ती विचार' ले यहाँ पुरुषप्रधान समाजले नारीप्रति राखिएका खराब विचारधाराको सङ्केत गरेको छ । त्यसै गरी 'आफू फुक्का भएको घोषणा' ले नारी सही र गलत छुट्याउन सक्ने भएका छन् । नारी आफैमा सक्षम भएका छन् । पुरुषको अधीनमा बस्ने छैनन् । स्वतन्त्र भएका छन् भन्ने भाव यहाँ प्रस्तुत भएको छ । कवितामा प्रयुक्त 'प्रोपगन्डा र विज्ञापनको कङ्क्रिट खेतबारीमा जोतिनसम्म जोतिए तर बधाई पत्र र अभिनन्दनमा कहिकतै ठाउँ पाएनन्' ले नारीलाई प्रयोग मात्र गर्ने तर नारीकै कारण सफलता प्राप्त गरेको स्थानमा समेत नारीलाई सम्मान गरिएन । नारीले प्राप्त गरेको सफलतामा समेत उल्टो पुरुषपात्र खडा गरेर अभिनन्दन गरियो तर नारीलाई एक असल पात्रका रूपमा स्वीकार गर्नसमेत तयार नभएको सामान्तवादी समाजव्यवस्थाको दृष्टान्तलाई यहाँ प्रस्तुत गरिएको छ । त्यसै गरी 'हजुरबुवाको पनि हजुरबुवाले गाएको गीत फेरि खोजी निकाली कोरस गाउँदै छन' अशंका माध्यमबाट यहाँ प्राचीनकालीन समाजव्यवस्थाले नारीलाई जुन रूपमा हेरेको थियो, जुन गीतहरू सिर्जना गरिएका थिए र जुन नीतिनियम बनाइएका थिए । त्यो सबै अहिलेको समय विपरीत छ । नारी अहिले धेरै अगाडि बढेका छन् । नारी आफैमा सक्षम छन् भन्ने भाव यहाँ प्रस्तुत भएको छ । यसरी कवितामा प्रयोग गरिएको सामन्ती विचार, फुक्का भएको घोषणा, प्रोपगन्डा र विज्ञापनको कङ्किट, बधाई पत्र र अभिनन्दनहरू एकोडियन, हजुरबुवाको पनि हजुरबुवा, कोरस जस्ता विभिन्न शब्दहरूको प्रयोगका माध्यमबाट प्राचीनकालीन सामन्तवादी समाजव्यवस्था र अहिलेको अवस्थालाई एकअर्कामा तुलना गर्दै नारी सक्षमताको चेतना उजागर भएको कुरालाई यहाँ व्यक्त गरिएको छ र अन्त्यमा नारीमा आएको चेतनाकै कारण युगौँदेखि आफूमाथि भएका अन्याय अत्याचारलाई नारीले खुलेर विरोध गरेको विद्रोहात्मक भाव पनि यस कवितामा प्रकटित भएको छ । त्यसैले पर्यावरणीय नारीवादी दृष्टिकोणबाट यो कवितांश उत्कृष्ट रहेको छ ।

### ४.४.२ मातृशक्तिका रूपमा प्रकृति र नारीको चित्रण

कवि सुब्बाका *किनाराका आवाजहरू* कवितासङ्ग्रहअन्तर्गतका कवितामध्ये 'आदिम माटोको कुरा' र 'सबाल्टनको शिर' कवितामा प्रयुक्त नारी र प्रकृतिको चिन्तन तथा सम्मानपूर्ण भाव व्यक्त गर्दै नारी र प्रकृतिबिच रागात्मक आकर्षण रहेको हुन्छ भन्ने कुरा व्यक्त गरेका छन् ।

प्रकृतिको सामर्थ्यलाई हिमाल र चट्टानका  माध्यमबाट 'आदिम माटोको कुरा' शीर्षकको कवितामा व्यक्त गरेका छन्, जसको पुष्टि दिइएको कवितांशबाट गर्न सकिन्छ :

'तिम्रो आदिमताको प्रमाण म दिन्छु' - भन्यो मलाई हिमालले,

'म टेथिजको गर्भमा छदाँ

तिमी माछा थियौ त्यो सागरको पानीमा !'

चट्टानले पनि भन्यो -'तिमी सुनाखरी फुल्यौ मेरो काप-कापमा' ।

(पृ. ५८)

उल्लिखित कवितांशमा प्रकृतिको सामर्थ्यलाई हिमाल र चट्टानका माध्यमबाट स्पष्ट पारिएको छ । अहिलेको हिमाल इतिहासमा वा प्राचीन समयमा टेथिज सागर (समुन्द्र) को समथर मैदान थियो । त्यतिबेला त्यस समुद्रमा तिमी माछा भएर बसेका थियौ । समुद्रको पानीमा जब समुद्र भू-भाग बिस्तारै बिस्तारै हिमालमा परिणत हुदैं जान थाल्यो तब सागरको पानीको मात्रा पनि घट्दै गएर त्यहाँ चट्टानहरू देखिन थाले । समयको क्रमसँगसँगै टेथिज सागर हिमालयन पर्वतमा जब परिवर्तन भयो तब पहिलेको त्यो सागर चट्टानमा परिणत भयो र त्यस चट्टानका काप कापमा हरेक किसिमका बोटबिरुवा तथा सुनाखरीहरूको जन्म भएको छ । त्यस चट्टानलाई तिनै सुनाखरीहरूले आफ्नो कब्जामा लिएका छन् भन्दै कविले यहाँ प्रकृतिले चाहिन भने समुन्द्रको समथर जमिनलाई हिमालय पर्वतमा खडा गर्न, समुद्रलाई चट्टानमा परिणत गर्न र चट्टानमा विभिन्न किसिमका वनस्पतिको जन्मदिन वा प्राण भर्न सक्छिन् भन्ने कुरालाई यहाँ हिमाल, टेथिजको गर्भ, माछा, सागरको पानी, चट्टान र सुनाखरी जस्ता विभिन्न बिम्बका माध्यमबाट चित्रात्मक रूपमा प्रस्तुत गर्दै प्रकृति शक्तिको महिमागान मार्मिक ढङ्गबाट गाइएको छ । कवितांशमा उल्लेख गरिएको 'हिमाल' शब्दले पुलिङ्ग र 'चट्टानको काप' ले स्त्रीलिङ्गलाई सङ्केत गर्दै विपरीत लिङ्गप्रतिको प्रेमाकर्षण र यौन सम्बन्धलाई समेत यस कवितांशमा प्रस्तुत गरिएको छ भन्ने भाव यसमा प्रस्तुत भएको छ ।

कवि सुब्बाले 'सबाल्टर्नको शिर' शीर्षकको कवितामा दुबो तथा प्रकृतिको शक्ति र यसको क्षमतालाई प्रस्तुत गरेका छन् । पानी र सौर्यशक्तिको सहायताले प्रकृतिमा वर्षौं दबिएर रहेका पुराना वनस्पति, झारपात तथा दुबोको पनि पुनः सृष्टि हुन्छ  र त्यसले आफ्नो वरिपरिको भू-

भाग ओगटेको हुन्छ तब कुनै पनि वनस्पति, झारपात तथा दुबोले आफ्नो अस्तित्वको पहिचान गराउँछ । प्रकृतिले जब आफू हुनुको भाव प्रकट गर्दै आफ्नो सौन्दर्य प्रस्तुत गर्छ तब मानिसहरू पनि त्यसलाई माया गर्न पुग्छन् भन्ने भाव कवि सुब्बाले प्रस्तुत गरेका छन्, जसको पुष्टि दिइएको कवितांशबाट गर्न सकिन्छ :

फलाममुनि वर्षौं दबिएर पनि

नमरेको विचारको दूबोहरू ऐले

आफ्नो बण्डामा पर्ने आकाश सुम्सुम्याउँदै छन्

अब घुइँक्याइदिन्छु यो हेल्मेट

मेरो आकाश मसम्म ओर्लिसक्यो

मेरो शिरलाई मायाले मुसार्न (पृ. ६०)

उल्लिखित कवितांशमा दुबो र प्रकृतिको सामर्थ्यलाई प्रस्तुत गर्दै कवि सुब्बाले पृथ्वी र मानिसको अन्तरसम्बन्धलाई प्रस्तुत गरेका छन् । पृथ्वी र पृथ्वीमा रहेका विभिन्न किसिमका वनस्पति तथा घाँसपातलाई क्षणिक रूपमा विनाश गरेर मानिसले आफूलाई चाहिने वस्तु उत्पादन गरे तापनि समयको चक्रसँगै प्रकृतिको शक्तिका माध्यमबाट विनाश गरिएका वस्तुहरूले पुनः आफ्नो जीवन अगाडि बढाएका हुन्छन् र आफ्नो स्थान ओगटन सफल हुन्छन् । प्रकृति रूपमै पुनः पृथ्वीमा सृष्टि भएर हुर्कदै, बढ्दै फल दिन्छन् भन्दै धर्तीको विशालताको वर्णन गहन पर्यावरणीय चेतनाका आधारमा प्रस्तुत गरिएको छ । धर्ती वा प्रकृतिलाई मानिसले जति विनाश गर्न खोज्यो त्यति नै प्रकृति फैलिएर आउछिन् । त्यसको विनाश गर्न सकिदैन । यसप्रकारले हुने प्रकृतिको आन्तरिक विस्तारले मानिसको चिन्तनमा समेत विस्तार गर्छ भन्दै प्रकृति र मानिस ( नारी) को आत्मिक सम्बन्धलाई यहाँ स्पष्ट पारिएको छ । यसरी यी विभिन्न किसिमका प्रकृति वन-वनस्पति, घाँसपात तथा बोटबिरुवाले जब फल दिन थाल्छ अनि त्यसले प्रकृतिलाई सुन्दर बनाउदै मानवीय जीवनमा ठुलो सहयोग पुऱ्याउँछ तब मात्र मानिसले त्यसको संरक्षण गर्ने, त्यसलाई माया गरेर राख्ने गर्छन् भन्ने कुरालाई कवि सुब्बाले माथिको कवितांशमा फलाममुनि

बर्षौ दबिएर नमरेको दुबो, आकाश, हेल्मेट र शिर जस्ता शब्दको प्रयोग गरी प्रतीकात्मक रूपमा प्रकृतिको शक्ति र पृथ्वीमाथिको मानिसको अतिक्रमणलाई यहाँ प्रस्तुत गरेका छन् ।

### ४.४.३ प्रकृति र नारी सौन्दर्यको अभिव्यक्ति

सुब्बाका *किनाराका आवाजहरू* कवितासङ्ग्रहअन्तर्गतका विभिन्न कविताहरूमध्ये 'मेरो इतिहासको कुरा' शीर्षकको कवितामा समावेश प्रकृति र नारीसौन्दर्यलाई यहाँ विश्लेषणका रूपमा लिइएको छ । कविले यस कवितामा वीर गोर्खालीको इतिहास नै नेपालीको परिचय हो । हामी गोर्खालीले पढेर जुनसुकै भाषा बोले तापनि हामी नेपाली नै हौँ । नेपाली कहिल्यै परिवर्तन हुने छैनौँ, कहिल्यै बदलिने छैनौँ भन्ने भावलाई कविले 'मेरो इतिहासको कुरा' शीर्षकको कवितामा व्यक्त गरेका छन्, जसको पुष्टि दिइएको उदाहरणबाट गर्न सकिन्छ :

मेरो इतिहासको मुखभित्र जुन जिब्रो छ नि
त्यसको आकृति नै मेरो गाउँको मानचित्र हो
र त्यो जिब्रोले
जुनै भाषा बोले पनि
कुरा चैं त्यसको कहिले बद्लिने होइन । (पृ. ६८)

माथिको उदाहरणमा नारी अस्तित्वलाई भूगोल (प्रकृति) सँग एकाकार गर्दै भाषा र संस्कृतिको बाह्य आवरणभन्दा माथि माटोको सत्यलाई स्थापित गरेको छ । पितृसत्तात्मक समाजले नारी र प्रकृतिलाई निष्क्रिय वस्तुका रूपमा हेर्छ तर कविले यहाँ सक्रिय भूगोलका रूपमा प्रस्तुत गरेका छन् । यहाँ नारी सौन्दर्य बाह्य श्रृङ्गारमा नभएर आफ्नो गाउँको मानचित्रमा खोजिएको छ । 'त्यसको आकृति नै मेरो गाउँको मानचित्र हो' पङ्क्तिले यहाँ पर्यावरणीय नारीवादको मुख्य मर्मलाई सम्बोधन गर्दै शरीर (नारी शरीर) र भूगोल (प्रकृति) बिचको अभेद्य सम्बन्धलाई प्रस्तुत गरेको छ । 'जुनै भाषा बोले पनि कुरा चैं त्यसको कहिले बद्लिने होइन' पङ्क्तिले भाषा र कुराबिचको दार्शनिक अन्तरलाई प्रस्तुत गर्छ । 'मेरो इतिहासको मुखभित्र जुन जिब्रो छ नि' पङ्क्तिले इतिहासलाई एउटा जीवित प्राणीका रूपमा प्रस्तुत गरी पितृसत्ताले लेखेको इतिहास प्रायः मृत तथ्यहरूको सङ्ग्रह भएको तर नारीवादी इतिहास मौखिक परम्परा, गीत र स्मृतिमा बाँचेको कुरालाई प्रस्तुत गर्छ । यहाँ 'मुखभित्रको जिब्रो' भन्नु नै नारीको मौखिक इतिहासलाई सम्बोधन गर्नु हो जुन प्रकृतिसँग पुस्तौँदेखि हस्तान्तरित हुदैँ आएको छ । नारीवादी

सौन्दर्यशास्त्रीय दृष्टिकोणबाट हेर्दा नारीले दबाब वा समयको मागअनुसार जुनसुकै भाषा बोले तापनि नारी हृदय भने सदैव आफ्नै गाउँ/प्रकृति वा माटोसँग जोडिएको हुन्छ भन्दै कवि यहाँ अपरिवर्तनीय निष्ठाका माध्यमबाट नारी शक्ति र सौन्दर्यको चित्रण गरेका छन् । प्रकृति वा नारीलाई जति नै आधुनिक कङ्क्रिटले ढाकेर बाहिरी आवरण सुन्दर बनाए तापनि प्रकृति (माटो) को अस्मिता र नारीको भित्रिमन (मानचित्र) को अस्मिता कहिल्यै बद्लिदैन जुन प्रकृतिको शाश्वत नियम हो भन्दै कविले प्रस्तुत कवितांशमा प्रकृति र नारीलाई एकअर्काको परिपूरकका रूपमा प्रस्तुत गरेका छन् । नारीको अभिव्यक्ति (जिब्रो) र स्थान (गाउँ) एकै हुनु भनेको नारी र प्रकृतिको सौन्दर्य र शक्ति सधैँ गाउँ वा स्थानीयतामै निहित हुनु हो । विश्वव्यापीकरण वा पितृसत्ताले जस्तोसुकै भाषा बोल्न बाध्य पारे तापनि नारी र प्रकृति अस्तित्वको मौलिक नक्सा कहिल्यै बद्लिने छैन यो नै पर्यावरणीय नारीवादको प्रतिरोधी सौन्दर्य हो भन्दै कविले यहाँ गाउँको प्रकृति स्थानीय सौन्दर्य र नारीको प्रकृति सौन्दर्यलाई जिब्रोको आकृति र गाउँको मानचित्रका माध्यमबाट स्पष्ट पारेका छन् । त्यसैले पर्यावरणीय नारीवादी दृष्टिकोणबाट यो कवितांश विश्लेषण योग्य रहेको छ ।

### ४.४.४ प्रकृति र नारी स्वतन्त्रताको अभिव्यक्ति

सुब्बाका *किनाराका आवाजहरू* कवितासङ्ग्रहअन्तर्गतका विभिन्न कविताहरूमध्ये 'यी शब्दहरू' र 'देश अनि म' शीर्षकका कवितामा प्रयुक्त प्रकृति र नारी स्वतन्त्रताको अभिव्यक्तिलाई यहाँ विश्लेषणका रूपमा लिइएको छ । कविले 'यी शब्दहरू' शीर्षकको कवितामा 'यी शब्द' भनेर पुरुषप्रधान समाजले नारीमाथि राखेका खराब विचारधारालाई सम्बोधन गरेका छन् । पुरुषप्रधान समाजले नारीमाथि लगाएका अनेक बन्धन र गरेका अन्याय अत्याचारलाई सहदै यस समयसम्म नारी आए तापनि अब नारीले आफूमाथि हुने कुनै पनि किसिमको अन्याय, अत्याचार, शोषण तथा दमनलाई सहने छैनन् । नारी स्वतन्त्र भइसकेका छन् भन्ने भावलाई कवि स्पष्ट पार्दै भन्छन् :

> तिम्रो सामन्ती विचारको भारी बोकेर
>
> हिँड्ने छैनन् अब यी शब्दहरू ।
>
> यिनीहरूले
>
> आफू फुका भएको घोषणा गरिसके । (पृ. ७०)

नारी र पुरुषबिचमा गरिएको विभेदलाई सम्बोधन गरी लेखिएको उक्त कवितांशमा नारी स्वतन्त्रता प्रकट भएको छ । कवितांशमा आएको 'सामन्ती विचार' ले यहाँ पितृसत्तात्मक संरचनालाई सङ्केत गर्छ । प्राचीन समयदेखि नारीलाई धर्म, संस्कृति, परम्परा र नैतिकताका नाममा जुन भारी बोकाइयो त्यो वास्तवमा पितृसत्तात्मक सामन्ती सोच हो । 'भारी बोक्नु' भनेको बिना कुनै प्रतिवाद नारीले पितृसत्तात्मक समाजको मूल्यमान्यतालाई स्वीकार गर्नु हो । 'हिड्ने छैनन् अब यी शब्दहरू' ले यहाँ अब नारीहरू पुरुषले बताएको भाषा, परिभाषा र कोरिदिएको सीमाभित्र बस्दैनन् । आफ्नो अस्तित्व र पहिचानमा अगाडि बढ्ने छन् भन्ने कुराको बोध गर्छ । 'आफू फुक्का भएको घोषणा गर्नु' भनेको नारी कसैको स्वामित्वमा नरहनु हो । पितृसत्तात्मक समाज व्यवस्थाका सम्पूर्ण नीतिनियमको साङ्लो चुडाएर आफू स्वतन्त्र भएको घोषणा गर्नु हो ।

समाजमा नारीसंरक्षण तथा धर्मसंस्कारका नाममा पुरुषका अनेक सामन्ती प्रवृत्तिलाई नारीले निकै कष्टका साथ अँगालेर अगाडि बढिरहेका थिए तर अब पुरुषप्रधान समाजले धर्म, संस्कार र इज्जतका नाममा नारीमाथि गरेका अनेक कुदृष्टि, कुविचार र कुकार्यलाई नारी अब चुप लागेर सहने छैनन् । त्यसको विरोध गर्दै आफ्नो हक, अधिकार र स्वतन्त्रताको खोजी गर्ने छन् । आफ्नो जीवनको उद्देश्य र लक्ष्यमा पुग्नका लागि कुनै पनि परिस्थितिमा नरोक्किई अगाडि बढ्न सक्षम भएका छन् । नारीमा शिक्षाको चेतनाको विकास भइसकेको छ । 'म' को हुँ ? मेरो लक्ष्य के हो ?, 'म' कहाँ कुन अवस्थामा रहनुपर्छ ? र गाउँ, समाज, राष्ट्र र घरपरिवारमा मेरो कर्तव्य के हो ? भन्ने कुराको समेत ज्ञान नारीमा रहेको छ । आफूसँग ज्ञान तथा चेतना भएर पनि आफ्नो विचार राख्नबाट वञ्चित गरेको यस समाजलाई अब हामी नारीले पनि नारी हुनुको भाव र नारीशक्ति प्रदर्शन गर्नुपर्ने समय आइसकेको छ । त्यसैले अब हामी पुरुषप्रधान समाजले जबरजस्ती लगाइदिएको ट्याग भिरेर बस्नेवाला छैनौँ । हामी आफ्नो हकअधिकारको प्रयोग गर्दै स्वतन्त्र जीवन बिताउने छौँ भन्दै नारी आफू स्वतन्त्र भएको घोषणा गरेको भावलाई कविले यस कवितांशमा व्यक्त गरेका छन् ।

त्यसै गरी कविले यस कवितांशमा 'तिम्रो' भनेर पुरुषप्रधान समाज वा पुरुषलाई सम्बोधन गरेका छन् भने 'यिनीहरू' भनेर यहाँ नारीहरूलाई सम्बोधन गरेका छन् । त्यसै गरी 'सामन्ती विचार' भनेर कविले यहाँ एकातिर पुरुषका खराब विचारधारालाई प्रस्तुत गरेका छन् भने अर्कोतिर यसलाई प्रकृतिकेन्द्री दृष्टिकोणबाट हेर्दा मानिसले आफूलाई पृथ्वीको मालिक र प्रकृतिलाई उपभोग्य वस्तु (दास) का रूपमा सोच्नु हो । विकासका नाममा प्रकृतिलाई अनेकौँ दुःख दिएको

छ । अनावश्यक भारी बोकाइएको छ भन्ने कुराको बोध हुन्छ । त्यसैगरी 'हिड्ने छैनन् अब यी शब्दहरू' ले प्रकृतिको विभिन्न रूपहरू जस्तै जलवायु परिवर्तन, बाढी र पहिरोहरू मानिसको इसारामा चल्दैनन् भन्दै प्रकृतिको वास्तविक रौद्र रूपका माध्यमबाट यहाँ प्रकृति स्वतन्त्रतालाई सङ्केत गरिएको छ । प्रकृति जब मानिसको नियन्त्रणबाट बाहिर जान्छ तब आफ्नो नैसर्गिक लयमा फर्कन्छ भन्दै कविले यहाँ प्रकृति स्वतन्त्रतालाई चित्रण गरेका छन् ।

त्यस्तै कविले 'देश अनि म' शीर्षकको कवितामा प्रकृति र नारीबिचको गहिरो र भावनात्मक सम्बन्धलाई प्रस्तुत गरिएको छ । प्रकृतिको शान्त परिवेश, सुन्दरता, स्वच्छता, निर्दोषता र स्वतन्त्रताको अभिव्यक्ति प्रस्तुत गर्दै नारी अस्तित्व, आवाज, चेतना र पहिचानको खोजी यस कवितामा गरिएको छ, जसको पुष्टिका लागि दिइएको उदाहरणलाई हेर्न सकिन्छ :

> अब भने तिमीले मलाई यसरी नदेखिरहन पाउने छैनौ । देशको
> अनुहारको एक कुनामा म निला पहाड एक सानो निला कोठी
> उम्रिन्छु । त्यसपछि देख्नेछौं देशको अनुहारलाई बान्की पार्ने
> गरी उम्रिएको त्यो बान्किलो कोठीमा मेरो छुट्टै अनुहार छर्लङ्ग (पृ. ७२)

प्रस्तुत कवितांशमा प्रकृतिको स्वच्छता, स्वतन्त्रता र निर्दोषपनलाई अभिव्यक्त गरिएको छ। कवितांशमा आएको 'तिमीले मलाई यसरी नदेखिरहन पाउने छैनौ' अंशले यहाँ नारी अस्तित्व र पहिचानको माग गरेको छ। 'निला पहाड र सानो निला कोठी' ले प्रकृतिको शान्तपन, सुन्दरता र स्वतन्त्रतालाई सङ्केत गर्दै प्रकृतिको स्वतन्त्रता र पहिचानको भाव प्रस्तुत भएको छ । त्यसै गरी 'मेरो छुट्टै अनुहार झल्कन्छ' अंशका माध्यमबाट यहाँ नारी अस्तित्व, आवाज, चेतना र पहिचानको सम्बोधन गरिएको छ। यसले देश र समाजको संरचनाभित्र नारी स्वतन्त्रताको खोजी गर्छ। कवितांशमा आएका देश, अनुहार, एक कुना, निला पहाड र सानो कोठी जस्ता बिम्बका माध्यमबाट कविले यहाँ नारीचेतना र प्रकृतिसँग गाँसिएको नारीको आत्मीयतालाई प्रस्तुत गरेका छन् । नारी सङ्घर्ष, स्वतन्त्रता र पहिचान निर्माणको प्रयासले नै प्रकृति जस्तै स्वतन्त्र, मौलिक र अस्तित्ववान् बन्न सक्ने आकाङ्क्षा अभिव्यक्त गर्दै प्रकृति र नारीको सौन्दर्य, शक्ति र स्वतन्त्रताको चित्रण यस अंशमा केन्द्रीय भावका रूपमा प्रस्तुत भएको छ ।

## ४.५ *नेत्तिफूङ्को बास्ना* कवितासङ्ग्रहमा पर्यावरणीय नारीवाद

*नेत्तिफूङ्को बास्ना* कवितासङ्ग्रहअन्तर्गत तेत्तिसओटा लामा /छोटा कविताहरू रहेका छन् । यी तेत्तिसओटा लामा /छोटा कवितामध्ये 'निःशस्त्र', 'पानीको मुक्ति', 'नेत्तिफूङ्को बास्ना' र 'एक जोडी आँखा गौँथली' गरी चारओटा कवितामा प्रयुक्त पर्यावरणीय नारीवादलाई यहाँ विश्लेषण गरिएको छ ।

### ४.५.१ मातृशक्तिका रूपमा प्रकृति र नारीको चित्रण

कवि सुब्बाको *नेत्तिफुङ्को बास्ना* कवितासङ्ग्रहभित्रका विभिन्न कविताहरूमध्ये 'निःशस्त्र' शीर्षकको कवितामा अभिव्यक्त मातृशक्तिका रूपमा प्रकृति र नारीको चित्रणलाई यहाँ विश्लेषणका रूपमा लिइएको छ । यस कवितामा कविले नारीशक्ति र सामार्थ्यलाई कलात्मक रूपमा प्रस्तुत गरेका छन् । कविले यहाँ नारी स्पर्श, उपस्थिति र प्रभावलाई गहन तरिकाले प्रस्तुत गर्दै नारी केवल प्रेमिका वा स्त्रीमात्र नभएर जीवन शक्ति हो भन्ने कुरालाई प्रस्तुत गरेका छन्, जसको पुष्टि दिइएका यी हरफले गर्छन् :

अहँ, थाहै थिएन
कि तिम्रो सामुन्ने म यस्तरी
नाङ्गिँदै पनि जानसक्छु

कुन्नि कति बेला हो
मेरा मान र शानहरू
एक एक गर्दै फुकालेर
मैले तिम्रा खुट्टाका नङहरूमा
राखिसकेछु
स्वाभिमानको यौटा कर्णकवच थियो
त्यो पनि छातीबाट च्यातेर उप्काई

तिम्रो हत्केलामा मुस्कुराउँदै राखिदिइसकेको छु

अब म यति निःशस्त्र छु

कि यो छातीमा तिम्रो कान्छी औँलीले घोचे पुग्छ

म रगताम्य हुन्छु (पृ.५६)

प्रस्तुत कविताांशमा नारीप्रतिको समर्पण, विश्वास र अवशेषहीन प्रेमले मातृत्वको त्याग र प्रकृतिको त्यागलाई दर्शाएको छ । कवितामा उल्लेख गरिएको 'एक एक गर्दै फुकालेर मैले तिम्रा खुट्टाका नङहरूमा राखिसकेको छु' भन्ने अंशले यहाँ नारीप्रतिको समर्पण, विश्वास र अवशेषहीन प्रेमको त्यागलाई दर्साएको छ। जसरी प्रकृतिले आफ्नो सबै थोकलाई त्यागेर हामीलाई जीवन दिएकी हुन्छिन् । त्यसै गरी नारीले पनि आफ्ना सम्पूर्ण कुरा त्याग गरेर आफ्नो परिवारलाई जीवन दिएकी हुन्छिन् वा भनौ परिवारको जीवन उज्वल बनाएकी हुन्छिन् भन्ने कुरालाई प्रस्तुत गरिएको छ। त्यसै गरी 'स्वाभिमानको यौटा कर्णकवच थियो त्यो पनि छातीबाट च्यातेर उत्काई तिम्रो हत्केलामा मुस्कुराउँदै राखिदिइसकेको छु' भन्ने अंशले नारीलाई प्रकृतिसँग तुलना गरेको छ र नारी पनि प्रकृति भैँ सुन्दर र शक्तिशाली (ऊर्जाशील) हुन्छिन् भन्ने कुराको चित्रण गरिएको छ । त्यस्तै कविताांशमा आएको 'तिम्रो कान्छी औँलीले घोचे पुग्छ' अंशले यहाँ नारीको कोमल स्पर्शभित्रको घातक शक्तिलाई सङ्केत गरेको छ । नारीको कोमलता (प्रकृति) र सामर्थ्य ( मातृशक्ति) लाई प्रस्तुत गर्दै प्रकृतिमा जस्तै नारीमा पनि उर्वरता र विनाशकारी हुन्छ भन्ने कुराको चित्रण गरिएको पाइन्छ। यसका साथै नारीलाई मातृशक्ति र प्रकृतिको प्रतीकका रूपमा समेत चित्रण गरिएको हुनाले यो कविता मातृशक्तिका रूपमा प्रकृति र नारी चित्रणका दृष्टिले उत्कृष्ट रहेको छ।

### ४.५.२ प्रकृति र नारी सौन्दर्यको अभिव्यक्ति

कवि सुब्बाको *नेत्तिफुङ्को बास्ना* कवितासङ्ग्रहभित्रका विभिन्न कवितामध्ये 'पानीको मुक्ति' र 'नेत्तिफुङुको बास्ना' शीर्षकको कवितामा अभिव्यक्त प्रकृति र नारी सौन्दर्यको अभिव्यक्तिलाई विश्लेषणका रूपमा लिइएको छ । 'पानीको मुक्ति' शीर्षकको कवितामा कविले पानीको प्रकृति सुन्दरतालाई चित्रण गरेका छन् । पानीको आफ्नोपन, त्यसले दिने सुन्दरता

र मनमोहक सङ्गीतमय परिवेश चित्रण कविले कवितांशमा यसरी व्यक्त गरेका छन् :

मैले त बसौँदेखि
आफ्नै आवाज पनि सुन्न नपाएर बिर्सेको थिएछु
अब मुक्त बग्न पाएर म आफ्नै सङ्गीतले मक्ख छु
बन्धनबाट फुस्केको मेरो लय
यति लचकदार रहेछ
अङ्ग अङ्गको मेरो लचक
यति लयपूर्ण रहेछ, ऐले थाह पाउदै छु (पृ.३८)

उल्लिखित कतितांशमा पानीको आफ्नोपन र त्यसमा देखिएको प्रकृतिको सुन्दर परिवेशलाई कविले यहाँ पानीको स्वतन्त्रताका माध्यमबाट व्यक्त गरेका छन् । पानीलाई मानिसले कुनै पनि एउटा बन्द परिधिमा राखियो भने त्यसको आफ्नोपन हराउछ तर स्वतन्त्र संसारमा छोडिदियौ भने उसले फरक फरक परिवेश तथा दृश्य प्रस्तुत गर्छ र त्यस ठाउँको वातावरण सङ्गीतमय, शान्त, आनन्दित तथा प्रफुल्लित पार्छ भन्ने भाव कविले व्यक्त गरेका छन् । यदि हामीले सिमाबन्धन गरेर राख्यौ भने पानी स्वयम्ले पनि आफ्नो स्वरूप कस्तो छ ? र हुन्छ ? भन्ने कुरासमेत बिर्सन्छ तर जब त्यसलाई हामीले खुल्ला छोडिदिन्छौँ तब ऊ स्वतन्त्र रूपमा खोला, पहाड, झरना, तालतलैया, खहरे, समुद्र हुँदै अगाडि बढ्दै जान्छ र हरेक स्थानअनुसार आफू र आफ्नो स्वरूपलाई परिवर्तन गर्दै जान्छ अनि भिन्न स्वरूपअनुसार फरक सौन्दर्य पनि प्रस्तुत गर्छ भन्ने भावलाई कविले यहाँ पानीको सङ्गीतका माध्यमबाट स्पष्ट पारेका छन् ।

कवितांशमा उल्लेख गरिएको 'मुक्त बग्न पाएर म आफ्नै सङ्गीतमा मखख छु' हरफले पानीको नैसर्गिक धर्म/अधिकारलाई इङ्कित गरेको छ । पोखरी, कलश तथा फिल्टरमा भएको पानीभन्दा पहाड वा झरनाबाट कलकल बगेको पानीमा छुट्टै सौन्दर्य तथा सङ्गीत भरिएको हुन्छ । त्यसैले कवितांशमा आएका बग्नु, लय, सङ्गीत र लचकता जस्ता शब्दले यहाँ प्रकृति (नदी) को सौन्दर्यलाई चित्रण गरेको छ । किनकि लय र लचक नै प्रकृतिको मुख्य सौन्दर्य हो भने 'बन्धनबाट फुस्केको मेरो लय यति लचकदार रहेछ' हरफले अरूको बन्धनमा रहदाँ आफ्नोपनलाई बिर्सिएर आफ्नोपनबाट धेरै टाढा पुगेको, आफ्नोपन के हो ? भन्ने कुरासमेत

थाहा नभएको तर जब बन्धनबाट मुक्त भए तब मात्र 'म' खोला, पहाड, पहरा, तालतलैया, नदीनाला तथा समुन्द्रमा आफू खुसी स्वतन्त्र रूपमा बग्न थालेको, आफूमा रहेको आफ्नोपनलाई थाहा पाएको, विभिन्न स्थान तथा फरक परिवेशमा बग्दा आउने ध्वनि वा आवाजले कतै सङ्गीतमय भएको त कतै लचकता सिर्जना गरी प्रकृतिलाई सुन्दर बनाएको भाव चित्रण गरिएको छ । त्यसैले प्रकृति सौन्दयका दृष्टिकोणले यो कवितांश उत्कृष्ट रहेको छ ।

त्यसै गरी यस कवितांशलाई नारीपरक दृष्टिकोणबाट हेर्दा कवितांशमा आएको 'आफ्नै सङ्गीतले मख्ख छु' र 'अङ्ग अङ्गको मेरो लचक' हरफले यहाँ नारी आफूले आफ्नो शरीर र अस्तित्वलाई आफ्नै नजरले हेरर मख्ख परेकी छन् । किनकि नारी प्रजनन र श्रमका लागि मात्र होइनन् नारीमा पनि लय र सङ्गीत भर्ने वा सिर्जना गर्ने कलात्मक शक्ति वा सामर्थ्य छ । त्यो पहिचान गरी गर्व गर्नु नै नारीको मुख्य सौन्दर्य हो । नारी कमजोर नभएर पानी जस्तै लचकदार र सङ्गीतमय हुन्छन् । बर्सौंदेखि आफ्नै आवाज पनि सुन्न नपाएर बिर्सनु र पछि मात्र थाहा पाउनु नै नारी सौन्दर्यताको चरम अवस्था हो । त्यसैले सौन्दर्य भन्ने कुरा स्थिरतामा नभएर गतिशीलता वा गतिशील प्रवाहमा हुन्छ भन्ने कुरालाई कविले यहाँ प्रकृति र नारी सौन्दर्यका माध्यमबाट प्रस्तुत गरेका छन् । त्यसैले प्रकृति र नारी सौन्दर्यको अभिव्यक्तिका दृष्टिकोणबाट यो कवितांश उत्कृष्ट रहेको छ ।

कसैले म (पानी) लाई बन्ध वा घेराभित्र सीमित राखेन भने म खोला, नाला, नदी हुँदै समुन्द्रसम्म पुग्छु र समुन्द्रको छालसँग सर्फबोडमा उभिएर आफ्नै आकारमा सर्फिङ खेलिरहन्छु । घाम लागेको बेला बाफ बनेर माथि आकाशमा जान्छु अनि बादलमा परिणत हुन्छु र पुनः पानी भएर तल पृथ्वीमा आउछु भन्दै पानी आफ्नो विभिन्न सौन्दर्य पक्षलाई प्रस्तुत गर्न खोजेको भावलाई कविले यसरी व्यक्त गरेका छन् :

समुन्द्रमा पुगेर पनि म
छालहरूको सर्फबोडमा उभ्भिई सर्फिङ् खेलिरहन्छु
अनि आफ्नै फैलावटबाट पनि उम्केर
म कृष्ण बादल उठ्छु
र पानी पर्छु

पानी पर्छु (पृ.४०)

उल्लिखित कविताांशमा कविले प्रथम पुरुष दृष्टिबिन्दु 'म' को प्रयोगका माध्यमबाट यहाँ प्रकृति (पानी) लाई सम्बोधन गरेका छन् । पानीको सम्पूर्ण स्वरूप वर्णन गर्दै ठुलो रूप समुन्द्र भएको र त्यसको फैलावट विशाल भएको कुरा गरेका छन् । कविताांशमा आएको 'समुन्द्रमा पुगेर पनि म छालहरूको सर्फबोडमा उभ्भिई सर्फिङ् खेलिरहन्छु' हरफले प्रकृति कहिल्यै मर्दैन र रोकिदैन । समुन्द्र नै पानीको अन्तिम स्वरूप होइन । रूपान्तरणको अर्को खेल मैदान हो जहाँ ऊ आफ्नै अस्तित्वमा रमाइरहेको हुन्छ । त्यस्तै समुन्द्रको निलो कञ्चनता र त्यसको छालले मानिस लगायत सम्पूर्ण प्राणीलाई प्रफुल्लित पार्छ । त्यही सुन्दरतामा सबैले आफ्ना सम्पूर्ण दुःख तथा तनाबहरू बिसाउदै छालसँगसँगै आफ्ना खुसीहरू साटासाट गर्ने गर्छन भन्ने कुरालाई बोध गराउँछ । 'आफ्नै फैलावटबाट पनि उम्केर' हरफले महासागर हुनु भनेको विराट हुनु हो । वाष्पीकरण प्रक्रियाद्वारा माथि उठ्छ त्यतिबेला तातोपनको परिवेश सिर्जना हुन्छ र कालो बादलमा परिणत भई पानी पर्छ र सुख्खा धर्तीलाई भिजाउदै नयाँ जीवन दिने प्रक्रियामा लागिपर्छ यसले शीतलताको परिवेश सिर्जना हुन्छ भन्दै पानीलाई जीवन रक्षा वा पालकका रूपमा प्रस्तुत गरेका छन् । कविताांशमा आएका समुन्द्र, सर्फबोड, समुन्द्रको छाल, बादल र पानी जस्ता बिम्ब प्रयोगका माध्यमबाट पानीको विभिन्न स्वरूप, शक्ति, सामार्थ्य, सुन्दरता र फरक परिवेशलाई यहाँ स्पष्ट पारिएको छ । यसैले नै पानी तथा प्रकृतिको सौन्दर्यलाई स्पष्ट पार्छ ।

त्यसै गरी यस कविताांशलाई नारीवादी दृष्टिकोणबाट हेर्दा नारीलाई सीमित दायरामा राख्न नसकिने मुक्त चेतनाको रूपमा चित्रण गरिएको छ । कविताांशमा आएको 'छालहरूको सर्फबोडमा उभ्भिई सर्फिङ् खेलिरहन्छु' हरफले नारी जीवनको जोखिम र सन्तुलनलाई बिम्बात्मक रूपमा प्रस्तुत गरेको छ । जीवन महासागर जस्तै विशाल र भयावह हुन सक्छ कहिलेकाहीँ तर त्यस विशालता र भयावह महासागरमा नारी नडुबिकन त्यसैमाथि सर्फिङ् गर्दै आफ्नो क्षमता र सौन्दर्यलाई प्रस्तुत गरेकी हुन्छिन भन्ने भाव व्यक्त गरिएको छ । त्यसै गरी 'आफ्नै फैलावटबाट पनि उम्केर म कृष्ण बादल उठ्छु र पानी पर्छु' ले पितृसत्तात्मक समाजले नारीलाई महान्, धर्तीमाता, सहनशील, देवी जस्ता जुन उपनाम दिएर निश्चित भूमिका निर्धारण गरेको छ, त्यो भूमिकाभन्दा माथि उठेर स्वतन्त्र आकाशमा उड्न चाहन्छन् । बादल जस्तै स्वतन्त्र हुन चाहन्छन् । आफ्नो अहम त्यागेर धर्तीलाई तृप्त पार्छन । यी विभिन्न कारणले गर्दा नै नारी प्रेम र सृजनाशक्ति वर्षा जस्तै निस्वार्थ र जीवनदायी हुन्छ । त्यसैले नारीका लागि समुन्द्र (घर तथा समाज) अन्तिम गन्तव्य नभइ उडान भर्ने एउटा मञ्च मात्र हो भन्ने कुराको चित्रण यस कविताांशमा गरिएको

छ । उल्लिखित कवितांशमा पानीको विभिन्न रूपान्तरणका माध्यमबाट नारी र प्रकृतिको साझा गुण अविराम तथा गतिशील हुन्छ भन्दै नारी र प्रकृतिको विभिन्न सौन्दर्यलाई कविले यहाँ प्रस्तुत गरेका छन् ।

कविले 'नेत्तिफुङ्को बास्ना' शीर्षकको कवितामा प्रकृति र मानिसबिचको सम्बन्धलाई प्रस्तुत गरेका छन् । प्रकृति आफैमा सुन्दर छ । प्रकृतिको यही सुन्दरतामा मानिस रमाइरहेका हुन्छन् र त्यसैमा विश्वास गरेको हुन्छ भन्ने भावलाई कविले यहाँ लिम्बु जातिको ग्रामीण पहाडी जनजीवन, त्यहाँको संस्कृति र प्रकृति वातावरणबिचको सम्बन्धलाई प्रष्ट्याउदै भन्छन् :

पाखा-पखेराभरि पालामको प्रतिध्वनि गुन्जिरहेथ्यो

नेत्तिफुङ्को बास्ना बोकी हावा सिरिरी डुलिरहेको

अनि त त्यै हावाबिचबाट

उकाली चढ्ने गोरेटोको कुइनेटोनेर

तिमी देखियौ

केशमा रातो नेत्तिफुङ् सिउरेको (पृ.७२)

प्रस्तुत कवितांशले ग्रामीण पहाडी जनजीवन, त्यहाँको संस्कृति र प्रकृति वातावरणबिचको सम्बन्धलाई प्रस्तुत गरेको छ । कविले यहाँ 'प्रकृति' लाई पृष्ठभूमिका रूपमा नभएर 'सजीव पात्र' नारी आगमनका रूपमा प्रस्तुत गरेका छन् । कवितांशको 'पाखा-पखेराभरि पालामको प्रतिध्वनि गुन्जिरहेथ्यो' हरफले यहाँ पहाडको भौगोलिक सांस्कृतिक पहिचानको अस्थिरता र प्रकृति साङ्गीतिक पहिचानको सौन्दर्यलाई प्रस्तुत गरेको छ । 'हावा' केवल वायु मात्र नभई नेत्तिफुङ् नामक एक जङ्गली फूलको बास्ना जुन सुगन्ध फैलाउने एक प्रकृति तत्त्वका रूपमा आएको छ । त्यस्तै 'उकाली चढ्ने गोरेटोको कुइनेटो' ले पहाडी भूगोलको यथार्थ चित्रण गर्दै जीवनको सङ्घर्ष र त्यसभित्र भेटिने प्रकृति सौन्दर्यलाई सङ्केत गर्छ ।

त्यसै गरी यस कवितांशलाई नारीवादी दृष्टिकोणबाट हेर्दा कवि यहाँ नारीको परम्परागत शृङ्गारभन्दा पनि फरक नैसर्गिक र अर्गानिक शृङ्गारलाई प्रस्तुत गरेका छन् । 'उकाली चढ्ने गोरेटोको कुइनेटोनेर तिमी देखियौ' ले यहाँ उकाली चढ्दै गरेकी नारी स्थिर मूर्ति होइनन् । सङ्घर्षशील, गतिशील र श्रमशील सौन्दर्यकी प्रतीक हुन भन्ने कुरालाई सम्बोधन गर्छ । 'केशमा

रातो नेत्तिफुङ् सिउर' ले नारीले आफ्नो सौन्दर्य बढाउन कृत्रिम बहुमूल्य आभूषण सुन, चाँदी तथा हिराको प्रयोग नगरी त्यही परिवेशमा पाइने 'रातो नेत्तिफुङ्' लाई प्रयोग गरेकी छन् । प्रतीकात्मक रूपमा रातो रङ प्रेम, ऊर्जा र जीवनको प्रतीक हो । हरियाली परिवेशमा रातो फूलको उपस्थिति निक्कै आर्कषक र सुन्दर हुन्छ । त्यही सौन्दर्यभित्र नारीले शिरमा सिउरेको रातो नेत्तिफुङ्को बास्नाले नारी र त्यहाँ पहाडी भौगोलिक वातावरणलाई अझ सुगन्धित र सौन्दर्य बनाएको छ । यसरी प्रकृतिलाई नारीले आफ्नो गहना बनाएर आफ्नो सौन्दर्यमा अझै सौन्दर्य बढाउने काम गरेकी हुन्छिन् । त्यसैले नारीको उपस्थितिमा प्रकृतिले पनि सार्थकता प्राप्त गर्ने र प्रकृति (गोरेटो र कुइनेटो (घुम्ती) ) समेत अर्थपूर्ण भएको भाव यहाँ व्यक्त गरिएको छ । त्यसैले प्रकृति र नारी दुवै सृजनात्मक र सौन्दर्यका रूप हुन् भन्दै कविले यस कवितांशमा पालाम (संस्कृति), नेत्तिफुङ् (प्रकृति) र केशमा फूल सिउरेकी नारी (मानव)को त्रिकोणात्मक समन्वयका माध्यमबाट प्रकृति र नारी सौन्दर्यलाई गहन रूपमा प्रस्तुत गरेकै कारण पर्यावरणीय नारीवादी दृष्टिकोणबाट यो कवितांश उत्कृष्ट रहेको छ ।

### ४.५.३ प्रकृति र नारी स्वतन्त्रताको अभिव्यक्ति

कवि सुब्बाको *नेत्तिफुङ्को बास्ना* कवितासङ्ग्रहभित्रका विभिन्न कविताहरूमध्ये 'पानीको मुक्ति' र 'एकजोडी आँखाका गौँथली' शीर्षकको कवितामा अभिव्यक्त प्रकृति र नारी स्वतन्त्रताको अभिव्यक्तिलाई यहाँ विश्लेषणका रूपमा लिइएको छ । त्यसै गरी 'पानीको मुक्ति' शीर्षकको कवितामा प्रकृति (पानी) र नारी दुवैलाई स्वतन्त्रता र सृजनात्मकताको प्रतीकका रूपमा प्रस्तुत गरिएको हुनाले विश्लेषणका लागि यहाँ प्रस्तुत गरिएको छ :

तिमी आयौ
र ती बन्धनका आयतन र आकारबाट मलाई मुक्त गऱ्यौ
अनि म खोल्सा खुलुलुलु स्वतन्त्र बग्न थालेँ
म छाँगो चिउँव बन्जीजम्प गर्दै रमाएँ
बनावटी आकृतिहरूबाट उम्केर म
अब आफू खुसी
अनगिन्ती रूपहरूमा प्रकट हुन्छु हराउँछु फेरि देखिन्छु । (पृ.३८)

यस कवितांशमा नारी आगमन र रूपान्तरणलाई प्रस्तुत गरिएको छ । यहाँ नारीको आगमनले कवि र प्रकृति (पानी) दुवैलाई स्वतन्त्र गराएको अनुभूति हुन्छ । किनकि नारी मुक्तिको प्रेरणा र जीवन्तताको स्रोत हुन् । नारी आगमनकै कारण कविको आत्म-प्रकाश र सिर्जनात्मक स्वतन्त्रता अगाडि बढेको भाव प्रकट भएको छ । नारीले आफूलाई जसरी समाजको सामाजिक बन्धनबाट मुक्त गर्छिन् । त्यसै गरी कवि आफू पनि समाजको बनावटी आकृतिबाट उम्केर स्वतन्त्र अस्तित्वमा पुग्छन् । नारी विविधता र प्रकृतिको चञ्चलतामा अदृश्य शक्ति प्रकट भई प्रकृति र नारीको गहिरो सृजनशीलतामा विद्रोह हुन्छ भन्ने भाव यहाँ व्यक्त भएको छ ।

नारी समाजको सामाजिक बन्धनबाट मुक्त हुदाँ जति खुसी भएर स्वतन्त्र रूपमा आफ्नो जीवनको महत्त्व बुझेर अगाडि बढेकी हुन्छिन, त्यसै गरी प्रकृति (पानी) पनि एउटा बन्धनको आयतन तथा आकारबाट मुक्त हुदाँ स्वतन्त्र रूपमा खोल्सा, छाँगो, चिउँ हुँदै विभिन्न रूपमा प्रकट भएकी हुन्छिन् । खोल्सामा स्वतन्त्र बग्नु, छाँगो, चिउँ, बन्जीजम्पमा रमाउनु, बनावटी आकृतिबाट उम्केर आफू खुसी अनगिन्ती रूपमा प्रकट हुनु यी सबै नारी र प्रकृति स्वतन्त्रताका प्रतीक हुन् । कवितामा प्रयोग गरिएको स्वतन्त्र, रमाएँ, उम्केर, आफू खुसी र अनगिन्ती रूपमा प्रकट हुनु जस्ता बिम्ब प्रयोगका माध्यमबाट यहाँ प्रकृति र नारी स्वतन्त्रताको अभिव्यक्ति प्रकट गरिएको छ । यसरी एकातिर नारी र प्रकृति दुवै मुक्ति, स्वतन्त्रता र सृजनशक्तिका रूपमा यस कवितांशमा प्रस्तुत भएका छन् भने अर्कोतिर जब नारी र प्रकृति दुवैलाई समाजको परम्परागत सीमाबद्ध संरचनाबाट मुक्त गर्न सकिन्छ तब यिनीहरू वास्तविक रूपमा नै अद्‌भुत, शक्तिशाली र प्रेरणादायी छन् भन्ने कुराको पुष्टि हुन्छ भन्ने भावलाई प्रकट गरिएको छ । त्यसैले नारी र प्रकृति स्वतन्त्रताको महत्त्वलाई विभिन्न विषयवस्तुका माध्यमबाट सशक्त रूपमा प्रकट गरी नारी चेतना, स्वर र पहिचानको आवाजलाई उठान गरिएको हुनाले नै प्रकृति र नारी स्वतन्त्रताको अभिव्यक्तिका दृष्टिकोणबाट यो कवितांश उत्कृष्ट रहेको छ भन्ने निष्कर्षसमेत निकालिएको छ ।

कवि सुब्बाले ‘एकजोडी आँखाका गौँथली’ शीर्षकको कवितामा मानवीय संवेदना र आशाको सुन्दर चित्रण गरेका छन् । ‘आँखाका नानीलाई’ यहाँ उत्साहको गौँथली र आशाको प्रतीक बनाएर प्रतीकात्मक रूपमा शुभकामना दिएर आकाशमा उडाएको भाव प्रतिविम्बित गरेका छन् । कवितामा  प्रयोग गरिएको ‘आँखाका नानी’ ले सपना, भाव, प्रेम र कोमल विचारलाई सङ्केत गरेको छ । त्यस्तै ‘गौँथली’ का माध्यमबाट आत्मीय विचार र भावना बोकी प्रेम गर्ने व्यक्तिको घरको छानोमा गुँड बनाउने आशा र कल्पनालाई प्रतीकात्मक रूपमा प्रस्तुत गर्दै

विश्वासको सम्बन्ध स्वीकृति र प्रेममा आधारित हुन्छ भनी यहाँ मानवीय संवेदना, स्वतन्त्रता, अपनत्व र अस्तित्वको खोजी गरिएको छ, जसको पुष्टि दिइएको उदाहरणबाट गर्न सकिन्छ :

मेरा आँखाका नानीहरूलाई

उत्साहको एक जोडी गौँथली बनाई

उडाइ पठाएको छु आकाशमा

कतै तिम्रो घरको सिलिङमा एक छेउ

गुँड लाउने ठाउँ तिनीहरूले रोजेछन् भने

मलाई विश्वास छ,

तिमीले धपाउने छैनौँ । (पृ.७६)

प्रस्तुत कवितांशमा प्रयोग गरिएको 'गौँथली' स्वतन्त्रता, प्रकृति र उडानको प्रतीक हो । कविले यहाँ स्वप्नविचार र संवेदनालाई गौँथली बनाएर खुल्ला आकाशमा (प्रकृतिमा) उडाएका छन् । यसले नारी खुल्ला आकाशमा आफ्ना पङ्ख फैलाउन वा आफू स्वतन्त्र हुन चाहेको भाव प्रकट गर्छ । त्यसै गरी कविले यहाँ 'घरको एक छेउमा गुँड लगाउने ठाउँ तिनीहरूले खोजे भने' भन्ने अंशका माध्यमबाट यहाँ नारीले आफ्नो स्वतन्त्रताको खोजी गरिएको भाव प्रस्तुत गरेका छन् । नारीलाई आफ्नो घर, समाज र सम्बन्ध (गुँड) बनाउने स्वतन्त्रता हुनु जरुरी छ । गुँड बनाउनु भनेको यहाँ नारी आफूलाई सुरक्षित महसुस गर्ने ठाउँको खोजी गर्नु हो । त्यसै गरी 'मलाई विश्वास छ तिमीले धपाउने छैनौँ' भन्ने अंशका माध्यमबाट यहाँ नारीले लिएको स्वतन्त्र निर्णयलाई वर्तमान समाजले स्वीकार गर्न सिकोस भन्ने भाव प्रकट गरिएको छ। यहाँ गौँथलीलाई धपाइनु भनेको नारीका स्वतन्त्रतालाई कुण्ठित पार्नु हो । त्यसैले कविले यहाँ विश्वास गर्दै भन्छन् स्वतन्त्र उडान लिएर आएकी गौँथली वा नारीलाई समाजले स्वीकार गर्ने छ ।

त्यस्तै कवितांशमा प्रयोग गरिएको 'गौँथली' ले यहाँ चेतनशील नारीलाई सम्बोधन गरेको छ । 'आकाश' ले स्वतन्त्रताको खुल्ला अनेकौँ सम्भावनालाई, 'गुँड' ले सुरक्षा, अपनत्व र अस्तित्वको स्थायित्वको खोजी गर्नुलाई र 'घरको सिलिङ' ले पित्तृसत्तात्मक संरचनालाई सम्बोधन गरेको छ । यसरी कविले अन्त्यमा कोमल शैलीमा नारी र प्रकृति दुवैको स्वतन्त्रता, स्वीकृति र समर्पणको सौन्दर्य प्रस्तुत गर्दै नारीवादी दृष्टिकोण प्रस्तुत गर्दै भन्छन् :- नारी चेतनाको उन्मुक्ति

हो जसले पित्तृसत्तात्मक संरचना तथा सोचबाट मुक्त भई आफ्नो निर्णय लिई स्वतन्त्रतामा रमाउन खोज्छिन् । त्यस समयमा समाजले सहजै स्वीकार गर्नुपर्छ । त्यसलाई सम्मान गर्नुपर्छ भन्दै सामाजिक न्याय र सहअस्तित्वको माग गरिएको छ । यसका साथै नारी स्वतन्त्रता र अस्तित्वको माग गरिएको छ। नारीलाई समाज र संसारमा आफू अनुकूल बाँच्न पाउने अधिकार छ। त्यस अधिकारलाई खोसेर धपाएर होइन सम्मान गरेर स्वीकार गर्नु आजको आवश्यकता हो भन्ने नारीवादी दृष्टिकोण यस कवितांशमा प्रकट भएको पाइन्छ। यसलाई दार्शनिक दृष्टिकोणबाट हेर्दा जीवनको मूल अभिप्राय भनेको नै स्वतन्त्रता, विकल्प र स्वीकृति हो । जब चेतनाले स्वतन्त्रताका साथ कुनै गन्तव्य रोज्छ तब तिनीहरूलाई स्वीकृति दिनु नै मानवीयताको मूल धर्म हो भन्ने अर्थ बोध हुन्छ। जहाँ प्रकृति र नारी दुवैलाई मुक्त/स्वतन्त्र रूपमा बाँच्न दिइन्छ, उनीहरूको स्वतन्त्रता, अपनत्वको माग र जीवनको रोजाइलाई सम्मान गरिन्छ त्यहाँ सम्बन्धका विश्वास र स्वतन्त्रता स्वस्थ्य भई सँगसँगै चल्छन् ।

नारी र प्रकृतिको स्वतन्त्रता, उनीहरूको रोजाइप्रतिको सम्मान र समाजको स्वीकृतिपूर्ण दृष्टिकोण आजको आवश्यकता हो भन्दै कवितामा प्रयोग गरिएको गौँथली केवल एउटा गौँथली मात्र नभएर प्रकृति र नारीको एउटा विचार हो, जुन पखेटा फिजाएर खुल्ला आकाशमा स्वतन्त्रपूर्वक उड्न चाहन्छ, गुँड बनाउन चाहन्छ र नडराइ भन्न चाहन्छ भन्ने अर्थ बोध गर्छ । त्यसैले नारी र प्रकृति स्वतन्त्रताका दृष्टिकोणले यो कविता उत्कृष्ट रहेको छ ।

## ४.६ निष्कर्ष

समग्रमा भन्नुपर्दा यस परिच्छेदमा पर्यावरणीय नारीवादको परिचय, महत्त्व, उत्पतिको विस्तृत रूपमा जानकारी गराउदै *भुँइफुट्टा शब्दहरू, किनाराका आवाजहरू* र *नेत्तिफूङ्को बास्ना* कवितासङ्ग्रहमा समाहित प्रकृति र नारीबिचको सम्बन्धको खोजी गरिएको छ । यसक्रममा प्रकृति र नारी दोहनको विरोध, प्रकृति र नारीको मातृशक्ति, सौन्दर्य र स्वतन्त्रतालाई यहाँ विस्तृत रूपमा विश्लेषण गरिएको छ। कवितामा प्रयुक्त प्रकृति र नारीलाई पितृसत्तात्मक समाज व्यवस्थाले कसरी उपभोग गरेको छ ? उनीहरूको हक, अधिकार, इच्छा, चाहना तथा अस्तित्वलाई लत्याएर कसरी सङ्कटावस्थामा पुऱ्याइएको छ ? भन्ने कुराको खोजी गर्दै मानिसले प्रकृतिमाथि गरेको आक्रमणलाई गहन रूपले विश्लेषण गरिएको छ । पित्तृसत्तात्मक पुँजीवादले प्रकृति र नारी दुवैलाई उपभोग्य वस्तु ठान्ने पुरुष प्रवृत्तिको प्रतिवादका माध्यमबाट नारी दोहनको विरोध गर्दै नारी स्वाभिमान, नैतिकता र आध्यात्मिकताको प्रतीकलाई सम्बोधन गरिएको छ। प्रकृतिको

फरक सौन्दर्य र मौलिकताले नै सम्पूर्ण प्राणीलाई प्रफुल्लित पार्ने, मन्त्रमुग्ध पार्ने, आनन्दित बनाउँने  र लठ्याउने गर्छ । प्रकृति कहिल्यै अरूको इसारामा चल्दैन भन्दै प्रकृतिको वास्तविक र रौद्र रूपका माध्यमबाट प्रकृतिलाई स्वतन्त्र रूपमा छाड्नुपर्छ भन्ने भाव प्रकट गरिएको छ । परम्परागत समाज व्यवस्थाले नारीलाई जन्म तथा आश्रम दिन्छ । देवी मानेर पूजा गर्छ तर समाज व्यवस्थाको चौघेरा र संस्कृतिभित्रको परिपाटीबाट पूर्णरूपमा स्वतन्त्र हुन दिदैन । यो नै पितृसत्तात्मक सामन्ती सोच हो । नारी स्वतन्त्रतामा देखिएका यस्ता चुनौती, जटिलता र सङ्घर्षलाई अभिव्यक्त गर्नु नै नारीको विद्रोहात्मक र क्रान्तिकारी चेतना जीवित हुनु हो । नारी कोमल मात्र नभएर साहसी, पानी जस्तै लचकदार र सङ्गीतमय पनि बन्न सक्छिन । समाजले दिएको बनावटी आकृतिबाट उम्केर उनी अनगिन्ती रूपमा प्रकट हुन सक्छिन् । जसरी पानीको कुनै आकार हुँदैन र स्वतन्त्र हुन्छ, त्यस्तै नारी चेतना पनि तरल र व्यापक छ, भन्दै नारीको महानता, सामर्थ्य तथा शक्तिलाई विभिन्न माध्यमबाट प्रस्तुत गरी नारीलाई भोग्यवस्तु र सन्तान उत्पादनको साधक मान्ने परम्परागत भाष्य निर्माणको विद्रोह गरी सामान्तवादी पुरुषप्रधान समाजको 'कु' विचारीय शैलीको विद्रोह गरिएको छ । इतिहासलाई एउटा जीवित प्राणीका रूपमा प्रस्तुत गरी पितृसत्ताले लेखेको इतिहास प्रायः मृत तथ्यहरूको सङ्ग्रह हुने तर नारीवादी इतिहास मौखिक परम्परा, गीत र स्मृतिमा बाँचेको कुरालाई प्रस्तुत गरिएको छ । त्यस्तै सम्पूर्ण प्राणी तथा वनस्पतिको सृष्टि र जीवनको आधार नै पानी हो भन्ने कुराको पुष्टि गरिएको छ । प्रकृति र नारीलाई एकअर्काको परिपूरकका रूपमा प्रस्तुत गर्दै लिम्बु जातिको ग्रामीण पहाडी जनजीवन, त्यहाँको संस्कृति र प्रकृति वातावरणबिचको सम्बन्धलाई प्रस्तुत गरिएको छ । नारीको उपस्थितिमा मात्र प्रकृतिले सार्थकता प्राप्त गर्ने र अर्थपूर्ण हुने भावका माध्यमबाट प्रकृति र नारीको सिर्जना र सौन्दर्य प्रकट गरिएको छ । यसरी कृति विश्लेषण विभिन्न सिद्धान्तमध्ये पर्यावरणीय नारीवादी सिद्धान्तका आधारबाट हेर्दा *भुँइफुट्टा शब्द, किनाराका आवाजहरू* र *नेत्तिफूङ्को बास्ना* कवितासङ्ग्रहमा व्यक्त विभिन्न प्रकृति सन्दर्भ तथा नारीका सन्दर्भहरूले प्रकृति र नारीको सामर्थ्य, सम्बन्ध तथा महत्त्वलाई उजागर गर्दै नारी चेतनालाई प्रस्तुत गरेको छ । त्यसैले यी कवितासङ्ग्रहहरू पर्यावरणीय नारीवादी सिद्धान्तका आधारमा सफल र प्रभावकारी रहेका छन् भन्ने निष्कर्षसमेत निकालिएको छ ।

# परिच्छेद पाँच

# निष्कर्ष

## ५.१ सारांश

*'मनप्रसाद सुब्बाका कवितामा पर्यावरण '* शीर्षकको प्रस्तुत शोधकार्यलाई व्यवस्थित रूप प्रदान गर्नका लागि पाँचओटा परिच्छेदहरूमा विभाजन गरिएको छ। परिच्छेद एकमा शोधको परिचय प्रस्तुत गरिएको छ । शोधपरिचयअन्तर्गत विषयपरिचय, शोधसमस्या, शोधको उद्देश्य, पूर्वकार्यको समीक्षा, औचित्य तथा महत्त्व, शोधको सीमाङ्कन, शोधविधि र शोधपत्रको रूपरेखा प्रस्तुत गरिएको छ । शोधपरिचयअन्तर्गत प्रस्तुत शोधलाई चिनाउने प्रयत्न गरिएको छ भने शोधसमस्याअन्तर्गत मनप्रसाद सुब्बाका कवितामा के कस्तो पर्यावरणीय चेतना प्रस्तुत भएको छ ? कविताको भाषिक प्रयोग पर्यावरणमैत्री कसरी भएको छ ? र कवितामा पर्यावरणीय नारीवादको प्रयोग कसरी भएको छ ? भनी तीनओटा शोधको समस्याहरू निरूपण गरिएको छ । त्यस्तै शोधको उद्देश्यअन्तर्गत शोधसमस्यामा केन्द्रित भई ती समस्याको समाधानका लागि साहित्यकार मनप्रसाद सुब्बाको कवितामा रहेको पर्यावरणीय चेतनाको समीक्षा, सुब्बाका कवितामा पर्यावरणमैत्री भाषिक प्रयोगको विश्लेषण र सुब्बाका कवितामा प्रयुक्त पर्यावरणीय नारीवादको विश्लेषण गर्ने प्रयत्न गरिएको छ ।

पूर्वकार्यको समीक्षाअन्तर्गत शोधविषयसँग सम्बन्धित भएर यस शोधपूर्व गरिएका अध्ययनहरूको उल्लेख तथा विश्लेषण गरिएको छ । शोधको औचित्य तथा महत्त्व पहिचान गर्नका लागि यसअघि गरिएका पूर्वकार्य 'समकालीन नेपाली कवितामा विषाक्त सङ्कथन', 'प्रणयकाव्य 'नेत्तिफुङको बास्ना' मनप्रसाद सुब्बाको काव्यिक उपासना', 'बदलिँदो समयका साक्षी मनप्रसाद सुब्बा', 'कवि मनप्रसाद सुब्बाका ऋतु विषयक कविताहरूको वैशिष्ट्य' लगायतका शीर्षकमा विभिन्न किसिमले लेख तथा समालोचना प्रकाशित भए तापनि आजसम्म *'मनप्रसाद सुब्बाका कवितामा पर्यावरण '* शीर्षकमा केन्द्रीत भई कुनै पनि प्रकारको शोधकार्य नभएको परिप्रेक्ष्यमा शोधार्थीका निम्ति र विश्वविद्यालयको प्राज्ञिक तह पूरा गर्नका लागि यसको औचित्य रहने छ भने यसको अध्ययनले नेपाली कविता अध्ययनको क्षेत्रमा पर्यावरणीय चेतना पक्षको शोधकार्य गर्न चाहने जो कोहीलाई पनि थप सहयोग र योगदान पुऱ्याउनुका साथै उपर्युक्त पर्यावरणीय चेतनाको बारेमा जानकारी दिन्छ भन्ने कुराको महत्त्वलाई प्रस्तुत गरिएको छ ।

शोधसीमाङ्कनअन्तर्गत प्रस्तुत शोधले समेटेको क्षेत्र र शोधको सीमा निर्धारण गरिएको छ । शोधविधिअन्तर्गत सामग्री सङ्कलनविधि र सैद्धान्तिक पर्याधार र अध्ययन विश्लेषण विधिलाई उल्लेख गर्दै पर्यावरणीय चेतनाको परिचय र अध्ययन विश्लेषणको विधिलाई उल्लेख गरिएको छ । त्यसै गरी शोधपत्रको रूपरेखाअन्तर्गत प्रस्तुत शोधको संरचनालाई प्रस्तुत गरी प्रत्येक परिच्छेदलाई विभिन्न शीर्षकमा विभाजनसमेत गरिएको छ ।

शोधप्रबन्धको परिच्छेद दुईमा पहिलो शोध प्रश्नका रूपमा निर्धारित कवि सुब्बाको कवितामा पर्यावरणीय चेतना के कसरी अभिव्यक्त भएका छन् ? भन्ने शोध समस्यासँग सम्बद्ध 'पर्यावरणीय चेतना' शीर्षकमा केन्द्रित कविताहरूको विश्लेषण गर्दै पर्यावरणीय चेतनाको विस्तृत सैद्धान्तिक आधार पनि प्रस्तुत गरिएको छ । यही सिद्धान्तका आधारमा तयार पारिएका कृति विश्लेषणका पर्याधारहरूमा प्रकृति पारिस्थितिक प्रणालीको अभिव्यक्ति, जैविक विविधताको चित्रण, पर्यावरण र मानिसको सांस्कृतिक सम्बन्ध र प्रकृति सार्वभौमपनको चित्रण रहेका छन् । यिनै पर्याधारहरूलाई यस परिच्छेदको उपशीर्षकहरूमा समावेश गरी सैद्धान्तिक परिचयसहित सम्बन्धित विभिन्न कविताका उदाहरणहरू प्रस्तुत गरी तिनको विश्लेषण गरिएको छ । त्यस्तै प्रकृति र मानिसबिचमा रहेको परिपूरक सम्बन्धलाई विभिन्न किसिमका हिमशृङ्खला, पहाड, पर्वत, बोटबिरुवा तथा फलफूलका आँकुरा जस्ता विविध सन्दर्भका माध्यमबाट स्पष्ट पारिएको छ ।

प्रकृति नै जीवनको आधार हो भन्ने कुरालाई प्रकृतिको महत्त्वका माध्यमबाट प्रस्तुत गरिएको छ । त्यसै गरी मानवीय अस्तित्वबिना हुर्कन, बढ्न र बाँच्न सक्ने प्रकृति वस्तु तथा वनस्पतिलाई मानिसले दिन प्रतिदिन नस्ट गरी आफू अनुकूलको कृत्रिम वातावरण सिर्जना गर्दा सम्पूर्ण प्राणीको जीवन तथा वातावरणमा सङ्कटावस्था आएका कारण प्रकृति बचाउका निम्ति अगाडि बड्नुपर्ने भाव व्यक्त गरिएको छ । जीवनको उद्भव र निरन्तरता तथा पारिस्थितिक सन्तुलनका माध्यमबाट प्रकृतिको शक्ति तथा सामर्थ्यलाई प्रस्तुत गरिएको छ । त्यसै गरी मानिसको अचेतन मन र प्रकृतिको स्वरूपका माध्यमबाट यहाँ मानिस र प्रकृति स्वतन्त्रतालाई विश्लेषण गरिएको छ । एकातिर दलित वर्गलाई गरिएको सीमाङ्कन तथा व्यवहारलाई किनारमा हुत्याइएको मैदान, अछुत, सीमान्तको डिल, नलेखी छोडिदिएको किताबको किनारका माध्यमबाट प्रस्तुत गर्दै जातीय विभेदलाई सशक्त रूपमा उठान गरिएको छ भने अर्कोतिर जनजातिले आफूहरूप्रति जातका आधारमा गरिएको विभेदको तीव्र विरोध गर्दै आफ्नो पहिचान, हक, अधिकार, धर्म, संस्कार, संस्कृति र परम्पराको जगेर्नाको माग गरेका छन् । त्यस्तै रुखलाई मानवीकरण

गरी मानवीय चेतना तथा मानवीय धार्मिक सांस्कृतिक मान्यताको विश्लेषण ‘वर-पिपलको विवाह’ का माध्यमबाट प्रस्तुत गरी पहाडी ग्रामीण परिवेशको वास्तविकता, त्यहाँका महिलाको सङ्घर्ष, पर्यटक आगमनको रौनक तथा अभिव्यक्तिसमेत यस परिच्छेदमा विश्लेषण गरिएको छ।

शोधप्रबन्धको परिच्छेद तीनमा दोस्रो शोध प्रश्नका रूपमा निर्धारित कवि सुब्बाको कवितामा पर्यावरणमैत्री भाषिक प्रयोगमा के कस्ता भाषाको प्रयोग गरिएको छ ? भन्ने शोधसमस्यासँग सम्बद्ध ‘पर्यावरणमैत्री भाषिक प्रयोग’ शीर्षकमा केन्द्रित कविताहरूको विश्लेषण गर्दै यसको विस्तृत सैद्धान्तिक आधार पनि प्रस्तुत गरिएको छ। यही सिद्धान्तका आधारमा तयार पारिएका कृति विश्लेषणका पर्याधारहरूमा पर्यावरणको साहित्यिक प्रतिविम्बन, वातावरणीय स्वच्छता र ग्रामीणपन, उन्मुक्तताको अभिव्यक्ति र पर्यावरणमैत्री भाषिक प्रयोग रहेका छन्। यिनै पर्याधारहरूलाई यस परिच्छेदको उपशीर्षकहरूमा समावेश गरी सैद्धान्तिक परिचयसहित सम्बन्धित विभिन्न कविताका उदाहरण प्रस्तुत गरी तिनको विश्लेषण गरिएको छ। प्रकृतिको आन्तरिक र बाह्य दुवै पक्षको प्रयोगका माध्यमबाट एकातिर मानिसले आफ्नो जीवन सङ्गीतमय, प्रेमिल र अर्थपूर्ण बनाएको छ भने अर्कोतिर सङ्घर्षपूर्ण गाउँले जीवन र त्यहाँको वातावरणीय स्वच्छ परिवेशलाई प्रकृतिको उर्वरता र सौन्दर्यसँग तुलना गरिएको छ। त्यसैले प्रकृति नै जीवनको आधार हो भन्दै प्रकृतिको महत्त्वलाई उजागर गरिएको छ।

ग्रामीण जीवनको दुःखदपूर्ण सङ्घर्षका माध्यमबाट ग्रामीण जीवनको कमजोर आर्थिक अवस्थालाई प्रस्तुत गरिएको छ। ग्रामीण परिवेशका महिलाहरू आफैमा सक्षम, आत्मनिर्भर र निडर छन् भन्ने कुरालाई महिलाद्वारा उत्पादित विभिन्न किसिमका घरायसी वस्तुका माध्यमबाट प्रस्तुत गरिएको छ। बजारिया वस्तुभन्दा घरायसी वस्तु नै हजार गुणा स्वस्थकर, गुणस्तरीय र फाइदाजनक हुन्छ भन्ने कुराको प्रस्तुति गर्दै गाउँले जीवन, संस्कृति र वातावरणको त्रिकोणात्मक सम्बन्ध स्थापित भएको छ भन्ने कुराको पुष्टि गरिएको छ। जीवनको शून्यतामा मानिसले आइपरेका विभिन्न चुनौतीहरू पार गर्दै जानुपर्छ भन्ने कुराको विश्लेषण गरिएको छ। पृथ्वी र आकाशबिचको मिलनका माध्यमबाट एकातिर सत्यरूपी पृथ्वी र भावनारूपी आकाशको कल्पना गरी सत्य र कल्पनाबिचको सङ्गम नै जीवन हो जुन क्षितिज समान छ भन्ने कुराको विश्लेषण गरिएको छ भने अर्कोतिर सत्य र यथार्थका बिचमा जीवन जगत्लाई अगाडि बढाउने क्रममा कहिलेकाँही जीवनको हिडाइ व्यर्थको पनि हुन सक्छ त्यतिबेला टाढैबाट हेरिरहनुपर्छ भन्दै जीवनका विभिन्न भोगाइहरूलाई पर्यावरणीय साहित्यिक प्रतिविम्बनका माध्यमबाट विश्लेषण

गरिएको छ । त्यसै गरी मानिस तथा कुनै पनि प्राणी जगत्का लागि प्रकृति एक अभिन्न अङ्ग हो । धरतीसँग सम्पूर्ण प्राणी तथा वनस्पतिको अकाट्य सम्बन्ध रहेको हुन्छ भन्दै सम्पूर्ण प्राणी र प्रकृतिबिचको पर्यावरणीय सम्बन्धलाई पनि प्रस्तुत गरिएको छ । उच्च र निम्न आर्थिक अवस्थालाई सिद्धार्थ गौतम बुद्ध र 'म' पात्रका माधयमबाट तुलनात्मक रूपमा प्रस्तुत गरिएको छ । नेपाली संस्कृतिको मौलिकता रक्षाका लागि आह्वान गर्दै विदेशी राष्ट्रको हस्तक्षेपको विरोध गरिएको छ । त्यस्तै जातीय तथा राष्ट्रिय विभेद अन्त्यको मागलाई यस परिच्छेदमा पर्यावरणीय चेतनाका माध्यमबाट विश्लेषण गरिएको छ ।

शोधप्रबन्धको परिच्छेद चारमा तेस्रो शोध प्रश्नका रूपमा निर्धारित कवि सुब्बाको कवितामा पर्यावरणीय नारीवाद के कसरी प्रकट भएका छन् ? वातावरण वा पर्यावरणसँग नारीको के कस्तो सम्बन्ध रहेको छ ? र ती प्रसङ्गलाई के कसरी प्रयोग गरिएको छ ? भन्ने शोध समस्यासँग सम्बद्ध 'पर्यावरणीय नारीवाद' शीर्षकमा केन्द्रित कविताहरूको विश्लेषण गर्दै पर्यावरणीय नारीवादको विस्तृत सैद्धान्तिक आधार पनि प्रस्तुत गरिएको छ । यही सैद्धान्तिक आधारमा तयार पारिएका कृति विश्लेषणका पर्याधारहरूमा प्रकृति र नारी दोहनको विरोध, मातृशक्तिका रूपमा प्रकृति र नारीको चित्रण, प्रकृति र नारी सौन्दर्यको अभिव्यक्ति तथा प्रकृति र नारी स्वतन्त्रताको अभिव्यक्ति रहेका छन् । यिनै पर्याधारहरूलाई यस परिच्छेदको उपशीर्षकहरूमा समावेश गरी सैद्धान्तिक परिचयसहित सम्बन्धित विभिन्न कविताका उदाहरणमा प्रकृति र नारी सौन्दर्यका खानी हुन भन्ने कथ्यहरूको विश्लेषण गरिएको छ । प्रकृति र नारीलाई सहनशील र पालनपोषण तत्त्वका रूपमा स्वीकार गर्दै प्रकृति र मानिसबिचको परम्परागत सांस्कृतिक सम्बन्धको प्रस्तुति गरिएको छ ।

प्रकृति तथा नारी प्रेमले नै जीवन सुन्दर बनाएको अभिव्यक्ति, आमाले दिएको ज्ञानले सन्तानको भविष्य उज्यालो बाटोतर्फ उन्मुख भएको, प्रकृतिसँग नजिकिएको नारीको सांस्कृतिक सम्बन्ध, आफ्ना सम्पूर्ण खुसी, इच्छा तथा चाहनालाई लत्यार सन्तानको खुसी र उज्यालो भविष्यका निम्ति लागिपरेकी हुन्छिन् भन्दै नारीको आँखामा लुकेको विशालता, गहिराइ र सहनशीलतालाई महासागरसँग तुलना गरी नारी महिमागानको महत्त्व उजागर गरिएको छ । प्रकृतिले पनि आफ्नो सम्पूर्ण खुसी र आफ्नोपनलाई बिर्सिएर सम्पूर्ण प्राणी जगत्को जीवनलाई सहजता प्रदान गरेकी छन् भन्दै नारी र प्रकृतिको त्यागलाई चित्रात्मक बिम्बका माध्यमबाट मार्मिक रूपमा विश्लेषण गरिएको छ । एकातिर मानिसले आफू अनुकूल प्रकृतिको विनाश गर्दा वातावरणीय समस्या सिर्जना भई प्रकृति संरक्षणमा सङ्कटावस्था आइपरेकाले त्यसको संरक्षणमा

जोडदिनुपर्ने तथ्य प्रस्तुत गरिएको छ भने अर्कोतिर पितृसत्तात्मक समाजव्यवस्थाले आफू अनुकूल निर्माण गरेका सांस्कृतिक मान्यताले नारीको जीवनमा गहिरो चोट पुगेकाले नारी स्वतन्त्रताको अभिव्यक्तिलाई अगाडि बढाइएको छ। नारी तथा प्रकृतिलाई आफ्नो मौलिकतामा छोड्दा वातावरण तथा सिङ्गो मानव जीवनलाई नै सुन्दर, शान्त, विशाल र मन्त्रमुग्ध पारेका हुन्छन् भन्ने कुराको अभिव्यक्ति पनि यस परिच्छेदमा व्यक्त गरिएको छ । त्यस्तै सामाजिक संस्कार, संस्कृति र नीतिनियमबाट अलग भएर नारीले आफ्नो मौलिकता, अस्तित्व, पहिचान र आत्मस्वरूपलाई चिन्नुपर्छ भन्दै नारी चेतनाको विद्रोहात्मक स्वरलाई विश्लेषण गरिएको छ ।

शोधप्रबन्धको परिच्छेद पाँचमा निष्कर्ष प्रस्तुत गरिएको छ । निष्कर्षअन्तर्गत प्रस्तुत शोधका सबै परिच्छेदको परिच्छेदगत सङ्क्षिप्त सारांश प्रस्तुत गरिएको छ। त्यस्तै यस शोधको दोस्रो परिच्छेददेखि चौथो परिच्छेदसम्म प्रस्तुत गरिएका शोध प्रश्नमा केन्द्रित भई शोधसमस्यासँग सम्बद्ध भएका विभिन्न सैद्धान्तिक आधारमा तयारपारी कृति विश्लेषणका पर्याधारहरूको निचोडलाई प्रस्तुत गरिएको छ।

## ५.२ निष्कर्ष

शोधकार्यको मुख्य प्राज्ञिक जिज्ञासा र सम्बद्ध शोध प्रश्नहरूको समाधानका लागि गरिएको अध्ययनबाट प्राप्त निष्कर्षलाई बुद्धाँगत रूपमा दिइएको छ :

क) कवि सुब्बाका निर्धारित कवितासङ्ग्रहमा प्रकृति पारिस्थितिक प्रणालीको अभिव्यक्तिलाई महत्त्वका साथ उठान गरिएको छ। *भुइँफुट्टा शब्दहरू* कवितासङ्ग्रहमा मानिस र प्रकृतिलाई एकअर्काको परिपूरक वस्तुका रूपमा प्रस्तुत गर्दै धरतीमा अवस्थित तथा उत्पादित विभिन्न हिमशृङ्खला, पहाड, पर्वत, बोटबिरुवा आदिले पृथ्वी (प्रकृति) लाई सुन्दर, रमणीय र हराभरा तुल्याएको, प्रकृति भौगोलिक बनावटकै कारण कुनै पनि विकासका कार्यले प्राथमिकता नपाएकै कारण त्यहाँका मानिसले अनेकौँ दुःखको सामना गर्नुपर्दा आफ्ना सपनाहरू पानीका फोकासरह फुटेर छरपष्ट भएको प्रसङ्गलाई मार्मिक रूपमा व्यक्त गरिएको छ। आधुनिक उपभोक्तावादी समाज कहिल्यै नअघाउने, सहरिया मानिसले आफ्नो वैयक्तिक पहिचान गुमाएर प्रकृति बासस्थानबाट विस्थापित हुँदै कृत्रिमतामा फसेको, वर्तमानको सपना नै जीवन जिउने आधार भएकाले सधैँ वर्तमानमा सङ्घर्ष गर्नुपरेको कुरालाई प्रस्तुत गर्दै प्रकृतिको हरियालीलाई जीवनको निरन्तरतासँग तुलना गरिएको छ । मानिस सामाजिक पात्र मात्र नभएर

बृहत् पारिस्थितिक प्रणालीको सानो एकाइ हो, जुन विराट अस्तित्वले बन्छ र विलीन हुन्छ भन्दै जन्म, मृत्यु, पुनः जन्म र सङ्घर्षलाई प्रकृतिको नियमका रूपमा विश्लेषण गरिएको छ । *किनाराका आवाज* कवितासङ्ग्रहमा वातावरणीय हस्तक्षेपका कारण प्रकृति आफैमा शक्तिशाली र अविनाशी हुन्छ भन्ने कुरालाई जोड दिइएको छ। त्यस्तै *नेत्तिफुङ्को बास्ना* कवितासङ्ग्रहमा प्रकृति विपरीत गरेका कार्यले सम्पूर्ण प्राणीलाई नै असर गरेकाले प्रकृतिलाई आफ्नोपनमा छोडिदिनुपर्ने भाव व्यक्त गरिएको छ । किनकि प्रकृतिबिना कुनै पनि प्राणी तथा वनस्पतिको जीवन र जीवनयात्रा असम्भव छ । त्यसैले हरेकको जीवन रक्षाका लागि प्रकृतिको संरक्षण गर्नुपर्छ भन्ने कुरालाई महत्त्वका साथ उठान गरिएको छ ।

(ख) जैविक विविधताको चित्रण उपशीर्षकअन्तर्गत *भुइँफुट्टा शब्दहरू* कवितासङ्ग्रहमा प्रकृतिमा पाइने विभिन्न किसिमका हावा, पानी, माटो, बोटबिरुवा, जडीबुटी तथा बुट्यानले पर्यावरणीय सौन्दर्य बढाउनुका साथै पर्यटनको आगमन गरी अर्थतन्त्रको वृद्धि गरेको र मृत्युको मुखमा पुगेको प्राणीलाई समेत बचाएको प्रसङ्गलाई प्रस्तुत गरिएको छ । *किनाराका आवाजहरू* सङ्ग्रहमा जातीयताका आधारमा कुनै पनि वर्गलाई अपहेलित गर्ने, सामाजिक कार्यमा सीमाङ्कन गर्ने, विभेद गर्ने, किनारा लगाउने, हक, अधिकारबाट बञ्चित गर्ने जस्ता कुनै पनि कार्य नगरिकन सभ्यसमाजको स्थापना गर्नुपर्ने कुरामा जोड दिइएको छ । *नेत्तिफुङ्को बास्ना* कवितासङ्ग्रहमा मानिस र पक्षीको अचेतन मन र प्रकृतिबिचको जैविक विविधतालाई खुल्ला आकाशभित्रको सपनाका माध्यमबाट प्रस्तुत गरिएको छ। त्यसै गरी प्रकृतिको गतिशिलता र मानिसको भावनात्मक उतार चढावलाई सूक्ष्म रूपमा प्रस्तुत गरिएको छ।

(ग) पर्यावरण र मानिसको सांस्कृतिक सम्बन्धअन्तर्गत मनप्रसाद सुब्बाको *भुइँफुट्टा शब्दहरू* कवितासङ्ग्रहमा पर्यावरण र मानिसको सांस्कृतिक सम्बन्धअन्तर्गत पर्यावरण र मानिसको सांस्कृतिक सम्बन्धलाई महत्त्वका साथ उठान गर्दै वर-पिपलको धार्मिक मान्यता, प्रकृतिसँगको सहकार्यबाट घर व्यवहार चलाउने परिपार्टीको चित्रण गर्दै प्रकृति खानीको उत्खननले उद्योगधन्दा, व्यापार व्यवसाय र देशको अर्थतन्त्रमा टेवा पुऱ्याएको छ । यसले मानिस र प्रकृतिबिचको अर्थगत सम्बन्धलाई स्पष्ट पार्छ । *किनाराका आवाजहरू*मा ब्रिटिस उपनिवेशकालीन शासनव्यवस्था र त्यसको

सांस्कृतिक परिचय दिदै पर्यावरण र मानिसबिचको सांस्कृतिक सम्बन्धको विश्लेषण गरिएको छ । मानिस र पर्यावरणबिचको सम्बन्ध केवल जीवन धान्नका लागि मात्र नभएर ऐतिहासिक स्मृति, आत्मपहिचान र सांस्कृतिक अस्तित्वसँग पनि गाँसिएको हुन्छ भन्ने कुरालाई प्रस्तुत गरिएको छ । यसले ग्रामीण जीवनको प्रकृतिसँगको आत्मीय सांस्कृतिक सम्बन्ध, जीवनका निम्ति गरिने सङ्घर्ष र दैनिकीलाई स्पष्ट पार्छ । समयको माग सँगसँगै मानिस प्रकृतिबाट टाँढिदै गए तापनि प्रकृतिबिना बाँच्न सक्दैन् भन्ने ध्रुवसत्य कुराको प्रस्तुति गरिएको छ । *नेत्तिफुङ्को  बास्ना*मा पर्यावरण र मानिसबिच प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा परापूर्वक समयदेखि नै सम्बन्ध गाँसिएको छ। यो नै पर्यावरण र मानिसबिचको परम्परागत रूपमा गाँसिएको सांस्कृतिक सम्बन्ध हो ।

(घ) प्रकृति सार्वभौमपनको चित्रणअन्तर्गत *भूइँफूट्टा शब्दहरू*मा प्रकृति आफू मरेर भए पनि सम्पूर्ण वनस्पति तथा प्राणीको जीवन बचाँएकी छन् । यही प्रकृतिमा सम्पूर्ण प्राणी तथा वनस्पति जन्मन्छन्, हुर्कन्छन् र विलीन हुन्छन् । त्यसैले प्रकृति सबैको साझा थलो हो । प्रकृतिबाट कुनै पनि प्राणी अलग हुन सक्दैन भन्ने कुराको प्रस्तुति गरिएको छ । *किनाराका आवाजहरू*मा प्रकृतिका विभिन्न भौगोलिक बनावट, हावा, पानी तथा सुन्दरताले जीवनलाई सुन्दर र प्रफुल्लित पारेको कुरालाई मार्मिक रूपमा प्रस्तुत गरिएको छ। *नेत्तिफुङ्को  बास्ना*मा प्रकृतिमा सम्पूर्ण प्राणी, वनस्पति र जीवात्माहरूको अस्तित्व कायम हुने हुनाले प्रकृतिको सार्वभौमपनलाई समय अनुकूल संरक्षण गर्नुपर्छ भन्ने चेतना जागृत गरिएको छ ।

(ङ) पर्यावरणको साहित्यिक प्रतिविम्बनअन्तर्गत *नेत्तिफुङ्को बास्ना*मा प्रकृतिको सौन्दर्य र प्रेम नै जीवनको आधार हो भन्ने कुराको प्रस्तुति गरिएको छ । *भुँइफुट्टा शब्दहरू*मा प्रकृति र मानिसबिच अन्योन्याश्रित सम्बन्ध रहेको छ भन्ने कुरालाई पृथ्वीको गतिशीलप्राणीका रूपमा मानिसलाई सम्बोधन गरी प्रकृतिलाई साधनका रूपमा प्रयोग गरेको तथ्य विश्लेषण गरिएको छ । प्रकृतिको सामर्थ्य र उर्वरतालाई पर्यावरणीय साहित्यिक प्रतिविम्बनका माध्यमबाट महत्त्वका साथ उठान गरी कृषि आधुनिकीकरण तथा औद्योगिकीकरणले माटोको उर्वराशक्ति नष्ट गरेको तथा मजदुर किसानको रोजगारी गुमाइदिएको प्रसङ्गलाई चित्रात्मक बिम्बका माध्यमबाट प्रस्तुत गरिएको छ। *किनाराका आवाज*मा पृथ्वी (प्रकृति)को त्याग र महानतालाई सम्पूर्ण प्राणी तथा वनस्पतिको

प्रकृतिसँगको निकटताका माध्यमबाट प्रस्तुत गरी प्रकृतिको महानतालाई सिद्ध गरिएको छ ।

च) *नेत्तिफुङ्को बास्ना* कवितासङ्ग्रहमा गाउँको स्वच्छ परिवेश, माटोसँग गरिएको सङ्घर्षलाई कृषि औजारका माध्यमबाट प्रस्तुत गरी ग्रामीण जीवनको वास्तविक, सुन्दर र सङ्घर्षको यर्थाथ चित्रण गरिएको छ । *भुँइफुट्टा शब्दहरू* र *किनाराका आवाजहरू* कवितासङ्ग्रहमा नेपालीभाषीको मौलिकता तथा गोरखाल्याण्डको स्थानीय ग्रामीणपन र वातावरणीय स्वच्छतालाई महत्त्व दिइएको छ । नेपाली धर्म, संस्कार, संस्कृति तथा दैनिक क्रियाकलापगत संस्कृतिले नै वातावरणीय स्वच्छता र ग्रामीणपनलाई झल्काएको हुन्छ भन्दै ग्रामीण वातावरणीय स्वच्छताका बिचमा लुकेको मानवीय पीडालाई व्यङ्ग्यात्मक रूपमा प्रस्तुत गरिएको छ । त्यसैले वातावरणीय स्वच्छता र ग्रामीणपनका दृष्टिले यी सङ्ग्रहहरू उत्कृष्ट रहेका छन् ।

(छ) उन्मुक्तताको अभिव्यक्ति उपशीर्षकअन्तर्गत *नेत्तिफुङ्गको बास्ना*मा मानिसले आवश्यकतानुसार प्रकृतिको प्रयोग गर्दा प्रकृति नष्ट हुँदै गएर वातावरणमा ह्रास आएकोले यसको संरक्षण गर्नुपर्ने चेतना जागृत गराइएको छ । नारी आफ्नो परिचय र पहिचानलाई चिन्न नसक्दा समाजको बन्धनमा बाँधिएका छन् । समाजबाट शोषित भएका छन् । त्यसैले पुरुषप्रधान सामाजले निर्माण तथा व्यवस्था गरेको खराब नियमको प्रतिकार गर्दै आफ्नो हकअधिकारका लागि लड्दै स्वतन्त्र रूपमा अगाडि बढ्नुपर्ने भाव प्रस्फुटन गरिएको छ । *भुइँफुट्टा शब्दहरू*मा राजपरिवार र सर्वसाधारण परिवारबिच हुने भिन्नतालाई सिद्धार्थ गौतम बुद्ध र दरबारिया रक्षकका माध्यमबाट महत्त्वका साथ उठान गरिएको छ । त्यस्तै प्रकृतिमा आश्रित विपन्न वर्गको अवस्था र प्रकृति जडीबुटीको महत्त्वलाई पनि प्रस्तुत गरिएको छ । *किनाराका आवाज*मा राज्य सञ्चालनका नाममा अनेकौं सरकार फेरिदासमेत जनजातिका कुनै पनि हक, अधिकार र स्वतन्त्रता स्थापना हुन नसकेको पीडादायी अवस्थालाई प्रस्तुत गरेको छ । यो जातका आधारमा गरिएको विभेद हो । यस विभेदलाई सबै एकजुट भएर अन्त्य गर्नुपर्छ ।

(ज) पर्यावरणमैत्री भाषिक प्रयोगअन्तर्गत *भुँइफुट्टा शब्दहरू*मा मानिसलाई पृथ्वीको गतिशील प्राणीका रूपमा र प्रकृतिलाई साधनका रूपमा प्रयोग गर्दै सृष्टिचक्रको

सम्पूर्ण रहस्य प्रकृतिमा आश्रित रहेको कुरालाई प्रस्तुत गरिएको छ । आधुनिक कृषि उपकरणले माटोको उत्पादन क्षमता, माटोको गुणस्तर, कृषिमा आश्रित मजदुरवर्गमा परेको असर र कृषि क्षेत्रमा ल्याएको परिर्वतनलाई प्रतीकात्मक रूपमा सम्बोधन गरिएको छ । *नेत्तिफुङ्गको बास्ना*मा प्रकृतिको आफ्नोपन र मानिसको कोमलता, भावनात्कता र वास्तविकतालाई सम्बोधन गरिएको छ। पृथ्वी र आकाशका माध्यमबाट पृथ्वीलाई वास्तविकतासँग र आकाशलाई भावनासँग प्रतिविम्बित गर्दै क्षितिज र बादलबिचमा हुने लुकामारी प्रकृतिको एक अध्याय भएको जानकारी गराउदै जीवन यात्राको सत्यरूपी पाइलामा जीवन जगत्लाई अगाडि बढ्नदिनुपर्ने भाव व्यक्त गरिएको छ। मानिसको यात्रा नै प्रकृतिसँग हुने भएकोले मानिसलाई पृथ्वीको गतिशील प्राणीका रूपमा र प्रकृतिलाई साधनका रूपमा प्रयोग गरी सृष्टिको सम्पूर्ण रहस्य प्रकृतिमा आश्रित भएको पुष्टि गरिएको छ । *किनाराका आवाजहरू*मा दार्जिलिङको पुरानो र स्थानीय जनसमुदायको पहिचानका रूपमा आदिवासीको परिचय गरिएको छ । दार्जिलिङ हुनु अगाडि नेपाल राज्य भएको भन्दै प्राचीन नेपालको परिचय र इतिहासलाई उजागर गरिएको छ । प्रकृतिकेन्द्री मानिस र मानिसको जीवनशैलीका माध्यमबाट माटोको महिमागान व्यक्त गरिएको छ। प्रकृति (पृथ्वी) आफूले जस्तोसुकै दुःख, कष्ट र रोदन सहेर पनि सम्पूर्ण प्राणीलाई खुसी दिएकी छन् तर यही पृथ्वीमा बस्ने प्रणालीले पृथ्वीलाई कहिल्यै बुझ्ने प्रयाससमेत नगरी पृथ्वीको दिन प्रतिदिन विनाश गरेकोले आफूलाई बचाउनका निम्ति आग्रह गरिएको भाव व्यक्त गरिएको छ ।

(झ) प्रकृति र नारी दोहनको विरोधलाई महत्त्वका साथ उठान गर्दै *भुइँखुट्टा शब्दहरू*मा प्रकृति र नारीप्रतिको आक्रमण र चिन्ताभावलाई विद्रोहात्मक स्वरका माध्यमबाट उठान गरिएको छ । मानिसले आफ्नो जीवनको सहजताका लागि प्रकृतिको विनाश गरे जस्तै पुरुषप्रधान समाजले पनि आफ्नो सहजताका लागि नारीलाई शारीरिक तथा मानसिक रूपमा आक्रमण गरेको छ । प्रकृति र नारी दुवैलाई उपभोग्यवस्तु ठानी उनीहरूको नैतिकता र स्वाभिमानमाथि दोहन गरिरहेकाले त्यसको संरक्षण गर्नुपर्ने कुरामा जोड दिइएको छ । *किनाराका आवाजहरू* र *नेत्तिफुङ्को बास्ना*मा पितृसत्तात्मक समाजको प्रकृति र नारीमाथिको सामन्तवादी विचारधारा, व्यवहार,

शोषण, दमन, अन्याय तथा अत्याचारको विरोध गरी नारी चेतनशील र स्वतन्त्र भएको घोषणा गरिएको छ ।

(ञ) प्रकृति र नारीको मातृशक्तिलाई *किनाराका आवाज* कवितासङ्ग्रहमा प्रकृतिको सामर्थ्यका रूपमा हिमाल र चट्टानको फरक समय र स्वरूपको परिस्थितिलाई चित्रण गर्दै प्रकृति सृष्टिकर्ता हुन भन्ने कुराको उठान गरिएको छ । *भुँइफुट्टा शब्दहरू*मा  प्रकृति र नारीले नै जीवनलाई सहज बनाएका छन् । जसरी प्रकृतिले कुनै पनि स्वार्थबिना हरेक बोटबिरुवा, वनस्पति तथा अन्नबालीलाई प्राणभरी जल र प्रकाशको सहायताले पालनपोषण गरेकी हुन्छिन् , त्यसै गरी  नारीले पनि आफ्नो कोखमा बीज बनेर प्रवेश गरेको भ्रूणलाई प्राण भर्दै हुर्काउँदै, बढाउँदै यस धर्तीमा जन्म दिएर निःस्वार्थ रूपमा पालनपोषण गरेकी हुन्छिन् । त्यसैले प्रकृति र नारीको संरक्षण तथा सम्मान गर्नुपर्छ । *नेत्तिफुङ्गको बास्ना* कवितासङ्ग्रहमा नारी शक्ति र सामर्थ्यलाई प्रस्तुत गरिएको छ । प्रकृतिमा जस्तै नारीमा पनि उर्वरता र विनाशकारिता हुन्छ भन्दै प्रकृति र नारीको मातृशक्तिलाई महत्त्वका साथ उठान गरिएको छ ।

(ट). *भुँइफुट्टा शब्दहरू* सङ्ग्रहमा नारीलाई प्रकृतिको विभिन्न स्वरूपसँग जोडेर नारी सौन्दर्य र महिमाको प्रस्तुति गरिएको छ । *किनाराका आवाज*मा भौगोलिक हिसाबले सानो राष्ट्र भए तापनि विभिन्न भाषा, धर्म, संस्कार, संस्कृति, भौगोलिक बनावट, खोला, नाला, पहाड, झरना, तालतलैया आदिका कारणले नेपाल सुन्दर छ, भन्दै नेपालको प्रकृति सौन्दयको वर्णन गरिएको छ । नारी अस्तित्वलाई प्रकृतिसँग एकाकार गर्दै प्रकृति र नारीबिचको अभेद्य सम्बन्धलाई प्रस्तुत गरिएको छ । पितृसत्ताले जुनसुकै भाषा बोले पनि नारी र प्रकृति अस्तित्वको मौलिकता कहिल्यै बदलिने छैन् । यो पर्यावरणीय नारीवादको परिचय हो । *नेत्तिफुङ्को  बास्ना* सङ्ग्रहमा पानीको आफ्नोपन तथा विभिन्न स्वरूपले दिने लचकता, सुन्दरता, मनमोहक सङ्गीतमय परिवेश र नारीको लचकता, कोमलता र सौन्दर्यलाई लिम्बू जातिको लोकगीत, संस्कार र संस्कृतिका माध्यमबाट उठान गरिएको छ । त्यसै गरी लिम्बू जातिको ग्रामीण पहाडी जनजीवन, त्यहाँको संस्कृति र प्रकृतिबिचको सम्बन्धलाई प्रकृति फूल 'नेत्तिफुङ्' का माध्यमबाट स्पष्ट पार्दै प्रकृति र नारीको प्रकृति सौन्दर्यको महिमागान प्रस्तुत गरिएको छ ।

(ठ) कवि सुब्बाको निर्धारित कवितासङ्ग्रहहरूमा प्रकृति र नारी स्वतन्त्रताको अभिव्यक्ति तथा आवाजहरूलाई मार्मिक रूपमा प्रस्तुत गर्ने क्रममा *भुइँफुट्टा शब्दहरू*मा प्रकृतिको विनाश गरी आफू अनुकूलको वातावरण तयार गर्दा अनेकौं दुःख कष्टको सामना गर्नुपर्छ । त्यसैले प्रकृतिको आफ्नो स्वरूपलाई रोक्नु छेक्नु हुँदैन । आफ्नो स्वरूपमा छोडिदिनुपर्ने भाव व्यक्त गरिएको छ । पुरुषप्रधान समाजद्वारा स्थापित नारी परिभाषा, संस्कार र पहिचानको अन्त्य गरी नारी अस्तित्व र पहिचानको खोजी गरिएको छ । *किनाराका आवाज*मा प्रकृति र नारीबिचको गहिरो र भावनात्मक सम्बन्धलाई प्रस्तुत गर्दै प्रकृतिको शान्त परिवेश, सुन्दरता, स्वच्छता र स्वतन्त्रतालाई नारी स्वतन्त्रताको रूपमा विश्लेषण गरिएको छ । परम्परागत समाजमा धर्म, संस्कार, संस्कृति, परम्परा र नैतिकताका नाममा प्रकृति र नारीलाई बोकाइएको भारी पितृसत्तात्मक सामन्ती सोच भएकाले पितृसत्तात्मक समाजले कोरिदिएको सीमारेखा र दिइएको परिचयको साङ्लो चुडाएर आफ्नो हक, अधिकार र स्वतन्त्रतामा अगाडि बढ्ने घोषणा गरेको नारीवादी चेतनालाई प्रस्तुत गरिएको छ। *नेत्तिफुङ्को बास्ना*मा प्रकृति र नारी जीवन प्रेरणाका स्रोत हुन् । यिनलाई बन्धनमा राख्ने होइन स्वतन्त्र रूपमा छोडिदिनुपर्छ अनि मात्र यिनले सम्पूर्ण प्राणीलाई आनन्दित तुल्याउन सक्छन् भन्दै प्रकृति र नारी स्वतन्त्रताको अभिव्यक्तिलाई मार्मिक रूपमा उठान गरिएको छ ।

समग्रमा कवि मनप्रसाद सुब्बाले कवितामा प्रकृतिकेन्द्री पर्यावरणीय चेतनाको अभिव्यक्तिसँगसँगै मानिसका विध्वंसात्मक प्रवृत्तिहरूको विद्रोह प्रकट भएको छ । प्रकृति विनाशका कारण पञ्च तत्त्व (पृथ्वी, तेज, वायु, आकाश र जल) मा निकै नै असर पुगेकोले यसको सिकारमा सम्पूर्ण प्राणीहरू परेका छन् । प्रकृति र मानिसबिचमा अन्योन्याश्रित सम्बन्ध रहने भएकाले प्रकृतिको बचाउँका लागि सबैले आ-आफ्नो स्थानबाट महत्त्पूर्ण भूमिका निर्वाह गर्नुपर्छ । भौगोलिक बनावटकै कारण विकासका कार्यले तीव्रता नपाउदा पहाडी क्षेत्रका मानिसको जीवनशैली निकै नै कष्टपूर्ण तरिकाले अगाडि बढेको छ । दिनप्रतिदिन मानिस प्रकृतिबाट अलगिएर कृत्रिमतातर्फ उन्मुख भएकै कारण वातावरणीय क्षेत्रमा ह्रास आएका कारण त्यसको बचाउका निम्ति सबै मिलेर अगाडि बढ्नुपर्ने समय आएको छ। प्रकृति कसैको इसारामा नचल्ने भएकाले प्रकृतिको शक्ति र सामर्थ्यलाई प्रस्तुत गरिएको छ। प्रकृति विपरीत गरेका कार्यले सम्पूर्ण प्राणीलाई नै असर पुग्ने हुदाँ प्रकृतिलाई स्वतन्त्र रूपमा छोडिदिनुपर्छ भन्ने कुरालाई मुख्य रूपमा उठान गरिएको छ ।

जातका आधारका कुनै पनि व्यक्तिलाई अपहेलित गरी किनारा लगाउनु हुँदैन । सबैमा विश्वबन्धुत्वको भावना जागृत गर्नुपर्छ । प्रकृतिमा पाइने हरेक वस्तुको संरक्षण तथा संवर्धन राम्रोसँग गर्न सकेमा त्यसले देशको अर्थतन्त्रमा टेवा पुग्ने भएकाले त्यसको संरक्षणमा जोड दिएको छ । ग्रामीण जीवन पूर्णतः प्रकृतिमा आश्रित हुने भएकाले त्यसमा ग्रामीणपन र वातावरणीय स्वच्छता स्पष्टसँग झल्किएको छ । विकासका नाममा आएको कृषि आधुनिकीकरण र औद्योगीकरणले माटोको उर्वराशक्ति तथा मजदुरवर्गको रोजगारी गुमाइदिएर मानवीय जीवनमा ठुलो चोट पुगेको छ। पुजीवाँदी पितृसत्तात्मक समाजले निर्धारण गरिदिएको सीमारेखा, दिइएको परिचय र परिभाषालाई अँगाल्दा नारी पछाडि परेकाले यस्ता खराब व्यवस्थाको साङ्लो चुडाएर आफ्नो स्वतन्त्रतामा अगाडि बढ्नुपर्छ भन्ने नारीवादी चेतना प्रकट गरिएको छ । प्रकृतिमा पाइने जडीबुटीले पनि मानिसको जीवन बचाउन सक्छ भन्दै जडीबुटीको औषधीय महत्त्वको चिनारी गरिएको छ । प्रकृति र नारी दुवै एकै भएकोले यी दुईको नैतिकता र स्वाभिमानको संरक्षण आवश्यक छ । किनकि यी दुवैले गर्दा नै जीवन सहज भएको हुन्छ । आदिवासी समुदायका माध्यमबाट प्राचीन नेपालको इतिहासलाई हामी नेपालीले कहिल्यै पनि बिर्सन हुँदैन किनकि विगतको इतिहास नै हाम्रो नेपाल र हामी नेपालीको परिचय हो । प्रकृतिमा पाइने हरेक वस्तु तथा दृश्यले नै प्रकृति र नारी दुवैलाई सुन्दर बनाएको छ । त्यसैले प्रकृति, मानव र जीवनकेन्द्री मूल्यमान्यताहरूलाई अगाडि बढाउनका लागि गहन पर्यावरणीय चिन्तनको आवश्यकता रहेको छ । तर त्यसलाई सही तरिकाले सम्बोधन गर्न नसकेका कारण वातावरण संरक्षणमा सङ्कटावस्था आएको छ । त्यसैले अब हामी सबै मिलेर वातावरण संरक्षणमा अगाडि बढ्नुपर्छ भन्ने कुराको उद्घाटन गर्नु नै कवि सुब्बाको कवितासङ्ग्रहको मुख्य प्राप्ति हो ।

जीवनको सम्पूर्ण आधार नै प्रकृति हो । प्रकृतिबिना कुनै पनि प्राणी, वनस्पति तथा चरसम्भव छैन भन्ने यथार्थ ज्ञानको प्राप्ति सुब्बाका कवितासङ्ग्रहमा रहेको छ । आधुनिक, सहरीकरण र पुँजीवादी उपभोक्तावादले प्रकृतिको चरम दोहन गर्दा मानिसले आफ्नै विनाशको खाडल खनिरहेको र प्रकृतिको प्रकृति पारिस्थितिक प्रणाली र जैविक विविधता नष्ट गरिरहदा विद्रोहात्मक चेतको प्राप्ति भएको छ। कृत्रिमता र प्रदूषणको तुलनामा गाउँको प्रकृति सुन्दरता, माटोसँगको सङ्घर्ष र ग्रामीण जनजीवनको स्वच्छता नै वास्तविक जीवन हो । पितृसत्ताले तोकेको घेरा र परम्परागत बन्धनलाई तोडेर नारीहरू प्रकृति जस्तै स्वतन्त्र र उन्मुक्त हुन चाहन्छन् भन्ने क्रान्तिकारी र विद्रोहात्मक चेतना कविताबाट प्राप्त भएको प्राप्ति हो । भाषा

र प्रकृतिका माध्यमबाट दार्जिलिङ र त्यस वरपरका सीमान्तकृत गोर्खाली/ नेपालीभाषीहरूको पहिचानको सङ्कट, राज्यसत्ताबाट भएको दमन र उनीहरूको अस्तित्वको खोजीको आवाजलाई सशक्त रूपमा उठाउनु, जात, वर्ग र वर्णका आधारमा मानिस मानिसबिच गरिने सीमान्तीकरण र विभेदको अन्त्य हुनुपर्छ । दरबारिया सुखभन्दा आम मानिसको दुःख निवारण र मुक्ति ठुलो हो भन्ने प्राप्ति कवि सुब्बाका कवितासङ्ग्रहबाट प्राप्त भएको छ । सांस्कृतिक चेतना, धर्म, चाडपर्व र संस्कृति पूर्ण रूपमा प्रकृतिमा निर्भर छ । त्यसैले प्रकृतिको संरक्षण गर्नु भनेको मानव जातिको आफ्नै संस्कृति र सभ्यताको संरक्षण गर्नुपर्छ भन्ने मान्यता नै यस शोधको प्राप्ति हो । समग्रमा भन्नुपर्दा कवि सुब्बाका कविताहरू केवल प्रकृतिको बाहिरी सुन्दरताको वर्णनमा मात्र सीमित छैनन् । मानिस र प्रकृतिबिचको गहिरो रागात्मक सम्बन्ध, पुँजीवादी दोहन विरुद्धको आक्रोश, सीमान्तकृत वर्ग र नारीको उन्मुक्तिको आवाज र पर्यावरण संरक्षणको अपरिहार्यतालाई पर्यावरणीय चेतना, पर्यावरणमैत्री भाषिक शिल्प र पर्यावरणीय नारीवादका माध्यमबाट अत्यन्तै सफलतापूर्वक र उत्कृष्ट ढङ्गले प्रस्तुत गरेका छन् भन्नु नै यस शोधको अन्तिम तथा मुख्य प्राप्ति हो ।

पितृसत्तात्मक पुँजीवादी समाजले जसरी प्रकृतिलाई उपभोग्य वस्तु ठानेर दोहन गर्छ, त्यसरी नै नारीमाथि पनि शोषण तथा दमन गर्छ भन्दै प्रकृतिमाथिको आक्रमण र नारीमाथिको शोषणलाई एउटै सिक्काका दुई पाटाका रूपमा हेरिएको छ । प्रकृति र नारी दुवै सिर्जनाका स्रोत हुन् । दुवैमा सहनशीलता, कोमलता र मातृशक्ति हुन्छ । स्वार्थबिना सम्पूर्ण प्राणीलाई हुर्काउने प्रकृतिको महानता र सन्तानका लागि सर्वस्व त्याग गर्ने आमा (नारी) को महिमा समान रहेको निष्कर्ष प्रस्तुत शोधमा प्रकट भएको छ । त्यसैले यहाँ विश्लेषण गरिएका विभिन्न कविताहरूमध्ये पनि 'वर-पिपलको बिहेमा', 'मान्छे माटो गन्हाउँछ', 'कञ्चनजङ्घा र हामी', 'यो गहनाउने कोटको भारी', 'पानीको मुक्ति', 'मेरी किराँती आमा', 'खेतमाथिको आक्रमण : केही भिडियो क्लिपिङ्', 'हो म अरबहादुर गुरुङ', 'मुक्त-उन्मुक्त मेरी आमा', 'मेरो इतिहासको कुरा' र 'एक जोडी आँखाका गौँथली' शीर्षकका कविता पर्यावरणीय चेतनाका दृष्टिकोणबाट अझ विशेष रहेका छन् ।

## सन्दर्भ सामग्रीसूची


अर्याल, अम्बिका (२०७६). समकालीन नेपाली कथामा नारीचेतना. *प्रज्ञा समकालीन नेपाली कथाविमर्श.* काठमाडौ : नेपाल प्रज्ञा-प्रतिष्ठान, पृ. ४३-७२ ।

एटम, नेत्र (२०६८). पर्यावरणीय समालोचना. *रत्न बृहत् नेपाली समालोचना (सैद्धान्तिक खण्ड).* काठमाडौ : रत्न पुस्तक भण्डार, पृ.३११-३३२ ।

एटम, नेत्र (२०७४). *सङ्क्षिप्त साहित्यिक शब्दकोश.* काठमाडौ : नेपाल प्रज्ञा-प्रतिष्ठान ।

एटम, नेत्र (२०७७). *मोदिआइन* उपन्यासमा पर्यावरणीय नारीवाद. *प्रज्ञा.* १२०, पृ.९९-११० ।

कार्की, बाबुकृष्ण. (२०७९) .*Globle Nepal* .'प्रकृति र नारी'.https://globenepal.com/2023/03/60246

काफ्ले ढकाल, रजनी (२०७५). त्रिपाठीका निबन्धमा पर्यावरणीय चेतना. *मधुपर्क.* ५९५, पृ. ५२-५६ ।

गौतम, कृष्ण (२०६४). *उत्तरआधुनिक जिज्ञासा.* काठमाडौँ : भृकुटी एकेडेमिक पब्लिकेसन ।

गौतम, लक्ष्मणप्रसाद (२०६६). *नेपाली साहित्यमा उत्तरआधुनिक समालोचना.* काठमाडौ : ओरिएन्टल पब्लिकेसन ।

ढकाल, चन्द्रप्रसाद.(२०७९). सिमसारका राजदूत काव्यमा पर्यावरणीय चेतना. *पाठ्यक्रम विकास पत्रिका.* ४४, पृ. १२५-१४० ।

ढकाल, फूलकुमारी.(२०७९). *अमर सिर्जना* निबन्धसङ्ग्रहमा पर्यावरण. *पाठ्यक्रम विकास पत्रिका.* ४४, पृ. १७१-१८९ ।

ढकाल, फूलकुमारी.(२०८०). झोला कथामा नारीचेतना. *प्रज्ञा.* १२५, पृ. ९७-१०८ ।

ढकाल, रजनी (२०७०). 'ती पशुपक्षीहरू जससँग...' निबन्धमा पर्यावरणीय चेतना. *प्रायोगिक समालोचना : अनेक रूप.* काठमाडौ : साझा प्रकाशन. पृ. ५६-६९ ।

त्रिपाठी, गीता (२०६८). करोडौँ सूर्यहरूको अन्धकारमा पर्यावरणीय चेतना. *भृकुटी.* १४, पृ.७०-८० ।

त्रिपाठी, गीता (२०७०). सांस्कृतिक अध्ययन र पर्यावरणको अन्तर्सम्बन्ध. *भृकुटी.* भाग १९, पृ.९३-१०३ ।

त्रिपाठी, गीता (२०७२). समकालीन नेपाली कवितामा पर्यावरण. *प्रज्ञा समकालीन नेपाली कविताविमर्श.* काठमाडौं : प्रज्ञा छापाखाना. पृ.१९०-२३१ ।

त्रिपाठी, गीता (२०७५/७६). समकालीन नेपाली कवितामा विषाक्त सङ्कथन. *प्रज्ञा.* ११७, पृ. ७१-८१ ।

थपलिया, गीता (२०७५). *आधुनिक नेपाली कवितामा पर्यावरणीय चेतना.* विधावारिधि शोधप्रबन्ध. मानविकी तथा सामाजिक शास्त्र सङ्काय, त्रिभुवन विश्वविधालय, कीर्तिपुर ।

थापा, भक्तबहादुर (२०६३). *नेपालको जैविक विविधता.* काठमाडौं : नीता थापा ।

दीक्षित, मदनमणि (२०७०). *ऋग्वेदमा समवेत पर्यावरण.* काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

प्रधान, अर्जुन. (सन् २०१८). प्रणयकाव्य ‘नेत्तिफुङको बास्ना’. मनप्रसाद सुब्बाको काव्यिक उपासना. *अवलोकन.* ३, पृ. ६८-७२ ।

पोखरेल, गोकुल (२०७२). *नदी किनाराका माझी काव्य सङ्ग्रहमा पर्यावरण.* दर्शनाचार्य शोध प्रबन्ध. कीर्तिपुर : नेपाली केन्द्रीय विभाग ।

पोखरेल, गोकुल (२०७५/७६). *सिमसार राजदूत* काव्यमा मान्छे र पर्यावरणबिचको सम्बन्ध. *प्रज्ञा.* ११७, पृ. ८२-९१ ।

पौड्याल, महेश (२०७४). बदलिँदो समयका साक्षी मनप्रसाद सुब्बा. *मनप्रसाद सुब्बका प्रतिनिधि कविताहरू.* कुलेश्वर : बुकआर्ट नेपाल. पृ. क-ब ।

बरई, त्रिभुवन (सन् २०१९). एउटा छर्लङ् प्रेमकथामा नारीवादी स्वर. *Tribhuvan university jornal.* २, पृ. २२३-२३२ ।

भट्टराई, रमेशप्रसाद (२०७०). *समय सौन्दर्य पर्यावरण र कविता.* काठमाडौं : विवेक सिर्जनशील प्रकाशन ।

भट्टराई, गोविन्दराज (२०७१). *उत्तरआधुनिक विमर्श.* काठमाडौँ : ओरिएन्टल पब्लिकेसन हाउस ।

सुब्बा, देवचन्द्र (सन् २०२१). *नेपाली कवितामा परिवेश.* क्लेबुङ : उपमा पब्लिकेसन ।

सुब्बा, मनप्रसाद (२०७०). *भुइँफुट्टा शब्दहरू* . काठमाडौं : साङ्ग्रिला बुक्स ।

सुब्बा, मनप्रसाद (सन् २००८). *किनाराका आवाजहरू* . कोलम्बु : उपासना पब्लिकेसन ।

सुब्बा, मनप्रसाद (सन् २०१६). *नेत्तिफुङ्को बास्ना* . दार्जिलिङ् : गामा पब्लिकेसन ।

Abrams, M. H. (2005). *A Glossary of Literary terms* (8th ed.). United States of America : Michael Rosenberg.

Gaard, G. (1993). *Ecofeminism*. Philadelpia :Temple University Press .

Glotfelty, Cheryl and Harold Fromm (1996). *The Ecoriticism Reader : Landmarks in Literature Ecology*.University of Georgia Press.

Gregg, Gerard (2004). *Ecocriticism*. New York : Rutledge .

Horth, William (1996). Some Principals of Eco-criticism. *The Ecocriticism Reader*. *Landmark in Literary Ecology*. University of Jersey Press.

Kerridge, Richard (2006). *Environmentalism and Ecocriticism in Literature*. Londan : Oxford University Press.

Lidick, Don (1996). *Ecoterrorism : Radical Environmental and Animal Liberaton Movement*. America : Praeger Publication,.

Phillips, Dana (1996).“Is Nature Necessary”. *The Eco- Criticism Readers*. Glotfelty and Fromm (Edi.). University of Georgia Press.

Rai, Ganga Bahadur, Dhungana, Binod Prasad (Edi.). (2017) *Solukhumbu multipal Campus Research Journal*. Solukhumbu : Nepal .

Rueckert, William (1978). *Literature and Ecology : an Experiment in Ecocriticsm. London.*America.